# शिक्षा क्षेत्र योजना

# (Education Sector Plan)

## (ESP 2021-2030)

## २०७८ - २०८८

ठाकुरबाबा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सैनबार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| पुस्तक | : | शिक्षा क्षेत्रको योजना (Education Sector Plan) |
| प्रकाशक | : | ठाकुरबाबा नगरपालिका<br>नगरकार्यपालिकाको कार्यालय<br>सैनवार, बर्दिया<br>लुम्बिनी प्रदेश, नेपाल |
| प्रकाशन मिति | : | २०७८ माघ |
| प्रकाशन प्रति | : | ३०० |
| मुद्रण | : | स्वर्गद्वारी प्रिन्टर्स भुरीगाउँ, बर्दिया |

## नगर प्रमुखको सन्देश

"मानव संशाधन विकास तथा अभिवृद्धि नगरको अभियान, गुणस्तरीय एवं जीवन उपयोगी शिक्षा ठाकुरबाबाको पहिचान" शिक्षा क्षेत्रको दूरदृष्टिसहितको २० वर्षे गुरुयोजना कार्यान्वयनमा छ। भनिन्छ , शिक्षा विकारे सकलो विकार : शिक्षा सुधारे सकलो सुधार अर्थात् शिक्षामा विकार आयो भने सबैतिर विकार आउँछ, शिक्षामा सुधार ल्याउने हो भने सबै परिपाटीमा सुधार आउँछ। शिक्षाका उपज हुन् राजनीतिज्ञ, कृषक, उद्योगकर्मी, शिक्षक, विद्यार्थी र सारा नागरिक समाज। चौथो औद्योगिक क्रान्तिकारुपमा विकसित सूचना, संचार तथा प्रविधिले विश्वलाई एक ठाँउमा जोड्न सफल भएको छ । सामाजिक-आर्थिक विकासको नियम प्राकृतिक हो । राजनीतिक-आर्थिक विकासको नियम विकासवादी हो । आर्थिक विकाससाथ सामाजिक एवं वर्गीय कायापलटको नियम रुपान्तरण हो । यही रुपान्तरणको नियमलाई आधार मानी विकसित शिक्षा रुपान्तरणकारी शिक्षा हो । जसले शिक्षाको समग्र पक्षको विकासलाई अवलम्वन गर्दछ । शिक्षा विकासको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा आजसम्मको विकासका विभिन्न चरणमा सम्पन्न भएको छ। प्रथम पुर्ख्यौली चरण, जसमा पुर्खाका विकसित अनुभवहरुको हस्तान्तरण। यो चरणको शिक्षा सामुदायिक तथा साम्प्रदायिक तहमा सीमित थियो । दोस्रो विद्यालय शिक्षाको विस्तार चरण । यसमा समुदाय र राज्यको आवश्यकता पूरा गर्न शिक्षाको प्रबन्ध गरिएको थियो । यो अवस्थामा पनि शिक्षा सर्वसुलभ हुन सकेन । तेस्रो रुपान्तरण चरण । यस अवस्थामा शिक्षा व्यक्तिको सर्वाङ्गिण विकासको लागि हुनु पर्दछ। शिक्षामा पहुँच, गुणस्तर तथा समताको सुनिश्चित गर्न सबै तहका सरकारको दायित्व रहन्छ।

संविधानसभाबाट जारी भएको नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो विकास, शान्ति, सुशासन र समृद्धिको लक्ष्य प्राप्तिका लागि नागरिकको शिक्षा पाउने अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। नेपालको संवैधानिक प्रावधान र समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणका लागि संघीय संरचनाअनुकुलको नयाँ शिक्षा योजनाको विकास गर्नु अपरिहार्य भएको छ। दिगो विकासका लक्ष्यहरु हासिल गर्न समावेशी र समतामूलक गुणस्तरीय शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्ने अवस्थामा समेत वर्तमान शिक्षा नीतिमा रही स्थानीय तहहरुले समेत शिक्षामा परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएको छ । शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई बजारको माग र आपूर्ति बिच सन्तुलन कायम गरी समग्र शिक्षा प्रणालीमा नीतिगत सुधारका ढाँचा समेतको यो योजना तर्जुमा गरिएको छ। यस नगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयलाई पूर्णतः पूर्वाधारयुक्त, सुरक्षित सिकाइका लागि अनुकूल सफा, स्वच्छ, स्वस्थ र हरित वातावरणयुक्त बनाउनुपर्दछ । विद्यालय शिक्षालाई कक्षाकोठाभित्र मात्र सीमित नराखी समुदायसम्म पुर्याउनका लागि समुदायमा आधारित परियोजना, खोज, अनुसन्धान जस्ता शिक्षणका तरिकाहरु अपनाउनु पर्दछ।

यस योजना पूर्व पनि यस नगरपालिकाले गुरूयोजनाअनुरूप निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न र पहुँच सुनिश्चित गर्न प्रारम्भ गरिसकेको छ र पूर्ण साक्षर घोषणा गर्ने कार्य साविकका गाविस तथा नगरपालिका हुँदै सम्पन्न भैसकेको छ। यस नगरपालिकाले प्रारम्भदेखि नै शिक्षामा कुल बजेटको करिब २० प्रतिशत भन्दा बढी बजेट विनियोजन गरेर शिक्षाालाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ । नगर सरकारले आफ्नै बजेट कार्यक्रमबाट विभिन्न तहका करिब २८ जना शिक्षक दरबन्दी सिर्जना गरेर नगरपालिकालाई शिक्षकको अभावबाट मुक्त गराउनका लागि महत्वपूर्ण काम गरेको छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम र तदनुसार स्रोत सामग्री विकास गरी कार्यान्वयन गरिरहेको छ। नगर पालिकाभित्र ३ वटा सामुदीयक सिकाइकेन्द्रमार्फत साक्षारता तथा आय आर्जनसँग सम्बन्धित कार्यक्रम अगाडि बढाउन नगरपालिकाद्वारा प्रस्तुत शिक्षा क्षेत्रको १० वर्षे योजनासमेत निर्माण

गरी कार्यान्वयनको क्रममा रहेको छ ।
योजना निर्माणको क्रममा स्थानीय सरकारका प्रतिनिधि  नगर उपप्रमुख श्री कृष्णा कुश्मा थारूज्यू , वडाअध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, प्लान इन्टरनेशनल नेपाल, स्याक नेपाल बाँके, गेरुवा ग्रामिण सेवा संघ बर्दिया, थारु महिला उत्थान केन्द्र बर्दिया, दलित सेवा संघ बर्दिया, कमैया महिला जागरण संघ बर्दिया, राधाकृष्ण थारु जनसेवा केन्द्र बर्दिया, रुम टु रिड नेपाल, बाँके युनेस्को क्लब, EGRP II, शिक्षा विकास तथा समन्वय इकाई बर्दिया, क्याम्पसका पदाधिकारीज्यूहरू, विद्यालयका प्रधानाध्यापकज्यूहरु , शिक्षकज्यूहरू, व्यवस्थापन समितिका पदाधिकारीज्यूहरु,  शिक्षक अभिभावक संघका  पदाधिकारीज्यूहरु ,कर्मचारीहरू विभिन्न पेशा, संघसंस्थाका प्रतिनिधिहज्यूहरु ,शैक्षिक संस्थाका प्रतिनिधिहरु, विद्यार्थीहरु ,बुद्धिजीवी शिक्षाप्रेमी, समाजसेवी ,पत्रकार, उद्योगी व्यापारी ,पेशाकर्मी ,गैरसरकारी क्षेत्रका  प्रतिनिधिहरु, शिक्षा क्षेत्रका क्रियाशील विभिन्न समूहका प्रतिनिधिहरूको उपस्थितिमा सञ्चालित कार्यशाला  र अन्तर्क्रियात्मक कार्यक्रमबाट प्राप्त महत्वपूर्ण रायसुझाव सङ्कलन गरिएको छ । यसक्रममा अमूल्य सुझाव दिनु हुने सबै महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।
योजना निर्माण समितिका सदस्य ज्यूहरूको निरन्तरको लगाव, क्रियाशीलता र महत्वपूर्ण योगदानबाट यो योजना तयार भएको छ । यस अवसरमा योजना निर्माण समितिका सदस्यहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरी योजना निर्माण तथा मस्यौदा लेखन समितिको सदस्यमा रहेर व्यापक लगाव र मेहनतका साथ अहोरात्र खटिइ काम सम्पन्न गर्नु हुने प्र.अ.श्री नन्दाराम अधिकारी, प्र.अ.श्री बालकृष्ण आचार्य र प्र.अ.श्री नवराज ढुङ्गानालाई धन्यवाद दिन चाहन्छु । योजनाको विषयवस्तु तथा भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरु समेत धन्यवादका पात्र हुनुहुन्छ यस अवसरमा योजना निर्माण काममा प्रत्यक्ष परोक्षरुपमा सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
धन्यवाद !

घननारायण श्रेष्ठ
नगर प्रमुख

# नगर उपप्रमुखको सन्देश

शिक्षालाई गुणस्तरीय बनाइ समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक ज्ञान, सीप, विज्ञान, कला एवं प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न विद्यालय तहको शिक्षाको समय सापेक्षरुपमा विकास र विस्तार गर्न आवश्यक भएको छ । शैक्षिक सूचना, शैक्षिक नीति तथा योजना तर्जुमा गर्नका लागि प्रमुख आधार हो । एकातर्फ तथ्यमा आधारित सूचनाले वस्तुनिष्ठ र यथार्थपरक योजना तर्जुमा गर्नका लागि ठोस योगदान पुर्‍याउँदछ भने अर्कातर्फ सार्वजनिक निकायहरूबाट सार्वजनिक हितका लागि भए गरेका सम्पूर्ण गतिविधिहरू सरोकारवालाहरूलाई सुसूचित गर्नु पनि ती निकायहरूको प्रमुख दायित्व हुन आउँछ । यिनै तथ्यलाई दृष्टिगत गरी नगरपालिकाले दश बर्षे शिक्षा क्षेत्रको योजना  तयार गरेको छ। पूर्व पौराणिक र पौराणिक कालमा "**शिक्षा दानम् सर्व दानम् प्रधानम्**" भनेर शिक्षालाई सर्वोत्तम् दानका रूपमा लिइन्थ्यो । तर आजको युगमा शिक्षालाई दानको रूपमा होइन एउटा नागरिक अधिकारको रूपमा स्थापित गरिएकोछ  । शिक्षा पाउने प्रत्येक नागकिको अधिकार हो भने त्यसको परिपूर्ति गर्ने उत्तरदायित्व र कर्तव्य राज्य र प्रत्येक तहका सरकारको हो । त्यसैले विश्वका प्रत्येक राष्ट्रले आ-आफ्नो संविधानद्वारा मौलिक अधिकारको रूपमा शिक्षाको अधिकारको प्रत्याभूति गराउने कानुनी व्यवस्था गरेको छ । शिक्षाले व्यक्तिको चौतर्फी विकासमा सहयोग गर्नुका साथै सामाजिक परिवर्तन र सांस्कृतिक रूपान्तरणका लागि अहम्  भूमिका खेलेको हुन्छ । औपचारिक, अनौपचारिक वा अरीतिक माध्यमबाट प्राप्त हुने शिक्षाले व्यक्तिलाई जीवनपर्यन्त दिशानिर्देश गर्दछ । शिक्षाको अवस्थाबाट समाजको स्तर निर्धारण हुन्छ । आजको खुला समाज निर्माणमा आधुनिक सूचना, संचार तथा प्रविधिको महत्वपूर्ण योगदान छ । भनिन्छ, कुनै पनि राष्ट्रको भविष्य त्यस देशका विद्यालयका कक्षाकोठामा हुने शैक्षणिक क्रियाकलापले निर्माण गर्दछ। आजको पिंढीमा मानव मूल्य र नैतिकता जस्ता गुणहरु संकटापन्न अवस्थामा छन् । अबको शिक्षा योजनाले मानव मूल्य र नैतिकता जस्ता गुणहरुको विकास गर्ने कुरामा जोड दिनुपर्ने देखिन्छ ।

शिक्षा विकासको मेरुदण्ड हो भने विद्यालयीय शिक्षा औपचारिक शिक्षाको जग हो । विद्यालयीय शिक्षालाई नजिकबाट हेरेर सुधार गर्ने भनेको स्थानीय सरकार नै हो । स्थानीय सरकारले शिक्षाको महत्व बुझेर आवश्यक मात्रामा आर्थिक, मानवीय, समय र श्रम लगानी गरेका खण्डमा विद्यालय शिक्षाको विकास नयाँ मोडका साथ अगाडि बढ्छ । संघीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नगरपालिकाबाट भएका राम्रा कामहरूमा शिक्षा ऐन र नियमावलीको निर्माण र कार्यान्वयन, स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन, जनशक्तिको क्षमता विकास, कम शिक्षक भएका विद्यालयमा शिक्षक  थप गरी सिकाइमा थप सहजीकरण, सट्टा शिक्षकको व्यवस्था र बाल विकास केन्द्रका शिक्षकहरूको  सुविधामा वृद्धि इत्यादि भएका छन् ।

अन्तमा, योजना निर्माण प्रक्रियाका सम्पूर्ण चरणहरुमा सक्रियतापूर्वक सहभागी भइ आफ्नो अमूल्य समय, सुझाव, सल्लाह र सहयोग गर्नु हुने संघ संस्थाका प्रतिनिधि ज्यूहरु, शैक्षिक संस्थाका प्रतिनिधिहरु, विद्यार्थीहरु ,बुद्धिजीवी शिक्षाप्रेमी, समाजसेवी ,पत्रकार, उद्योगी व्यापारी,पेशाकर्मी, तथा गैरसरकारी क्षेत्रका  प्रतिनिधिहरुलाई कृतज्ञतासहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

कृष्णा कुष्मा थारु
नगर उपप्रमुख

## लक्ष्य प्राप्तितर्फ हाम्रो शैक्षिक पाइला

विद्यालय शिक्षा क्षेत्रमा विद्यमान शिक्षा नीति तथा कार्यक्रम शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्ने तर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ भने आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । नेपालले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता जनाएको छ । दीगो विकासको शैक्षिक लक्ष्य हासिल गर्न तथा संवैधानिकरुपमा स्थानीय तहलाई दिएको अधिकारको सुनिश्चितताका लागि यो शैक्षिक विकास योजना तर्जुमा गरिएको हो । विद्यालय शिक्षाको विकासका लागि समता, गुणस्तर, समक्षमता र सान्दर्भिकता विकास गर्ने मुलध्येयकासाथ यो योजना तय गरिएको हो । योजनाले परिलक्षित उपलब्धि हासिल गर्न विभिन्न कार्यक्रमहरू तय भएका छन् । नगरपालिका स्थापनापछि प्राप्त अधिकार अनुरुप शिक्षा ऐन, नियमावली कार्यविधि तयार गरी सार्वजनिक शिक्षालाई आम नागरिकबाट रोजिने र खोजिने बनाउन नीति, कार्यक्रम बजेटमार्फत सम्पादित कार्यहरुबाट विगतका वर्षहरू प्राप्त उपलब्धिहरू र कार्यन्वयनमा देखिएका चुनौतीहरूबाट सिकिएका पाठ,संघीय तथा प्रदेश सरकारबाट लिइएको योजना, कार्यक्रम र नीति तथा यस नगरपालिको २० वर्षे गुरुयोजना समेतका आधारमा प्रस्तुत योजना तयार गरिएको छ ।

विद्यालय उमेर समहका सबै बालवालिकालाई शैक्षिक पहुँचको सुनिश्चितता गर्ने विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास गर्ने, सार्वजनिक विद्यालय सबलिकरण दशक (२०७६–८५) कार्यान्वयन जस्ता नीति तथा कार्यक्रमलाई समेत कार्यान्वयन गर्न यस योजना प्रस्ताव गरिएको हो । आधारभूत तथा माध्यामिक शिक्षा व्यवस्थापनका जिम्मेवारी स्थानीय तहमा रहने संवैधानिक व्यवस्था रहेकोले यस शैक्षिक विकास योजना योजनाको अपरिहार्यता रहेको छ । शिक्षाको विकासले सबै विकासलाई सही मार्गमा डोऱ्याउन सहयोग पुग्दछ । आज तय गरिएको शैक्षिक योजनाले समग्र नगरको भोलिको भविष्यलाई समेत मार्गदर्शन गर्ने भएकोले शिक्षाका पछिल्लो सबै पक्षलाई समाबेश गरी यो विकास योजना तयार गरिएको छ । नगरपालिका स्थापना पछिका ५ वर्षमा शिक्षाको संस्थागत र संरचनागत विकास, भौतिक पूर्वाधारहरुको निर्माण, शैक्षिक जनशक्तिको व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन, सम्वन्धित तहको स्थायी शिक्षकबाट विद्यालयको नेतृत्व व्यवस्थापन,शिक्षकका लागि क्षमता विकास तालिम तथा विद्यालय र शिक्षकलाई प्रविधिमैत्री बनाउन गरिएका प्रयासहरुबाट हाम्रो शैक्षिक पाइला लक्ष्य र गन्तव्य उन्मुख रहेको विभिन्न नतिजाहरुबाट देखिएका छन । यस योजनाले यसलाई अफै गतिशिल बनाउनुका साथै सबै सम्पादित कार्यलाई थप मितव्ययी र फलदायी बनाउन सघाउने अपेक्षा गरिएको छ । योजना निर्माण आफैमा एक प्राविधिक र गहन विषय हो, यसलाई मूर्तरुप दिन अहोरात्र खटिनु हुने सबै कर्मशिल हातहरुलाई हार्दिक नमन गर्न चाहन्छु र कार्यान्वयनमा सबै पक्षको सहभागिताको अपेक्षा गर्दछु ।

जय ठाकुरबाबा, जय ठाकुरबाबाको शिक्षा ।

रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

# शाखाको कलमबाट

नेपालको संविधान २०७२ ले संघ, प्रदेश, स्थानीय गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई संघीय राज्य प्रणालीमा रुपान्तरण गरेको छ। संविधानको मर्म मुताबिक हाल मुलुकमा केन्द्रीय १, प्रदेश ७ र स्थानीय ७५३ समेत ७६१ वटा सरकारहरु क्रियाशिल रहेको अवस्था छ । जारी संविधान अनुसार नै ठाकुरबाबा नगरपालिका पनि स्थानीय तहको ७५३ मध्येको एउटा स्थानीय सरकार हो । कुनै पनि राज्य सरकारको आफ्नै नीति, योजना, कानुन, बजेट र कार्यक्रम हुन्छ। सोही अुनसार ठाकुरबाबाले पनि शिक्षा सम्बन्धी योजना बनाइ कार्यान्वयन गर्न आवश्यक महशुस गरी प्रस्तुत योजना निर्माण कार्य अघि सारेको छ। योजनाको प्रस्तुत परिच्छेदमा योजनाको अवधारणा लगायत योजनासँग प्रत्यक्ष रुपमा गाँसिएका ठाकुरबाबाका विभिन्न सन्दर्भहरुलाई विश्लेषण गरिएको छ। योजनाको अवधारणा र योजना निर्माणको निम्ति आवश्यक पर्ने ठाकुरबाबा नगरपालिकाको हालको अवस्थालाई छिचोल्ने काम गरिएको छ।

नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य तथा निशुल्क शिक्षा र माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने हक प्रत्याभुति गरेको छ। अपाङ्ग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषाको शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत प्रत्याभूत गरेको छ। साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्वन गरेको छ । संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकासको क्रम अघि बढेको देखिन्छ।

योजना निमार्ण गर्ने कार्यमा सबै वडा पालिकाहरुबाट पर्याप्त सुझाव र पृष्ठपोषण प्राप्त भएका छन् । लेखन कार्यका लागि लेखन समूहमा रहेर सहयोग गर्ने प्रध्यानध्यापकहरुले अहोरात्र खटेर योगदान गर्नुभएको छ । प्लान इन्टरनेसनल नेपाल, स्याक नेपाल बाँके, EGRP II ,शिक्षा विकास तथा समन्वय इकाई बर्दिया लगायत तथा योजना निर्माणको क्रममा नगरपालिकालाई सल्लाह सुझाव तथा तथ्याङ्कको उपलब्धता र आर्थिक एवं प्राविधिक रुपमा सहयोग गर्नु हुने उल्लिखित सबैप्रति हार्दिक आभारसहित धन्यवाद दिन चाहन्छु ।

२०७८ फाल्गुन

सीताकुमारी भण्डारी
शिक्षा शाखा प्रमुख

Contents


| | |
|---|---|
| **योजनाको सारांश** | १ |
| **परिच्छेद १ : परिचय** | ४–१५ |
| १.१ पृष्ठभूमि : | |
| १.२ अवधारणा | |
| १.३ नगरपालिकाका विभिन्न सन्दर्भ | |
| १.४ शिक्षा क्षेत्रको सन्दर्भ | |
| १.५ नगपालिकाले सम्पादन गरेका कार्यहरुः | |
| १.६ न.पा.का शैक्षिक समस्या, चुनौती र अवसरहरुः | |
| १.७ योजना निर्माण प्रक्रिया | |
| **परिच्छेद २ : शिक्षा क्षेत्र योजना** | १६–३० |
| २.१ सन्दर्भ र औचित्य | |
| २.२ दीर्घकालिन राष्ट्रिय सोंच | |
| २.३ स्थानीय तहको दीर्घकालिन सोंच तथा गन्तव्य | |
| २.३.१ दूरदृष्टि र दीर्घकालीन सोंच (Vision) | |
| २.४ लक्ष्य (Goal) | |
| २.५ उद्देश्यहरु (Objectives) | |
| २.६ रणनीतिहरु (strategy) | |
| २.७ प्रमुख उपलब्धि सूचकहरु | |
| **परिच्छेद ३ : शिक्षाका उपक्षेत्रहरू** | ३१–१३९ |
| ३.१ **परिचय** | ३१ |
| ३.२ **प्रारम्भिक बाल विकास र शिक्षा** | ३१–४० |
| ३.२.१ परिचय | |
| ३.२.२ वर्तमान अवस्था | |
| ३.२.३ स्थानीय समस्या र चुनौतीहरु | |
| ३.२.४ लक्ष्य | |
| ३.२.५ उद्देश्य | |
| ३.२.६ रणनीतिहरु | |
| ३.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | |
| ३.३ **आधारभूत शिक्षा** | ४१–५५ |
| ३.३.१ परिचय | |
| ३.३.२ वर्तमान अवस्था | |
| ३.३.३ लक्ष्य | |
| ३.३.४ उद्देश्य | |
| ३.३.५ रणनीतिहरू | |
| ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | |
| ३.४ **माध्यमिक शिक्षा** (९–१२) | ५६–६५ |
| ३.४.१ परिचय | |

३.४.२ वर्तमान अवस्था
३.४.३ लक्ष्य
३.४.४ उद्देश्य
३.४.५ रणनीतिहरू
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.५ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध** ६६–७३
३.५.१ परिचय
३.५.२ वर्तमान अवस्था
३.५.३ लक्ष्य
३.५.४ उद्देश्य
३.५.५ रणनीतिहरू
३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.६ प्राविधिक तथा व्यवसायिक शिक्षा** ७४–७८
३.६.१ परिचय
३.६.२ वर्तमान अवस्था
३.६.३ लक्ष्य
३.६.४ उद्देश्य
३.६.५ रणनीतिहरु
३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.७ पाठ्यक्रम र पाठ्यसामग्री** ७९–८३
३.७.१ परिचय
३.७.२ वर्तमान अवस्था
३.७.३ लक्ष्य
३.७.४ उद्देश्य
३.७.५ रणनीतिहरू
३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.८ शिक्षक व्यवस्थापन र विकास** ८४–९३
३.८.१ परिचय
३.८.२ वर्तमान अवस्था
३.८.३ लक्ष्य
३.८.४ उद्देश्य
३.८.५ रणनीतिहरू
३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.९ विद्यालय व्यवस्थापन** ९४–१०३
३.९.१ परिचय
३.९.२ वर्तमान अवस्था
३.९.३ लक्ष्य

३.९.४ उद्देश्य
३.९.५ रणनीतिहरू
३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.१० निरन्तर शिक्षा, खुला सिकाइ, औपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा** १०४–११०
३.१०.१ परिचय
३.१०.२ वर्तमान अवस्था
३.१०.३ लक्ष्य
३.१०.४ उद्देश्य
३.१०.५ रणनीतिहरु
३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य
**३.११ गुणस्तरीय सार्वजनिक शिक्षा तथा सुरक्षित शिक्षा** १११–११९
३.११.१ परिचय
३.११.२ वर्तमान अवस्था
३.११.३ लक्ष्य
३.११.५ रणनीतिहरु
३.११.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.१२ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा** १२०–१२६
३.१२.१ परिचय
३.१२.२ वर्तमान अवस्था
३.१२.३ लक्ष्य
३.१२.४ उद्देश्य
३.१२.५ रणनीतिहरू
३.१२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.१३ शिक्षामा सूचना प्रविधि** १२७–१३१
३.१३.१ परिचय
३.१३.२ वर्तमान अवस्था
३.१३.३ लक्ष्य
३.१३.४ उद्देश्य
३.१३.५ रणनीतिहरू
३.१३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**३.१४ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा** १३२–१३९
३.१४.१ परिचय
३.१४.२ वर्तमान अवस्था
३.१४.३ लक्ष्य
३.१४.४ उद्देश्य
३.१४.५ रणनीति

३.१४.६मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य
**परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास** (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध) १४०–१४४
४.१ परिचय
४.२ वर्तमान अवस्था
४.३ लक्ष्य
४.४ उद्देश्य
४.५ रणनीतिहरू
४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन** १४५–१६३
५.१ परिचय
५.२ वर्तमान अवस्था
५.३ लक्ष्य
५.४ उद्देश्य
५.५ रणनीतिहरू
५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** १६४–१७०
६.१ परिचय
६.२ वर्तमान अवस्था
६.३ लक्ष्य
६.४ उद्देश्य
६.५ रणनीतिहरू
६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
**परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक** १७१–१९१
**परिच्छेद ८: सन्दर्भ सामग्री तथा अनुसूचीहरू** १९२–१९५

# योजनाको सारांश

हाम्रो शिक्षा प्रणालीले यस कुरालाई प्रोत्साहित गरोस् जसले सामुहिक हितलाई प्राथमिकतामा राखी सामाजिक लक्ष्य हासिल गर्नका लागि सँगै बस्ने, सँगै काम गर्ने वातावरण सिर्जना होस् । हाम्रो शिक्षाले हाम्रा युवाहरुलाई सामाजिक विकासका लागि गतिशील र रचनात्मक भूमिका खेल्न सक्ने गरी तयार गरोस् जसले समूहको भाग्य निर्धारण गर्ने सबै खालका राम्रा नराम्रा कुराको निष्पक्षरूपमा उत्तरदायित्व वहन गरून् । सामाजिक विकासको मापन ठूला भवन, कार, सडक जस्ता भौतिक सुविधाबाट मात्र होइन, बरु मानवीय मूल्यबाट अभिप्रेरित, समुदायको हितप्रति प्रतिबद्ध साथै भावी पुस्ताका मूल्यप्रति निष्ठा विकास गर्न सक्ने असल नागरिक विकास गरोस् । (जुलियस न्येरे, १९६७)

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाहा, नेउलापुर, शिवपुर र ठाकुरद्वारा गाउँ विकास समितिलाई गाभेर ठाकुरद्वारामा रहेको ठाकुरद्वार मन्दिरको नामबाट यस ठाकुरबाबा नगरपालिकाको स्थापना वि.सं.२०७३ फाल्गुण २७ मा भएको हो । संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २(क)मा पर्दछ । यस नगरपालिकालाई भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मूल्य मान्यताको आधारमा ९ ओटा वडामा विभाजन गरिएको छ । भौगोलिक हिसाबले यस नगरपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछन् । वि.स.२०७७ को घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकामा १०,४५४ घरधुरी र कुल जनसङ्ख्या ५७,२०४ रहेको छ जस मध्ये पुरुष २८,८६० र महिला २८,३४४ जना रहेका छन् । यो नगरपालिकाको अक्षांश २८ डिग्री २३ मिनेटदेखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म, ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशाान्तरसम्म फैलिंदा १०४.५७ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । यहाँको जनघनत्व ५३४ रहेको छ । सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाइमा रहेको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ८ डिग्री सेल्सियसदेखि अधिकतम ४३ डिग्री सेल्सियस र औषत वार्षिक वर्षा १,१२० मि.लि.हुने गरेको छ । नेपालको संविधानले नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकारको सुनिश्चिततासहित सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै आर्थिक असमानताको अन्त्य गरी समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समाजसहितको राष्ट्रको परिकल्पना गरेको छ । संविधानले राज्यको पुनर्संरचना गरी नेपाललाई स्थानीय, प्रादेशिक र संघीय तहमा विभाजन गरेको छ । स्थानीय तहलाई स्वायत्त, अविछिन्न उत्तराधिकारवाला सरकारको रुपमा स्थापित गरी स्थानीयस्तरको समग्र तथा दिगो विकासका लागि जिम्मेवार तहको रुपमा स्थापित गरेको छ । ठाकुरबाबा नगरपालिकाको सन्तुलित र समग्र विकास गरी संविधानले निर्दिष्ट गरेको राज्यका उद्देश्यहरुको सुनिश्चिततासहित समृद्ध, पूर्ण साक्षर तथा ज्ञानमा आधारित समाजसहितको नगर निर्माण गर्ने लक्ष्यका साथ १० वर्षे शिक्षा क्षेत्रको योजना तर्जुमा गरिएको छ । यो योजनाले ठाकुरबाबा नगरपालिकाको समग्र शैक्षिक क्षेत्रलाई योजनावद्ध किसिमबाट अगाडि बढाउन मार्गनिर्देश गर्नेछ ।

योजना तयारीका क्रममा नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु, दीगो विकासका लक्ष्यहरु, विभिन्न अनुसन्धानहरुका निष्कर्षहरु, विश्वसनीय राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदन र तथ्याङ्कहरु, स्थानीय प्रमुख राजनैतिक दलहरूका घोषणापत्र र उच्चस्तरीय शिक्षा आयोग २०७५ को प्रतिवेदनलाई समेत अध्ययन विश्लेषण गरेको थियो । अध्ययन तथा राय सुझाव सङ्कलनका लागि लक्षित समूहसँग संस्थागत छलफल, स्थलगत भ्रमण, अवलोकन, सामुहिक छलफल, व्यक्तिगत भेटघाट, इमेलजस्ता माध्यमहरू प्रयोग गरिएको थियो । नेपालको शिक्षा विकासका लागि राष्ट्रियस्तरका शिक्षा योजनाहरु, प्रचलित ऐन, कानुन र शिक्षा विकास सम्बन्धी कार्यक्रमहरु तथा समग्र शिक्षा विकासलाई सम्बोधन गर्ने गरी तयार भएको शिक्षा क्षेत्रको योजना (ESP) २०२१ देखि २०३० एवं शिक्षाका लक्ष्य, उद्देश्य, नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

तथा पाठ्यक्रम कार्यान्वयन प्रक्रिया आदि र सोही बमोजिमको लुम्बिनी प्रदेश शिक्षा ऐन, कानुन, योजना ,कार्यविधि र कार्यक्रमलाई माथिल्लो आधार मान्दै स्थानीयस्तरमा ठाकुरबाबा न.पा.को २० वर्षे गुरुयोजना २०७५, शिक्षा नीति, स्थानीय शिक्षा ऐन, कार्यविधिहरु, न.पा. को नीति तथा कार्यक्रम र स्थानीय शिक्षाका तथ्याङ्क र अवधारणाको विश्लेषणबाट यो शिक्षा क्षेत्रको योजना निर्माण भएको छ ।

नगरपालिकाका विद्यालयहरुको संस्थागत तथा शैक्षिक क्षमताको अभिवृद्धि गरी सर्वसाधारण नागरिकको लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने यस योजनाको उद्देश्य रहेको छ। संस्थागत विद्यालयहरुले शिक्षाको क्षेत्रमा गरेका अनुभवहरुवाट सार्वजानिक विद्यालयहरुले फाइदा लिन सक्ने वातवारण निर्माण गर्न नियमित रुपमा अनुभव आदान प्रदानका कार्यक्रमहरुमार्फत गुणस्तर अभिवृद्धि गर्न सकिन्छ । हाल सञ्चालित कृषि तथा भेटेरनरी प्राविधिक विषय अध्ययनका अवसरहरुले उद्यम विकास तथा रोजगारीका अवसरहरु सिर्जना हुन्छन् भने यी प्राविधिक विद्यालयहरुको अनुभवबाट थप प्राविधिक विद्यालयहरुको स्थापना, सञ्चालन गरी दक्ष जनशक्ति बढाउन सकिने देखिन्छ । २ ओटा क्याम्पसको उपलब्धताले उच्च शिक्षाका अवसरहरुलाई सहज बनाएको छ भने उच्च शिक्षाको अवसरले रोजगार, उद्यम विकास तथा सम्बन्ध विस्तारका अवसरहरु सिर्जना भएका छन् । क्याम्पसले प्रदान गर्ने शिक्षालाई पनि प्राविधिक विषयहरुतर्फ जोड दिनुपर्ने देखिन्छ । यस योजनाले शिक्षा विकासका वैकल्पिक आयामहरुको पहिचान गरी सबैका लागि शिक्षा तथा शिक्षाका लागि सबै (Education for all and All for Education ) जस्ता कार्यक्रमसहित अनौपचारिक तथा निरन्तर शिक्षामा जोड दिएको छ। शिक्षा विकासका लागि सुशासन कायम गर्न पारदर्शिता, उत्तरदायित्व, समावेशिता तथा सहभागितामा अभिवृद्धि गरिने छ ।

यस योजनाले नगरपालिकाको शिक्षाको दूरदृष्टि, योजना तर्जुमाका मार्गदर्शक सिद्धान्त, शिक्षाका राष्ट्रिय उद्देश्यहरुको मर्म समावेश गरी प्रारम्भिक बाल विकास शिक्षादेखि उच्च शिक्षासम्मका पहुँच, समता, गुणस्तर, सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्षसहितको पृष्ठभूमि, विगत तथा वर्तमान अवस्थाको विश्लेषण, प्रमुख समस्या, मुद्दा, चुनौती तथा अवसरहरुको कार्यान्वयनका लागि आवश्यक रणनीति तथा कार्यनीतिहरु उल्लेख गरिएको छ । प्रस्तुत दश वर्षे शिक्षा क्षेत्र योजना (२०७८-२०८८) नगरपालिकाको समग्र शैक्षिक योजना हो । योजनाको समष्टि ढाँचा अन्तर्गत पहिलो परिच्छेदमा योजनाको परिचय र योजना निर्माण प्रक्रियाको बारेमा उल्लेख गरिएको छ भने दोस्रो परिच्छेदमा योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य ,रणनीति लक्ष्य समावेश गरिएको छ । योजनाको तेस्रो परिच्छेदमा शिक्षासँग सम्बन्धित विभिन्न १३ वटा उप क्षेत्रहरुको उल्लेख गरिएको छ । ती उपक्षेत्रहरुमा प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध, प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, निरन्तर खुल्ला अनौपचारिक जीवनपर्यन्त शिक्षा, गुणस्तरीय सार्वजनीक शिक्षा, पछाडि परेका वर्गको पहुँच र समावेशी शिक्षा, शिक्षामा सूचना प्रविधि र आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा पर्दछन् । चौथो परिच्छेदमा संस्थागत संरचना र क्षमता विकास, परिच्छेद ५ मा लगानी र स्रोत व्यवस्थापन, परिच्छेद ६ मा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनका बारेमा योजना बनाइएको छ भने सातौं परिच्छेदमा मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचकहरु उल्लेख गरिएको छ । अन्तिम आठौं परिच्छेदमा यो योजना तयार गर्दा सहयोग लिइएका सन्दर्भ सामग्री र अनुसूचीहरु उल्लेख गरिएको छ । समग्रमा अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण र पृष्ठपोषणको लागि विषय विज्ञको समूह निर्माण, विषयगत शिक्षकको सञ्जाल बनाउने, सबै तहको शिक्षालाई प्रविधिमैत्री बनाउने, अतिरिक्त र सहकृयाकलापलाई अनिवार्य बनाउने, बहुसंस्कृतिमा जोड दिने, पूर्वीय र परम्परागत शिक्षामा अध्ययन र अनुसन्धान गर्ने, प्रकोपको त्रासबाट माथि उठेर प्रकृतिसँगको सामिप्यतामा अध्ययनको वातावरण बनाउने, जीवन र जगतबिचको अन्तरसम्बन्धको महत्व बुझाउने, महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र सबै खाले विविधता भएका विद्यार्थीहरुका लागि उपयुक्त सिकाइमैत्री वातावरण तयार पार्ने जस्ता कुरा योजनामा समेटिएको छ ।

शिक्षा विकासको पूर्वाधार तथा मेरुदण्ड हो । शिक्षालाई ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति

र समृद्धिका लागि निर्विकल्प माध्यमको रुपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानमा शिक्षा सम्बन्धी हकलाई मौलिक हककारूपमा प्रत्याभूत गरिएको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै शिक्षामा पालिकाले लगानी अभिवृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिएको छ । वर्तमानसम्म आइपुग्दा परिमाणात्मक दृष्टिकोणबाट ठाकुरबाबा नगरपालिकाको शिक्षामा उपलब्धि हासिल भएको छ । प्रारम्भिक बाल विकास केन्द्रको सङ्ख्या ६० वटा, विद्यालयको सङ्ख्या सामुदायिक २६ र संस्थागत १४ गरी जम्मा ४० वटा, उच्च शिक्षा प्रदान गर्ने क्याम्पसहरु २ वटा, प्राविधिक विद्यालयहरु २ वटा र सामुदायिक सिकाइ केन्द्र ३ वटा रहेका छन् । शैक्षिक सत्र २०७८ को कुल विद्यार्थी सङ्ख्या १५,०१२ छ । उक्त संस्थाहरुमा संस्थागततर्फ २३४ र सामुदायिक तर्फ ३७४ गरी जम्मा ६०८ जना जनशक्ति कार्यरत छन । आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्म १५ देखि ६० वर्ष उमेर समूहको प्रौढ साक्षारता दर ८० नाघेको छ भने १५ देखि २४ वर्ष उमेर समूहका युवा साक्षारता दर ९० प्रतिशतभन्दा माथि पुगेको छ । पूर्व प्राथमिक शिक्षाको अनुभवसहितका कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ७० प्रतिशतभन्दा माथि पुगेको छ ।

उल्लिखित उपलब्धिहरू भएता पनि हाम्रो शिक्षा प्रणालीमा धेरै समस्याहरु रहेका छन् । ती समस्याहरूको समाधान विना मुलुकको सामाजिक आर्थिक रुपान्तरण सम्भव देखिँदैन । पहुँचमा सन्तोषजनक प्रगति हासिल गरेको भए तापनि सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न अझै सकिएको छन् । विशेष लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गरी भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाइ उपलब्धि हासिल गराउने कार्य अझै समस्याको रुपमा रहेको छ । तहगत एवम् विषयगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न सकिएको छैन । प्राविधिक तथा व्यवसायिक शिक्षालाई शिक्षाको मूलधारको रुपमा विकास गरी कामको संसारमा सीपयुक्त सक्षम जनशक्ति उत्पादन हुन सकेको छैन । शिक्षाका सबै तह तथा क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व तथा सहभागिता सुनिश्चित गरी सुशासन कायम गर्न सकिएको छैन । शिक्षकको सक्षमतालाई कक्षाकोठामा हस्तान्तरण गर्न शिक्षक उत्प्रेरित गर्न नसकिनु, विद्यमान प्रविधियुक्त समाजमा पर्याप्त मात्रामा कक्षाकोठामा प्रविधिको प्रयोग हुन नसक्नु जसले गर्दा शिक्षण सिकाइ क्रियाकलापहरु पुरानै शैलीमा विकसित हुँदै जानु जस्ता विषयहरु शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् ।

मुलभूतरूपमा योजनाले नगरपालिकाको शैक्षिक प्रणालीमा आमूल परिवर्तनका लागि मार्गदर्शन गर्नेछ । हरेक बालबालिकाको क्षमताको प्रस्फुटन, पहिचान र विकासका लागि प्रयास गर्नेछ । आधारभूत साक्षरतासहितको पठन संस्कृतिलाई सर्वाधिक प्राथमिकता दिने । एकीकृत र अन्तरसम्बन्धित विषयगत शिक्षण शैलीको विकास गर्ने । विषयवस्तुको शिक्षण भन्दा अवधारणात्मक सुझ (Content vs Concept) विकासमा जोड दिने । रचनात्मक र तार्किक सोंच, नैतिकता मानवीय मूल्य, संवैधानिक मूल्यमा जोड दिने । बहुभाषिक तथा मातृभाषामा शिक्षा प्रदानका लागि आधार तयार गर्ने । जीवन कुशल सीपको प्रवर्धन, सिकाइका लागि निरन्तर मूल्याङ्कन (Assessment for Learning), अध्ययन अध्यापन कार्यमा प्रविधिको उपयोग, सामाजिक विविधता र स्थानीय परिवेशलाई पनि कक्षा शिक्षणमा प्राथमिकतामा राखिने, पूर्ण समावेशी र पूर्ण समतामूलक वातावरण सिर्जना गर्ने । अखण्डता, पारदर्शिता, स्वायत्तता, सुशासन र सशक्तीकरणको माध्यमबाट सुदृढ विद्यालय व्यवस्थापन गर्ने । शिक्षासँग सम्बद्ध विज्ञद्वारा निरन्तर अनुगमन तथा मूल्याङ्कनका आधारमा प्रगतिको निरन्तर समीक्षा गर्ने । शिक्षालाई एक मजबुत जीवन्त र प्रभावकारी सार्वजनिक सेवाका रूपमा विकास गर्न प्रशस्त लगानी गर्ने कुराहरु योजनामा उल्लेख गरिएको छ ।

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि :

नेपालको संविधान २०७२ मा एकात्मक राज्य प्रणालीको अन्त्य गरी संघीय राज्य व्यवस्थाको सुरुआत गर्ने व्यवसथा बमोजिम हाल देशमा तीन तहका सरकारहरु अस्तित्वमा छन्। सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो। जनजीविकाको सवालमा विगतदेखि सिंहदरबारको प्रत्यक्ष निगरानी नभएका दूरदराजका बस्तीहरुमा सरकारको उपस्थिति हुनु पनि प्रमुख कुरा हो। संविधानले अनुसूचिमा स्पष्ट किटान गरी स्थानीय सरकार मातहत माध्यमिक तहसम्मको शिक्षा सुम्पेको छ। यसर्थ चार वर्ष अघि जारी गरिएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका २३ वटा शैक्षिक अधिकारहरुको पूर्ण कार्यान्वयनका लागि पनि यस ठाकुरबाबा नगरपालिकाले १० वर्षे शिक्षा योजना बनाउनु परेको हो। यस प्रथम परिच्छेदमा योजनाको अवधारणा,यससँग सम्बन्धित ठाकुरबाबा न.पा.का विविध पक्षहरुको वर्तमान अवस्था र विश्लेषण, चुनौती र अवसर, योजना निर्माण प्रक्रिया लगायतका प्राविधिक कार्यहरुको अभिलेखीकरण प्रस्तुत गरिएको छ।

## १.२ अवधारणा

नेपालमा योजनावद्ध विकासको सुरुवात वि.सं २०१३ सालदेखि भएता पनि शिक्षा क्षेत्रमा रा.शि.प.यो. २०२८ देखि शैक्षिक विकासका लागि योजनाले स्थान पाएको हो। उक्त योजनामा पूर्णावधि मूल्याङ्कन २०३७, रा.पा.का.यो. २०३८, रा.शि.यो. २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा योजना २०५५, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ हुँदै राष्ट्रियस्तरका विभिन्न शैक्षिक दस्तावेजहरुमा शिक्षा सम्बन्धी अल्पकालिन तथा दीर्घकालीन योजना तथा कार्यक्रमहरु उल्लेख भएको पाइन्छ। २०६२/०६३ को दोस्रो जनआन्दोलन पश्चात संविधान सभामार्फत नेपालले प्राप्त गरेको नेपालको संविधान २०७२ ले शिक्षाका सन्दर्भमा मौलिक हक तथा निर्देशक सिद्धान्त र नीतिमार्फत शिक्षा प्राप्त गर्ने हक तथा अधिकार सुनिश्चित गरेको पाइन्छ। संविधान अनुसार भाग ३ धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा हकहरु अन्तर्गत १) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। २) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। ३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ। ४) दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। ५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ। यसै गरी संविधानको परिच्छेद ४ मा राज्यको सिद्धान्त तथा नीतिहरु उल्लेख भएकामा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत धारा ५१ को ग (६) ज(१,२,३,४) ञ(१३) मा शिक्षा सम्बन्धी व्यवस्था गरिएको छ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकरात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिष्प्रधी सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। यसै गरी नेपाल सरकारको २५ वर्षे दीर्घकालीन सोंच "समृद्ध नेपाल, सुखी नेपाली"सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा १५ औं आवधिक योजनाका लक्ष्यहरु तय गरिएको छ।

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै

सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा भन्ने गरिन्छ । आपत्कालीन शिक्षाका मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्वद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षाका साथसाथै शिक्षा क्षेत्रलाई निर्वादरुपमा अगाडि बढाउन उत्थानशील शिक्षाको अपरिहार्यता देखिन्छ । जसका लागि जोखिमको पूर्व तयारी, उद्दार तथा राहत र पुनःनिर्माण जस्ता कार्यक्रमप्रति सचेत रहने । विद्यालय क्षेत्रको शैक्षिक विकास र उन्नयनको स्पष्ट खाकासहितको योजनाको ढाँचा तयार गर्न शिक्षा क्षेत्रको योजना, (२०२१-२०३०) ले मार्गचित्र प्रदान गरेको छ। जसले नेपालको शिक्षा क्षेत्रको विकासका लागि आवश्यक रणनीतिक योजना निर्माण गर्न प्रेरित गर्दछ ।

शिक्षा सबै प्रक्रिया र अवस्थाको मार्गदर्शक एवम् व्यवस्थापकीय क्षमता राख्ने विषय हो । शिक्षा मानवका लागि अति आवश्यक र अटुट  एवं निरन्तर चाहिने प्रक्रिया हो । औपचारिक र अतिरिक्त शिक्षा, नियमित कक्षा शिक्षा योजनाले स्पष्ट एवं ठोसरुपमा मार्ग दर्शन गरेको हुनु पर्दछ । तसर्थ ठाकुरबाबा न.पा. को दश वर्षे शिक्षा योजनामा विपद्कालिन शिक्षा क्षेत्र सान्दर्भिक उत्थानशीलता तथा गतिशिलताका लागि स्थानीय विपद्का कारणहरुको पहिचान, संकटासन्न समुदाय, विद्यालय तथा बालबालिकाको पहिचान गरी निरन्तरता र गतिशिलताका लागि आपत् कालमा शिक्षाका गतिविधि निरन्तर हुने गरी शिक्षामा आपत्कालित उत्थानशीलता योजना समावेश हुन सान्दर्भिक भएकाले त्यसको समेत सम्बोधन गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरुको साधारण सभाको शिखर सम्मेलनले दिगो विकासका १७ लक्ष्य तथा १६९ सहायक लक्ष्यहरु निर्धारण गरेको थियो । सन् २०१६ को जनवरी १ देखि विश्वभरीका राष्ट्रिय सरकार तथा लाखौं नागरिकहरुलाई एउटै मञ्चमा उभ्याइ उक्त महत्वाकांक्षी कार्यसूची अन्तर्गत चौथो नम्बरको लक्ष्यमा सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्ने उल्लेख छ। नेपाल पनि संयुक्तराष्ट्र संघको सदस्य भएको नाताले उक्त लक्ष्य प्राप्त गर्नका लागि सम्बन्धित क्षेत्रमा आवश्यक योजनासहित प्रस्तुत हुनु पर्ने देखिन्छ ।

नेपालको संविधान २०७२ ले संघीयताको मर्मअनुरुप ३ तहका सरकारको परिकल्पना गरे बमोजिम देश भरका स्थानीय तह र सरकारलाई अनुसूची भित्रै व्यवस्था गरी आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको अधिकार प्रदान गरेको छ । सोहीबमोजिम स्थानीय तहले आ-आफ्ना अवसर र चुनौतीहरुको आँकलन गरी स्रोत साधनको अधिकतम सदुपयोग गर्नु पर्ने हुन्छ । आँफैमा सरकार भएको नाताले शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरु समेटी समग्र शैक्षिक योजनाको खाका कोर्नु पर्दछ। सबैका लागि शिक्षा अन्तर्गत समाजमा पछि परेको समुदायलाई मूलधारमा ल्याउन, शिक्षण संस्था र जनशक्तिका लागि स्रोत साधन विनियोजन गर्न, स्थानीय कला, संस्कृतिको संरक्षण र प्रवर्धन गर्न, संस्थागत संरचना र जनशक्तिको व्यवस्थापन गर्न, शिक्षा क्षेत्रमा सहकार्य गर्न खोजेका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गर्न, गुणस्तर र सान्दर्भिकताका आधारमा शिक्षा प्रदान गर्न स्थानीय तहमा योजना निर्माणको आवश्यकता परेको हाम्रो ठम्याइ छ ।

## १.३ नगरपालिकाका विभिन्न सन्दर्भ

संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षाका सम्पूर्ण अधिकार स्थानीय तहलाई दिइएको छ । सोही आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाका लागि २३ वटा अधिकारहरु प्रदान गरेको छ । यी अधिकारहरु नै स्थानीय सरकारका अवसरहरु हुन् । केन्द्रले दृष्टि दिन नसकेको अवस्थामा स्थानीय सरकारले नजिकबाट विद्यालय तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी प्राप्त गरेको छ । यसर्थ स्थानीय सरकारले शैक्षिक व्यवस्थापनका लागि आफू अनुकूलका ऐन, नियम, कानुन, कार्यविधि निर्माण गरी अवसरहरु सार्थक बनाउनु पर्दछ। सन् २०१९ को मानव विकास सूचकाङ्कमा नेपाल १८९ देश मध्ये १४२ औं स्थानमा छ। अधिकतम् अंक १ मध्ये नेपालले ०.६०२ प्राप्त गरेको छ ।

नेपाल बहुजातीय बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र हो । हाम्रो पालिका तराइमा पर्ने थारु जातिको बाहुल्यता (५४ प्रतिशत) भएको पालिका हो जहाँ खस, आर्य, दशनामी, लगायत अन्य जातजातिहरु पनि बसोबास गर्दछन् । पालिकाभित्रका जन प्रतिनिधिका संस्था, शैक्षिक संस्था, अन्य गैर सरकारी लगायत स्थानीय संघ संस्थाहरुमा लैङ्गिक हिसाबले महिलाहरुको उपस्थिति न्यून छ। अझ स्पष्टरुपमा भन्ने हो भने यस क्षेत्रको आदिवासी जनजाति थारुहरुको प्रतिनिधित्व हरेक क्षेत्रमा न्यायपूर्ण देखिदैँन । फरक क्षमता भएका, सिमान्तकृत, पिछडिएका वर्ग लगायत समाजको मूल प्रवाहमा नरहेका केही ठाकुरबाबा बासीहरुलाई स्थानीय नगर सरकारले हरेक क्षेत्रमा समावेश गर्दै लैजानु पर्ने आजको मुख्य चुनौती देखिन्छ । यसर्थ पनि पालिकाले हरेक क्षेत्रलाई सम्बोधन गर्ने गरी सूक्ष्मरुपमा योजना बनाउनु पर्ने आवश्यकता देखिएको हो । समावेशीकरण समााधानको आवश्यकताहरुमा :

१) समावेशीकरणका लागि सकारात्मक विभेदपूर्ण अवसर प्रदान गर्ने,

२) पुस्तौंदेखि सामाजिक, आर्थिक अवसरबाट बञ्चित शैक्षिक वर्ग पहिचान गरी मूल प्रवाहमा ल्याउने रणनीति तय गर्ने,

३) समावेशीकरणयुक्त भौगोलिक, सामाजिक र आर्थिक वातावरण बनाउन भवन तथा सडक निर्माणसहित ऐन, कानुन कार्यविधि र कार्यक्रम बनाउँदा समावेशीकरणयुक्त बनाउने ,

४) प्राथमिकताका क्षेत्र निर्धारण गर्ने ,

५) सहभागिता एवं नेतृत्व प्रतिनिधित्व गर्ने,

६) आपत् विपद् र सामान्य जनजीविकाको लागि पुनः उत्थानमूलक कार्यहरु निर्धारण गर्ने ।

विगत २ वर्ष यता संसारभरि फैलिएको महामारी कोभिड १९ को असर नेपालको समग्र अर्थतन्त्रमा पनि परेको देखिन्छ । आर्थिक वृद्धिदर ऋणात्मक नभएपनि २ अंक भन्दा माथि नभएकाले राम्रो संकेत गरेको छैन । तर पनि स्थानीय सरकारले आफ्नो पहिलो कार्यकालमा जनतासँग जोडिएका भौतिक निर्माण तर्फका अधिकांश गतिविधिहरु सफल नै रहेकाले आर्थिक क्षेत्र चलायमान भएको छ ।

बर्दिया जिल्लाको केन्द्रीय संसदीय प्रणाली अनुसार निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २ (ख) मा पर्ने यस नगरपालिकाका साविकका नेउलापुर, बगनाहा, ठाकुरद्वारा र शिवपुर गा.वि.स. गाभिएर ठाकुरबाबा नगरपालिका वनेको छ । यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मूल्य मन्यताको आधारमा ९ ओटा वडामा विभाजन गरिएको छ। भौगोलिक हिसाबले यस ठाकुरबाबा नगरपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछन । वि.सं.२०७७ को घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकामा १०,४५४ घरधुरी र जनसङ्ख्या ५७,२०४ रहेको पाइन्छ । यस नगरपालिकाको क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ। सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाइमा रहेको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ८ डिग्री सेल्सियसदेखि अधिकतम ४३ डिग्री सेल्सियस र औषत वर्षा १,१२० मि.लि. प्रति वर्ष हुने गरेको छ ।

## १.४ शिक्षा क्षेत्रको सन्दर्भ

विद्यालय क्षेत्र विकास योजनामा उल्लेख भए पश्चात शैक्षिक संरचनाको नयाँ ढाँचा लागु भयो । शिक्षा ऐन २०२८ ले पनि कानुनी रुपमा विद्यालय क्षेत्रको संरचनालाई प्रारम्भिक बाल विकास शिक्षा १ वर्षको हुने जहाँ ४ वर्ष उमेर समूहका बालबालिका सहभागी हुन्छन् । यसै गरी (५-१२) वर्षका बालबालिकाका लागि ८ वर्षे अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र (१३-१६) वर्ष उमेर समूहका लागि ४ वर्षे निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको देखिन्छ । सोही दायित्वलाई मनन् गरी संविधान बमोजिम राष्ट्रिय शिक्षा नीति २०७६ र शिक्षा क्षेत्रको १० वर्षे विकास योजना (२०२१-२०३०) आइ सकेको छ । राष्ट्रियस्तरका यी माथि उल्लिखित शैक्षिक दस्तावेजहरुका आधारमा हाम्रो पालिकाले पनि निम्न बमोजिमका

शिक्षा सम्बन्धी मुख्य नीतिहरु प्रस्ताव गरेको छ :

१. शिक्षालाई सबैको पहुँचमा पुग्ने गरी विद्यालयहरुको स्थापना एवं विकास, समायोजन गरी विद्यालयहरुको संस्थागत सुधार गर्ने ।
२. १६ वर्ष सम्मका बालबालिकालाई अनिवार्यरुपमा आधारभूत शिक्षा उपलब्ध गराउने ।
३. हाल निरक्षर रहेका १९ वर्षदेखि माथि ६० वर्ष सम्मका सबै नागरिकलाई ५ वर्ष भित्र प्राविधिक (सीपमूलक) साक्षर बनाउने ।
४. शिक्षालाई गुणस्तरीय, जीवनपयोगी र व्यवसायमुखि वनाउने ।
५. आर्थिक रुपमा विपन्न र सामाजिक रुपमा पछाडि पारिएका समुदायका विद्यार्थीहरुलाई विशेष सहुलियत तथा उचित छात्रवृत्ति कार्यक्रमसाथ आधारभूत, माध्यामिक र प्राविधिक शिक्षामा अवसर सुनिश्चित गर्ने ।
६. हरेक वडामा कम्तिमा एउटा सुविधा सम्पन्न प्रभावशाली विद्यालय, सो विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर, सूचना प्रविधि प्रयोगशाला, बाल विकास केन्द्र, खेलकुद तथा अतिरिक्त, क्रियाकलाप फाँट निर्धारण र विकास भएको अवस्था निर्माण गर्ने ।
७. हरेक वडामा कम्तिमा १/१ वटा सामुदायिक सिकाइ केन्द्र, पुस्तकालय वा वाचनालयको व्यवस्था गरी दिगो र निरन्तर सिकाइको वातावरण सिर्जना गर्ने ।
८. कार्यमूलक अनुसन्धान, खोज अनुसन्धान, रचना, सिर्जनाको लेखन सङ्कलन र प्रकाशनलाई प्रोत्साहन, उत्प्रेरणा दिइ तथ्य, विज्ञान र साहित्यको विकास गर्ने ।
९. शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन सबै तहका शिक्षालयहरुमा प्रयोगशाला, अनुसन्धान केन्द्र (प्राविधिक तथा उच्च शिक्षाको हकमा) खुला सिकाइ केन्द्र तथा बगैँचाको र स्थलगत अध्ययनको व्यवस्था मिलाउने ।
१०. विद्यार्थीको अनुपातमा शिक्षक, विषयगत शिक्षक, विद्यालय कर्मचारिको पर्याप्त व्यवस्था गर्ने र शिक्षकलाई समय सापेक्ष नियमित र निरन्तर तालिम दिने ।
११. विभिन्नस्तरका परीक्षा र मूल्याङ्कनलाई स्तरीय बनाइ वैज्ञानिक अभिलेख व्यवस्थापन गर्ने ।
१२. विद्यालय खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया स्थापित गर्ने ।

दिगो विकास लक्ष्यको लक्ष्य नं ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्ने उल्लेख छ। यस सम्बन्धमा नेपालले विशेष गरेर गरिव र राज्यबाट पाउनु पर्ने लाभ नपाएका समूहहरुको पहुँच शिक्षामा विस्तार गर्न कटिवद्ध रहेको छ। सन् २०३० सम्ममा प्राथमिक तहमा खुद भर्नादर र प्राथमिक तह पूरा गर्ने दर ९९.५ प्रतिशत र माध्यमिक तहमा सहजै देखिने भर्नादर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। यसै गरी कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुमध्ये कक्षा ८ सम्म ९५ प्रतिशत विद्यार्थीहरु पुग्ने कुराको सुनिश्चित गर्ने, रोजगारीका निम्ति प्राविधिक एवम् व्यवसायिक दक्षता लगायतका सान्दर्भिक सीप दक्षता भएका युवा र वयस्कहरुको अनुपात ७५ प्रतिशत हुने सबै युवाहरु ९८ प्रतिशत वयस्क पुरुषहरु र महिलाहरुले साक्षरता र साङ्ख्यिक ज्ञान हासिल गर्ने, उच्च शिक्षामा लैङ्गिक असमानताहरु हटाउने जस्ता प्रगतिशिल लक्ष्यहरु पनि राखिएको छ। दिगो विकासका लक्ष्य प्रगतिको समिक्षा गर्ने शिलशिलामा राष्ट्रिय योजना आयोगले प्राप्त गरेको सूचना अनुसार प्राथमिक शिक्षाको खुद भर्नादर तथा तह पूरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएका जस्ता सकारात्मक प्रगति देखिएता पनि सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार हुन नसकेको जानकारी प्राप्त भएको छ। साक्षर अभियान, दिवा खाजा र छात्रवृत्ति सम्बन्धी विविध कार्यक्रमहरुले दिगो विकासको लक्ष्य ४ को प्रगतिलाई संकेत गरेको देखिन्छ। जीवनपर्यन्त सिकाइका अवसरहरु अन्तर्गत साक्षरता शिक्षालाई बदलिंदो वैश्विक परिवेश अनुसार सीप आर्जन गर्न सक्ने बनाउनु, सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार गर्नु आजका दिनका प्रमुख चुनौतीहरु हुन् भने अर्कोतिर स्थानीय सरकार शिक्षाका सन्दर्भमा सबैभन्दा नजिकको अभिभावक हो, उसँग अधिकार छ, स्रोत साधन

प्रदान गरी शिक्षामा समावेशी, समतामूलक र गुणस्तरीय जीवनपर्यन्त सिकाइका अवसर सिर्जना गर्ने जिम्मेवारी निर्वाह गरेमा अवसरको सदुपयोग गरेको मानिने छ ।

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन अवस्थाः विद्यमान विद्यलय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे समयावधि २०७८ असार मसान्तमा पूरा भएको छ । यस योजनाले देशको सामाजिक तथा आर्थिक रुपान्तरणमा योगदान गर्न सक्ने स्वावलम्बी प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिक तयार पार्ने दूरदृष्टि राखेको थियो । यस योजनाले राखेका शिक्षा विकास पक्षहरुको उल्लेख्य प्रगति भएको देखिन्छ भने यस योजनाका सफल कार्यक्रमहरुलाई निरन्तरता दिँदै स्थानीय रुपमा निर्माण हुने योजनामा समावेश गर्नु पर्ने देखिन्छ। गुणस्तरीय शिक्षाका लागि विद्यालय शिक्षामा समता,गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलतालाई प्राथमिकतामा राखी योजना कार्यान्वयन गरिएको थियो। विद्यालयमा विद्यार्थीको समतामूलक पहुँच र गुणस्तरमा आधारित विद्यालय क्षेत्र विकास योजना (SSDP) मार्गदर्शक योजना थियो। हाम्रो पालिकाको सन्दर्भमा शिक्षा क्षेत्रका निम्न अवस्थाहरु मननयोग्य देखिन्छन् :

१) नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय शिक्षामा गुणस्तरीय सिकाइसहितको पहुँच गर्ने,
२) प्रारम्भिक बाल कक्षाहरुमा ४ वर्ष उमेर समूहका बालबालिकाको प्रवेशदर अभिवृद्धि गर्नु पर्नेमा कम उमेरका समेत सहभागी हुनु,
३) विद्यालय स्थापना, सञ्चालन र समायोजनका लागि वैज्ञानिक आधारसहित विद्यालय नक्साङ्कन गर्ने,
४) आधारभूत शिक्षा अनिवार्य र निःशुल्क भएको सुनिश्चित गर्न विद्यमान कानुनको परिपालना गर्दै स्थानीय रुपमा कानुनी प्रबन्ध गर्नु,
५) समावेशी बालमैत्री तथा समतामूलक शिक्षा प्रदान गर्न विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सिर्जना गर्ने,
६) पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रम र पाठ्य सामग्रीको प्रभावकारी कार्यान्वयन गर्न,
७) विद्यार्थी मूल्याङ्कन विषयगत दक्षतामा भन्दा सिकाइ उपलब्धिमा आधारित बनाउनु पर्ने,
८) माध्यमिक तहको शिक्षामा व्यवसायिक तथा प्राविधिक शिक्षालाई समुदायको आवश्यकतामा केन्द्रित गर्ने,
९) सिकाइको माध्ययमका रुपमा सूचना तथा सञ्चार लगायतका प्रविधिहरुको प्रयोग र पहुँच विस्तार गर्ने,
१०) व्यवहार कुशल सीप, जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षाको कक्षा शिक्षणमा एकीकृत गर्ने दक्षताको विकास गर्न,
११) स्थानीय भाषाको प्रवर्धन गर्न मातृभाषामा शिक्षण गर्न आवश्यक सामग्री तथा जनशक्तिसहितको पूर्वाधार विकास गर्ने,
१२) विद्यालयलाई सिकाइको आकर्षक केन्द्रको रुपमा विकास गर्न विद्यालय भित्र हुने बाल विज्याँइ लगायतका भय, दण्ड तथा सबै खालका दुर्व्यवहारबाट मुक्त गर्ने,
१३) विद्यालयलाई सुरक्षित, सफा र संकट तथा जोखिमपूर्ण परिस्थितिसँग सामना गर्न उत्थानशील शिक्षा प्रदान गर्ने,
१४) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा अभिभावकको सकारात्मक सहभागिता बढाउन विश्वास सिर्जना गर्ने,
१५) शिक्षाको विकास र विस्तारमा सम्बद्ध तीनै तहका सरकारहरु र अन्य संघ संस्थासँग सहकार्य, समन्वय र साझेदारी गर्ने ,
१६) अनौपचारिक शिक्षाको सुनिश्चितता गर्न वैकल्पिक उपागमहरुको पहिचान गरी कार्यमूलक साक्षरता तथा जीवनोपयोगी सीपसहित निरन्तर शिक्षाको प्रवर्धन र विकास गर्ने,
१७) सबै विद्यालयलाई सूचना प्रविधि, पुस्तकालय, प्रयोगशालासहितका पूर्वाधार विकास गर्न लगानीको सुनिश्चितता गर्ने
१८) सबै बालबालिकाहरुको न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको सुनिश्चितता गर्न आवश्यक अनुगमन, सहायता प्रणाली तथा सहयोग संयन्त्र विकास गर्ने,

१९) सबै विद्यालयमा विषयगत तथा विद्यार्थीको आधारमा शिक्षक आपूर्तिको सुनिश्चितता गर्ने ।

संघीय संरचना अन्तर्गत स्थानीय सरकारले कानुन बनाई लागु गर्न सक्ने २२ वटा अधिकारहरु मध्ये आधारभूत तथा माध्यमिक शिक्षाका क्षेत्रमा थुप्रै अवसरहरु छन् । हाम्रो पालिकाको सन्दर्भमा शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि विद्यमान शैक्षिक संरचना, पूर्वाधार तथा जनशक्तिको सक्षमता सन्तोषजनक छ । आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक शिक्षामा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानूनी र नीतिगत व्यवस्था भएको छ । शिक्षा विकासका लागि साझेदार संस्थासँग सहकार्य र सहभागिताको अभिवृद्धि भएको छ । विद्यालय शिक्षामा स्थानीय सरकारको सकारात्मक सोंचको विकासले लगानीमा वृद्धि भएको छ । स्थानीय तहका विद्यालयका व्यवस्थापन र सञ्चालनका लागि ऐन, नियम तथा कार्यविधिहरु निर्माण भइ कार्यान्वयन भएको छ । विद्यालयहरु प्रशस्त छन् पर्याप्त जनशक्तिको उपलब्धता, स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण भइ कार्यान्वयनमा हुनु, स्थानीय सहकारी र सामुदायिक वन शिक्षाको विकासमा सहभागी हुनु स्थानीय, प्रादेशिक, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु सहकार्य गर्न तयार हुनु, योजना बनाउन सक्ने उपलव्धता शिक्षा क्षेत्रमा तीनै तहका सरकारको लगानी हुनु, शिक्षक विद्यार्थी अनुपातका आधारमा स्थानीय सरकारले जनशक्ति व्यवस्थापन गर्नु, श्रम ऐन अनुसारको पारिश्रमिक व्यवस्थापन भएको छ ।

## १.५ नगपालिकाले सम्पादन गरेका कार्यहरूः

वि.सं २०७४ आषाढमा यस पालिकाको स्थानीय निर्वाचन पश्चात जनप्रतिनिधिहरु आइसकेपछि संविधान प्रदत्त हक, अधिकारहरुको प्रयोग गर्न सुरु भयो । आवश्यक कानुन, नियमको व्यवस्था गरी जनजीविकाका समस्या समाधान गर्न नगरपालिका जुटेको छ । सोही सन्दर्भमा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहसम्म आइपुगेको सन्दर्भमा सबै भन्दा नजिकको सरकारको नाताका हिसाबले यस पालिकाको शिक्षको सन्दर्भमा भएका असल अभ्यासहरुलाई पनि यस योजना निर्माणका समेटिने प्रयास गरिएको छ :

१. विद्यालयहरुमा आवश्यकता अनुसार भौतिक पूर्वाधार निर्माण अन्तर्गत पक्की भवन, ट्रसका भवन तथा शौचालयहरु निर्माण भएका छन्,
२. शिक्षक विद्यार्थी अनुपात तथा न्यूनतम् विषयगत शिक्षक पनि उपलब्ध हुन नसकेको परिस्थितिलाई मध्य नजर गर्दै १ जना प्रा.वि.,१३ जना नि.मा.वि., १२ जना मा.वि. र २ जना उच्च मा.वि. गरी जम्मा २८ जना नगर शिक्षकहरुको व्यवस्थापन भएको छ,
३. विद्यालयमा विद्यार्थीको पहुँच अभिवृद्धि गर्नका लागि श्री चुरे मा.वि. बगनाहा र श्री किसान मा.वि. बनकट्टीलाई विद्यालय बस खरिद गर्न प्रोत्साहन गरिएको छ ,
४. SEE, कक्षा ८ र ५ मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक र संस्थागत विद्यालयका छात्र/छात्रालाई पुरस्कार वितरण,
५. नगरस्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगिताको माध्यमबाट आधारभूत तहदेखि नै विद्यार्थीहरुका बिचमा स्वस्थ प्रतिस्पर्धा र व्यक्तित्व विकास , सामाजिकीकरण र अनुशासित नागरिक बन्नका लागि हालसम्म चारवटा खेलकुद कार्यक्रमहरु आयोजना भैसकेका छन् ,
६. शारीरिक तन्दुस्तीका लागि पनि ज्यादै उपयोगी सावित भैसकेको खो खो खेलका माध्यमबाट साग खेलकुद प्रतियोगितामा नेपालका तर्फबाट सहभागी भै रजत र कास्य पदक प्राप्त गर्ने खेलाडीहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम गरी खेलाडीको मनोवल उच्च बनाउने कार्य भएको छ,
७. स्थानीय पाठ्यक्रम हाम्रो ठाकुरबाबा कक्षा (१-८) निर्माण गरी शैक्षिक सत्र २०७६देखि कार्यान्वयनमा आइसकेको छ, भने उक्त स्थानीय पाठ्यक्रमका बारेमा सुझाव सङ्कलन, प्रवोधीकरण तथा पुनःप्रकाशन पश्चात चालु शैक्षिक २०७८ बाट

पाठ्यक्रममा भएका विषयवस्तुलाई सहज शिक्षण गर्न शैक्षिक जनशक्तिको प्रयोगका लागि स्रोत सामग्री सँगालोसमेत प्रकाशित गरिएको छ ।

८. स्थानीय पाठ्यक्रमलाई सहयोग पुग्ने गरी विविध सूचनामूलक सामग्रीसहितको वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी हरेक कक्षा कोठा,अफिस र कक्षा ९ देखि माथिका विद्यार्थीहरुलाई पनि पुग्ने गरी वितरण गरिएको,

९. ठाकुरबाबाको समग्र शिक्षा क्षेत्रको विकासका लागि आवश्यक पर्ने नगर शिक्षा ऐन, शिक्षक व्यवस्थापन कार्यविधि निर्माण र कार्यान्वयन भएको छ ,

१०. शैक्षिक महोत्सव, शैक्षिक प्रदर्शनी, शिक्षा दिवस, बाल दिवस, संविधान दिवस जस्ता कार्यक्रम आयोजना गरी सरोकारवालाका बिचमा अन्तर्क्रिया र सूचना आदान प्रदान भएको छ,

११. छात्राहरुको लागि मासिक श्राव व्यवस्थापन तथा सेनिटरी प्याड वितरण गर्ने काम भएको छ,

१२. दिवा खाजा व्यवस्थापन कार्य विधि निर्माण, टिफिन डब्बा वितरण र नियमित खाजा वितरण भएको छ ,

१३. पालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत ६० जना बाल विकास शिक्षकहरुका लागि तालिम,बाल विकास सामग्री व्यवस्थापन सहयोग र क्षमता अभिवृद्धि गरिएको छ ,

१४ पालिका भित्रका सबै शिक्षकका लागि पाठ्यक्रम प्रवोधिकरण तालिम तथा पाठ्यक्रम र शिक्षक निर्देशिका वितरण गरी शिक्षण कार्य प्रभावकारी बनाइएको छ,

१५. कोभिड 19 व्यवस्थापनका लागि मास्क तथा सेनिटाइजर वितरण र हेन्ड वास स्टेशनहरु स्थापना भएका छन् ,

१६ मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बाल विकासदेखि ५ कक्षासम्मका बालबालिकाहरुलाई जाडोमा न्यानो कपडा वितरण भएको छ,

१७ कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा व्यवस्थापन र अन्य कक्षाका लागि नगरस्तरीय परीक्षा समितिको गठन गरी सामुहिक परीक्षा सञ्चालन,

१८. माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गरिएको छ,

१९. आधारभूत विद्यालय तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरिएको छ,

२०. सामुदायिक सबै विद्यालयहरुलाई कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, स्मार्टबोर्ड, पेनड्राइभ वितरण गरिएको छ,

२१. लकडाउन तथा निषेधाज्ञाको समयमा रेडियोबाट शिक्षा, टोलटोलमा शिक्षक कार्यक्रम सञ्चालन, शिक्षा र सिकाइ सहजीकरण पुस्तिका छपाई र वितरण भएकोछ ,

२२. छात्रवृत्तिहरु वितरण, पोशाक वितरण, निःशुल्क पाठ्यपुस्तक वितरण, बुक कर्नर स्थापनाका लागि अनुदान आदि,

२३. विद्यालय सामाजिक परीक्षण तथा लेखा परीक्षण व्यवस्थापन सम्बन्धी कार्यहरुलाई थप व्यवस्थित तथा पारदर्शी बनाइ शैक्षिक संस्थाहरुलाई मीतव्ययी बनाउने कोशिस गरिएको छ ,

२४. उत्कृष्ट शिक्षक,कर्मचारी तथा विद्यालयहरुको छनौट गरी प्रोत्साहन तथा पुरस्कार वितरण गर्ने गरिएको छ ,

२५. विद्यालय फुलबारी तथा हरित विद्यालय सहयोग कार्यक्रम सञ्चालन गरी हरित विद्यालयको अवधारणा कार्यान्वयन गरिएको छ ,

२६. विद्यालय दर्पणको प्रकाशन तथा विद्यालयहरुको ऐतिहासिक अभिलेख एकिकृत गर्ने प्रयास थालनी गरिएको छ,

२७ IEMIS व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने कार्यहरु सञ्चालन गरिएकोछ ,

२८. शिक्षक दरबन्दी मिलान तथा प्रत्येक सामुदायिक विद्यालयमा तहगत रुपमा स्थायी शिक्षक नै प्रधानाध्यापक नियुक्त गरिएको छ,

२९. विद्यालय वास कार्यक्रमका लागि संघसंस्थासँग समन्वय र सहयोगमार्फत सिकाइ प्रवर्धन गर्ने काम भएको छ,

३० प्रारम्भिक कक्षा पढाई कार्यक्रम व्यवस्थापनका लागि समन्वय र पहल भएको छ,

३१. गर्भदेखि २ वर्षसम्मका बालबालिकाको लागि कार्यक्रम सञ्चालन गरिएको छ,

३२. बालक्लव, जु.रे.स., इको क्लव, स्काउट गठन र परिचालन भएको छ,

३३. ट्राफिक नियम र लागु औषध नियन्त्रण र एवं अभिभावक शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन भएका छन्,

३४. नमुना विद्यालय स्थापनाका लागि पहल, समन्वय र सहयोग भएको छ,

३५. कक्षा (१-३) सम्मका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा निर्माण गरी प्रयोगमा ल्याउन थालिएको एकीकृत पाठ्यक्रमलाई सफल कार्यान्वयनका लागि ९० जना जनशक्तिलाई आवश्यक सहजीकरण, मूल्याङ्कन पुस्तिका छपाइ तथा वितरण कार्य सम्पन्न गरिएको छ ।

३६. रजिष्ट्रेसन पास गर्दा उठेको रकमबाट निर्माण गरिएको शैक्षिक विकास कोष स्थापना भएको छ । त्यस्तो कोषबाट विद्यालय र क्याम्पसलाई आवश्यक सहयोग  गर्ने योजना बनेको छ ।

## १.६ न.पा.का शैक्षिक समस्या, चुनौति र अवसरहरू:

### क) मुख्य समस्याहरू

१. नियमानुसार शिक्षक व्यवस्थापन गर्न नसक्नु,

२. बाल विकासका केन्द्रलाई व्यवस्थापन गर्न नसक्नु विद्यालय समायोजन गर्न वा कक्षा घटाउन नसक्नु,विद्यालय २४२ दिन खोल्न र पढाइ हुने दिनलाई २१४ दिन कार्यान्वयन गर्न नसक्नु ,

३. बालबालिकामा पठन सीप तथा संस्कृतिको विकास गर्न नसक्नु, अनुगमन तथा सुपेरीवेक्षण नियमित गर्न नसक्नु सिकाइ उपलब्धि वृद्धि गर्न नसक्नु ,

४. Task on Time and Time on Task को अवधारणा विकास गर्न नसक्नु ,

५. शिक्षक र कर्मचारीको दरबन्दी मिलान गर्न तथा थप शिक्षक व्यवस्थापन गर्न नसक्नु ,

६. प्र.अ.तथा शिक्षकलाई नेतृत्व सीप विकास गर्न शिक्षकले सिकेका र तालिममा लिएका विषयबस्तुलाई कक्षाकोठामा स्थान्तरण गर्न नसक्नु ,

७. प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गरेका जनशक्तिको बजार व्यवस्थापन गर्न नसक्नु ,

८. सबै विद्यालयमा सूचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गर्न नसक्नु ,

१०. सबै बालबालिकालाई विद्यालयमा ल्याउन, टिकाउन र ती बालबालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न नसक्नु ,

११. विद्यालयमा सुशासन, पारदर्शिता कायम राख्न नसक्नु ।

### ख) चुनौतीहरू

हाम्रो पालिकाले मुलभूतरुपमा निम्न पक्षहरुलाई मुख्य चुनौतीका रुपमा स्वीकारेको छ :

१. नगरपालिका भित्र असहाय, अभिभावकविहिन तथा आर्थिक रुपमा अति विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन,

२. अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोतकक्षामा व्यवस्थापन गर्न र शिक्षा प्रदान गर्न,

३. अभिभावकको शिक्षाप्रति अपनत्व, बाल विवाह न्यूनिकरण गर्न विद्यालयमा विद्यार्थीको नियमितता र कक्षा दोहर्‍याउने, र बिचैमा विद्यालय छाड्ने दर शुन्य बनाउन,

४. विद्यालयमा बालबालिकालाई भर्ना सकेपछि टिकाउने, सिकाउने र विकाउने अवस्थामा सुधार ल्याउन,

५. शिक्षा नीतिगत व्यवस्थामा एकरुपता गर्न,

६. नियमानुसार दक्ष जनशक्ति (प्रविधिमैत्री) व्यवस्थापन तथा स्रोत व्यवस्थापन गर्ने,

७. विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्न र सो अनुसार कार्यान्वयन गर्न,

८. सार्वजनिक विद्यालयमा गुणस्तर अभिवृद्धि गर्नु,

९. सुशासन र पारदर्शिता कायम गर्न,

१०. शिक्षाको निःशुल्क, सर्वसुलभता र समन्यायिकता कायम गर्न,

११. सार्वजनिक विद्यालयप्रति सबै नागरिकको अपनत्व र बुझाइमा एकरुपता गर्नु,

१२. विद्यालय व्यवस्थापन समिति गठनमा राजनीतिकरण हुनु ,

१३ सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ,

१४ प्रारम्भिक बाल विकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु ,

१५ नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु ,

१६ सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई बालमैत्री बनाउनु ,

१७ आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु ,

१८ नगरपालिकाको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु ,

१९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ,

२०. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सुखी र सम्मृद्ध नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ,

२१. आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु ,

२२. सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानुन र संस्थागत संरचनाको स्थापना गर्नु ,

२३. सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु ,

२४. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ,

२५ बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्नु ,

२६. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भइ उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु ,

२७. नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भइ शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु ,

२८. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु ,

२९. गुणस्तरीय शिक्षाको सुनिश्चिततताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु ,
३०. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु ,
३१. विद्यार्थीहरूको टिकाउदर तथा सिकाइ उपलब्धि वृद्धि गर्नु,कक्षा दोहोर्‍याउने दर र छाड्ने दर कम गर्नु ,
३२. आधारभूत तह कक्षा (१-३) मा पठन सीपको विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ,
३३. कक्षाकोठा व्यवस्थापन, शिक्षक नियमितता, सिकाइ स्थानान्तरणलाई व्यवस्थित गर्नु ,
३३ विषम परिस्थिति (कोरोना, बाढी, हावाहुरी, आगलागि) मा शैक्षिक क्षति न्यूनीकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु ,
३४. शिक्षामा समावेशीता, समता, गुणस्तर तथा पहुँच अभिवृद्धि गरी सबैलाई जीवनपर्यन्त शैक्षिक अवसरसहितको वातावरण सिर्जना गर्नु ।

### ग) अवसरहरु (Opportunities)

उल्लिखित चुनौतीहरूको समाधान गर्नका लागि ठाकुरबाबा नगरपालिकालाई निम्नलिखित अवसरहरू उपलब्ध हुनेछन :

१. सबै समुदायको पहुँचमा आधा घण्टाको दूरी भित्र आधारभूत विद्यालयहरु हुनु,
२. सबै समुदायको पहुँचमा बाल विकास केन्द्रहरु विद्यालय तथा समुदायमा स्थापित हुनु,
३. हरेक वडामा सामुदायिक माध्यमिक विद्यालयहरु हुनु र आवश्यकता अनुसार संस्थागत विद्यालयहरु स्थापित हुँदै जानु ,
४. उच्च शिक्षाका लागि २ वटा क्याम्पसहरु सञ्चालनमा रहनु,
५. शिक्षा क्षेत्रको चासोसहितको सामुदायिक विकास हुनका लागि पूर्वाधारका रुपमा सामुदायिक वन र सहकारीहरु स्थापित भइ सेवारत रहनु,
६. सबै विद्यालयसम्म पुग्न सडक पूर्वाधारहरु निर्माण हुनु,
७. शिक्षा तथा सामाजिक विकासका लागि राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र आर्थिक आधारका रुपमा रहनु,
८. स्थानीय पाठ्यक्रम र स्रोत सामग्री सँगालो प्रकाशित हुनु,
९. स्थानीय शिक्षा ऐन, नियमावली, शिक्षक व्यवस्थापन कार्यविधि, दिवा खाजा व्यवस्थापन कार्यविधि, विपत् व्यवस्थापन प्रतिकार्य योजना, वास योजना निर्माण हुनु,
१०. नगरको २० वर्षे गुरुयोजना निर्माण हुनु,
११. शिक्षा क्षेत्रमा काम गर्ने INGO,NGO, CBO हरुसँग सहयोग, समन्वय र सहकार्य गर्न तयार रहनु ,
१२ विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरू पूर्वाधारका रूपमा रहेको,
१३. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको,
१४ शिक्षामा नागरिकको पहुँचमा वृद्धि तथा गुणस्तरमा समेत सुधारका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकमा अपेक्षित प्रगति हुँदै गएको,
१५. दिगो विकास लक्ष्य प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेश सहकार्य तथा सहयोगका निम्ति प्रतिबद्ध भएको,
१६. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको,
१७ संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाइ तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था

रहेको,

१८ संविधानले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी अधिकार प्रदान गरेको कारण आफ्नो नगरपालिकाको आवश्यकता अनुकूलको माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकारलाई उपयुक्त अवसर प्राप्त भएको,

१९. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने अवस्था भएको,

२० राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भइ कार्यान्वयन प्रारम्भ भएको र सोही अनुसार नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको,

२१. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने देखिएको ,

२२. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको ।

२३. सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुँदै गएको,

२४ यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा योगदान पुग्न सक्ने देखिएको ।

## १.७ योजना निर्माण प्रक्रिया

नेपालको शिक्षा विकासका लागि राष्ट्रिय स्तरमा बन्ने शिक्षा योजना, ऐन, कानुन र कार्यक्रम तथा समग्र शिक्षा विकासलाई सम्बोधन गर्ने गरी तयार भएको शिक्षा क्षेत्रको योजना (ESP) २०२१ देखि २०३० एवं शिक्षाका लक्ष्य, उद्देश्य, नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा पाठ्यक्रम कार्यान्वयन प्रक्रिया आदि र सोही बमोजिमको लुम्बिनी प्रदेश शिक्षा ऐन, कानुन, योजना, कार्यविधि र कार्यक्रमलाई माथिल्लो आधार मान्दै स्थानीयस्तरमा ठाकुरबाबा न.पा.को २० वर्षे गुरुयोजना २०७५, शिक्षा नीति, स्थानीय शिक्षा ऐन,कार्यविधिहरु, न.पा. को नीति तथा कार्यक्रम र स्थानीय शिक्षाका तथ्याङ्क र अवधारणाको विश्लेषणबाट शिक्षा योजना प्रक्रिया तपसिल अनुसार प्रारम्भ गरिएको छ ।

योजना तयारी तथा विकासका लागि आवश्यक पर्ने संरचनात्मक संयन्त्र देहाय बमोजिम रहेको छ :

**क) निर्देशक समिति :**

यो मूल समिति हो तर पनि छोटो छरितो बनाउने प्रयासमा यसका पदाधिकारीहरु निम्न बमोजिम रहनु भएको छ,

१. संयोजक - श्री घननारायण श्रेष्ठ, नगरप्रमुख
२. सहसंयोजक - श्री कृष्णा कुश्मा थारु, नगर उपप्रमुख
३. सदस्य - श्री रामहरि रिजाल, प्रमुख प्रशासकीय अधिकृत
४.सदस्य - श्री राधा चौधरी, (सामाजिक विकास समिति संयोजक)
५.सदस्य - श्री श्यामलाल थारु, वडा अध्यक्ष १ नं वडा
६. सदस्य - श्री गंगाराम जैसी, वडा अध्यक्ष ५ नं वडा

**ख) योजना तर्जुमा कार्यदल :**

नगर भित्रका शिक्षासँग सम्बन्धित हरेक पक्षसँग अन्तर्क्रिया गरी आवश्यक सुझाव सङ्कलन गर्नका लागि गठित यो कार्यदलमा मूलतः निम्न बमोजिमका सदस्यहरु हुनुहुन्थ्यो ।

१.संयोजक - श्री रामहरि रिजाल (प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य - श्री वामदेव ढकाल
३. सदस्य - श्री खड्क प्रसाद उपाध्याय

४. सदस्य - श्री कलम बहादुर शाही
५. सदस्य - श्री केशवराज तिमिल्सैना
६. सदस्य - श्री विष्णु प्रसाद न्यौपाने
७.सदस्य सचिव - श्री सीताकुमारी भण्डारी

**ग) मस्यौदा तयारी प्राविधिक समूह :**

प्राप्त सूचना, सुझाव तथा आवश्यक तथ्याङ्कका आधारमा १० वर्षे शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी गर्नका लागि तपसिल बमोजिमका व्यक्तिहरु रहने गरी ६ सदस्यीय मस्यौदा तयारी समूह शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा गठन भएको थियो:

१. संयोजक : श्री राधा चौधरी
२. सदस्य : श्री नन्दाराम अधिकारी
३. सदस्य : श्री बालकृष्ण आचार्य
४. सदस्य : श्री नवराज ढुङ्गाना
५. सदस्य : श्री ऋषिप्रसाद गड्तोला
६. सदस्य सचिव : श्री सीताकुमारी भण्डारी

ठाकुरबाबा न.पा. ९ वटै वडाका विद्यालय समुदाय र सामाजिक क्षेत्र केन्द्रित हुँदै ९ वटै वडामा शिक्षा सरोकारवालासँग वर्तमान र भविष्यका लागि शिक्षाको बजेट र कार्यक्रमको समिक्षा, शिक्षाका सवाल सक्षमता, समन्वय अवसर र चुनौतीका विषयमा २०७७ माघदेखि चैत्रसम्म व्यापक छलफल, अन्तर्क्रिया र निचोड सङ्कलन योजनाको तयारी तथा विकासका लागि सञ्चालनात्मक अवस्था अन्तर्गत प्रारम्भिक बाल विकास क्षेत्र, आधारभूत तहको शिक्षा, माध्यमिक शिक्षा, संस्थागत विद्यालय शिक्षा, विषय क्षेत्र, उच्च शिक्षा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक पेशागत सहयोग तथा तालिम अनौपचारिक शिक्षा, आजीवन सिकाइ, जस्ता १० वटा क्षेत्रगत समूहका विषयगत शिक्षक, पूर्व शिक्षक, शैक्षिक प्रशासक, लगायत शिक्षा सरोकारवालासँग वडागत रुपमै समूह समूह बनाइ वडागत रुपमा ९ वटै वडाको छुट्टा छुट्टै छलफल गरेर योजनामा समावेश गर्नुपर्ने विषयको सूची तयार पारियो ।

शिक्षा क्षेत्रमा गरिएका राष्ट्रिय तथा स्थानीय अध्ययन प्रतिवेदन र दस्तावेजहरु जम्मा गरी मस्यौदा लेखन समूहबाट त्यसको अध्ययन तथा विश्लेषण गर्ने कार्य सम्पादन गरियो र अध्ययनमा केलाएका सान्दर्भिक विषयलाई स्थानीय परिवेश एवं स्थानीयस्तरमा सञ्चालित शिक्षा सेवामा रहेका कार्यक्रमसँग तुलना गर्दै विश्व शिक्षाको प्रवाह र ज्ञानको विष्फोटको दिशा अनुसार स्थानीय शिक्षा विकासको आवश्यकता एवं औचित्य पहिल्याएर सोही अनुसारको योजना निर्माण प्रक्रिया तय गरियो ।

ठाकुरबाबा नगर शिक्षाको १० वर्षे आवधिक योजनाको मस्यौदा तयारी अर्थात योजना लेखन समूहबाट लेखन कार्य सम्पन्न गरी अन्तिम मस्यौदा तयार पारेपछि शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शिक्षा समिति हुँदै कार्यपालिकामा मस्यौदामाथि छलफल भै निर्णय भएपछि निर्णय भएको मितिबाट लागु हुनेछ ।

# परिच्छेद २ : शिक्षा क्षेत्र योजना

विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८) को कार्यान्वयन भै सकेपछि भर्खरै मात्र शिक्षा क्षेत्र योजना (२०२१-२०३०) १० वर्षको खाका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तय गरेको छ । उक्त योजनाले बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ जस्ता मुख्य पक्षहरु संलग्न छन् । अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरुमा शैक्षिक समता र समावेशीकरण, दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम, छात्रवृत्ति, आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक पूर्वाधार विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि पर्दछन् ।

## २.१ सन्दर्भ र औचित्य

यो शिक्षा योजना ठाकुरबाबा नगरपालिकाको २० वर्षे दीर्घकालिन नगर विकास गुरुयोजना २०७५ लाई मुख्य आधार बनाइ शिक्षा विषय क्षेत्रगत लक्षित कार्य सम्पादन हुने गरी १० वर्ष भित्र गरिने शिक्षाका योजनागत कार्यहरुलाई १० वर्षे आवधिक योजनाका रुपमा यो शिक्षा योजना प्रस्तुत गरिएको छ ।

नेपालको संविधान २०७२ अनुसार देशको शासकीय स्वरुप तीन तहको ढाँचामा अगाडि बढेपछि संघ, प्रदेश र स्थानीय गरी तिनै तहको सरकारको दायित्व र अधिकार बाँडफाँड संविधानको अनुसूची ५ देखि ९ सम्ममा भएको छ भने स्थानीय तहले प्रारम्भिकदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षाको व्यवस्थापनको पूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने संवैधानिक दायित्वलाई व्यवस्थित रुपले पूरा गर्न दीर्घकालिन तथा अल्पकालिन शिक्षा योजनाको आवश्यकता तथा औचित्य यो शिक्षा योजनाले पुष्टि गर्नेछ । शिक्षा क्षेत्र यस्तो क्षेत्र हो कि जसको विकास विना समाजका अन्य क्षेत्रको विकासको कल्पना पनि गर्न सकिदैन । यसर्थ हाम्रो नगरपालिकाका लागि बनेको पहिलो योजना भएकाले यो योजना एक ऐतिहासिक दस्तावेजका रुपमा कोशे ढुङ्गा सावित हुनेछ ।

यी माथि उल्लिखित शैक्षिक अवस्थाका आधारमा पालिकाले शिक्षा योजना बनाउनु पर्ने भएकोले निम्नलिखित परिवेशहरुबाट शिक्षा योजनाको औचित्य पुष्टि गर्न सकिन्छ । स्थानीय सरकारको आभाष दिन, स्रोत व्यवस्थापन गर्न, सम्पूर्ण शैक्षिक संस्थालाई व्यवस्थित गर्न, सुशासन अन्तर्गत जवाफदेहिता, पारदर्शिता, दूरदर्शिता र सहभागिताका माध्यमबाट शैक्षिक क्षेत्रमा अपनत्व अभिवृद्धि गर्न, संस्थाको क्रमिक विकास गर्न, दस्तावेजहरुका माध्यमद्वारा शिक्षालाई पथ प्रदर्शन गर्न, कार्यक्रमहरुको प्राथमिकिकरण गर्न, क्षेत्रगत पक्षमा सरोकारवालाको भूमिका र सहभागिता सुनिश्चित गर्न, नगरले बनाएको २० वर्षे गुरुयोजनाको कार्यान्वयन गर्न, संघीय, प्रादेशिक, स्थानीय ऐन कानूनको कार्यान्वयन गर्नका लागि पनि शिक्षा योजना बनाउनु परेको हो । यसर्थ हाम्रो पालिकाले शिक्षा क्षेत्रको समग्र विकासका लागि १० वर्षे शिक्षा योजना बनाउनु परेको हो ।

हाम्रो पालिकाले ओगटेको १०४.५७ वर्गकिलो मिटर क्षेत्रफलमा ५५,८१४ जनसङ्ख्या (गुरु योजना २०६७) रहेको छ । उक्त जनसङ्ख्यामा १५,०१२ जनसङ्ख्या विद्यालय भित्र बालबालिकाका रुपमा छ । सामुदायिकमा दुई तिहाइ र संस्थागतमा एक तिहाइ विद्यार्थी रहेको तथ्याङ्क छ । सामुदायिक २६ र संस्थागत १४ गरी कुल ४० वटा विद्यालयहरुले आज सार्वजनिक शिक्षा प्रदान गरिरहेका छन् । उच्च शिक्षातर्फ २ वटा क्याम्पसहरु रहेका छन् । तथ्याङ्कीय हिसाबले यस ठाकुरबाबा नगरपालिकाको शैक्षिक क्षेत्रको विविध विवरण तपसिलका तथ्याङ्क र तिनको विश्लेषणले पुष्टि गर्दछ भने त्यसलाई नै सुधार गरी लक्षित लक्ष्य प्राप्त गर्न योजना निर्माण भएको छ ।

### क) शैक्षिक संस्थाहरूको विवरण

| क्र.स. | संस्थाहरु | प्रारम्भिक बाल विकास | आधारभूत कक्षा (१-५) | आधारभूत (१-८) | माध्यमिक (९-१२) | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|
| १ | जम्मा | ६३ | १५ | ८ | १७ | २ |
| २ | विद्यालयको प्रकार | | | | | |
| ३ | सामुदायिक | ६० | १२ | ५ | ९ | |
| ४ | निजी (कम्पनी/ गुठी (निजी) | | ३ | ३ | ८ | |
| ५ | सम्बन्धन प्राप्त क्याम्पस | | | | | २ |
| ६ | सामुदायिक सिकाइ केन्द्र | ३ | | | | |

स्रोतः शिक्षा,युवा तथा खेलकुद शाखा

कुल ४० वटा विद्यालयहरु मध्ये सामुदायिक विद्यालय २६ वटा र संस्था गत विद्यालय १४ वटा रहेको साथै २ वटा उच्च शिक्षा प्रदायक क्याम्पस र ३ वटा सिकाइ केन्द्र रहेकोमा विद्यार्थी सङ्ख्या र सेवा क्षेत्रका हिसावले सामुदायिक र संस्थागत विद्यालयहरु थप गर्न नपर्ने, बरु समायोजन गरी वा गाभेर व्यवस्थित गर्नुपर्ने अवस्था देखिन्छ। त्यसैगरी विद्यार्थी सङ्ख्याका आधारमा बाल विकास केन्द्रको सङ्ख्या थप्नुपर्ने र सिकाइ केन्द्रहरु थप्नुपर्ने, क्याम्पसहरु मध्ये एउटालाई प्राविधिक धारको क्याम्पस बनाउँदा उचित हुने अवस्था समेत देखिन्छ।

### ख) विद्यार्थी विवरण

| क्र.स. | विवरण | प्रारम्भिक बाल विकास | आधारभूत कक्षा (१-३) | आधार भूत कक्षा (१-५) | आधार भूत क कक्षा (६-८) | माध्यमिक कक्षा (९-१०) साधारण | माध्यमिक कक्षा (११-१२) | उच्च शिक्षा | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लैंगिकताको आधारमा | २७५२ | ३४०६ | ५५८९ | ३२६६ | २१७० | १२३५ | ११८५ | २१ |
| | छात्रा | १२४३ | १५६५ | २५९५ | १६११ | ११२६ | ७२५ | ६११ | १५ |
| | छात्र | १५०९ | १८४१ | २९९४ | १६५५ | १०४४ | ५१० | ४९४ | ६ |
| २ | जनजातिका आधारमा | | | | | | | | |
| | ब्राम्हण/क्षेत्री | ८८६ | १२०४ | १९८५ | १०८७ | ७५५ | ५०० | ५१६ | |
| | छात्रा | ४०६ | ५३२ | ९०१ | ५१९ | ३८७ | २७९ | २९३ | |
| | छात्र | ४८० | ६७२ | १०८४ | ५६८ | ३६८ | २२१ | २२३ | |
| | जनजाति | १५६४ | १७५६ | २८७४ | १८१७ | १२१३ | ६४३ | ६०४ | |
| | छात्रा | ७०२ | ८३२ | १३४३ | ९१७ | ६२३ | ३९६ | ३६४ | |
| | छात्र | ८६२ | ९२४ | १५३१ | ९०० | ५९० | २४७ | २४० | |
| | दलित | २७१ | ४०१ | ६५६ | ३२८ | १८३ | ८७ | ५५ | |
| | छात्रा | १२१ | १७८ | ३१३ | १६२ | १०१ | ४८ | २९ | |
| | छात्र | १५० | २२३ | ३४३ | १६६ | ८२ | ३९ | २६ | |
| | अन्य | ३१ | ४४ | ७४ | ४४ | १९ | ५ | १२ | |
| | छात्रा | १४ | २२ | ३८ | १३ | १५ | २ | ७ | |
| | छात्र | १७ | २२ | ३६ | ३१ | ४ | ३ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अपाङ्ग परिचय पत्र भएका | २ | ९ | १५ | ९ | ३ | २ | ४ | |
| | छात्रा | १ | ६ | ११ | ५ | २ | २ | २ | |
| | छात्र | १ | ३ | ४ | ४ | १ | ० | २ | |

स्रोत: IEMIS/क्याम्पस रिपोर्ट २०७८

कुल विद्यार्थी सङ्ख्याहरुमध्ये छात्राको सङ्ख्या सामुदायिकमा बढी र संस्थागतमा कम देखिन्छ भने तहगतरुपले हेर्दा तल्लोकक्षाहरुमा पढ्ने विद्यार्थीको सङ्ख्या तुलनात्मक हिसाबले संस्थागत विद्यालयमा बढी र माथिल्लो कक्षामा पढ्नेहरुको सङ्ख्या तुलनात्मक हिसावले सामुदायिकमा बढी देखिन्छ। त्यसैगरी उच्च शिक्षातर्फ स्थानीय क्याम्पसमा अध्ययनरत अधिकाँस छात्राहरु रहेको पाइन्छ। त्यसै गरी कुल विद्यार्थीहरु मध्ये जनजातिका विद्यार्थीहरुको बाहुल्यता रहेको र सङ्ख्यात्मक हिसाबले दलितहरुको तथा फरक शारीरिक क्षमता भएकाहरुको सङ्ख्यात्मक पहुँच कम रहेको पाइन्छ। अपाङ्गता भएका विद्यार्थीहरु मध्ये धेरैसँग परिचयपत्र नभएकाले अपाङ्गको पहिचानसहितको सुविधा र अधिकारबाट बञ्चित रहने अवस्था देखिएको छ।

### ग) सामुदायिक विद्यालय, क्याम्पसहरूमा विद्यार्थी भर्ना

| क्र. स. | विवरण | प्रारम्भिक बाल विकास | आधारभूत कक्षा (१-३) | आधारभूत कक्षा (१-५) | आधारभूत कक्षा (६-८) | माध्यमिक कक्षा (९-१०) साधारण | माध्यमिक कक्षा (११-१२) | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|---|---|
| १ | लैंगिकताको आधारमा | १६०३ | २०२८ | ३४७७ | २५१९ | १८३६ | १२३५ | ११८५ |
| | छात्रा | ७३७ | ९८२ | १७१६ | १३२८ | ९७८ | ७२५ | ६११ |
| | छात्र | ८६६ | १०४६ | १७६१ | ११९१ | ८५८ | ५१० | ४९४ |
| २ | जनजातिका आधारमा | | | | | | | |
| | ब्राम्हण/क्षेत्री | ४६१ | ६१३ | १०६६ | ७६२ | ६१३ | ५०० | ५१६ |
| | छात्रा | २१३ | २९४ | ५३० | ४०४ | ३२८ | २७९ | २९३ |
| | छात्र | २४८ | ३१९ | ५३६ | ३५८ | २८५ | २२१ | २२३ |
| | जनजाति | ९५८ | ११२० | १९०७ | १४७३ | १०३९ | ६४३ | ६०४ |
| | छात्रा | ४४२ | ५५२ | ९३२ | ७७८ | ५४० | ३९६ | ३६४ |
| | छात्र | ५१६ | ५६८ | ९७५ | ६९५ | ४९९ | २४७ | २४० |
| | दलित | १७० | २७१ | ४६६ | २६५ | १६७ | ८७ | ५५ |
| | छात्रा | ७७ | १२६ | २३६ | १३९ | ९६ | ४८ | २९ |
| | छात्र | ९३ | १४५ | २३० | १२६ | ७१ | ३९ | २६ |
| | अन्य | १३ | २४ | ३८ | १९ | १७ | ५ | १२ |
| | छात्रा | ५ | १० | १८ | ७ | १४ | २ | ७ |
| | छात्र | ८ | १४ | २० | १२ | ३ | ३ | ५ |

स्रोत: IEMIS/क्याम्पस रिपोर्ट २०७८

समुदायमा भएका विद्यालय उमेरका विद्यार्थीहरुमध्ये ९८ प्रतिशत भन्दा माथिको भर्नादर देखिए तापनि भर्ना भएर बिचमै पढाइ छाड्ने, तह पूरा नगर्ने, अनुतीर्ण हुने, घरमा आर्थिक सामाजिक र सांस्कृतिक समस्याका कारण पढाइमा निरन्तरता दिन नसक्ने जस्ता कारणहरुले गर्दा विद्यार्थीहरुको विद्यार्थी भर्नालाई टिकाउन नसकेको अवस्था देखिन्छ। क्याम्पसस्तरमा उच्च शिक्षा अध्ययनका लागि राम्रो अवसर खोज्नेहरु ठूला शहरबजार तिर जाने, विद्यालयस्तरका पढाइ पूरा गरेपछी जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसायमा लाग्ने र उच्च शिक्षाको अवसर प्राप्त भए पनि आर्थिक समस्याका कारण भर्ना नहुने अवस्थाले गर्दा उच्च शिक्षमा विद्यार्थी भर्ना दर न्यून देखिन्छ। यसलाई न्यूनीकरण गर्न वडास्तरबाट उच्च शिक्षाका लागि छात्रवृत्तिसहितको

अवसर सिर्जना गर्नुपर्ने अवस्था देखिन्छ ।

### घ) निजी विद्यालयहरूमा विद्यार्थी भर्ना

| क्र. स. | | प्रारम्भिक बाल विकास | आधारभूत कक्षा(१-३) | आधारभूत कक्षा(१-५) | आधारभूत कक्षा (६-८) | माध्यमिक कक्षा (९-१०)साधारण | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लैंगिकताको आधारमा | ११४९ | १३७८ | २११२ | ७४७ | ३३४ | ४३४२ |
| | छात्रा | ५०६ | ५८३ | ८७९ | २८३ | १४८ | १८१६ |
| | छात्र | ६४३ | ७९५ | १२३३ | ४६४ | १८६ | २५२६ |
| २ | जनजातिका आधारमा | | | | | | |
| | ब्राम्हण/क्षेत्री | ४२५ | ५९१ | ९१९ | ३२५ | १४१ | १८१० |
| | छात्रा | १९३ | २३८ | ३७१ | ११५ | ५८ | ७३७ |
| | छात्र | २३२ | ३५३ | ३२ | २१० | ८३ | १०७३ |
| | जनजाति | ६०६ | ६३६ | ९६७ | ३४४ | १७४ | २०९१ |
| | छात्रा | २६० | २८० | ४११ | १३९ | ८३ | ८९३ |
| | छात्र | ३४६ | ३५६ | ५५६ | २०५ | ९१ | ११९८ |
| | दलित | १०१ | १३० | १९० | ६३ | १६ | ३७० |
| | छात्रा | ४४ | ५२ | ७७ | २३ | ५ | १४९ |
| | छात्र | ५७ | ७८ | ११३ | ४० | ११ | २२१ |
| | अन्य | १८ | २१ | ३६ | १५ | ३ | ७२ |
| | छात्रा | ९ | १२ | २० | ६ | २ | ३७ |
| | छात्र | ९ | ९ | १६ | ९ | १ | ३५ |

स्रोतः IEMIS रिपोर्ट २०७८

अङ्ग्रेजी माध्यममा पढेर अन्तर्राष्ट्रिय भाषा सिक्ने मोहका कारण र सामुदायिक विद्यालयको भन्दा फरक र उच्च गुणस्तर खोज्ने क्रममा आर्थिकरुपमा सम्पन्न मध्यम वर्ग र उच्च वर्गका अभिभावकहरुले आफ्ना बालबच्चालाई सामुदायिक विद्यालयको विकल्पमा राम्रोको खोजी गर्दै संस्थागत विद्यालय (बोर्डिङ्ग स्कूल)मा पढाउने गरेको अवस्था देखिन्छ । विगतमा स्थानीय स्तरमा सामुदायिक विद्यालय नहुँदा ठूला शहरका महङ्गा विद्यालय र छिमेकी मुलुक भारतको विभिन्न स्थानमा राखेर वोर्डिङ स्कूलको शिक्षा दिलाइरहेका अभिभावकहरुलाई स्थानीयस्तरमा खुलेका सामुदायिक विद्यालयहरुले स्थानीयस्तरमा नै सो अवसर प्रदान गरेपछि राहत महसुस भएको पाइन्छ । तर आर्थिक लगानीका आधारमा स्थानीय संस्थागत विद्यालयहरुले पुऱ्याउनु पर्ने गुणस्तरीय सेवामा अझ केही कमी रहेको अवस्था सामुदायिक विद्यालयका विद्यार्थी भर्ना, टिकाउदर र तह पुरा गर्ने दर एवं कक्षा नर्सरीदेखि १० कक्षासम्मको विद्यार्थी सङ्ख्याको औषत गणनाले देखाउँछ ।

### ङ) जनशक्ति विवरणः

| क्र. स. | विवरण | सामुदायिक | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | बाल विकास शिक्षक | ६० | ० | ६० |
| २ | प्राथमिक शिक्षक | | | |
| | स्थायी | २५ | ५२ | ७७ |
| | अस्थायी | ० | २ | २ |
| | राहत | ४१ | १६ | ५७ |

| | | | | |
|---|---|---|---|---|
| | नगर शिक्षक | ० | १ | १ |
| | निजी | १६ | ४ | २० |
| | जम्मा | ८२ | ७५ | १५७ |
| ३ | निम्न माध्यमिक शिक्षक | | | |
| | स्थायी | ० | १६ | १६ |
| | अस्थायी | १ | ० | १ |
| | राहत | ५ | १० | १५ |
| | नगर शिक्षक | ५ | ८ | १३ |
| | निजी | ६ | ९ | १५ |
| | जम्मा | १७ | ४३ | ६० |
| ३ | माध्यमिक शिक्षक | | | |
| | स्थायी | ३ | ११ | १४ |
| | अस्थायी | ० | १ | १ |
| | राहत/अनुदान | २ | ९ | ११ |
| | नगर शिक्षक | ३ | ९ | १२ |
| | निजी | ० | ६ | ६ |
| | जम्मा | ८ | ३६ | ४४ |
| ४ | माध्यमिक शिक्षक(११-१२) (प्राविधिक धार) | | | |
| | स्थायी | | | |
| | अस्थायी | ० | ४ | ४ |
| | राहत/अनुदान | १ | ९ | १० |
| | नगर शिक्षक | ० | २ | २ |
| | जम्मा | १ | १५ | १६ |
| ५ | कर्मचारी/विद्यालय सहयोगी | | | |
| | | १७ | २० | ३७ |

स्रोत: क्ष्भ:क्ष्क/शिक्षा पार्श्वचित्र २०७८

कुल सामुदायिक विद्यालय २६ वटामा कार्यरत जनशक्ति ३८२ जना मध्ये शिक्षण कार्यमा संलग्न ३४५ जना र प्रशासनिक एवं सहयोगीका रुपमा काम गर्ने ३७ जना रहेको, यस मध्ये दरवन्दीमा कार्यरत स्थायी/अस्थायी शिक्षक १६० जना, राहत अनुदान कोटामा कार्यरत ९३ जना, नगर अनुदानका शिक्षक २८ जना विद्यालयको आन्तरिक तथा निजी स्रोतमा कार्यरत ४१ जना बाल विकास सहयोगी कार्यकर्ता अनुदानमा कार्यरत ६० जना रहेको तथ्याङ्क विश्लेषणमा देखिन्छ। प्राथमिक तहमा विद्यार्थी अनुपातमा शिक्षकको सङ्ख्या पर्याप्त देखिए पनि नि.मा.वि. तह, माध्यमिक तह र बाल विकास केन्द्रका लागि शिक्षकको दरबन्दी अर्थात अनुदान कोटा थप गर्नुपर्ने अवस्था रहेको छ।

### च) सिकाइ उपलब्धि

| विषयहरु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्ष ७ | कक्ष ८ | कक्ष ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ७१.६५ | ७२.२३ | ६९.२९ | ६६.३८ | ६९.४२ | ६१.४१ | ६०.३७ | ७१.३३ | ६०.३४ | २.८६ | २.२० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्ग्रेजी | ७१.७६ | ७२.२२ | ६८.१५ | ६३.८९ | ६८.६० | ५८.८४ | ५६.०२ | ७२.१७ | ५७.५८ | २.९४ | २.५१ | २.०१ |
| गणित | ७३.४२ | ७३.६८ | ६८.४ | ६५.०२ | ६९.०८ | ६३.१३ | ६२.८२ | ६६.०४ | ६१.७२ | २.७३ | | |
| विज्ञान | ७१.५१ | ७१.१८ | ६८.२३ | ६३.७१ | ६८.५५ | ६०.५९ | ५७.५३ | ७२.२१ | ६१.३३ | ३.०६ | | |
| सामाजिक | ७२.०५ | ६९.६३ | ६६.९१ | ६५.५६ | ६९.३४ | ६०.६६ | ६०.२९ | ७१.९२ | ५८.७७ | २.८१ | २.४५ | |

स्रोत: IEMIS रिपोर्ट २०७७

समग्रमा विद्यार्थीहरुको सिकाइ उपलब्धि अर्थात सक्षमता स्तर आँकलन गर्दा प्राथमिक तहको उपलब्धि उच्च र स्तरीय देखिन्छ । यसको आधार कारणहरु खोज्दा निरन्तर मूल्याङ्कनमा शिक्षकले प्रदान गर्ने अव्यवस्थित अंक प्रमुख हो । त्यसैगरी क्रमश: निम्न माध्यमिक तह, माध्यमिक तह र माध्यमिक तहको पनि ११ र १२ कक्षाको सिकाइ उपलब्धि सन्तोषजनक अवस्थामा पुग्न बाँकी रहेको छ । सामान्यतया: ६० प्रतिशत भन्दा माथिल्लो सिकाइ उपलब्धिलाई सन्तोषजनक मान्ने गरिए ता पनि ६० प्रतिशत उपलब्धि समेत नरहेको पाइन्छ । विषयगत रुपले हेर्दा सबैभन्दा कम उपलब्धि गणित, सामाजिक, विज्ञान, अङ्ग्रेजी, नेपाली मुख्य विषयहरुको सिकाइ उपलब्धिको अवस्था कमजोर नै रहेको छ । शिक्षामा विद्यार्थीले घरमा पढाइका लागि दिने समय शिक्षकको पूर्व तयारीसहितको कक्षा, आधुनिक सूचना र प्रविधिमा पहुँच वृद्धि गरी खोज तथा सृजनात्मकता प्रस्फुटन हुने गरी अध्यापन गर्ने विधि र प्रक्रियाको प्रयोग आदि बढाउन सकेमा सिकाइ उपलब्धि वृद्धि हुने देखिन्छ ।

### छ) सामुदायिक विद्यालयको सिकाइ उपलब्धि

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै अनिवार्य विषयहरु | | | | | | | | | | | | |
| नेपाली | ६४.३९ | ६६.४ | ६३.८ | ५६.६६ | ५९.४९ | ५६ | ५४.३४ | ६६.०५ | ५६.०१ | २.८३ | २.२० | |
| छात्रा | ६६.८९ | ६७.४८ | ६५.६३ | ५८.१४ | ६०.३३ | ५७.०४ | ५५ | ६५.३४ | ५६.४८ | २.७६ | २.१३ | |
| छात्र | ६१.८८ | ६५.३२ | ६१.९७ | ५५.१८ | ५८.६६ | ५४.९६ | ५३.६७ | ६५.७४ | ५५.५४ | २.८९ | २.२६ | |
| अङ्ग्रेजी | ६३.६६ | ६६ | ६३ | ५४.२९ | ५६.७७ | ५४.०४ | ५०.४१ | ६६.१४ | ५२.३६ | २.६३ | २.५१ | २.०१ |
| छात्रा | ६५.६३ | ६६.१ | ६३.३४ | ५५.१५ | ५७.२३ | ५४.६५ | ५०.३४ | ६६.३६ | ५२.२४ | २.५४ | २.६३ | १.९५ |
| छात्र | ६१.६८ | ६५.९१ | ६२.२६ | ५३.४३ | ५६.२३ | ५०.४७ | ५०.४७ | ६६.९५ | ५२.४८ | २७२ | २.३८ | २.०७ |
| गणित | ६५.३४ | ६७.३३ | ६०.९८ | ५४.६ | ५७.१३ | ५४.५२ | ५०.७५ | ५८.७७ | ५५.१८ | २.४७ | | |
| छात्रा | ६७.११ | ६७.४९ | ६१.९५ | ५५ | ५७.२१ | ५४.५६ | ५०.७७ | ५८.६८ | ५५.१७ | २.३३ | | |
| छात्र | ६३.५८ | ६७.१७ | ६०.०१ | ५४.२ | ५७.०४ | ५४.४७ | ५०.७३ | ५८.८८ | ५५.१९ | २.६० | | |
| विज्ञान | ६५.३८ | ६४.६९ | ६२.९९ | ५३.५९ | ५८.३३ | ५५.८६ | ५२.६६ | ६७.८० | ५४.४७ | ३.०४ | | |
| छात्रा | ६७.२९ | ६४.७३ | ६३.९९ | ५४.७२ | ५९.०१ | ५६.८९ | ५२.८४ | ६७.९१ | ५४.६५ | २.९८ | | |
| छात्र | ६३.४६ | ६४.६४ | ६१.९९ | ५२.४६ | ५७.६५ | ५४.८३ | ५२.२८ | ६७.६९ | ५४.२८ | ३.९० | | |
| सामाजिक | ६४.७२ | ६४.२ | ६१.६१ | ५६.४ | ६०.११ | ५४.४४ | ५२.६९ | ६६.९१ | ५६.२ | २.७७ | २.४५ | |
| छात्रा | ६७.११ | ६४.२७ | ६२.८३ | ५८.२४ | ६०.५ | ५५.४८ | ५२.७६ | ६६.७८ | ५६.५२ | २.६९ | २.५१ | |
| छात्र | ६३.५८ | ६४.१४ | ६०.४ | ५४.५६ | ५९.७२ | ५३.४ | ५२.६१ | ६७.०२ | ५४.६५ | २.८४ | २.३९ | |

स्रोत: IEMIS रिपोर्ट २०७७

सामुदायिक विद्यालयको सिकाइ उपलब्धि संस्थागत विद्यालयको तुलनामा न्यून देखिन्छ । त्यसमा पनि छात्रहरुको तुलनामा छात्राहरुको सिकाइ उपलब्धि क्रमश: राम्रो हुँदै गइरहेको पाइन्छ । सामुदायिक विद्यालयमा नियुक्तिका हिसाबले सक्षम र सवल शिक्षकहरुको नियुक्ति भए तापनि विद्यालय व्यवस्थापन, प्रशासनले शिक्षकहरुको ज्ञान, सीप र क्षमतालाई अधिकतम

रुपमा विद्यार्थी उपयोगी बनाउन नसक्नु सामुदायिक विद्यालयको सिकाइ उपलब्धि कम हुनुको प्रमुख कारण हो भने विपन्नका सन्तति सामुदयिक विद्यालयमा पढ्ने र पर्याप्त समय र निरन्तरता गर्न नसक्ने कारण र परीक्षा एवं मूल्याङ्कनका साधनहरुको व्यवस्थापनमा देखिएको असमानताले पनि प्राप्त सिकाइ उपलब्धिको विश्वसनीयतामा प्रश्न चिन्ह उत्पन्न गर्ने गरेको पाइन्छ।

### ज) निजी विद्यालयको सिकाइ उपलब्धि

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै अनिवार्य विषयहरु | | | | | | | | | | |
| नेपाली | ७८.९ | ७८.०६ | ७४.७७ | ७६.०१ | ७९.३४ | ६६.८१ | ६६.४ | ७९.५८ | ७०.९ | २.८८ |
| छात्रा | ७८.७ | ७७.७ | ७५.३ | ७७.१ | ८०.६ | ६८.८ | ६६.८ | ८०.३८ | ७२.५२ | २.८५ |
| छात्र | ७९.२ | ७८.४ | ७४.२ | ७५.१ | ७८.१ | ६४.८ | ६६ | ७८.७६ | ६९.२८ | २.९१ |
| अङ्ग्रेजी | ७९.८६ | ७६.४३ | ७३.३१ | ७३.५ | ८०.४२ | ६३.६४ | ६१.६३ | ८१.५२ | ६७.७ | ३.२१ |
| छात्रा | ८० | ७६ | ७३.१ | ७४ | ८२ | ६५.२ | ६१.५ | ८१.९८ | ६९.१५ | ३.१६ |
| छात्र | ७९.८ | ७६.९ | ७३.६ | ७३ | ७८.८ | ६२.१ | ६१.८ | ८१.०७ | ६६.२५ | ३.२५ |
| गणित | ८१.५ | ८०.०२ | ७५.८१ | ७५.४४ | ८१.०३ | ७१.७३ | ७४.८९ | ७७.३८ | ७९.१६ | २.९४ |
| छात्रा | ८१.८ | ८०.३ | ७५.७ | ७४.९ | ८२.६ | ७४.२ | ७५ | ७७.५ | ८१.३३ | २.८६ |
| छात्र | ८१.२ | ७९.७ | ७६ | ७६ | ७९.५ | ६९.३ | ७४.८ | ७२.२८ | ७६.१६ | ३.०१ |
| विज्ञान | ७७.६४ | ७७.६७ | ७३.४७ | ७३.८३ | ७८.७६ | ६५.३२ | ६२.३९ | ७८.३४ | ७५.१६ | ३.०८ |
| छात्रा | ७७.६ | ७७ | ७३.२ | ७४.६ | ७९.८ | ६७.२ | ६३ | ७९.३७ | ७७.४२ | २.९६ |
| छात्र | ७७.७ | ७८.३ | ७३.७ | ७३.१ | ७७.७ | ६३.४ | ६१.८ | ७७.३३ | ७३.७९ | ३.१९ |
| सामाजिक | ७९.३८ | ७५.०६ | ७२.२ | ७४.७३ | ७८.५७ | ६६.८८ | ६७.८८ | ८०.१२ | ६७.७७ | २.८६ |
| छात्रा | ७९.९ | ७५.४ | ७१.७ | ७५ | ८० | ६८.१ | ६८.३ | ८०.२७ | ६८.८४ | २.७६ |
| छात्र | ७९.६ | ७४.८ | ७२.७ | ७४.५ | ७२.२ | ६५.७ | ६७.५ | ७९.९८ | ६६.७७ | २.९५ |

स्रोतः IEMIS रिपोर्ट २०७७

सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको सिकाइ उपलब्धिको गुणस्तर राम्रो देखिन्छ। विषयगत रुपमा नेपालीमा भन्दा अङ्ग्रेजी माध्ययमका विषयहरुमा उपलब्धि राम्रो देखिएको छ। परीक्षा एवं मूल्याङ्कनका साधन र तिनको वयवस्थापनले पनि सिकाइ उपलब्धिमा प्रश्न चिन्ह खडा गरेको पाइन्छ। अभिभावकको आर्थिक लगानीमा स-शुल्क लिइने शिक्षा भएकाले अभिभावकको बढी चासो र निगरानी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा रहनु, सचेत र सम्भ्रान्त परिवारका अधिकांश र बालबालिका संस्थागत विद्यालयमा अङ्ग्रेजी माध्ययमका लागि पढ्नु सेवा र व्यवसायिक रुपमा सञ्चालक विद्यालय भएकाले विद्यालय सञ्चालकको नियमित निगरानी व्यवस्थापकीय खटनमा बढी मेहनत रहनु र हरेक विद्यार्थीलाई परिवर्तन गरी उपलब्धि दिन नसक्ने शिक्षकहरुको नोकरी नै नरहने अवस्था रहनु जस्ता विविध कारणहरुले विद्यालय सञ्चालना तथा व्यवस्थापन पनि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयलाई व्यवस्थित भएको पाइनाले सिकाइ उपलब्धिको अवस्था तुलनात्मकरुपमा सन्तोषजनक देखिन्छ।

### झ) भौतिक विवरण

| विवरण | सामुदायिक सङ्ख्या | संस्थागत सङ्ख्या |
|---|---|---|
| भवनको किसिम | | |
| पक्की भवन | ८५ | ८ |
| कच्ची भवन | ११ | २३ |

| | | |
|---|---|---|
| जम्मा कक्षाकोठा | | |
| पक्की कक्षाकोठा | २७५ | ३० |
| Multimedia सुविधासहित | ३ | ० |
| Interactive boardसहित | ११ | |
| छापामय वातावरण | | |
| पढाइ कुना/पुस्तकालय | २६ | २ |
| कम्तीमा ५० किताव सङ्ख्या भएको | २६ | १४ |
| प्रयोगशाला | | |
| पुस्तकालय | २६ | ३ |
| विज्ञान प्रयोगशाला | ९ | २ |
| कम्प्यूटर प्रयोगशाला | ९ | ८ |
| इन्टरनेट सुविधा भएको | २६ | ३ |
| शिक्षण सिकाइमा प्रयोग भएको | | |
| विद्यालय कर्मचारीको लागि मात्र | | |
| वातावरण | | |
| खेलकूद मैदान | २२ | १० |
| पर्खाल घेरावार | | |
| पक्की | ६ | ३ |
| कच्ची | २० | ११ |
| शौचालय | ६७ | ४० |
| छात्रा शौचालय | २७ | १४ |
| छात्र शौचालय | ४० | २६ |
| महिला शिक्षक शौचालय | ५ | ४ |
| पुरुष शिक्षक शौचालय | ९ | ४ |
| पानीसहितको सुविधायुक्त शौचालय | ९ | ४ |
| इनार तथा ट्युबवेल | २६ | १४ |
| प्राथमिक उपचार सहायता/सुविधा | १४ | ४ |
| बिजुली | २६ | १४ |
| विद्यालयको आय स्रोत | | |
| आफ्नै | २ | |
| नभएको | २४ | १४ |

स्रोत: IEMIS/ शिक्षा पार्श्वचित्र रिपोर्ट २०७८

भौतिकरुपले ठाकुरबाबा नगरपालिकाको सामुदायिक र संस्थागत दुवै तर्फको विद्यालयभित्रको अवस्था हेर्दा भौतिक पक्षहरु जस्तै कक्षा कोठा, भवन, बुक कर्नर/पुस्तकालय, ICT LAB, किशोरीमैत्री महिनावरी व्यवस्थापन कक्ष, प्राथमिक उपचार कक्ष, विज्ञान प्रयोगशाला, शौचालय, खानेपानी, फोहर व्यवस्थापन, तारबार, पर्खाल, गेट, खेल मैदान, खेलसामग्री, विद्यालय फूलवारी तथा विद्यालय, हरियाली कार्यव्यवस्था, फर्निचर, कक्षाकोठा व्यवस्थापन, सिकाइयोग्य रंगिन भित्ता, विद्युतीय पहुँच एवं पंखा बत्तिको व्यवस्था, इन्टरनेटको दिगो पहुँच, शैक्षिक सामग्री लगायत धेरै कुराहरु अझै अपर्याप्त तथा अव्यवस्थित

रहेको देखिन्छ भने विपत्का दृष्टिकोणले पनि विद्यालय भवन तथा संरचनाहरु सुरक्षित देखिदैनन् । त्यसैगरी लैङ्गिक एवं समावेशी तथा अपाङ्गमैत्री भौतिक संरचना र वातावरण तयार भएको छैन । अझ सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका साघुरा कक्षाकोठा तथा भौतिक वातावरण, वातानुकूल देखिदैनन् । विद्यार्थी आकर्षणको पहिलो आधार विद्यालयको भौतिक वातावरण हुने हुँदा सर्वप्रथम स्थानीय सरकारको ध्यान र लगानी मानवीय स्रोत व्यवस्थापनपछि भौतिक व्यवस्थापनमा केन्द्रित हुनु पर्ने कुरालाई योजनामा प्राथमिकता हुने गरी तथ्याङ्कले विद्यालयको अवस्था झल्काएको पाइन्छ ।

## २.२ दीर्घकालिन राष्ट्रिय सोंच

शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्तिः सामाजिक न्याय रुपान्तरण र समृद्धि ।

## २.३ स्थानीय तहको दीर्घकालिन सोंच तथा गन्तव्य

समृद्ध नेपालः सुखी नेपाली भन्ने नारालाई सार्थक बनाउन प्रत्येक नेपाली जीवनोपयोगी ज्ञान, सीपबाट सुसज्जित र शिक्षित हुनु पहिलो शर्त हो । शिक्षा र विकास एक अर्काका परिपूरक हुन् अर्थात शिक्षा विना विकास असम्भव प्रायः छ भन्ने आदर्शलाई आत्मसात गर्दै समग्र शिक्षा क्षेत्रको विकासका माध्यमबाट सिँगो समाजलाई रुपान्तरण गर्ने अभियानमा ठाकुरबाबा नगरपालिका रहेको छ । आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण गरी देश विकास गर्न साक्षरता प्रतिशत उच्च हुनु पहिलो शर्त हो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षा विकासको मूल आधार हो । यसले मानिसलाई समुन्नत जीवन जिउनका लागि सीप र सिर्जना मात्र प्रदान गर्दैन, चिन्तनको दायरा समेत फराकिलो बनाएर उच्चताबाट संसारलाई नियाल्न समेत सिकाउँछ । विशिष्टरुपमा भन्नुपर्दा जीवन जिउने क्रममा सामना गर्नुपर्ने चुनौती र समस्याहरुलाई समाधान गर्नका लागि विभिन्न विकल्पहरुको बिचमा सर्वोत्तम विकल्पको छनौट गर्नका लागि मानिसलाई सक्षम बनाउँछ । अभावको भूमरीभित्र पनि संभावनाका उर्वर फाँटहरु सिर्जना गर्ने काम शिक्षाले गर्दछ । नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक, सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन् । संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न, शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक परेको हो । संघीय ढाँचा अनुरुप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको जरुरत परेको हो ।

### २.३.१ दूरदृष्टि र दीर्घकालीन सोंच (Vision)

मानव संसाधन विकास तथा अभिवृद्धि, नगरको अभियान ।
गुणस्तरीय जीवनोपयोगी शिक्षा ठाकुरबाबाको पहिचान ॥

## २.४ लक्ष्य (Goal)

नगरपालिकाको साक्षरता ९९.५% अर्थात पूर्ण साक्षर बनाउने, दश वर्ष भित्रमा सबै वडाहरुमा १/१ वटा माध्यमिक विद्यालय स्थापना गरी प्राविधिक र सैद्धान्तिक (प्राज्ञिक)शिक्षाको अनुपातमा ३०:७० पुर्याउने र योजनाको अन्तिमसम्म ठाकुरबाबा नगरपालिकालाई लुम्बिनी प्रदेशकै प्राविधिक शिक्षाको गन्तव्य स्थल बनाउन सबै विद्यालयहरुमा सूचना प्रविधिको

पहुँच र अत्याधुनिक शैक्षिक सामग्री उपलब्धताको सुनिश्चित पहुँच निर्धारण गरिने ।

## २.५ उद्देश्यहरू (Objectives)

१. विद्यालय उमेरका सबै बालबालिकालाई साधारण तथा प्राविधिक शिक्षाका लागि विद्यालयको पहुँचमा पुऱ्याउने,
२. आधारभूत तहमा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क गर्दै जाने,
३. गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारी व्यवस्थापन, सामग्री व्यवस्थापन, भौतिक पूर्वाधार सवलीकरण गर्ने,
४. क्षमता विकासका अवसरहरु सिर्जना गरी पेशागत मर्यादा र वृत्ति विकास गर्ने,
५. सुरक्षित बालमैत्री, लैङ्गिक मैत्री र हरित विद्यालय निर्माण गर्ने,
६. औपचारिक शिक्षाका अवसरबाट बञ्चित समूहलाई अनौपचारिक शिक्षा, विशेष र खुल्ला शिक्षाका अवसर प्रदान गर्ने,
७. बालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बाल विकास शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,
८. अभिभावक शिक्षाका माध्यमबाट विद्यार्थीहरुमा सिकाइ संस्कारको विकास गर्ने,
९. विद्यार्थीहरुको कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दरलाई न्यूनीकरण गर्दै सिकाइ उपलब्धि वृद्धि गर्ने,
१०. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) को माध्यमबाट विद्यार्थीमा पढाइ, लेखाइ सीपको विशिष्ट कार्यक्रमद्वारा शैक्षिक गुणस्तर विकास गर्ने ।

## २.६ रणनीतिहरू (Strategies)

| रणनीतिहरु **(strategies)** | कार्यनीतिहरु **(Action works)** |
|---|---|
| १.१ विद्यालय बाहिर रहेका र पहुँचमा नभएका बालबालिकालाई सिकाइको केन्द्र विन्दुका रुपमा विकास गर्ने । | १. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा सर्वेक्षण गरी विद्यार्थीको सङ्ख्या एकिन गरिने,<br>२. भर्ना अभियान सञ्चालन गर्ने र सबै सरोकारवालालाई सहभागी गराई घरदैलो कार्यक्रम सञ्चालन गरिने,<br>३. लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति, स्टेनशनरी र आवश्यक सामग्रीको व्यवस्थापन गरिने,<br>४. दिवा खाजाको व्यवस्थापन गरिने,<br>५. अपाङ्ग, अभिभावकविहिन तथा असहाय बालबालिकाका लागि छात्रावासको व्यवस्थापन गरिने,<br>६. मधेशी तथा मुस्लिम समुदायका छात्रालाई ल्याउनको लागि छुट्टै छात्रा विद्यालय सञ्चालन गरिने । |
| १.२ प्रविधिक तथा व्यावसायिक शिक्षाका माध्यमबाट दक्ष जनशक्ति तयार गर्न अवसर प्रदान गर्ने । | १. प्रत्येक वडामा प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय सञ्चालन गरिने,<br>२. प्राविधिक अध्ययन गर्ने विद्यार्थीका लागि प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने,<br>३. स्थानीय सरकारले प्राविधिक शिक्षा आर्जन गरेका विद्यार्थीलाई सीप र क्षमता अनुसारको बजारको सिर्जना गरिने । |
| २. आधारभूत तथा माध्यमिक शिक्षा निःशुल्क गर्नका लागि पर्याप्त मात्रमा स्रोतको व्यवस्थापन गरी सबै सरोकारवालालाई जवाफदेही बनाउने । | १. सबै विद्यालयमा पर्याप्त विषयगत शिक्षक कर्मचारीको व्यवस्थापन गरिनेछ,<br>२. विद्यालयमा प्रभावकारी रुपमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न बजेटको व्यवस्थापन गरिनेछ,<br>३. विद्यालयमा अपाङ्गमैत्री,बालमैत्री लैङ्गिकमैत्री भौतिक संरचना निर्माण गरिनेछ,<br>४. सबै प्रकारका बालबालिका अनुकूल हुने गरी विभिन्न प्रकारका शैक्षिक सामग्रीको व्यवस्थापन गरिने । |

| | |
|---|---|
| ३. गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि दक्ष शैक्षिक जनशक्ति तथा समय सुहाउँदो सामग्रीको व्यवस्थापन गर्ने, | १. विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरिने,<br>२. तहगत तथा कक्षागतरुपमा प्रविधिमैत्री सिकाइ सामग्री निर्माण र उपयोग गर्न क्षमता विकास गरिने,<br>३. सिकाइ सामग्री विकास र व्यवस्थापनका लागि शिक्षामा कार्यरत विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिने । |
| ४. शिक्षण पेशालाई समाजमा सम्मानित तथा मर्यादित बनाउन समयानुकूल क्षमता विकास, अवसर र प्रोत्साहन प्रदान गर्ने | १. शिक्षकलाई योग्यता बढाउन अध्ययन विदा, पेशागत तालिम, प्रविधिमैत्री तालिम र आर्थिक सहुलियत प्रदान,<br>२. सुत्केरी बिदामा बस्ने महिला शिक्षकको लागि सट्टा शिक्षकको प्रबन्ध गरिने,<br>३. पेशागत मर्यादालाई अभिवृद्धि गर्न शिक्षकको आचारसंहिता, ऐन नियममा तथा अन्य प्रावधान अनुसारका अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने । |
| ५.१ विद्यालयमा सबै प्रकारका बालबालिका अनुकूल हुने गरी भौतिक संरचना निर्माण गर्न संघीय सरकार,प्रदेश सरकार तथा अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने<br>५.२ विद्यालयमा विपत् व्यवस्थापनका लागि क्षमता विकास गर्ने | १. एक विद्यालय एक फुलवारी कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्थापन गरिने,<br>२. सबै विद्यालयमा भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने र रेट्रोफिटिङ्ग गरिने,<br>३. सबै विद्यालयमा भौतिक संरचनामा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री निर्माण गरिने,<br>४. कम्पाउण्ड नभएका विद्यालयहरुमा बायो फेन्सिङको अवधारणा अनुसार विद्यालयलाई काम गर्न लगाइने,<br>५. सबै विद्यालयमा विपत् जोखिम बहन क्षमता लेखाजोखा (VCA) गरिने,<br>६. विपद् व्यवस्थापनका सम्बन्धमा विद्यार्थीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने । |
| ६ अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने | १. अनौपचारिक क्षेत्रका सीपहरुको अभिलेखीकरण गरिने,<br>२. पठन संस्कृतिको विकासका लागि समुदायस्तरमा विद्युतीय पुस्तकालयका अवसर विस्तार गरिने,<br>३. निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिने,<br>४. अनौपचारिक शिक्षा प्राप्त गरेका व्यक्तिलाई आयआर्जन कार्यक्रमका लागि सहकारीसँग जोडिने<br>५. निरक्षरहरुको तथ्याङ्कका आधारमा साक्षरता कक्षा संचलान गरी पूर्ण साक्षर पालिका घोषणा गरिने । |
| ७. न्यूनतम् मापदण्डसहितका प्रारम्भिक बाल विकासको अवसर विस्तार गर्न स्थानीय सरकार र सरोकारवालाको सहभागितामा बालबालिकाको सर्वाङ्गिण विकासको सुनिश्चितता गर्ने । | १. सबै प्रकारका बाल विकास केन्द्रलाई विद्यालय मातहतमा ल्याउने,<br>२. प्रारम्भिक कक्षालाई नक्साङ्कन गरी व्यवस्थापन गरिने,<br>३. सबै प्रारम्भिक कक्षामा न्यूनतम् मापदण्ड बमोजिमका पूर्वाधारहरु तयार गरिने,<br>४. शिक्षकको क्षमता तथा योग्यता विकासका अवसरहरु उपलब्ध गराइने,<br>५. बालबालिका अनुकूलका शैक्षिक सामग्रीको विकास गरिने । |

| | |
|---|---|
| ८.१ सिकाइको अभिन्न सरोकारकारुपमा अभिभावकलाई लिई जिम्मेवारी बोध गराउने<br>८.२ सार्वजनिक विद्यालयप्रति अभिभावकको अपनत्व अभिवृद्धि गर्ने । | १. नगरपालिका तथा विद्यालयले अभिभावक शिक्षाका लागि कार्यक्रम सञ्चालन गरिने,<br>२. विद्यालयले सञ्चालन गर्ने विभिन्न कार्यक्रममा अभिभावकलाई पुरस्कृत गरिने,<br>३. सामुदायिक विद्यालयमा हाम्रो १ दिन भन्ने कार्यक्रम सञ्चालन गरी सबै सरोकारवालालाई विद्यालयप्रति चासो जगाउने,<br>४. घरमा पढाइ कुना निर्माण गर्न एक घरः एक पढाई कुना/कोठा अभियान सञ्चालन गरिने,<br>५. कक्षा अनुसार अभिभावक भेला र छलफल गरिने,<br>५. विद्यालयमा नियमित अभिभावकको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गरिने,<br>६. नियमितरुपमा सञ्चालन हुने गरी जनप्रतिनिधि, शिक्षा समिति, अभिभावक, शिक्षक र विद्यार्थीका बिचमा शैक्षिक उन्नयनका लागि अन्तर्क्रिया सञ्चालन गरिने,<br>७. शिक्षासँग सरोकार राख्ने गैरसरकारी संस्थाहरुलाई अभिभावक शिक्षा सञ्चालनमा परिचालित गरिने,<br>८. अभिभावक दिवस मनाउने कार्यक्रम सञ्चालन गरिने । |
| ९.१ कक्षा छाड्ने दर र दोहोऱ्याउने कम गर्ने उपायहरु अवलम्बन गर्दै सरोकारवालासँग छलफल गरी कार्यान्वयन गर्ने,<br>९.२ विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि सिकाइ सुधार योजना कार्यान्वयन गर्ने ।<br>९.३ अपाङ्गता भएका बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चत गर्ने । | १. कक्षा छाड्ने दर र दोहोऱ्याउने विद्यार्थीको सर्वेक्षण तथा अवस्था विश्लेषण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,<br>२. उपचारात्मक शिक्षण, कोचिङ्ग, आवश्यकता अनुसार सम्पर्क कक्षा सञ्चालन गरिने,<br>३. स्थानीय जनप्रतिनिधि, अभिभावक र विद्यालय परिवारलाई जिम्मेवार बनाइने,<br>४. अभिभावकलाई जिम्मेवार बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने,<br>५. विद्यार्थीको दैनिक ट्रयाकिङ्ग गरिने,<br>६. विद्यार्थीको दैनिक उपस्थितिको बारेमा शिक्षक स्टाफसँग छलफल गर्ने र अभिभावकलाई जानकारी गराइने,<br>७. कक्षा शिक्षणको व्यवस्थापन गरिने,<br>८. प्रत्येक दिन सबै विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलाप बारेमा विश्लेषण गर्ने र सो अनुसार क्रियाकलाप सञ्चालन गरिने,<br>९. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रुपमा सञ्चालन गरिने,<br>१०. स्थानीय पाठ्यक्रमको पूर्ण कार्यान्वयन गरिने,<br>११. दक्ष जनशक्ति व्यवस्थापन गर्ने र विद्यार्थीमैत्री पर्याप्त मात्रामा शैक्षिक सामग्री व्यवस्थापन गरिने,<br>१२. पढाइ उत्सव/शैक्षिक प्रदर्शनी मेला/अतिरिक्त क्रियाकलाप/ कक्षाकोठामा आधारित पठन सीप परीक्षण,स्तरमापन परीक्षा र Bench Marking लाई प्राथमिकता दिइ पठन सीपको विकास गरिने,<br>१३. विद्यालयको वातावरण विद्यार्थीका लागि बसूँ-बसूँ, पढूँ-पढूँ जस्तो मनोरम बनाउन विभिन्न किसिमका कार्यक्रम सञ्चालन गरिने,<br>१४. बढी उमेर भइसकेका विद्यालयबाहिर रहेका बालबालिकाहरुको सिकाइ निरन्तरताको लागि खुला विद्यालयको व्यवस्था गरिने,<br>१५. अपाङ्गता वर्गीकरण गरी सो बमोजिम विशेषीकृत सहयोग प्रदान गरिने, |

| | |
|---|---|
| १०. प्रारम्भिक कक्षा पढाइ EGRP लाई व्यवस्थित एवं प्रभावकारी बनाउँदै प्रारम्भिक कक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने र त्यसलाई क्रमशः माथिल्ला कक्षाहरुमा समेत जोडेर कार्यान्वयन गर्ने । | १. प्रारम्भिक कक्षा पढाइ अनुकूलको कक्षा व्यवस्थापन, शिक्षण सामग्री व्यवस्थापन, शिक्षकको सीप विकास, मूल्याङ्कन व्यवस्थापन र समय व्यवस्थापन गरिने,<br>२. प्रारम्भिक कक्षा पढाइ प्रभावकारी बनाउन नेपाल सरकारका सम्बद्ध निकाय तथा गैर सरकारी संघ संस्थासँग समन्वय गरी सहयोग आदन प्रदान गरिने,<br>३. प्रारम्भिक कक्षा पढाइलाई महत्व दिइ सिकाइ समूह निर्माण, शिक्षण संयन्त्र निर्माण, अभिभावक समूह निर्माण तथा अनुगमन परिपाटीलाई नियमित र व्यवस्थित बनाइने,<br>४. प्रा.वि. कक्षा पढाइसँग सम्बद्ध पक्षलाई नियमित तालिम तथा अन्तर्क्रियात्मक कार्यक्रमहरुमा सहभागी गराइने,<br>५. विद्यालयहरुलाई प्रा.वि. कक्षा पढाइ सम्बन्धी योजना बनाउन लगाइ योजना कार्यान्वयनका लागि विद्यालय, नगरपालिका र संघसंस्थाको आर्थिक लगानीको सुनिश्चितता गरिनेछ । |

## २.७ प्रमुख उपलब्धि सूचकहरू

| क.स. | सूचकहरु | आधार वर्ष २०७७ को अवस्था | | लक्ष्य २०८२ | | लक्ष्य २०८७ | |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ठाकुरबाबा | राष्ट्रिय | ठाकुरबाबा | राष्ट्रिय | ठाकुरबाबा |
| १. प्रारम्भिक बाल विकास तथा शिक्षा | | | | | | | |
| १.१ | कुल भर्नादार | ८६.४ | ११६ | १०५ | १०८ | १०० | १०० |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | ८० | ९० | ९० | १०० | १०० |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक | ९५.७ | ८३ | १०० | १०० | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक | ९१.२ | ९६.७५ | १०० | १०० | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको | ६८.७ | ७७.६ | ९० | ९० | १०० | १०० |
| २. आधारभूत शिक्षा | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२१.९ | ११९.६ | १०६ | ११० | १०० | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९६.८ | ९७.९ | ९८ | ९९ | ९९ | ९९ |
| २.३ | कक्षा (१-५) मा कुल भर्ना दर | ११९.३ | १२०.५ | ११२ | ११० | १०७ | १०० |
| २.४ | कक्षा (१-५) मा खुद भर्ना दर | ९७.१ | ९७.९ | १०० | १०० | १०० | १०० |
| २.५ | कक्षा (१-५) सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | ४.५७ | ५ | ५.० | ५ | ५.० |
| २.६ | कक्षा (१-५) सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | २५ | ३० | ३० | ३० | ३० |
| २.७ | कक्षा (१-८) मा कुल भर्ना दर | ११०.४ | ११४.०५ | ११५ | १०६ | ११० | १०० |
| २.८ | कक्षा (१-८) मा खुद भर्ना दर | ९३.८ | ९८.१ | ९९ | ९९ | १०० | १०० |
| २.९ | कक्षा (१-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९१ | १.०० | १.०० | १.०० | १.०० |
| २.१० | कक्षा ८ मा टिकाउ दर | ७९.३ | ८८ | ९८.९ | ९२.५ | ९८.९ | ९९ |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७२.२ | ७२ | ९८.७ | ८५ | ९९ | ९९ |
| २.१२ | कक्षा(६-८) सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | २.५ | ३ | ३ | | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१३ | कक्षा (६-८) सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | ५२ | | ४० | | ३० |
| २.१४ | (५-१२) वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको | ६.२ | ०.४ | १ | ०.२ | | ० |
| ३ | माध्यमिक शिक्षा | | | | | | |
| ३.१ | कुल भर्ना दर कक्षा (९-१०) | ९४.६ | ८२ | १०५.६ | ९० | १०५ | १०० |
| ३.२ | खुद भर्ना दर कक्षा (९-१०) | ६९.० | ६२.८ | ८१.४ | ७५ | ९६.४ | ९५ |
| ३.३ | कुल भर्ना दर कक्षा (९-१२) | ७१.४ | ६६.९ | ९१.६ | ७०.० | ९७ | ९० |
| ३.४ | खुद भर्ना दर कक्षा (९-१२) | ४७.६ | ४१.६ | ५८.१ | ५०.० | ७२.१ | ७० |
| ३.५ | कुल भर्ना दर कक्षा (११-१२) | ५५.५ | ५३.२ | ७७.३ | ६० | ८५.८ | ७५ |
| ३.६ | खुद भर्ना दर कक्षा (११-१२) | २५.८ | २० | ४०.१ | ३५.५ | ६२.२ | ६० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | ५६ | ९७.९ | ८० | ९९ | ९५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४.० | ३१ | ३५.४ | ३५ | ५२.३ | ५० |
| ३.९ | कक्षा (९-१०) सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | २.९ | | ५ | | ६ |
| ३.१० | कक्षा (९-१०) सम्मको शिक्षक विद्यार्थी अनुपात | ४०.० | ७०.६१ | ३५ | ४० | ३० | ३० |
| ३.११ | कक्षा (११-१२)सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | २.८ | | ५ | | ६ |
| ३.१२ | कक्षा (११-१२) सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३.० | ८८.२१ | | ४० | | ३० |
| ३.१३ | कक्षा (९-१२) मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.३ | १.० | १ | १ | १ |
| ४ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ७९ | ९७ | ९० | ९९ | ९६ |
| ४.२ | (१५-६०) वर्षको साक्षरता दर | ९२ | ९६.४ | ९९ | ९८ | १०० | ९९ |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | ५९.८ | ९५ | ८० | १०० | ९२ |
| ५ महिला शिक्षक | | | | | | | |
| ५.१ | आधारभूत तह | ४३.७ | ४३.६ | ५० | ४५ | ५० | ५० |
| ५.२ | माध्यमिक तह | २०.६ | १० | २४ | २० | ३० | ३० |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय | | | | | | | |
| ६.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र | | ६० | ६० | ७५ | ९० | ९० |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | २३ | ७० | ४५ | ९५ | ९० |
| ६.३ | माध्यमिक विद्यालय | | १७ | ६० | १७ | ९० | १७ |
| ७. कुल बजेटमा शिक्षा क्षेत्रको बजेटको | | ११.६४ | १२.५९ | १७ | २० | २० | २५ |

**नोटः देशभरिका सामुदायिक विद्यालयको सङ्ख्या २७,८१३ संस्थागत विद्यालयहरू ६,७३२ र धार्मिक प्रकृतिका विद्यालयहरू १,१२९ गरी जम्मा ३६,६७४ मध्ये ठाकुरबाबामा ४० वटा विद्यालयहरू रहेका छन् ।**

माथिको सूचक तालिकाहरुले राष्ट्रिय, प्रदेश र स्थानीय तहको वर्तमान अवस्थाका सूचकहरुका आधारमा पाँच वर्षपछि अर्थात वि.सं. २०८२ साल १० वर्षपछि वि.सं.२०८७ सालमा योजनाले लक्ष्य गरेको परिकल्पित कुन अवस्थामा पुग्न सकिन्छ भन्ने अनुमान प्रस्तुत गरेको छ। शिक्षामा सबैको सहज र सरल पहुँच स्थापित गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि खेल्नुपर्ने भूमिका बढाउनु पर्ने पक्षहरु घटाउनु पर्ने समस्या र चुनौतीहरुको समग्र एवं संक्षेपीकृत अनुपात माथिको तालिकाबाट प्रष्टयाए अनुकूल शिक्षाका विभिन्न क्षेत्र एवं उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र गन्तव्य परिच्छेद ३ देखि सुरु गरी त्यसका लागि आवश्यक साधन स्रोत एवं बजेटको अनुमानित व्यवस्थाको समेत यस योजनामा विश्लेषण गरिएको छ।

# परिच्छेद ३ : शिक्षाका उपक्षेत्रहरू

## ३.१ परिचय

परिच्छेद १ र २ का आधारमा पालिकाको समग्र विश्लेषणपश्चात यस परिच्छेदमा शिक्षाका विभिन्न उपक्षेत्रहरुको संक्षिप्त परिचय, वर्तमान सन्दर्भ चुनौती, लक्ष्य, उद्देश्य, रणनीति, उपलब्धि, सूचकहरुका बारेमा उल्लेख गरिएको छ । यस योजनाका सम्पूर्ण परिच्छेदहरु मध्ये यो सबै भन्दा महत्वपूर्ण परिच्छेद हो । यसमा शिक्षाका निम्न उपक्षेत्रहरु संलग्न गरिएको छ । प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा र माध्यमिक शिक्षासँग उच्च शिक्षाको सम्बन्ध, प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन (प्रधानाध्यापक समेत), अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ, गुणस्तरीय सार्वजनिक शिक्षा, समावेशी शिक्षा, शिक्षामा सूचना र सञ्चार प्रविधि, आपत्कालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा समावेश गरिएको छ ।

## ३.२ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.२.१ परिचय

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिलेदेखि नै रहेको भएता पनि वि.सं २०५६ सालमा शिक्षा विभागले समुदायमा आधारित बाल विकास कार्यक्रम सुरु गरेपछि नेपालमा सरकारी स्तरबाट बाल विकास र शिक्षाको सुरुआत भएको हो । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३ को पहिलो लक्ष्यमा राखिएपछि यसको विस्तारमा व्यापकता आएको छ । नेपालको संविधानको धारा ३९ (३)मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संसोधनले बाल विकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाहरुको चौतर्फी विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर ठाकुरबाबा नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बाल विकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरु समावेश गरिएको छ ।

ठाकुरबाबा नगरपालिकामा हाल ६० वटा बाल विकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । संस्थागत विद्यालयमा २१ वटा पूर्व प्राथमिक कक्षा सञ्चालन भइरहेका छन् । आगामी ५ वर्षमा पालिका भित्रका ३ र ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्नका लागि बाल विकास केन्द्रको यो सङ्ख्या अपर्याप्त रहेकोले नयाँ बाल विकास केन्द्रहरु स्थापना गर्नु पर्ने देखिएको छ । अर्कोतिर हाल सञ्चालनमा रहेका बाल विकास केन्द्रहरु प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लिखित मापदण्ड अनुसार नभएको हुनाले तिनीहरुमा प्रशस्त सुधारका कार्यहरु पनि गर्नु पर्ने भएको छ । उक्त मापदण्डमा बाल विकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दूरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले अब स्थापना गरिने बाल विकास केन्द्रहरु सकेसम्म समुदायका सबै बालबालिकालाई पायक पर्ने स्थानमा स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसै गरी हाल सञ्चालनमा रहेका बाल विकास केन्द्रहरु पनि सकेसम्म समुदायका धेरै बालबालिकाहरुको पायकमा पर्ने गरी समायोजन गरेर पहुँचको विस्तार गर्नुपरेको छ । अर्कोतिर बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग पुग्ने क्रियाकलापहरु सञ्चालन गर्नको लागि बाल विकास केन्द्रमा चाहिने धेरै सामग्रीहरुको पनि व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । बाल विकास केन्द्रलाई सिकाइको थलो बनाउन र बालबालिकाहरुको सिकाइ अनुभवलाई रमाइलो र अर्थपूर्ण बनाउनका लागि त्यहाँ कार्यरत सहयोगी कार्यकर्ताहरुलाई पनि समय सापेक्ष तालिमको आवश्यकता

पर्दछ । त्यसैले भौतिक श्रोत साधनको व्यवस्था लगायत कार्यरत जनशक्तिको ज्ञान र सीपलाई पनि अद्यावधिक गराइ राख्ने कार्यक्रमहरु यस योजनामा समावेश गरिएका छन् ।

### ३.२.२ वर्तमान अवस्था

(क)

| क्र.स. | विवरण | सामुदायिक(सरकारी) | संस्थागत( निजी) |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | ६० | ४२ |
| २ | सहयोगी कार्यकर्ता (शिक्षक) | ६० | ४२ |
| ३ | विद्यार्थी सङ्ख्या | १,६०३ | १,१४९ |
| ४ | विद्यालय | ३० | १४ |
| ५ | सरकारी सुविधा(तलव, व्यवस्थापन, खाजा, पोशाक) | ६० | - |
| ६ | खेल तथा सिकाइ सामग्री व्यवस्थापन सहयोग | ६० | - |
| ७ | भवन तथा कक्षा कोठा | ५५ | ४२ |
| ८ | आधारभूत  तालिम प्राप्त जनशक्ति | ६० | - |
| ९ | | | |

### ३.२.३ स्थानीय समस्या र चुनौतीहरू

(१) बाल विकासका बालबालिकाको उमेर ३ देखि ५ वर्ष कायम गर्नु,

(२) बाल विकासमा पनि भर्ना र पोशाक अनिवार्य गर्ने, भर्ना गर्दा जन्मदर्ता अनिवार्य गर्नु,

(३) कक्षा १ मा भर्नाको लागि बाल विकासको न्यूनतम १ वर्षको अनुभव वा नर्सरी, यु.के.जी.,एल.के.जी.जस्ता कक्षाको अनुभव प्रमाण पत्र अनिवार्य गरी विद्यार्थी भर्ना र स्थानान्तरणलाई प्रमाण पत्र लिनुपर्ने व्यवस्थाबाट अभिलेख व्यवस्थित गर्नु,

(४) बाल विकास स.का.को न्यूनतम शैक्षिक योग्यता SEE सरह र तलव सुविधा प्राथमिक तह तृतीय श्रेणीका शिक्षक सरहको बनाउनु,

(५) बाल विकास सहयोगी कार्यकर्ताहरुलाई नियमित वार्षिक पुनर्ताजगी तालिम अनिवार्य गर्नु,

(६) बाल विकासका लागि १:२० मात्र शिक्षक विद्यार्थी अनुपात कायम गर्ने । १५ जनासम्म विद्यार्थी भएमा १ जना शिक्षक दिने र अधिकतम २० जना मात्र एउटा कोठा र १ जनाको जिम्मामा राख्नु,

(७) बाल विकासका लागि बस्ने, खेल्ने, रमाउने, छुने, चलाउने, हेर्ने मनोरञ्जन गर्ने, जिज्ञासा बढाउने र जिज्ञासा मेटाउने खालका विविध शैक्षिक सामग्री व्यवस्थापन गर्नु,

(८) सकेसम्म बाल विकासकालाई एउटै कोठामा अटेच (जोडिएको) शौचालय र खानेपानी सरसफाई प्रबन्ध गराउनु,

(९) शिक्षक निर्मित तथा सङ्कलित स्थानीय सामग्री आधारित शैक्षिक सामग्री निर्माण गर्नु,

(१०) अनाथ तथा असाहय बालबालिका सहायता कोष हरेक विद्यालयमा स्थापना गरी त्यस्ता बालबालिकाको संरक्षण र बाल विकासमा सहयोग गर्नु,

(११) बच्चा पेटमा आउनासाथ मस्तिष्क विकासको उद्देश्यले सुत्केरी भत्ता वा पोशाक व्यवस्था गर्नु,

(१२) सुत्केरी आमालाई कम्तिमा १८ महिनासम्म अन्य काममा नभै बाल स्याहारमा मात्र केन्द्रित गर्नु,

(१३) सबै सुत्केरीहरुलाई ९८ दिन सुत्केरी विदा बस्ने र श्रीमान्लाई न्यूनतम् १५ दिन सुत्केरी स्याहार विदाको व्यवस्था सबै क्षेत्रमा अनिवार्य कार्यान्वयन गर्ने गराउनु,

(१४) विद्यालयबाट बाल विकास केन्द्रलाई खोप केन्द्र तथा बाल स्वास्थ्य परीक्षण केन्द्रका रुपमा विकास गर्नु,

(१५) बाल दण्ड तथा बाल भय सिर्जना गर्ने व्यवहारलाई अपराध गरेको सरह सजाय व्यवस्थापन गर्नु,

(१६) चित्रात्मक संगीत चित्र र बाल पुस्तक (प्लाष्टिक कोटेड) बलिया पुस्तक बाल विकास कक्षामा व्यवस्थापन गर्नु,

(१७) बाल विकास केन्द्रमा साङ्गीतिक क्रियाकलाप व्यवस्थापन गर्नु,

(१८) श्रव्य-दृष्य सामग्री व्यवस्थापनमा जोड दिनु,

(१९) सुनौलो १,००० दिनलाई प्राथमिकता साथ व्यवस्थापन गर्नु,

(२०) कक्षामा/केन्द्रमा १५ जना भन्दा कम बालबालिका भएमा केन्द्र गाभ्ने वा स.का.लाई विद्यार्थी भएको केन्द्रमा सार्नु।

### ३.२.४ लक्ष्य :

विद्यालय भर्ना भइ (१०-४) को पूरा समय पढाइ अर्थात सिकाइ कार्यमा खटिने उमेर परिपक्व भै नसकेका तर प्रारम्भिक बाल विकास शिक्षाको उमेर पुगेका बालबालिकाको विद्यालय जाने, समूहमा बस्ने, समूहमा खेल्ने, सरसफाइको असल आदत बसाल्ने र मनोरञ्जनात्मक रुपले सहज सिकाइमा संलग्न हुनेहरुको सहभागितामा बाल विकासको पूर्ण र सर्वाङ्गीण विकास गर्ने अवसर पैदान गर्नु।

### ३.२.५ उद्देश्य :

१ नगरपालिका भरिका प्रारम्भिक बाल विकासको उमेर पुगेका बालबालिकाहरुलाई विद्यालय जाने बानीको विकास बाल क्रियाकलापमा सकारात्मक सहभागिता, सामुहिकता र सरसफाईप्रति प्रारम्भिक बानीको विकास र जीवनमा सिक्नुपर्ने असल मार्गको प्रारम्भिक पहिचान गराई बाल स्वास्थ, बाल बनोविज्ञान, बाल मनोरञ्जनको अवसर प्रदान गर्न पायक पर्ने स्थानबाट प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्ने ,

२ तीन वर्षसम्मको उमेर समूहका बालबालिका र गर्भमा रहेका बच्चाको समेत पोषण, सुरक्षा र विकासका लागि आमा बाबुहरुलाई सहयोग गर्ने,

३ चार वर्षको उमेर समूहका सबै बालबालिकाहरुलाई १ वर्षको बाल विकास तथा शिक्षा कार्यक्रममा सहभागी गराउने,

४ बाल विकास केन्द्रहरुलाई प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम् राष्ट्रिय मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउने ,

५. प्रारम्भिक विकास तथा शिक्षाका सेवा गुणस्तर सुनिश्चित गर्नु ,

६ विद्यालयमा अर्थात् बाल विकास केन्द्रमा बाल क्रियाकलापका सामग्रीसहित पौष्टिक दिवा खाजाको प्रबन्ध गर्नु ,

७. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीको लागि प्रारम्भिक बाल विकास सेवामा पहुँच बढाउनु ,

८. सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.२.६ रणनीतिहरू

१. सबै बालबालिकाको पहुँचका लागि संघीय सरकारले निर्धारण गरेको मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा सञ्चालन गर्ने,

२. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ,

४. पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

५. लागत सहभागिता अभिवृद्धि गर्ने,

६. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

७. नगरपालिकाको प्रत्येक वडाका पायक पर्ने दुई स्थानमा बाल विकास केन्द्रको महत्व र आवश्यकता तथा त्यसमा अभिभावक र समुदायको जिम्मेवारीका विषयमा अभिभावकहरुका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने,

८. प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाहरुको पहुँच पुऱ्याउँदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गर्ने,
९. पालिकाभित्र रहेका विभिन्न जातजाति, धर्म र सम्प्रदायका मानिसहरुले परम्परागत रुपमा अपनाउँदै आएका बालबालिकाहरुको पालन पोषण र हेरचाह गर्ने तथा वृद्धि र विकासमा सहयोग गर्ने ज्ञान र सीपको खोज गरी आवश्यकता अनुसार बाल विकास कार्यक्रममा समावेश गर्ने,
१०. हाल सञ्चालित बाल विकास केन्द्रहरुको भौतिक अवस्था र भौगोलिक अवस्थितिका बारेमा सर्वेक्षण गर्ने र सुधारका क्षेत्रहरु पहिचान गर्ने तथा समायोजन र पुनर्स्थापना गर्नु पर्ने देखिएमा समायोजन र पुनर्स्थापना गर्ने ,
११. हाल सञ्चालनमा रहेका बाल विकास केन्द्रहरुमा कक्षा कोठा वा बाल विकास केन्द्र भवन नयाँ बनाउनु पर्ने अवस्था भएमा अभिभावकको श्रमदान र पालिकाको आर्थिक सहयोगमा निर्माण गर्ने,
१२. बाल विकास केन्द्रका बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्था अभिभावकको सहयोग गर्ने,
१३. बाल विकास केन्द्रको नक्साङ्कन गरी आवश्यकतानुसार बाल विकास केन्द्रको विकास र विस्तार गर्ने ,
१४. नयाँ स्थापना हुने बाल विकास केन्द्र भवन अभिभावकको सहयोग र श्रमदान परिचालन गरेर नगरपालिकाकाले बनाउने ,
१५. नयाँ बाल विकास केन्द्रका लागि सहयोगी कार्यकर्ताको नियुक्ति गर्ने र आधारभूत तालिम सञ्चालन गर्ने ,
१६. सबै सहयोगी कार्यकर्ताहरुको लागि प्रारम्भिक साक्षरता र गणितको तालिम सञ्चालन गर्ने ,
१७. सबै बाल विकास केन्द्रहरुमा खानेपानी, शौचालय, सिकाइ सामग्री लगायत राष्ट्रिय न्यूनतम् मापदण्डमा उल्लेखित सुविधाहरु उपलब्ध गराउने ,
१८. अपाङ्गता वा भौगोलिक विकटताका कारण बाल विकास केन्द्रमा आउन नसक्ने (३-४) वर्ष उमेर समूहका बालबालिकाका अभिभावकका लागि नजिकको बाल विकास केन्द्रले बाल विकास र सिकाइ सहजीकरण तालिमको व्यवस्था गर्ने । त्यस्ता बालबालिकाका लागि घरमा सिकाइ सहयोगी सामग्री दिने व्यवस्था गर्ने ,
१९. सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने ,
२०. शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने र बाल विकास सहयोगी कार्यकर्ता अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने ,
२१. प्रत्येक वडामा बालबालिकाको चौतर्फी विकास र मनोरञ्जनको लागि एउटा बालउद्यान निर्माण गर्ने ,
२२. प्रत्येक सामुदायिक विद्यालयमा नमुना बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षाको व्यवस्था गर्ने ,
२३. कक्षा कोठामा श्रव्य दृश्य सामग्रीको व्यवस्थापन गर्ने ।

### ३.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धिः

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

#### ख) प्रमुख नतिजाः

१. प्रारम्भिक बाल विकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षामा सहज पहुँच हुने,
२. प्रारम्भिक बाल विकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभवसहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने ,
३. सबै प्रारम्भिक बाल विकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने ,

४. बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने ,
५. भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बाल विकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने,
६. प्रारम्भिक बाल विकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

**प्रमुख क्रियाकलाप र गन्तव्य (Target) :**

१. प्रारम्भिक बाल विकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण,
२. प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण,
३. वैकल्पिक प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन,
४. परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्रसँगको सहकार्य,
५. अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने,
६. सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था,
७. बालबालिकाको अभिलेखीकरण,
८. अपाङ्गता भएका बालबालिकाका लागि बैयक्तिक परिवार सेवा योजना,
९. पोषणयुक्त दिवा खाजाको व्यवस्था,
१०. पाठ्यक्रम प्रबोधिकरण,
११. पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन,
१२. शिक्षकको योग्यता र क्षमता विकास,
१३. बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने,
१४. स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकतानुसार स्थानीय भाषाको प्रयोग,
१५. अभिभावक शिक्षा अभिभावक तथा समुदायका सदस्यमार्फत स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने व्यवस्था बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने,
१६. शिक्षक पेसागत विकास परिवार, समुदाय, निजी क्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि शैक्षिक सूचना व्यवस्थापन प्रणाली,
१७. सहयोगी (आया) को व्यवस्था,
१८. बालबालिकाको गुणस्तरीय सिकाइका लागि सहयोगी कार्यकर्ताहरुलाई शैक्षिक सामग्री निर्माण, प्रयोग र व्यवस्थापन सम्बन्धी कार्यशाला सञ्चालन गर्ने ।

**तालिका**

## ग) प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

**तालिका ३.२: प्रारम्भिक बाल विकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षाका न्यूनतम सङ्घ र प्रदेश सरकारसँग समेत मापदण्डहरूको विकास, परिमार्जन तथा प्रबोधीकरण गरी कार्यान्वयन गरिने। | पटक | १ | ✓ | ✓ | ✓ | १ | २ | ४ | सङ्घ र प्रदेश सरकारसँग समेत सहकार्य गरी स्थानीय तहले निर्माण र कार्यान्वयन गर्ने। |
| २ | न्यूनतम मापदण्ड अनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित, बालमैत्री तथा अपाङ्गमैत्री शौचालयसहितको कक्षा कोठाको व्यवस्था गरिने | बाविके | ४ | ४ | ४ | ४ | ४ | २० | ८० | वडाका साथै स्थानीय तहको र संघ संस्थाको लगानी |
| ३ | निजी क्षेत्र र सङ्घ संस्थाहरूको समेत साझेदारीमा मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरिने। | बाविके | १६ | १६ | १६ | १६ | १६ | ८० | ८० | वडा समेत स्थानीय तहले व्यवस्थापन समितिमार्फत अभिभावक, समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्रसँग सहकार्यर समन्वय गरी सञ्चालन गर्ने । |
| ४ | विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बाल विकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन भेटघाट, अन्तर्क्रिया सञ्चालन गरिने। | बाविके | १६ | १६ | १६ | १६ | १६ | ८० | ८० | स्थानीय तहको अगुवाइमा विकास साझेदार र निजी क्षेत्र तथा सङ्घ संस्थासँगको साझेदारी, सहकार्य,सहयोग र सक्रियतामा |
| ५ | प्रारम्भिक बाल विकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | बाविके | १ | ✓ | ✓ | ✓ | १ | २ | ४ | वडा र स्थानीय तहबाट कार्यान्वयन |
| ६ | कक्षा १ मा भर्ना हुनका लागि बाल विकास शिक्षाको अनुभवलाई अनिवार्य गर्न कानुन निर्माण गरिने। | स्थानीय तह | १६ | १६ | १६ | १६ | १६ | ८० | ८० | सङ्घ र प्रदेशको सहजीकरणमा स्थानीय तहले कानुन बनाइ सम्पादन गर्ने |

| क्र.स. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बाल विकास सल्लाहकार संयन्त्रको स्थापना र सञ्चालन गरिने । | बाविके वडागत | १ | १ | १ | १ | १ | ५ | १० | वडा समेत स्थानीय तहको सक्रियतामा |
| ९ | एक वडाः एक नमुना बाल विकास केन्द्र रूपमा विकास गर्ने । | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | वडा र स्थानीय तहको सहकार्य र सहलगानी |
| १० | बाबुआमा दुवै नभएका वा संरक्षकत्व ग्रहन गर्ने अभिभावक नभएका बालबालिकाहरूका लागि आधारभूत आवश्यकता पूरा गर्ने गरी स्थानीय तहले अभिभावकको जिम्मेवारी निर्वाह गर्नु पर्ने | सबै अभिभावक विहीन | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै अभिभावक विहीन | सबै अभिभावक विहीन | सङ्घ संस्थासँगको सहकार्यमा स्थानीयअभिभावक अभिभावकतहले बजेटको व्यवस्थापनसहित गर्ने । |
| ११ | कानुन र शिक्षा दुवैको माध्यमबाट अभिभावककलाई जिम्मेवार बनाउँदै घरायसी वातावरणलाई सिकाइमैत्री बनाउँन अभिभावकलाई अभिप्रेरित गर्ने । | बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८० | ८० | विकास साझेदारहरूसँगको सहकार्य र साझेदारीमा सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| १२ | प्रारम्भिक बाल विकास तथा शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि गर्ने । | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८० | ८० | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी |
| १३ | बाविकेको शिक्षालाई दुई वर्षे बनाउँदा थप गरिने शिक्षकको व्यवस्थापन गर्ने । | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८० | ८० | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी |
| १४ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर प्रदान गर्ने । | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८० | ८० | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी |

| क्र.स. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १६ | प्रत्येक बाल विकास केन्द्रमा एकजना शिशुस्याहार कार्यकर्ताको व्यवस्था | बाविके वार्षिक हरेक वडामा १ | १ | १ | १ | १ | १ | ५ | ९ | वडाका साथै स्थानीय तहको लगानी एवम् कार्यान्वयन |
| १७ | चाइल्ड ट्र्याकिङ गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई कोड दिई बालबालिकाको अभिलेखीकरण गर्ने । | बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८० | ८० | प्रदेशको सहजीकरण र स्थानीय तहको सहयोगमा वडा र बाल विकास केन्द्रले गर्ने |
| १८ | प्रारम्भिक बाल विकास तथा शिक्षा उमेरका सबै बालबालिका, (सहज पहुँचमा नभएका अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएकाहरूसमेत (प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुँचका लागि वैकल्पिक प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन | पहिचान भएका घर परिवार र केन्द्र | घरपरिवार र केन्द्र | घरपरिवार र केन्द्र | घरपरिवार र केन्द्र | घरपरिवार र केन्द्र | घरपरिवार र केन्द्र | घर परिवार र केन्द्र | घर परिवार र केन्द्र | वडासहितको स्थानीय तहले वैकल्पिक प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको रूपमा घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने |
| १९ | अपाङ्ता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन । | वाविके ले वार्षिक रुपमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८० | ८० | विकास साझेदार र परिवारसँगको र समन्वयन र सहकार्यमा वडा, नपा र प्रारम्भिक बाल विकास केन्द्रले गर्ने । |
| २० | प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी सन्दर्भ सापेक्ष बनाउने र प्रबोधीकरण गर्ने | वार्षिक रुपमा १ पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र प्रदेशको प्राविधिक सहयोग र सहजीकरणमा स्थानीय विज्ञहरूसमेतको संलग्नतामा |
| २२ | प्रारम्भिक बाल विकासका बालबालिकाका लागि पोषणयुक्त दिवाखाजाको व्यवस्था गर्ने । | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | सङ्घ, प्रदेश र स्थानीय तह (दिवाखाजा, विद्यालय पोषण एवं स्वास्थ्य कार्यक्रमको क्रियाकलाप अनुसार) |

| क.स. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २३ | सिकाइ सहजीकरण कार्यमा मातृभाषालाई प्राथमिकता दिइ आवश्यकतानुसार स्थानीय भाषाको समेत प्रयोग गर्ने । | स्थानीय तह सबै केन्द्र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | सङ्घ र प्रदेशको सहजीकरणमा वडा रस्थानीय तहले कार्यान्वयन गर्ने |
| २४ | प्रारम्भिक बाल विकास तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र अभिभावक तथा सरोकारवालाहरूका लागि नियमित अभिमुखीकरण गर्ने । | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले । |
| २५ | प्रारम्भिक बाल विकास केन्द्रमा कम्तिमा महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्यमार्फत स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने । | वडा, स्थानीय सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | वडा, स्थानीयस बैबाविके | विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले |
| २६ | प्रारम्भिक बाल विकास केन्द्रमा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्नको लागि आवश्यकता अनुसार मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने । | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले |
| २७ | प्रारम्भिक बाल विकास केन्द्रमा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि गर्ने । | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | विकास साझेदारहरूसँगको सहकार्यमा वडा र नगरपालिकाले |
| २९ | सबै प्रकारका प्रारम्भिक बाल विकास केन्द्रमा अनिवार्य रूपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराउने । | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकाले सम्पादन गर्ने । |

| क.स. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३० | प्रत्येक विद्यालयमा एउटा बाल उद्यानको व्यवस्था गर्ने । | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | नगरपालिका र वडा |
| ३१ | प्रारम्भिक बाल विकास केन्द्रमा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको प्रभावकारिताको लागि सङ्घ, प्रदेश, प्रारम्भिक बाल विकास समिति, स्थानीय प्रारम्भिक बाल विकास समितिबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण गर्ने । | सबै वडा स्थानीय तह र बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | विज्ञहरूलाई पनि समावेश गरी सङ्घ, प्रदेश,स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षणमा |
| ३२ | बाल विकास कक्षालाई छापामय बनाउन उपयुक्त कक्षाकोठा तथा शैक्षिक सामग्रीको व्यवस्था गरिने | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | वडा कार्यालय र नगरपालिका |
| ३३ | बाल विकास केन्द्रका लागि आवश्यक शैक्षिक खेल सामग्रीको व्यवस्था गरिने | सबै बाविके | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै बाविके | सबै बाविके | वडा, न पा र अन्य सङ्घ संस्थाको सहाकार्यमा |

## ३.३ आधारभूत शिक्षा

विद्यालय शिक्षाको संरचना दुई तहको भएपछि कक्षा (१-८) सम्मलाई आधारभूत तह भनिन्छ । उक्त तहको शिक्षाका लागि न्यूनतम सिकाइका लागि 7R को अवधारणा अनुसार विद्यार्थीहरुमा सिकाइ वातावरण तयार गर्नु पर्ने हुन्छ । नेपालको संविधान २०७२ ले अनिवार्य तथा निःशुल्क शिक्षाका रुपमा आधारभूत तहको शिक्षालाई व्यवस्था गरेको छ । साथै संविधानको निर्देशक सिद्धान्त अन्तर्गत आधारभूत शिक्षा र स्वास्थ्यको सुविधाबाट कुनै पनि नेपाली नागरिकले बञ्चित हुन नपर्ने कुरा उल्लेख गर्दै छात्रवृत्ति तथा अन्य सुविधाहरुद्वारा लक्षित समुदायलाई लाभसहितको संरक्षण गर्ने कुरा सुनिश्चित गरेको छ । ५ देखि १२ वर्ष उमेर समूहका विद्यालय जाने बालबालिकाहरु सबै प्रकृतिका सबैलाई औपचारिक शिक्षाको अवसर उपयुक्त हुने भौतिक एवं शैक्षणिक वातावरण नहुनु, विपत्‌जन्य अवस्थामा सिकाइ निरन्तरताको वैकल्पिक प्रबन्ध नहुनु, आर्थिक सामाजिक पारिवारिक अवस्थाका कारण विद्यालय भर्ना भए तापनि बिचमै छाड्नु पर्ने बाध्यता कायम रहनु, आधुनिक सूचना र प्रविधि एवं बालबालिकाले चाहेको ज्ञानको विष्फोट अनुरुप शिक्षा प्रवाह गर्ने दक्ष जनशक्तिको कमी रहनु जस्ता चुनौतीहरु रहेका छन भने स्थानीय, प्रादेशिक र संघीय सरकारको चासो र प्राथमिकतामा शिक्षा क्षेत्र पर्नु, दातृ संघसंस्था शिक्षा विकासका क्षेत्रमा काम गर्न तयार रहनु, एसइएसपी -विद्यालय शिक्षा क्षेत्रगत योजना आउनु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र त्यसले प्रदान गरेका २३ वटा अधिकारहरु स्थानीय तहले कार्यान्वयन गर्न पाउनु, स्थानीय सहकारी, सामुदायिक वन र समुदायले विद्यालय स्थापना र विकासका लागि सहयोगी बन्नु जस्ता अवसरहरुले पनि आधारभूत शिक्षाको विकासमा सघाएको अवस्था रहेको छ ।

### ३.३.१ परिचय :

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनःसंरचना गरेर कक्षा (१-८) लाई आधारभूत शिक्षा र कक्षा (९-१२) लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरे पछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१०) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । यूनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । यसैगरी पाकिस्तानमा एउटा साक्षर व्यक्तिको ज्याला निरक्षरका भन्दा २३ प्रतिशत बढी भएको र नेपालमा प्राथमिक शिक्षा पाएको एक जना किसानले माटो संरक्षणका उपायहरु अरुको भन्दा राम्रोसँग अपनाएको तथ्य पनि उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ । आधारभूत तहको शिक्षाको यस्तो महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्धरुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि ठाकुरबाबा नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.३.२ वर्तमान अवस्था

यस ठाकुरबाबा नगरपालिकाको शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत गरी ४० वटा विद्यालयहरु मध्ये आधारभूत तहको शिक्षा प्रदान गर्ने संस्थाहरु २३ वटा छन् । ती २३ मध्ये पनि १८ वटा सामुदायिक हुन् । ९ वटा माध्यमिक विद्यालयहरुमा समेत आधारभूत शिक्षा प्रदान गर्ने प्रबन्ध छ । २६ वटा सामुदायिक विद्यालयहरुमध्ये ५ वटा विद्यालयहरुमा अभिभावकहरुको माग तथा प्रशासकीय क्षमताका आधारमा अङ्ग्रेजी र नेपाली दुवै माध्यममा शिक्षण गर्ने प्रबन्ध भएको छ । वडा नं. ४ मा रहेको श्री बबई शिशु मन्दिर माध्यमिक विद्यालय र वडा नं. ५ मा रहेको श्री किसान माध्यमिक विद्यालयले २/२ वटा फिडर विद्यालयहरुको नेतृत्व लिइ ठूला विद्यालयको अवधारणा अनुसार सञ्चालन सुरुवात गरिएको छ । यसरी फिडर विद्यालयहरुको नेतृत्व ठूला विद्यालयले लिँदा सकारात्मक नतिजा देखिएको छ । कक्षा १ देखि ३

सम्म प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र मूल्याङ्कन, कक्षा (१-३) मा एकीकृत पाठ्यक्रमको कार्यान्वियन भएको छ । शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१-५) मा सन्तुलित भए पनि कक्षा (६-८) मा कक्षागत र विषयगत शिक्षकको कमी भएको, कक्षा ५ र ८ को नगरस्तरीय स्तरीकृत परीक्षा परिणाम हेर्दा उत्तीर्ण प्रतिशत र सिकाइ उपलब्धि सन्तोषजनक नभएको, आधारभूत शिक्षा सञ्चालनका लागि सूचना प्रविधि प्रयोगशाला र विद्यालयको भौतिक वातावरण पर्याप्त नभएको सरकारी सार्वजनिक शिक्षामा तुलनात्मक रुपले अभिभावकहरुको आकर्षण कम रहेको जस्ता अवस्थालाई सुधार गर्न योजना निर्माणका क्रममा निश्चित कार्यक्रम तय गरिएको छ । वडास्तरमा भएका सरोकारवालाको अन्तर्क्रियात्मक कार्यक्रमबाट तपशिलाका सुझावहरु प्राप्त भएकाले योजना अवधिमा ती सुझावहरु कार्यान्वयन हुने गरी कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गरिएको छ ।

**आधारभूत तह कक्षा (१–३) :**

(१) शिक्षक विद्यार्थी अनुपात १:२५ र बढीमा ३० भएमा अर्को सेक्सन हुनु पर्ने र हरेक सेक्सनमा १ जना कक्षा शिक्षक व्यवस्थापन गर्ने,

(२) कक्षा (१-३) लाई माथिल्लो कक्षाका विद्यार्थीको व्यवहार र प्रभावबाट सकेसम्म अलग बनाउने,

(३) कक्षा शिक्षण, बाक्लो कार्पेट, मेटाफमको भुइ बसाइ व्यवस्थापन, गोलमेच टेवल, बुक कर्नर, घडी, ऐना, पात्रो, काँइयो नङकट, पिउने पानी, डस्टबिन आदिको कक्षामा नै व्यवस्थापन,

(४) बाल शैक्षिक सामग्री, कर्नर तथा शिक्षक निर्मित र संकलित शैक्षिक सामग्री,

(५) ठूला अक्षर, बलियो पाना भएका रङ्गिन पुस्तक व्यवस्थापन,

(६) अभ्यासहरु दिएको कक्षा अभ्यास पुस्तिका र गृहकार्य (अभ्यास) पुस्तिकाको छुट्टा छुट्टै छपाइ व्यवस्थापन गरेको अवस्था,

(७) योग्य र सक्षम एवं बाल मनोविज्ञान सम्बन्धी ज्ञान सीप भएको कक्षा शिक्षक र कक्षा शिक्षकलाई तलबको कम्तिमा ५% कक्षा शिक्षण तथा निरन्तर मूल्याङ्कन अभिलेखीकरण भत्ता उपलव्ध गराउने,

(८) सिकाइका लागि मूल्याङ्कनमा जोड दिन निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको उचित प्रबन्ध गर्ने ,

(९) EGRP कार्यक्रम अर्थात् पठन सीप विकासलाई प्राथमिकता दिने प्रबन्ध,

(१०) विद्यालय दिवा खाजा प्रबन्ध,

(११) व्यायाम(PT) खेल, सँगीत तथा स्थानीय पाठ्यक्रम अनुकूल स्थानीयता अध्ययन एवं अनुभव आर्जन सम्बन्धी प्रयोगात्मक प्रबन्ध,

(१२) विद्यालय पोशाक (लचिलो ट्र्याकसुट जस्तो प्रकृतिको) प्रबन्ध गर्ने,

(१३) सामुहिक सिकाइ तथा कार्य गर्ने अवसर अर्थात प्रबन्ध,

(१४) कक्षामा कम्तिमा १५ जना बालबालिका नभएका कक्षा र विद्यालय गाभ्ने ।

**आधारभूत तह कक्षा (४–५) :**

(१) माथिल्लो (१-३) को बुँदा नं. ५ देखि १२ सम्मका सबै व्यवस्था यस कक्षाका विद्यार्थीको उमेर अनुसार व्यवस्थापन गर्ने,

(२) सानो खालको डेक्स बेन्च, एउटामा ४/४ जना बसेर पढ्न र समूह कार्य गर्न मिल्ने खालको,

(३) विषयगत अध्यापनका लागि विषय शिक्षकको व्यवस्था,

(४) पुस्तकालय, प्रयोगशाला, विज्ञान सामग्री प्रदर्शनी कक्ष, कम्प्युटर प्रयोग प्रबन्ध, लघु अध्ययन भ्रमण, स्थानीय स्तरमा सामाजिक अध्ययन भ्रमण जस्ता सिकाइ वातावरण अनुकूल प्रबन्ध,

(५) तालिमप्राप्त, बालमनोविज्ञान पढे, बुझेका उत्कृष्ट शिक्षकहरुको व्यवस्था एवं छनौट,

(६) समाहित शिक्षा नीति अनुकूल कक्षा व्यवस्थापन,

(७) हरेक कक्षामा कम्तिमा १५ जना विद्यार्थी लगातार २ वर्षसम्म नभएमा विद्यालय गाभ्ने प्रक्रिया गर्ने ।

## आधारभूत तह कक्षा (६–८)

(१) कक्षा (१-३) र (४-५) सम्मका उपयुक्त बुँदाहरु यसमा पनि यथावत निरन्तर गर्ने,

(२) कम्प्युटर सिकाइ,नेट इन्टरनेट र प्रविधिको प्रयोग, पुस्तक अध्ययन र पुस्तकालय प्रयोग, इ-लाइब्रेरी प्रबन्ध, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला र सामजिक, सांस्कृतिक प्रयोगशाला जस्ता प्रयोगशालाहरुमा विद्यार्थी पहुँच स्थापित गर्ने,

(३) स्थानीय पाठ्यक्रमलाई व्यवहारिक, प्रयोगमूलक तथा स्थानीय अपनत्वबोधक महत्वपूर्ण पाटोको रुपमा कार्यान्वयन गरी समय सापेक्ष बनाउँदै जाने,

(४) सक्षम विषय शिक्षक र शिक्षकहरुलाई ३/३ महिनामा वर्षको ४ पटक १/१ दिने शिक्षण सिकाइ सुधार पेशागत विकास अभिमुखीकरण स्कूलले नै सञ्चालन गर्ने र वर्षको कम्तिमा ३ दिनेसम्म बाह्य अर्थात विशेषज्ञ र रोष्टरबाट प्रशिक्षणको अवसर दिने,

(५) कक्षा (६-८) मा पढाउने सम्बन्धित विषय पढेको कम्तिमा वि.एड् वा सो सरह उत्तीर्ण गरेको विषय शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिने,

(६) कुनै पनि कक्षा वा विषयको शिक्षक विदामा वा काजमा गएमा वा घण्टी खाली हुन गएमा विद्यालयमा खाली घण्टी व्यवस्थापन प्रणालीको विकास गर्ने,

(७) विद्यार्थीको व्यक्तित्व र सामाजिक, शारीरिक एवं मानसिक विकासका लागि खेलकुद, पि.टी./व्यायाम, जु.रे.स. तथा वातावरण बालक्लव जस्ता विद्यार्थी सहभागितामा गठन हुने क्लवहरु गठन गर्ने, क्लवको बैठक बस्ने योजना र बजेट बनाउने, योजना कार्यान्वयन गर्ने सीपको विकास गर्ने गरी अतिरिक्त क्रियाकलाप/सह क्रियाकलापलाई विद्यालयको अभिन्न अङ्गका रुपमा स्थापित गर्ने,

(८) आधारभूत तहका विद्यार्थीलाई कम्प्युटर, इन्टरनेट तथा सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र धारणा दिइ प्रयोगात्मक रुपमा सक्षम बनाउने,

(९) व्यवस्थापकीय जिम्मेवारी र सम्पर्क एवं सामाजिक समन्वय र सहयोग जुटाउन सक्षम वि.व्य.स./शि.अ.स.गठन गर्ने र काम कर्तव्य र अधिकार सम्बन्धी समय समयमा प्रशिक्षण गर्ने ।

(१०) प्रधानाध्यापकको अलावा विद्यालयमा तहगत इन्चार्ज प्रा.वि. हेर्ने-१ जना, परीक्षा मूल्याङ्कन हेर्ने, खेल तथा अतिरिक्त क्रियाकलाप हेर्ने १ जना, सामाजिक (अभिभावक)संघ संस्था र सम्बन्ध हेर्ने १ जना, लेखाप्रशासन हेर्ने कर्मचारी छैन भने सो हेर्ने १ जना, विज्ञान/कम्प्युटर ल्याव हेर्ने १/१ जना र पुस्तकालय हेर्ने १ जना शिक्षक निर्धारण गरी शिक्षण बाहेकको अतिरिक्त जिम्मेवारी बहन गर्न सक्षम शिक्षकको जिम्मेवारी र सामान्य जिम्मेवारी भत्ता तोक्ने प्रबन्ध गर्ने।

(११) अन्य प्राथमिक विद्यालयबाट आएका वा सोही विद्यालयका उदार कक्षोन्नतिको पनि अति उदारतामा पारी कक्षा वृद्धि भएका तर राम्रोसँग पढ्न लेख्न र हिसाब गर्न नजान्नेका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न विद्यार्थी पहिचान गरी छुट्याउने र शिक्षक प्रबन्ध गर्ने ।

(१२) कक्षा (१-८) को शिक्षण पूर्ण रुपले निःशुल्क गर्ने र नगरपालिका एवं अन्य स्रोतबाट तपसिलका खर्चका क्षेत्रमा खर्च गर्नुपर्ने रकम, अभिभावक/विद्यार्थी/संघसंस्था/सामुदायिक वन/सहकारी/ समूह/समितिहरुबाट वार्षिक वा पटके सहयोग लिइ आम्दानी योजनाका आधारमा खर्च विनियोजन गर्ने ।

(क) परीक्षा तथा मूल्याङ्कन खर्च,
(ख) कम्प्युटर/सूचना-प्रविधि प्रयोग खर्च,
(ग) विद्युत, पङ्खा बत्तीको खर्च,
(घ) खानेपानी तथा पानी व्यवस्थापन खर्च ,
(ङ) शौचालय तथा सरसफाई व्यवस्थापन खर्च,

(च) सरस्वती पूजा व्यवस्थापन खर्च,
(छ) पुस्तकालय पुस्तक थप तथा व्यवस्थापन खर्च,
(ज) खेल तथा अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च,
(झ) अध्ययन भ्रमण/शैक्षिक भ्रमण/परियोजना कार्यमा लाग्ने खर्च,
(ञ) बस तथा यातायात साधन उपयोग खर्च,
(ट) अतिरिक्त कक्षा सिकाइमा लाग्ने खर्च,
(ठ) यातायात/ढुवानी संचारमा हुने खर्च,
(ड) फर्निचर निर्माण, मर्मत तथा मर्मत संभार खर्च,
(द) विद्यालय पोशाक/ट्वाइलेट सामग्री व्यवस्था खर्च,
(ण) अन्य आइपर्ने विविध खर्च,

(१३) विद्यालय विद्यार्थी, शिक्षक, कर्मचारी स्कूल ड्रेस, आचारसंहिता, प्रशासनिक तथा व्यवस्थापकीय संरचना, चार्ट जस्ता पक्षहरु अनिवार्य व्यवस्था गर्ने ,

(१४) विद्यालय सुधार योजना (SIP) निर्माण, शिक्षण सुधार योजना (TIP) र वार्षिक शैक्षिक योजना (AEP) विद्यालयले अनिवार्य बनाइ कार्यान्वयमा ल्याउने र स्रोत सम्भाव्यताको आधारमा योजना कार्यान्वयन प्राथमिकता निर्धारण गर्ने,

(१५) विद्यालयमा भएका शिक्षक मध्ये जेष्ठता र नोकरी वर्षका आधारमा जेष्ठ शैक्षिक योग्यता, नेतृत्व, क्षमता, अनुभव र स्रोत सामग्री जुटाउन सक्षम मध्ये १ जनालाई प्र.अ. र स.प्र.अ.को जिम्मेवारीका लागि प्रबन्ध मिलाउने ,

(१६) वि.व्य.स.,अभिभावक,शिक्षक,कर्मचारी, विद्यार्थी,सहयोगी निकायले विद्यालयमा अपनाउनुपर्ने आचारसंहिता बनाइ कार्यान्वयनको व्यवस्था गर्ने ,

(१७) विद्यालयले नियमित खर्च गर्ने खर्च कोष र विद्यालयको स्थायी पूँजीका रुपमा व्याज मात्र खर्च गर्ने र संकटका समयमा मात्र खर्च हुन सक्ने एउटा स्थायी प्रकृतिको कोष(अक्षय कोष)को व्यवस्था हुनु पर्ने र अक्षय कोषको व्याजबाट छात्रवृत्ति, शैक्षिक सहयोग, पुरस्कार, शैक्षिक नवीनतम व्यवस्थापन, मान सम्मान, अभिनन्दन जस्ता क्षेत्रमा खर्च गर्ने प्रबन्ध गरिनुपर्ने ,

(१८) कक्षा व्यवस्थापनका आवश्यक सामग्री, बस्ने व्यवस्था, सेतोपाटी, मार्कर, बस्ने डेस्क बेन्च वा कार्पेट, कक्षा सफाइ प्रबन्ध, घडी ऐना, काइयो, नङकट, खेल, क्यालेन्डर, टाइमटेबल, बाल्टी, जग्गा, डस्टविन, कुचो, शिक्षक सूचक पाटी आदिको व्यवस्थासहितको कक्षा व्यवस्थापन गर्ने ,

(१९) कक्षा शिक्षक/वैकल्पिक कक्षा शिक्षक, दुई टाइम हाजिरी प्रबन्ध, कक्षा आचारसंहिता टाँस, आचारसंहिता उल्लङ्घनमा दण्ड जरिवाना तोक्ने र उठाउने प्रबन्ध, कक्षामा शिक्षक उपस्थिति अभिलेख आदिको समेत कक्षा व्यवस्थापन गर्ने,

(२०) वार्षिक शैक्षणिक योजना, वार्षिक अतिरिक्त क्रियाकलाप योजना, शिक्षण सुधार योजना, विद्यालय सुधार योजना, विद्यालयको रणनैतिक प्रगति योजना, शिक्षक अध्यापन योजना, वार्षिक कार्यक्रम तथा बजेट योजना जस्ता योजना बनाउने र कार्यान्वयनमा ल्याउने गर्ने ,

(२१) विद्यालयको सुधार रणनीतिसहितको भर्ना अभियान, पाठ्यपुस्तक वितरण, खाजा व्यवस्थापन तथा वितरण,छात्रवृत्ति वितरण, समयवद्ध परीक्षा र मूल्याङ्कन, परीक्षा र मूल्याङ्कनको विश्लेषण तथा समीक्षा गोष्ठी सञ्चालन जस्ता कुरालाई समयवद्ध र प्रभावकारी बनाइने कार्यक्रम तय गर्नुपर्ने ,

(२२) विद्यार्थीको बाह्य परीक्षा अर्थात् स्तरीकृत परीक्षाबाट गरिने मूल्याङ्कनको लागि विद्यार्थी तयारी, परीक्षा केन्द्र सहज हुने गरी व्यवस्थापन र पूर्व तयारी गर्ने प्रबन्ध गर्ने ,

(२३) विद्यालयले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न र उत्तीर्ण प्रतिशत बढाउन विभिन्न शिक्षण सिकाइ क्रियाकलाप समयसापेक्ष बनाइ लागू गर्नुपर्ने ,

(२४) विद्यार्थीले प्राप्त गर्ने तहगत ज्ञानका साथै सामाजिक मूल्य मान्यता र चाहना तथा आवश्यकता अनुसारको व्यवहारिक सीप र सामाजिक क्रियाकलापमा विद्यार्थीलाई संलग्न गर्नुपर्ने ।

### ३.३.३ लक्ष्य

नगरपालिका भरिका सबै बालबालिकाहरुको लागि समतामूलक तथा गुणस्तरीय जीवन उपयोगी आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक शिक्षा आर्जन गर्न सक्षम जनशक्ति उत्पादन गर्ने ।

### ३.३.४ उद्देश्य

१. ठाकुरबाबा नगरपालिका भित्रका (५-१२) वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने,
२. आधारभूत तहको शिक्षालाई निःशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी बनाउने,
३. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरुले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा पूरा गर्ने कुराको सुनिश्चितता गर्ने ,
४. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ,
५. प्रारम्भिक कक्षाका बालबालिकाहरुको पठन सीप अभिवृद्धि गर्ने ,
६. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक क्षमतायुक्त विद्यालय बनाउने,
७. सबै बालबालिकालाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने ।,
८. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने ।,
९. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण मनोरम, बालमैत्री, समावेशी, सुरक्षित र दण्ड रहित बनाउने,
१०. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने ,
११. विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउने ,
१२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउने व्यवहारिक ज्ञान, सीप अभिवृत्ति प्रदान गर्न सक्ने बनाउन शिक्षकलाई तालिम प्राप्त बनाउने ,
१३. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ,
१४. आधुनिक सूचना र प्रविधिमा सहज पहुँच राख्न सक्ने जनशक्ति तयार पार्न विद्यालयलाई आधुनिक सूचना प्रविधियुक्त बनाउने ,
१५. EGRP कार्यक्रम तथा पठन सीप विकासलाई सुदृढ गर्न एकीकृत पाठ्यक्रमको ढाँचाका आधारमा कार्यान्वयनमा ल्याउने,
१६. विद्यालय क्षेत्र नक्साङ्कनका आधारमा विद्यालय स्थापना, एकीकरण तथा समायोजन गर्ने ,
१७. एक वडा एक ठूलो विद्यालय को अवधारणा कार्यान्वयन गर्न विद्यालय समायोजन गर्ने ,
१८. नगरपालिकाले मापदण्ड तयारी गरी विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्ने ।

### ३.३.५ रणनीतिहरु

१ विद्यालय नक्साङ्कन गर्ने,
२ विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने,
३ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गने,
४ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ,
५ प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने ,

६ विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,

७. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,

८. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,

९. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,

१०. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,

११. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने ,

१२. शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,

१३. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,

१४. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

१५. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,

१६. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,

१७. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,

१८. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,

१९. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,

२०. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,

२१. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,

२२. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ,

२३. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

२४. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,

२५. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

२६. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

२७. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

२८. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

२९. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

३०. शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने हाल सञ्चालनमा रहेका २६ वटा सामुदायिक विद्यालयहरुको पुनः संरचना र समायोजन गर्ने र (५-१२) वर्ष उमेर समूहका सबै बालबालिकाको पहुँचमा आधारभूत शिक्षा पुऱ्याउने,

३१. पालिकाभित्र रहेका (५-१२) वर्ष उमेर समूहका अति विपन्न, सहारा बिहिन, अनाथ र अपाङ्ग बालबालिकाहरुका लागि आधारभूत शिक्षाको व्यवस्था गर्ने,

३२. (५-१२) वर्ष उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्नाका लागि अभियान सञ्चालन गर्ने र भर्ना भएकाहरुले कक्षा ८ पूरा नगरी विद्यालय छोडेमा त्यसको जानकारी सम्बन्धित विद्यालयले नगर शिक्षा समितिलाई तुरुन्त दिने। नगर शिक्षा समितिले विद्यालय छोड्नुपर्ने कारण पत्ता लगाई नगरपालिकाको सहयोगमा समाधानका उपायहरु खोजेर

पुनः विद्यालय भर्ना गराउने वा उमेर अनुसार व्यवसायिक सीप सिकाउने व्यवस्था मिलाइ रोजगारीमा जान वा स्वरोजगार हुन सहयोग गर्ने,

३३. अभिभावकहरुसँगको सरसल्लाह र सहयोग तथा नगरपालिकाको सहकार्यमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुले दिवाखाजा खाने व्यवस्था गर्ने,

३४. कक्षा (१-३) वा (१-५) सञ्चालन भएका तर बालबालिकाहरुको सङ्ख्या थोरै भएर कक्षामा विद्यार्थी कम रहेका विद्यालयहरुको पहिचान गरी बहुकक्षा विद्यालय बनाउने,

३५. विद्यालयहरुमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ का प्रावधानहरु लागू गराउने व्यवस्था गर्ने,

३६. विद्यालय व्यवस्थापन समितिहरुलाई सक्रिय बनाइ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा न्यूनतम सक्षमताको अवस्था २०६९ मा उल्लिखित प्रावधानहरुको कार्यान्वयन गर्न प्रोत्साहन र सहयोग गर्ने,

३७ प्रचलित ऐन र नियमावली बमोजिम प्रत्येक विद्यालयका व्यवस्थापन समितिहरुलाई विद्यालयका शिक्षकहरुमध्येबाट एकजनालाई ५ वर्षको कार्यकाल तोकी प्रधानाध्यापक नियुक्ति गर्न लगाउने र निजसँग विद्यालय विकासको कार्ययोजना लिइ ५ वर्षको कार्यसम्झौता गर्ने,

३८. विद्यालयका प्रधानाध्यापकहरुले विद्यालय व्यवस्थापन समितिहरुसँग गरेको कार्य सम्झौता नगरपालिकामा पेश गर्न लगाउने र उक्त सम्झौतामा उल्लेख भएका विद्यालय विकास र सिकाइ अभिवृद्धिका काममा भएको प्रगतिबारे समय समयमा नगरपालिकाले अनुगमन गरी सल्लाह, सुझाव र निर्देशन दिने,

३९. प्रत्येक विद्यालयका प्रधानाध्यापकले विद्यार्थीको सिकाइका लागि प्रत्येक शिक्षकलाई जिम्मेवार बनाउन कार्य सम्झौता गर्ने व्यवस्था मिलाउने,

४०. सबै विद्यालयले आ-आफ्नो परिवेश र आवश्यकता अनुसार स्थानीय बुद्धिजीवी, अभिभावक र विद्यालय व्यवस्थापनका पदाधिकारीहरुको सरसल्लाहमा स्थानीय पाठ्यक्रम बनाई लागू गर्ने । यसमा स्थानीय कला, संस्कृति, सीप र प्रविधिलाई प्राथमिकतामा राख्ने । यस कार्यमा नगरपालिकाले सहयोग र सहजीकरण गर्ने,

४१. नेपाली बाहेक अन्य मातृभाषा भएका बालबालिकाहरुलाई आफ्नो घरमा बोलिने भाषामै विद्यालयमा शिक्षा दिने वा मातृभाषामार्फत शिक्षा दिने व्यवस्था गर्ने,

४२. हाल अङ्ग्रेजी भाषाप्रति अभिभावकहरुको मोह बढीरहेकोले विद्यालयहरुमा बाल विकास केन्द्रदेखि नै अङ्ग्रेजी सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि सहयोगी कार्यकर्ता र शिक्षकलाई तालिमको व्यवस्था गर्ने र नगरपालिकाका सबै विद्यालयहरुको अङ्ग्रेजी भाषा शिक्षणमा सुधार गर्ने योजना र कार्यक्रम बनाउने,

४३. नगर शिक्षा समितिले नगर भित्रका सबै सामुदायिक विद्यालयहरुमा लागू हुने गरी स्थानीय बिदा समेत तोकेर शैक्षिक पात्रो बनाउने र उक्त पात्रोमा बिदा भनी तोकिएका दिनहरु बाहेक अन्य दिन विद्यालय बन्द गर्ने प्रधानाध्यापक र शिक्षकलाई नियमानुसार कारवाही गर्ने,

४४. आधारभूत शिक्षाको गुणस्तर कायम गर्नको लागि प्रत्येक शिक्षकले पाठ्यक्रमका आधारमा वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्ने र प्रधानाध्यापकले सो को समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने,

४५. प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फायल राखेर निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अनुसार सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने र विद्यार्थीहरुलाई पर्याप्त उपचारात्मक सहयोग पुऱ्याउने व्यवस्था मिलाउने । विद्यालयहरुमा त्रैमासिक परीक्षाको नाममा तयारी बिदा, रिजल्ट निकाल्ने वा १/२ घण्टा जाँच लिएर बिदा गर्ने परिपाटी तुरुन्त बन्द गर्ने,

४६. पालिकाभित्रका सबै विद्यालयका शिक्षकहरुको पेशागत विकासका लागि तालिम सञ्चालन गर्न र समय समयमा कक्षा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्न नगर शिक्षा शाखा प्रमुखको संयोजनकत्वमा एउटा समिति गठन गर्ने,

४७. पालिकाभित्रका (५-१२) वर्ष उमेर समूहका बालबालिकाका आमाबाबु वा अभिभावकहरुलाई आधारभूत शिक्षाको महत्व, अभिभावकको भूमिका र कर्तव्य विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

४८. पालिका भित्र बसोबास गर्ने सबै नागरिकका लागि आधारभूत तहको शिक्षा अनिवार्य गर्ने । यसका लागि विद्यालय उमेर समूहका बालबालिकाहरुका अभिभावकका लागि आवश्यकता अनुसार सचेतना कार्यक्रम र विभिन्न किसिमका सहयोगका कार्यक्रम सञ्चालन गर्ने र अटेर गर्नेलाई दण्ड सजायको व्यवस्था समेत गर्ने,

४९ नगरको शिक्षा नीति, ऐन कानुन, शिक्षा योजना र शैक्षिक पात्रो अनुसार विद्यालयहरु सञ्चालन भए नभएको निरीक्षण, अनुगमन गर्न र पालिकाको विद्यालय शिक्षाको गुणस्तर मापन गरी प्रत्येक वर्ष नगरपालिकामा प्रतिवेदन पेश गर्ने गरी एउटा शैक्षिक गुणस्तर परीक्षण समिति बनाउने,

५० विद्यालय शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपयुक्त र उत्पादनमुखी बनाउनुका साथै सिकाइ अनुभवलाई अर्थपूर्ण र रमाइलो बनाउनका लागि वर्तमान पाठ्यक्रममा रहेका विषयवस्तुलाई विद्यार्थीको अनुभव र स्थानीय वातावरणसँग मेल गराउने कार्यक्रमहरु सञ्चालन गर्ने,

५१. सबै विद्यालयहरूमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ,

५२. गुणस्तरीय शिक्षा सम्बन्धी सूचकहरू तयार गर्ने र सोही अनुसार पालिकाले मापदण्ड तोकी नमुना विद्यालयको विकास गर्ने,

५३. कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू सञ्चालन गर्ने,

५४. समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सिर्जना गर्ने,

५५. सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोही विद्यालयमा ट्युसन पढाउन नपाउने नीति पालिकाले कडाइका साथ अवलम्बन गर्ने,

५६. विद्यालयमा सबै पक्षको सहभागिता सुनिश्चित (स्वास्थ्य, प्रहरी, शिक्षा, महिला विकास,नगरप्रतिनिधि, बालप्रतिनिधि, आदि) गरेर शिक्षा विकास समिति गठन गर्ने,

५७. अभिभावकहरूद्वारा (पालैपालो गरेर) नै बालबालिकाहरूलाई आफ्ना अनुभवहरूको बारेमा ज्ञान दिने किसिमका अभिमुखीकरण क्रियाकलापहरू सञ्चालन गर्न लगाउने,

५८ शिक्षकहरूको नियमिततामा जोड दिने र यसको लागि आवश्यक संयन्त्र तथा कार्यक्रमको व्यवस्था गर्ने,

५९. गुणस्तरीय शिक्षक, वातावरण र स्थानीय शैक्षिक सामग्रीको विद्यालयले सुनिश्चित गर्ने,

६०. शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने तथा त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्ने,

६१. तालिममा सिकेका विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गराउने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने,

६२. विद्यार्थीहरूको नियमिततामा (मेरो साथी खोई अभियान) जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने,

६३. विद्यार्थीहरूको सङ्ख्या बढी भएको कक्षाकोठामा नयाँ प्रविधि (एलसिडि) माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने,

६४. शिक्षक दरबन्दी नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम् सेवकको रुपमा पढाउन व्यवस्था मिलाउने,

६५. बढी उपस्थित हुने विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने,

६६. प्रत्येक हप्ता शिक्षकले, तीन महिना विद्यालयस्तरीय र छ महिनामा गाउँस्तरीय मूल्याङ्कन प्रणाली लागू गर्ने । अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्बन गर्ने (एक विद्यालयका शिक्षकले अर्को विद्यालयको उत्तरपुस्तिका जाँच गर्ने),

६७. निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन, तह समायोजन, आदि गरेर कार्यान्वयन गर्ने ।

६८. कक्षा १ देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्बन गर्ने ।

६९. कक्षागत सिकाइ उपलब्धिको मापदण्ड निर्माण गरी लागू गर्ने ,

७०. विद्यालयको भौतिक पूर्वाधार र अन्य स्रोतसाधनको ख्याल नगरी कक्षा थप र नयाँ अनुमति माग गर्ने विद्यालयहरूलाई अनुमति वा स्वीकृति नदिने नीति लागू गर्ने ,

७१. हरेक विद्यालयमा विषयगत शिक्षक भए नभएको बारेमा विश्लेषण गरी अनिवार्यरुपमा विषय शिक्षकको व्यवस्था गर्ने,

७२. तालिम प्राप्त शिक्षकले कक्षाकोठामा सिकेको ज्ञान, सीप प्रयोग गरे नगरेको बारेमा एकिन गर्ने,

७३. कमजोर तथा सहयोगको आवश्यकता भएको विद्यालयमा भौतिक तथा शैक्षिक क्रियाकलापहरू विस्तार गर्न सबैको सहमति कायम गर्ने,

७४. विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधिहरूद्वारा निश्चित मापदण्ड तयार गरेर अनुगमनलाई प्रभावकारीरुपमा सञ्चालन गर्ने ,

७५. जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीका छोराछोरी सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्ने,

७६. शिक्षामा पालिकाले वार्षिक कुल बजेटको २५ प्रतिशत विनियोजन गर्ने,

७७. सामुदायिक विद्यालयको सेवाक्षेत्र निर्धारण गरी विद्यार्थी भर्नाको व्यवस्थापन गर्न,

७८. आवधिक प्रधानाध्यापकको व्यवस्थापन गर्ने र शिक्षकको आवधिक सरुवा कानुनी रुपमा सुनिश्चित गर्ने,

७९. विद्यालय र कक्षा शिक्षणको अनुगमन तथा निरीक्षण पश्चातको प्रतिवेदन यथाशिघ्र कार्यान्वय गर्ने,

८०. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रभावकारी बनाउने सिकाइको माध्यम भाषा अङ्ग्रेजी प्रयोग गर्नको लागि शिक्षक क्षमता विकास गर्ने,

८१. विद्यालयमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गर्ने एक विद्यालय एक नर्स व्यवस्था गर्ने, पूर्व प्राथमिक कक्षादेखि कक्षा ५ सम्म अङ्ग्रेजी माध्यमबाट अध्ययन अध्यापन गर्ने,

८२. स्रोत कक्षा भएका विद्यालयका सबै शिक्षकलाई सांकेतिक भाषामा विषयगत तालिम दिनु पर्ने ,

८३. प्रारम्भिक कक्षाको पठन सीप विकासलाई प्राथमिकता दिइ विद्यार्थीको पठन सीप अभिवृद्धि गर्ने ,

८४. ठूलो स्कुल र नमुना स्कुलको अवधारणालाई मूर्तरुप दिन कार्यविधि बनाउने ,

८५. विद्यालय नक्साङ्कनका आधारमा विद्यालय थप्ने वा घटाउने ,

८६. विद्यालयलाई गुणस्तरीय, भौतिक तथा मानवीय स्रोत सम्पन्न गराउने ,

८७. सुविधासहितको सक्षम प्र.अ. र विद्यालय कर्मचारी व्यवस्था गर्ने ,

८८. सुदृढ शिक्षक सहायता प्रणाली विकास गर्न नगरस्तरीय विषयगत विज्ञहरुसहितको समूह (Subject Expert Team , SET) गठन गर्ने ।

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क. उपलब्धि:**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भइ गुणस्तर अभिवृद्धि हुने ।

**ख) प्रमुख नतिजा:**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भइ सहभागि भएको हुनेछ,

२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुनेछ ,

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुनेछ ,

४. आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएको हुनेछ ,

५. बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ ,

६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुनेछ ,

७. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुनेछ,

८. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ ,

९. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुनेछ,

१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुनेछ,

११. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइमा सहयोग हुनेछ ,

१२. जनशक्तिको क्षमता विकास भइ गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ,

१३. प्रारम्भिक कक्षा (१-३) मा सघनरुपमा र कक्षा ४ देखि माथि पनि क्रमशः पठनसीप विकास भएको हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य :**

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन,

२. मापदण्डअनुसार शिक्षक व्यवस्था,

३. सबै बालबालिकालाई विद्यालय भर्ना,

४. प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था,

५. प्रारम्भिक कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम,

६. विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास,

७. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण,

८. शिक्षक क्षमता विकास,

९. विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन,

१०. सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास,

११. शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना,

१२. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध,

१३. अपाङ्गता भएका विद्यार्थीलाई सहयोग,

१४. पाठ्यपुस्तक व्यवस्था,

१५. सन्दर्भ सामग्रीको व्यवस्था,

१६. विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रवृत्ति,

१७. सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन,

१८. कक्षाकोठामा आधारित मूल्याङ्कन,

१९. व्यवस्थित परीक्षा प्रणाली,

२०. शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना,

२१. वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास,

२२. अभिभावक अभिमुखिकरण र सहभागिता,

२३. प्रारम्भिक कक्षाहरुको बाल विकासको स्वतन्त्र पठन सीप विकास ।

## ग) प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

**तालिका ३.३: आधरभूत शिक्षाका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयहरुको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | पटक | १ | | | | १ | २ | ३ | बडा र नगरपालिका |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | १ | | १ | | १ | ३ | ५ | संघ (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) र नगरपालिका |
| | | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | |
| ३ | विद्यालयमा मापदण्ड अनुसार तहगत तथा बिषयगत अपुग शिक्षकको व्यवस्था गर्ने | शि.न.वि. | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | नगरपालिका र प्रदेश सरकार |
| ४ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने कार्यलाई निरन्तरता दिने । | विद्यालय | १००% | १०० % | १००% | १००% | १००% | १००% | १००% | बडा र नगरपालिका |
| ५ | विद्यालयमा न्यूनतम अपाङ्गमैत्री, लैगिकमैत्री, बालमैत्री भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, घेराबार, खाजा घर) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | सङ्घ, प्रदेश र नगरपालिका (विद्यालय भौतिक सुधारको क्रियाकलाप अनुसार |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | सङ्घ, प्रदेश र नगरपालिका |
| | | पटक | १ | १ | १ | १ | १ | १००% | १००% | |
| ८ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सीपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास (बहुभाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) गर्ने । | शिक्षक | २० | २० | २० | २० | २० | १००% | १००% | |
| ९ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउन योजना तयार गरी कार्यान्वयन गर्ने । | योजना तयारी पटक | १ | १ | १ | १ | १ | ५ | १००% | संघ प्रदेश तथा नगरपालिकाको आपसी सहकार्यमा स्थानीय तहबाट कार्यान्वयन |
| | | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १० | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने । | विद्यालय | २० | २० | २० | २० | २० | १००% | १००% | सघीय सरकार र प्रदेश सरकारको लगानी र सहजीकरणमा नगरपालिकाबाट कार्यान्वयन |
| ११ | शिक्षक तयारी, विकास र सहायता प्रणालीको व्यवस्थापन गर्ने । | तयारी कोर्ष र कार्यक्रम विकास | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २० | संघ/विश्वविद्यालय तथा प्रदेश (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) सँगको आपसी सहकार्यमा नगरपालिकाबाट कार्यान्वयन । |
| | | सहायता संरचना | ३ पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र कम्तिमा प्रति विद्यार्थी रु. २५ हुनेगरी दिवा खाजाको प्रबन्ध गर्ने । | विद्यालय | ५०५ | ५०५ | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | संघ प्रदेश र नगरपालिकाको सहकार्यमा (दिवा खाजा तथा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको क्रियाकलाप अनुसार) |
| | | विद्यार्थीहरु | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | |
| १३ | अपाङ्गता भएका बालबालिकाहरुको अपांगता बर्गीरकण गरी सो बमोजिमको बिशेषिकृत सहयोग तथा शिक्षण सिकाइ व्यवस्था गर्ने । | अपाङ्ग विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, प्रदेश तथा नगरपालिका |
| १४ | -निशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, तथा स्थानीय तह (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत) |
| | -आर्थिकरूपमा विपन्न बालबालिकाको लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति व्यवस्था गर्ने । | विपन्न विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| | -अभिभावकविहीन विद्यार्थीकालागि शिक्षासहित खाना, नाना र छानाको व्यवस्था गर्ने । | अभिभावक विहीन विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| | -सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन गर्ने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी कार्यान्वयन गर्ने । | विद्यालय | ५०% | ५०% | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | सङ्घ, प्रदेश तथा नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |
| १६ | स्थानीय पाठ्यक्रममा आधारित एक विद्यालय एक व्यवसाय कार्यक्रम सञ्चालन गर्ने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिकाले विद्यालयलाई बिउपूँजी उपलब्ध गराएर सञ्चालन गर्ने । |
| १७ | शिक्षण सिकाइमा सुधार र बालमैत्री विद्यालयको विकासका लागि प्रस्तावमा आधारित अनुदान प्रणालीको कार्यान्वयन गर्ने । | आवेदक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| १८ | शिक्षक दरबन्दीको सट्टा अनुदान लिएर गुणस्तर सुनिश्चित गर्ने विद्यालयहरूका लागि कार्यक्रम गर्ने । | इच्छुक विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | संघ प्रदेश सहजीकरणमा नगरपालिकाले कार्यान्वयन |
| १९ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई व्यवस्थित बनाउने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार |
| २० | आधारभूत तहमा प्रत्येक वडामा कम्तिमा एउटा नमूना विद्यालयको विकास गर्ने । | वडा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २१ | निवृत्त शिक्षक र शिक्षाका अधिकृत कर्मचारी तथा विज्ञ सम्मिलित तेस्रो पक्षबाट विद्यालयहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने । | अनुगमन पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| | | प्रतिवेदन पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | कक्षा १ देखि कक्षा ३ सम्म कक्षाका शिक्षक व्यवस्थापन र त्यसभन्दा माथिका कक्षाहरूमा विषयगत शिक्षकको व्यवस्था हुने गरी कार्यतालिका निर्माण गरी लागु गर्ने । | कक्षा १३ सञ्चालन भएका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २३ | भूकम्पलगायत प्राकृतिक प्रकोपबाट सुरक्षित रहनका लागि विद्यालयमा सुरक्षित स्थान (Safe Zone) निर्धारण गर्ने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | १००% | १००% | नगरपालिका, वडा पालिकारविद्यालयहरू |
| २४ | नमूना विद्यालय विकासका लागि अनुदानको व्यवस्था गर्ने । | विद्यालय | १।१ | १।१ | १।१ | १।१ | १।१ | ५-५ | ३९% | संघ, प्रदेश तथा नगरपालिका |
| २५ | प्रारम्भिक पठन सीप कार्यक्रमसँग सम्बन्धित घर र विद्यालयमा पढाइ कुना निर्माण, समुदायमा घुम्ती पढाइ, पढाई कुना निर्माण र सञ्चालन, स्थानीय स्तरमा परम्परागत लोककथाहरू सङ्कलन र वाचन, स्थानीय एफएम तथा रेडियोमा आधारित कार्यक्रम सञ्चालन, अभिभावक र समुदायका व्यक्तिहरुको सहभागितामा पढाइ मेला आयोजना लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने । | १-३ कक्षा सम्म | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | नगरपालिका, वडा पालिका र विद्यालयहरू |
| २६ | स्थानीय पाठ्यक्रम र अन्य क्रियाकलापमार्फत विद्यार्थीहरूसँग सहकार्य गरी हरित विद्यालय र बालउद्यान प्रवर्धन तथा वन्यजन्तु र मानिसबिचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि कार्यक्रमहरू सञ्चालन गर्ने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | नगरपालिका, वडा पालिका र विद्यालयहरू |
| २७ | -शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना गर्ने ।<br>-विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | सङ्घ, प्रदेश तथा नगरपालिका |
| २८ | सरकारी कोषबाट तलब खाने कुनै पनि पदमा जागिर खानका लागि कम्तिमा पनि आधारभूत तहको शिक्षा पूरा गरेको योग्यता निर्धारण गरी सोको कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | नगरपालिका |
| २९ | विद्यालय विज्ञान प्रयोगशाला, ICT ल्याब, STEAM Lab/Makerspace, महिनावारी व्यवस्थापन कक्ष, पुस्तकालय, जस्ता पक्षहरुको व्यवस्थापन गर्ने । | सबै विद्यालय | ६ | ६ | ६ | ६ | २ | २६ | १००% | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३० | खेल शिक्षक, स्वास्थ्यकर्मी, विद्यालय प्रशासन, लेखा कर्मचारी आदि जनशक्तिको व्यवस्थापन गर्ने । | सबै विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | १४ | |
| ३१ | आपत्कालिन तथा संकटपूर्ण अवस्था र महामारीको अवस्थामा वैकल्पिक सिकाइका तरिकाहरु अवलम्वन गरी सिकाइ निरन्तरता कायम गर्ने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | |
| ३२ | विद्यालयसँग सामुदायिक प्रहरी तथा ट्राफिक प्रहरी कार्यक्रम सञ्चालन गर्ने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | |
| ३३ | विद्यालय दिवस तथा शिक्षा दिवस अवसरमा सरोकारवालासँग अन्तर्क्रिया, विद्यालयस्तरीय खेलकुद, बालदिवस जस्ता कार्यक्रम सञ्चालन गर्ने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | |
| ३४ | शिक्षकद्वारा निर्मित कम मूल्य पर्ने/मूल्य नपर्ने शैक्षिक सामग्रीको निर्माण, नियमित प्रयोग तथा प्रदर्शन कार्यलाई नियमितता दिने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | |
| ३५ | नवीनतम, समावेशी, बालमैत्री, लैङ्गिकमैत्री तथा प्रविधिमैत्री शिक्षण विधिहरुको प्रयोग गर्ने । | सबै शिक्षकहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | |
| ३६ | न्यूनतम साधनश्रोतयुक्त कक्षाकोठा व्यवस्थापन गर्ने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | |

## ३.४ माध्यमिक शिक्षा (९–१२)

कक्षा (९-१२) को शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवन उपयोगी, उत्पादनमूलक, प्रविधियुक्त र व्यवहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको धार लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भविश्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। प्राविधिक र व्यवसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरुलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्दछ। यसरी विद्यार्थीहरुलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरुलाई ध्यानमा राखेर ठाकुरबाबा नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमुलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.४.१ परिचय :

मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने उद्देश्यले दिइने माध्यमिक शिक्षालाई नेपाल सरकारको शिक्षा नीतिले सधारण र प्राविधिक एवं व्यवसायिक जनशक्ति उत्पादन हुने गरी दुई धारको शिक्षा पद्धति अवलम्वन गरेको छ। नेपालको संविधान २०७२ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क शिक्षाको रुपमा व्यवस्थापन गर्न निर्देशित गरेको पाइन्छ भने माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने अधिकार र कर्तव्य क्षेत्र स्थानीय तहलाई तोकेको छ । शिक्षक विद्यार्थीको अनुपातमा दक्ष जनशक्ति अर्थात शिक्षकको अभाव रहनु, विषयगतरुपमा गणित , विज्ञान र सूचना प्रविधि क्षेत्रका राम्रा दक्ष जनशक्ति शैक्षिक क्षेत्रमा काम गर्न आकर्षित नहुनु, एकै पटक विद्यालयको भौतिक विकासका लागि आवश्यक पर्ने विकास खर्च शिक्षा क्षेत्रले प्राप्त गर्न नसक्नु, आधारभूत तहको शिक्षा पूरा गरेका विद्यार्थीहरुको आर्थिक, सामाजिक र शारीरिक अवस्थाका कारण माध्यमिक तहमा भर्ना हुन नसक्नु, विद्यालयका भौतिक संरचनाहरु विपत् तथा जोखिमका दृष्टिकोणले सुरक्षित नहुनु, सूचना तथा सञ्चार प्रविधि र आधुनिक विश्व बजारको माग अनुरुपको शिक्षा प्रदान गर्न सक्ने पर्याप्त दक्ष जनशक्ति शिक्षा क्षेत्रमा नहुनु , व्यवसायिक तथा प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण कम हुनु तथा यस्तो शिक्षा आर्थिक रुपले महंगो हुनु जस्ता अनेकन समस्या र चुनौतीहरु माध्यमिक शिक्षाका क्षेत्रमा पनि छन् । यसै गरी माध्यमिक शिक्षा विकासका केही अवसरहरु अन्तर्गत राज्यको शिक्षा नीतिले माध्यमिक तहसम्मको शिक्षालाई राज्यको दायित्व भित्र समेट्नु, संविधानका शिक्षासम्बद्ध प्रावधानहरु जनपक्षीय रहनु, स्थानीय तहले स्थानीयस्तरमा नै माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थापन गर्ने अधिकार पाउनु, हरेक वडा तहमा माध्यमिक तहसम्मको विद्यालय र पहुँचभित्र प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरु रहनु,संघ संस्था तथा दातृ निकायहरुको सहयोग र संलग्नता शिक्षा विकासका क्षेत्रमा सकारात्मक रहनु, शिक्षाको बजेट, कार्यक्रम तथा योजनाहरु स्थानीयस्तरमै बनाउन पाउनु, सामुदायिक संघसंस्था, समूह , भर्खरै मात्र सरकारद्वारा तयार गरिएको विद्यालय शिक्षा क्षेत्रगत योजना कार्यान्वयनका चरणमा रहनु, सहकारी र व्यक्तिको समेत शिक्षा विकासमा चासो र सहयोग रहनु जस्ता पक्षहरु अवसरका रुपमा लिन सक्ने अवस्था सिर्जना भएका छन् ।

### ३.४.२ वर्तमान अवस्था

स्थानीय ठाकुरबाबा नगरपालिकाको माध्यमिक शिक्षामा पहुँच तथा गुणस्तरको अवस्था हेर्ने हो भने ९ वटै वडामा १/१ वटा सरकारी (सामुदायिक) माध्यमिक विद्यालय र ८ वटा निजी तथा गुठी प्रकृतिका संस्थागत विद्यालय गरी १७ वटा विद्यालयमा माध्यमिक तहको उमेर समूहको जनसङ्ख्याको करिब ७८ प्रतिशत बालबालिका आधारभूत तहको शिक्षा पूरा

गरी माध्यमिक तहको शिक्षाको पहुँचमा रहेको र माध्यमिक विद्यालयको उत्तीर्ण प्रतिशत र सिकाइ उपलब्धिको अवस्था सबै विद्यालयको एकनासको र गुणस्तरको हिसाबले उत्कृष्ट हुन नसकेको अवस्था देखिन्छ । माध्यमिक तहको शिक्षा प्रदान गर्ने विद्यालयमा विषयगत स्थायी दरबन्दीका सक्षम शिक्षकहरुको सङ्ख्या पर्याप्त हुन नसकेको, विद्यार्थीको अनुपातमा शिक्षकको कमीलाई आपूरण हुने गरी नगरपालिकाको आन्तरिक बजेटबाट थप शिक्षकको व्यवस्था भएको, माध्यमिक सबै विद्यालय भौतिक क्षमता मानवीय स्रोत, आर्थिक स्रोत, सुशासन , शैक्षणिक सु-व्यवस्थापन कम्प्युटर तथा सूचना प्रविधिको पूर्ण पहुँच, विज्ञान प्रयोगशाला , पुस्तकालय, हरित विद्यालय , विद्यालय वास कार्यक्रम , विद्यालय दिवा खाजा जस्ता कार्यक्रमबाट पूर्ण व्यवस्थित हुन नसकेको अवस्था छ। शिक्षकका लागि नियमित पेशागत सहयोग, विद्यालय अनुगमन पृष्ठपोषणमा कमी रहेको पाइन्छ ।

भएका विद्यालय मध्ये २ वटा माध्यमिक विद्यालयमा प्राविधिक धार र २ वटा मा.वि. मा अङ्ग्रेजी माध्यमबाट समेत शिक्षण भैरहेको र थप १ वटा विद्यालयलाई प्राविधिक धार चलाउन सहयोग प्रदान गर्ने तयारी भएको छ। शिक्षकको नियुक्ति, सरुवा, बढुवा वृत्ति विकासको  नै चित्त बुझ्दो व्यवस्थापन हुन सकेको छैन । माध्यमिक शिक्षामा समावेशिता र समुदायको सहभागिता सन्तोषजनक भएता पनि माध्यमिक तहको शिक्षाको गुणस्तरीय सुधारका लागि नगरपालिका भरिका शिक्षा सरोकार पक्षबाट तपशिलका सुझाव प्राप्त भएकाले योजनाको कार्यक्रम निर्माणको आधार र प्राथमिकतामा निम्न सुझावलाई प्राथमिकता दिएको छ ।

(१) यस अधि लेखिएका कक्षा (१-३), कक्षा (४-५) र (६-८) का आधारभूत तहका लागि भनि उल्लिखित सान्दर्भिक हुने बुँदाहरुको सबै,

(२) विद्यालयले वडामा रहेका प्रा.वि., नि.मा.वि. बाल विकास केन्द्र लगायत आधारभूत तहसम्म सञ्चालित सबै विद्यालयहरुको नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने,

(३) एउटा वडामा एउटा धार प्रविधिक र एउटा धार प्राज्ञिक अर्थात् साधारण धार भएको विद्यालय स्थापित गरिनु पर्ने,

४) प्राविधिक तथा साधारण धारका विद्यालयलाई विद्यालय सञ्चालनमा लाग्ने सम्पूर्ण खर्चको बढीमा १०% सम्म खर्च विद्यालय रहेको सेवा क्षेत्रको समुदाय वा अभिभावक र विद्यार्थीले व्यहोरे पनि ९०% खर्च सबै स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले गरी ३ वटै सरकारले व्यहोरी विद्यालयलाई सविधानको प्रावधान अनुरुप निःशुल्क बनाइनु पर्ने ,

५. एउटा शिक्षक बिरामी हुँदा वा बिदामा बस्दाको वैकल्पिक प्रावधानसहित सबै मा.वि.मा पढाउने विषयहरुका लागि आवश्यक दक्ष, तालिम प्राप्त योग्य शिक्षक विषयगत रुपमा पर्याप्त हुनुपर्ने ,

६. विद्यालयमा सबै शिक्षक र विद्यार्थीको पहुँच र प्रयोगमा आएको ICT ल्याव पुस्तकालय, विज्ञान प्रयोगशाला, सामाजिक प्रयोगशाला, गणित प्रयोगशाला, विद्युतको पर्याप्त सुविधा हुनुपर्ने,

७. विद्यार्थी १२ कक्षा पास गरेर निस्कनासाथ कि क्याम्पसमा, कि खेतवारी, उद्योग व्यवसायमा कि भने कुनै नोकरी तथा सेवामा सिधै जोडिने प्रबन्धसहितको शिक्षालाई जीवनोमुखी बनाउने प्रक्रिया स्थापित गरिनु पर्ने,

८. वि.नि., प्राविधिक, प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र तहगत इन्चार्जहरुले नियमित कक्षा अवलोकन, कक्षा निरीक्षण, पृष्ठपोषण दिने गरी संयन्त्र निर्धारण गर्नुपर्ने,

९. विद्यार्थीलाई ऐच्छिक विषयहरु र उच्च शिक्षाको विषय छनौटमा उसको ज्ञान सीप एवम् क्षमताको र व्यवहारको अध्ययनको आधारमा शिक्षकले सहयोग गर्ने वातावरण बनाइनु पर्ने,

१०. पढाइका साथै अतिरिक्त क्रियाकलाप, खेलकुद, सँगीत, कला, व्यक्तित्व र नेतृत्व क्षमता विकास र प्रदर्शन, साहित्य रचना र प्रकाशन लगायत सिर्जनात्मक कार्यका अवसर र सहभागिताको वातावरण बनाइदिनु पर्ने,

११. विषय शिक्षक, स्रोत शिक्षक, विज्ञ तथा अनुभवीसँगको साक्षात्कार, अध्ययन भ्रमण तथा शैक्षिक भ्रमण, परियोजना कार्य, सानो तिनो खोज अनुसन्धान र प्रतिवेदन तयार पार्ने कार्य जस्ता कार्यमा संलग्न गराउनु पर्ने ।

### ३.४.३ लक्ष्य

ठाकुरबाबा नगरपालिकाको माध्यमस्तरको शैक्षिक जनशक्ति तयार गर्ने क्रममा मानवीय मूल्यका साथै कला संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहार आर्जन गरेका प्राज्ञिक र प्राविधिक रुपले सक्षम जनशक्ति उत्पादन गर्ने ।

### ३.४.४ उद्देश्य

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई सीपमुलक र प्रविधियुक्त गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने,
२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ,
३. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ,
४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
५. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने ,
६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण मनोरम, बालमैत्री, समावेशी, सुरक्षित र दण्डरहित बनाउने,
७. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउन सुविधासहितको सक्षम प्र.अ. र विद्यालय कर्मचारी व्यवस्था गर्ने ,
८. विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउने ,
९. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउने व्यवहारिक ज्ञान, सीप अभिवृत्ति प्रदान गर्न सक्ने बनाउन शिक्षकलाई तालिम प्राप्त बनाउने ,
१०. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ,
११. आधुनिक सूचना र प्रविधिमा सहज पहुँच राख्न सक्ने जनशक्ति तयार पार्न विद्यालयलाई आधुनिक सूचना प्रविधियुक्त बनाउने ,
१२. माध्यमिक तहमा पहुँच, समता, गुणस्तर, आन्तरिक सक्षमता तथा उत्तरदायित्व सुनिश्चित गर्ने ,

### ३.४.५ रणनीतिहरु

१ विद्यालयहरूको नक्साङ्कन गर्ने,
२ सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
३. निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
४. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
५. विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
६. वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
७. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
८. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
९. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
१०. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
११. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
१२. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
१३. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

१४. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ,
१५. सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गर्ने,
१६. आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,
१७. माध्यमिक तहको शिक्षण सिकाइ क्रियाकलापमा समालोचनात्मकता, रचनात्मकता, सिर्जनशिलता र उत्पादनशिलतालाई जोड दिने,
१८. हाल सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुमा दैनिक जीवनमा आवश्यक पर्ने र पेसागत तथा व्यवसायिक सीप विकासका लागि कार्यशालाको स्थापना गर्ने,
१९ विद्यालयमा स्थानीय कला, संस्कृति, इतिहास र रहनसहन तथा आफ्नो नगरपालिका, जिल्ला, देश र विश्वको परिचय दिने खालका सामग्री र फोटोहरु सङ्कलन गरी सँग्रहालय, पुस्तकालय र प्रयोगशालाको निर्माण गर्ने,
२०. माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई विभिन्न पेशागत क्षेत्र तथा भावी जीवनको पेशाका विषयमा परामर्श दिने,
२१. स्थानीयस्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय श्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने,
२२. विद्यालयका शिक्षकहरूलाई अनिवार्यरुपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि नगरपालिकाले सुरुमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने,
२३. अन्तर पालिका भित्रका नमूना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाउने,
२४. विद्यार्थीहरुमा उद्यम सिलता र व्यवसायिकताको विकास गर्न पालिकाले एउटा उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने,
२५. बालबालिकाहरूलाई समुदायस्तरमा परियोजना कार्यको माध्यमद्वारा अध्ययन गर्ने वातावरण निर्माण गर्ने,
२६. कक्षागत क्रियाकलापहरू सञ्चालन गर्दा व्यवहारको माध्यमद्वारा प्रयोगात्मक, प्रदर्शन, चित्र, भिजिवल डकुमेन्ट्रीको माध्यामद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने ।(जस्तैः भात पकाउँदा विज्ञानका कुन कुन नियमहरूको प्रयोग हुन्छ, शक्ति, वाष्प, सुचालक र कुचालक आदि),
२७. आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सीपमुलक, रोजगारीमुलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरूसँग समन्वय गर्ने,
२८. स्थानीयस्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाव्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने,
२९. विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा सञ्चालन गर्ने र अभिभावकहरूको सहभागिता सुनिश्चत गर्ने,
३०. सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गर्ने,
३१. छोटो अवधिको प्राविधिक सीप सम्बन्धी तालिम केन्द्रहरू सञ्चालन गर्ने,
३२. हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाइ क्रियाकलापमा हुने सुनिश्चितता गर्ने,
३३. नमुना विद्यालयका गतिविधिहरु अन्य सामुदायिक विद्यालयमा अभिमुखीकरण गराउने र सहकार्यको वातावरण निर्माण गर्ने ,
३४. प्राज्ञिक अनुगमन र सुपरीवेक्षणको माध्यमबाट शैक्षिक सहायता प्रदान गर्न अनुभवी शिक्षकहरु मध्येबाट स्रोत शिक्षक नियुक्त (Resource Teacher) गर्ने ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

**प्रमुख नतिजाः**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भइ खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ,
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुनेछ,
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ,
४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ,
५. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुनेछ,
६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ,
७. माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ,
८. सूचना तथा सञ्चार प्रविधिको उपयोग भइ विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ,
९. माध्यमिक तहको शिक्षामा सुशासन कायम भएको हुनेछ,
१०. माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुनेछ ।
११. माध्यमिक विद्यालयहरुलाई उत्कृष्ट सिकाइ केन्द्रको रुपमा ( Center of Excellence ) विकास भएको हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१. निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी,
२. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन,
१. विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर,
२. मापदण्डअनुसार शिक्षक व्यवस्था,
३. सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने ,
४. आवश्यकता अनुसार खुला तथा दूर शिक्षालगायतका वैकल्पिक प्रबन्ध,
५. विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास,
६. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण,
७. शिक्षक क्षमता विकास,
८. विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन,
९. सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास,
१०. शिक्षक सहायता प्रणालीको पुनर्संरचना,
११. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम,
१२. अपाङ्गता भएका विद्यार्थीलाई सहयोग,
१३. निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था,
१४. कक्षाकोठामा आधारित मूल्याङ्कन,
१५. व्यवस्थित परीक्षा प्रणाली,
१६. शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना,
१७. वि.व्य.स, शि.अ.सं,का पदाधिकारीहरूको क्षमता विकास,
१८. अभिभावक अभिमुखिकरण र सहभागिता,
१९. लक्षित बालबालिकाहरूका लागि आवासीय प्रबन्ध ।

**ग) प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

**तालिका ३.४: माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि निर्देशिकाहरुको तयारी र कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | २ | संघ ,प्रदेश र नगरपालिका |
| २ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | - | - | - | - | १ | २ | नगरपालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | २ | संघ (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार र नगरपालिका |
| | | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | १०० | |
| ४ | विद्यालयमा मापदण्ड अनुसार नपुग शिक्षक व्यवस्था | दरबन्दी नपुग विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | नगरपालिका र प्रदेश सरकार |
| ५ | सिर्जनात्मक तथा नवपर्वतनात्मक क्रियाकलापका लागि विद्यालयहरुलाई प्रस्ताव र कामका आधारमा प्रोत्साहन अनुदान | इच्छुक विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | नगरपालिका |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर शौचालय, खानेपानी, खेलमैदान घेराबार खाजा घर आदि) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | संघ ,प्रदेश र नगरपालिका (विद्यालय भौतिक सुधारको क्रियाकलाप अनुसार |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यालय | ९ | ( | ( | ( | ९ | ९ | ९ | संघ, प्रदेश र नगरपालिका |
| | | पटक | १ | ( | ( | ( | १ | २ | २ | |
| ८ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरुको कार्यान्वयन | कक्षा प्रतिशत | ९ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वयमा (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ९ | व्यवहार कुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १०० | १०० | संघ, प्रदेश तथा स्थानीय तह (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) |
| १० | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परीस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने | योजना तयारी पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | १०० | योजना निर्माणमा संघ र प्रदेश सरकारको समन्वयमा नगरपालिकाबाट कार्यान्वयन |
| | | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | १०० | १०० | |
| ११ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतको प्रयोगमा वृद्धि गर्न आवश्यक पूर्वाधारसहितको संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १०० | १०० | संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहजीकरणमा स्थानीय तहबाट कार्यान्वयन । |
| १२ | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संरचना | तयारी कोर्स र कार्यक्रम विकास | २ पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १० पटक | २० पटक | संघ/विश्वविद्यालय तथा प्रदेश सरकार र नगरपालिका (शिक्षक व्यवस्थापन विकासको क्रियाकलाप अनुसार) |
| | | सहायता संरचना | ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३ | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, ईन्जिनियरिङ्ग, कला र गणित शिक्षा (STEAM)जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | विद्यालय | २ | २ | २ | २ | १ | ९ | १००५ | संघ, प्रदेश तथा नगरपालिकाको सहकार्य सह लगानीमा |
| १४ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश र नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १५ | वि.व्य.स., शि.अ.सं. पदाधिकारीको क्षमता विकास | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रदेश तथा स्थानीय तह |
| १६ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | विद्यार्थी सङ्ख्या | ३०७१ | ३१५० | ३३१० | ३४७५ | ३६५० | | | संघ, प्रदेश र नगरपालिका (पाठ्यपुस्तक तथा छात्रवृत्तिका क्रियाकलाप अनुसारसमेत) |
| | आर्थिक रुपमा विपन्नका लागि सहयोग र छात्रवृत्ति कार्यक्रम | विद्यार्थी सङ्ख्या | ७५० | ७८७ | ८२२ | ८६३ | ९१० | | | |
| | अभिभावकविहिन बालबालिकाका लागि खाना, नाना र छानाको व्यवस्था | विद्यार्थी सङ्ख्या | २० | २२ | २५ | २८ | ३१ | ३५ | | |
| | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यार्थी सङ्ख्या | ३८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | |
| १७ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | संघ, प्रदेश र नगरपालिका (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |
| १८ | स्थानीय पाठ्यक्रममा आधारित सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | प्रदेश सरकारको प्राविधिक सहयोगमा पालिकाले बिउ पूँजी उपलब्ध गराएर सञ्चालन गर्ने। |
| १९ | भूकम्पलगायत प्राकृतिक प्रकोपबाट सुरक्षित रहनका लागि विद्यालयमा सुरक्षित स्थान (Safe Zone) को निर्धारण र सोको कार्यान्वयन गरिने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका,वडा, विद्यालयहरू |
| २० | स्थानीय पाठ्यक्रम र अन्य क्रियाकलापमार्फत विद्यार्थीहरूसँग सहकार्य गरी हरित विद्यालय र बालबगैचा प्रवर्धन तथा वन्यजन्तु र मानिस बिचको द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि कार्यक्रमहरू सञ्चालन गरिने । | | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका, वडा, विद्यालयहरू |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २१ | माध्यमिक तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | माध्यमिक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका(पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलाप अनुसार) |
| २२ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | प्रणाली सङ्ख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश तथा नगरपालिका |
| | | विद्यालय | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | |
| २३ | नमुना एवम् बृहत विद्यालयको विकास | विद्यालय | १ | | १ | | १ | ३ | ३ | संघ, प्रदेश तथा नगरपालिका |
| २४ | विशेषज्ञ सम्मिलित तेश्रो पक्षबाट विद्यालयको अनुगमन, सुपरिवेक्षण र प्रतिवेदन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| २५ | शिक्षण सिकाइ विज्ञान, प्रविधि, इञ्जिनियरिङ, कला र गणित (STEAM) लाई हरेक विषयमा अन्तरसम्बन्धित गरी विद्यार्थीहरुमा तदनुरुपको ज्ञान, सीप र क्षमताका विकास गरिने । | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ, प्रदेश तथा नगरपालिका |
| २६ | विद्यालय विज्ञान प्रयोगशाला, ICT ल्याव, STEM, महिनावारी व्यवस्थापन कक्ष, पुस्तकालय, जस्ता सिकाइ सन्दर्भ पक्ष व्यवस्थापन | सबै विद्यालय | ६ | ६ | ६ | ६ | २ | २६ | १००% | विद्यालय विज्ञान प्रयोगशाला, ICT ल्याव, STEM, महिनावारी व्यवस्थापन कक्ष, पुस्तकालय, जस्ता सिकाइ सन्दर्भ पक्ष व्यवस्थापन |
| २७ | खेल शिक्षक स्वास्थ्यकर्मी, विद्यालय प्रशासन, लेखा कर्मचारी आदिको प्राविधिक व्यवस्थापन | सबै विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | १४ | खेल शिक्षक स्वास्थ्यकर्मी, विद्यालय प्रशासन, लेखा कर्मचारी आदिको प्राविधिक व्यवस्थापन |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २८ | आपतकालिन तथा संकटपूर्ण अवस्था र महामारीको अवस्थामा वैकल्पिक सिकाइका तरिकाहरु उपयोग गरी निरन्तर सिकाइ कायम गर्ने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | आपत्कालिन तथा संकटपूर्ण अवस्था र महामारीको अवस्थामा वैकल्पिक सिकाइका तरिकाहरु उपयोग गरी निरन्तर सिकाइ कायम गर्ने |
| २९ | विद्यालयसँग सामुदायिक प्रहरी तथा ट्राफिक प्रहरी कार्यक्रम | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | विद्यालयसँग सामुदायिक प्रहरी तथा ट्राफिक प्रहरी कार्यक्रम |
| ३० | विद्यालय दिवस, सरोकारवालासँग अन्तर्क्रिया नगरस्तरीय खेलकुद, विद्यालय दिवस, शिक्षा, बाल दिवस जस्ता कार्यक्रम गर्ने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | १००% | विद्यालय दिवस, सरोकारवालासँग अन्तर्क्रिया नगरस्तरिय खेलकुद, विद्यालय दिवस शिक्षा, बालदिवस जस्ता कार्यक्रम गर्ने |
| ३१ | स्रोत साधन सम्पन्न आवासीय सामुदायिक विद्यालय सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | १ | | | | | | | | नगरपालिका |

## ३.५ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

स्नातक र स्नातकोत्तर तहसम्मको विज्ञान विषय बाहेक अन्य विषयको शिक्षा प्रदान गर्नको लागि यस नगरपालिकामा २ वटा बहुमुखी क्याम्पस भुरीगाउँ र बगनाहामा अवस्थित रहेका छन् । उच्च शिक्षाको व्यक्तिगत र सामाजिक आवश्यकता परिपूर्ति गर्न सबैको सहज पहुँच सुनिश्चित गर्न समुदायस्तरबाट सञ्चालित यी क्याम्पसहारुलाई स्थानीय पालिका, प्रदेश र केन्द्रस्तरको शैक्षिक अनुदान सहयोगहरुबाट जेनतेन सञ्चालन खर्च र भौतिक व्यवस्थापन खर्च जुटेको पाइन्छ तर उच्च शिक्षाको गुणस्तरीय विकासको लागि यो अपर्याप्त छ ।

### ३.५.१ परिचय

शिक्षाको उच्च स्तरीय जनशक्ति उत्पादनका लागि राज्यद्वारा अनुमति वा अनुदान दिइ सञ्चालन गरिने शैक्षिक संस्थाहरु उच्च शिक्षा प्रदायक संस्था अन्तर्गत पर्दछन् । चलनचल्तीको भाषामा कलेज वा क्याम्पसस्तरको शिक्षाबाट दीक्षित हुने व्यक्तिलाई उच्चस्तरीय जनशक्ति भन्ने गरिन्छ । विषयगत विज्ञता, खोज अनुसन्धान, कारणसहितको तर्क र प्रमाण एवं प्रयोग गरी सिद्धान्त तथा ज्ञानलाई व्यवहारमा प्रदर्शन गर्न सक्ने क्षमता उच्च शिक्षा प्राप्त गरेको व्यक्तिमा हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता रहँदै आएको छ । स्थानीय परिवेश अनुसारको स्रोत साधन र वस्तुस्थितिलाई गहन अध्ययन गरी स्थानीय समाज अनुकूलको उच्च शिक्षा प्रदान गर्न स्थानीय उच्च शिक्षालयहरु महत्वपूर्ण हुने हुँदा हरेक स्थानीयस्तरमा उच्च शिक्षाको व्यवस्थापनका लागि विषयगत र उच्च तहगत क्याम्पसहरुको गुणस्तरीय सञ्चालन हुन आवश्यक छ । नेपालको संविधान २०७२ ले विश्वविद्यालय तथा केन्द्रीय पुस्तकालयको सञ्चालन व्यवस्थापन संघीय सरकारले गर्ने, प्रादेशिक विश्वविद्यालय र क्याम्पसहरुको व्यवस्थापन प्रदेश सरकारले गर्ने र स्थानीय जनतालाई उच्च शिक्षाको अवसरका लागि आवश्यक वातावरण स्थानीय सरकारले तयार गर्ने गरी अधिकार र दायित्वको बाँडफाँड भएको पाइन्छ ।

भौतिक सुविधा व्यवस्थापन गर्न नसक्नु उच्च शिक्षाका लागि पर्याप्त, गुणस्तरीय र दीगो एवं स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापन गर्न नसक्नु, माध्यमिक तह पूरा गरी उच्च शिक्षा प्राप्त गर्ने अवसर अति कम विद्यार्थीहरुले मात्र प्राप्त गर्नु, निजी तथा सामुदायिक क्याम्पसहरुले सञ्चालन खर्च विद्यार्थीबाट लिनु पर्ने बाध्यताका कारण उच्च शिक्षा महंगो हुनु, स्थानीयस्तरमा पाठ्यसामग्री पर्याप्त नपाइनु, प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरका लागि ठूला सहर बजार नै पुग्नुपर्ने बाध्यता हुनु, संघसंस्था र व्यक्तिहरुको प्रत्यक्ष सहयोग तुलनात्मक रुपमा कम हुनु, भौतिक सुविधा, शैक्षिक सुविधा, प्रयोग, अनुसन्धान जस्ता अवसरहरु स्थानीय उच्च शिक्षालयहरुमा न्यून हुनु जस्ता समस्या र चुनौतीहरुले स्थानीय उच्च शिक्षाको गुणस्तरीय विकासको अवस्था नाजुक देखिन्छ भने स्थानीयस्तरको सामुदायिक सहयोगमा दुई वटा क्याम्पसहरु स्थापना हुनु, विषयगतरुपमा अध्यापन गर्ने शिक्षकहरु न्यून पारिश्रमिकमा र आंशिक समयमा काम गर्नका लागि पाउनु, विश्वविद्यालय अनुदान आयोगबाट बेलाबखतमा सहयोगहरु प्राप्त हुनु, प्रदेश सरकार र स्थानीय तहको समेत आंशिक सहयोगहरु बेलाबेलामा प्राप्त हुनु, उच्च शिक्षा र स्थानीय शिक्षाका लागि स्थानीयले जग्गा किनबेच गर्दा राजश्व रकमको १ प्रतिशत नियमित सहयोग गर्नु, धार्मिक तथा अन्य क्षेत्रहरुबाट समेत सहयोग प्राप्त हुनुलाई उच्च शिक्षाको विकासको लागि देखिने अवसरका रुपमा लिन सकिन्छ ।

### ३.५.२ वर्तमान अवस्था

ठाकुरबाबा नगरपालिका भित्र क्षेत्रमा स्नातक र स्नातकोत्तर तहसम्मको शिक्षा व्यवस्थापन मानविकी र शिक्षा संकाय अन्तर्गतसम्मको शिक्षा प्रदान गर्ने काम भएको छ । चुरे बहुमुखी क्याम्पस बगनाहामा स्नातकोत्तरसम्मको शिक्षा र मनुषा टिका सिंह थापा बहुमुखी क्याम्पसमा स्नातक तहसम्मको शिक्षा प्रदान गरिदै आएको छ । हाम्रो पालिका भित्रका माध्यमिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण भइ सकेपछि लगभग एक चौथाइ विद्यार्थीहरु उच्च शिक्षाका लागि स्थानीय र

बाहिरका क्याम्पसमा जान्छन् भने बाँकी विद्यार्थीहरु आफ्नो अध्ययनलाई थाँती राखी अन्य पेशा व्यवसाय र आआफ्ना कर्ममा लाग्दछन् यसको अर्थ अझै पनि १२ कक्षा पास पछिको ठूलो जनशक्ति उच्च शिक्षाको पहुँच बाहिर छ। यसैगरी लगभग १५ प्रतिशत १२ पास गरेको जनशक्तिले पालिका बाहिर गइ उच्च शिक्षा तथा प्राविधिक शिक्षा आर्जन गरिरहेको अवस्था देखिन्छ। स्थानीय आवश्यकता र औचित्यका आधारमा पालिका भित्रका ९ वटै सामुदायिक माध्यमिक विद्यालयमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गर्नुपर्ने अवस्था छ। माध्यमिक तहका श्री चुरे मा.वि. र श्री त्रिभुवन मा.वि. बाट उत्पादित प्राविधिक विषयका विद्यार्थीहरु उच्च अध्ययनका लागि बाहिर जानु भन्दा पालिका भित्र नै प्राविधिक तर्फको उच्च शिक्षाको अवसर भए थप विशेषज्ञतासहित पालिकामा नै कार्यक्षत्र बनाउने थिए तर आजसम्म हाम्रो पालिकामा प्राविधिक शिक्षाका लागि उच्च शिक्षा प्रदान गर्ने संस्थाको आवश्यकता देखिन्छ। यसर्थ हाल रहेका २ वटा क्याम्पसहरु मध्ये एउटालाई साधारण तर्फ र अर्कोलाई प्राविधिक तर्फको उच्च शिक्षा प्रदान गर्ने संस्थाका रुपमा विकसित गर्नु पर्ने देखिन्छ। विद्यार्थी सङ्ख्या र विषयगत सन्तुलनका लागि पनि प्राज्ञिक र प्राविधिक दुवै उपयुक्त नै देखिन्छन्। क्याम्पसमा पढाउने शिक्षकको पारिश्रमिक प्रदान गर्न समेत क्याम्पससँग पर्याप्त स्रोत नहुँदा पूर्णकालीन शिक्षकको व्यवस्थापन र गुणस्तरीय शिक्षा प्रदान गर्न सकेको अवस्था छैन। अधिकांश आंशिक शिक्षकहरुबाट क्याम्पसहरु सञ्चालन भइ रहेका छन्। प्रदेश सरकारको दायित्व र अधिकार क्षेत्र भित्र पर्ने क्याम्पस व्यवस्थापनमा स्थानीय पालिकाको नियमित सहयोग हुन सकेको पाइदैन। यी सबै अवस्थामा सुधार र विकास गरी गुणस्तरीय उच्च शिक्षाको अवसर सबैलाई सुनिश्चित गर्न क्याम्पसको भौतिक शैक्षिक, आर्थिक, व्यवस्थापकीय, पक्षहरुमा दीर्घकालीन सोंचसहितको सुधार आवश्यक छ र उक्त सुधारका लागि आवश्यक सहयोग पुऱ्याउन सरोकार क्षेत्रबाट आएका सुझावहरुको आधारमा यो शिक्षा योजनामा कार्यक्रमहरु तय गरिएका छन्।

### उच्च शिक्षा विद्यार्थी भर्ना विवरण

| तह | संकाय | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | | | मानविकी | | | व्यवस्थापन | | | | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| स्थानतक | २६२ | १११ | ३७३ | १५७ | १११ | २६८ | २१० | १६२ | २०९ | ६२९ | ३८४ | १०१३ |
| स्नातकोत्तर | १४ | ११ | २५ | ० | ० | ० | ४८ | ९९ | १४७ | ६२ | ११० | १७२ |

(क)

| तह | संकाय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्णकालिन | | | आंशिक | | | जम्मा | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| स्नातक | ० | ७ | ७ | १ | २९ | ३० | १ | ३६ | ३७ |
| स्नाकोत्तर | ० | १ | १ | ० | ९ | ९ | ० | १० | १० |

### उच्च शिक्षा विषयगत जनशक्ति विवरण

| विषय | जम्मा | महिला | पुरूष |
|---|---|---|---|
| व्यवस्थापन | ८ | १ | ७ |
| गणित | ३ | ० | ३ |
| अंग्रेजी | ७ | ० | ७ |
| नेपाली | ६ | ० | ६ |
| स्वास्थ्य | ६ | ० | ६ |

| | | | |
|---|---|---|---|
| समाजशास्त्र | ४ | ० | ४ |
| कानुन | २ | ० | २ |
| राजनीतिशास्त्र | २ | ० | २ |
| अर्थशास्त्र | ४ | ० | ४ |

### (ख) स्थानीय समस्या र चुनौतीहरू

(१) स्थानीय उच्च शिक्षा प्रदायक क्याम्पसहरुको भौतिक, मानवीय स्रोत, आर्थिक र व्यवस्थापकीय एवं प्रशासनिक क्षमता वृद्धि गर्नुपर्ने,

(२) नगरपालिका क्षेत्रमा भएका २ वटा क्याम्पस मध्ये १ वटा क्याम्पसलाई प्राविधिक क्याम्पस र एउटालाई प्राज्ञिक क्याम्पस बनााउनुपर्ने,

(३) क्याम्पसको शिक्षा र जनशक्ति उत्पादन क्षमतालाई गुणस्तरीयता र प्रतिस्पर्धात्मक खरो रुपमा उत्रन सक्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा सजिलै बिक्न र टिक्न सक्ने बनाउन आवश्यक पर्ने सहयोग र आवश्यक कार्य गर्नुपर्ने,

(४) क्याम्पसको विधान र विनियम, क्याम्पस व्यवस्थापन समितिको गठन र समयवद्ध प्रजातान्त्रिक तथा आम जन विकाससहितको सर्वमान्य व्यवस्थापन समिति चयन प्रबन्ध र प्राज्ञिक व्यवस्थापन वा दखल संयन्त्र विकास गर्नुपर्ने,

(५) हरेक माध्यमिक विद्यालय, त्यस्तै उत्पादन गर्ने जनशक्ति र क्याम्पसले दिने विषय क्षेत्रगत ज्ञानलाई जोडेर विद्यालय तहदेखि नै विद्यार्थीको विषय छनौट, अध्ययन अध्यापनमा शिक्षकलाई सहयोग र परामर्श दिने कार्यक्रम क्याम्पसहरुमा तय हुने व्यवस्था गरिनुपर्ने,

(६) रिजल्ट भएपछि क्याम्पसले विद्यार्थी खोज्दै हिड्नु भन्दा पनि विद्यालयमा क्याम्पसले विद्यार्थी र शिक्षकलाई प्रदान गरेको प्राज्ञिक सेवाबाट विद्यार्थी स्वयंले म फलानो क्याम्पसमा पढ्छु भन्ने वा शिक्षकले यो विषय पढ्न त्यो ठाउँमा राम्रा शिक्षक छन् जाउ भन्ने वातावरण तयार हुनुपर्ने,

(७) क्याम्पसका शिक्षण अभ्यास, कार्यालय व्यवस्थापन, लेखा व्यवस्थापन, सामाजिक अध्ययन, व्यवसायिक अध्ययन गर्ने उचित अभ्यास स्थल विद्यालय र विद्यालयले शैक्षिक एवं शैक्षणिक परामर्श लिने स्थान क्याम्पस हुने गरी आपसी सह सम्बन्ध स्थापना गरेर विद्यालय र उच्च शिक्षलाई जोड्न सकिन्छ भन्ने मान्यता अनुसार नीति तयार गर्ने ।

(८) क्याम्पसका गतिला उत्पादन स्थानीय पालिका क्षेत्रमा नै आवश्यकता सीफारिसका आधारमा खपत गर्ने वा व्यवसायिक पूर्व अभ्यास गर्ने (इन्टर्नसीप) गर्ने गरी विकास गर्ने,

(९) विद्यालय तथा अन्य क्षेत्रका लामो अनुभवी तथा ज्ञाता विज्ञहरु क्याम्पसको शिक्षक, स्रोत शिक्षक, स्रोतव्यक्ति, सामाजिक परामर्शदाता, अध्येता र अनुसन्धानकर्ता आदिका रुपमा काम गर्ने गरी ज्ञानलाई आजीवन उपयोगमा समाजहितको क्षेत्रमा प्रयोग गर्ने वातावरण बनाउने,

(१०) सरकार र संविधानको अनुसूचीको प्राथमिकतामा छ कि छैन भन्ने पाटो भन्दा पनि सामाजिक आवश्यकता, महत्व र सामाजिक प्रभावको महत्वपूर्ण क्षेत्र कुन कुन हुन् र त्यसले समग्र शिक्षालाई कस्तो प्रभाव पार्छ भन्ने मान्यता अनुरुप कार्य गर्ने,

(११) आपसी अनुभव विनिमय, अन्तर्क्रियात्मक कार्यशाला गोष्ठी, सामाजिक, आर्थिक राजनीतिक, शैक्षिक सबालहरुमा अन्तर्क्रिया, बहस गरी ठोस धारणा सार्वजानिक गर्न सघाउने,

(१२) प्राज्ञिक सभा, सम्मेलन गोष्ठिहरु सञ्चालन गर्ने,

(१३) खोज अनुसन्धानात्मक कार्य गर्ने तथा कार्यगत अनुसन्धान एवं प्रयोगात्मक अनुसन्धानका कार्यहरु गर्ने गराउने,

(१४) नवीनतम् विधि, प्रविधि, प्रकृया तथा पद्धति र सिद्धान्तको खोज गर्ने वा सिर्जना गर्ने गराउने,

(१५) अवस्था र परिस्थितिहरु ,घटना एवं परिघटनाहरुको विश्लेषण गरी बौद्धिक/मानसिक अवसरहरुको खुलासा गर्ने,

(१६) उच्चस्तरको शिक्षा, ज्ञान सीप प्रदान गर्नुका साथै, खोज अनुसन्धान, उपाधी प्रदान गर्ने र बौद्धिक क्षेत्रको संस्थागत नेतृत्व गर्ने ।

### ३.५.३ लक्ष्य

ठाकुरबाबा नगरपालिकामा रहेका २ वटा उच्च शिक्षा प्रदायक क्याम्पसहरुलाई प्रविधिक र साधारण प्राज्ञिक धारका विभिन्न विषय शिक्षण प्रदायक शिक्षण केन्द्रका रुपमा सबल बनाई प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन एवम् अनुसन्धान गर्ने उच्च शिक्षण केन्द्रका रुपमा रहने गरी उच्च स्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा विकाउयोग्य दक्ष जनशक्ति उत्पादन गर्ने ।

### ३.५.४ उद्देश्य

१. माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुका लागि प्राविधिक र साधारण धारको उच्च शिक्षाको अवसर स्थानीयस्तरमा नै प्रदान गर्ने,
२. स्थानीयस्तरबाट नै गुणस्तरीय उच्च शिक्षाको प्रदान गरी अभिभावकको उच्च शिक्षामा हुने ठूलो लगानीलाई बचत गर्ने,
३. प्रविधिक र साधारण धारको स्थानीय समुदायको माग अनुसारको उच्च शिक्षा प्राप्त गरेको जनशक्तिको आवश्यकता परिपूर्ति गर्ने,
४. खोज अनुसन्धान लगायत शिक्षा उच्च शिक्षा क्षेत्रबाट प्राप्त हुने शैक्षिक एवं प्राज्ञिक उपलब्धिहरु सहजरुपमा प्राप्त गर्ने ,
५. रोजगारीका अवसरहरु सिर्जना गर्न र रोजगारीका अवसरहरु वृद्धि गर्ने,
६. उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
७. सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने,
८. उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउन स्थानीयस्तरमा सञ्चालित क्यापसहरुको भौतिक, मानवीय जनशक्ति, आर्थिक, क्षमता वृद्धि गरी क्याम्पसहरुलाई दिगो व्यवस्थापन गर्ने ।

### ३.५.५ रणनीतिहरु

१. स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने,
२. स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने,
३. खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत उच्च शिक्षामा पहुँचवृद्धिका लागि पहल गर्ने,
४. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न,
५. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
६. विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
७. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
८. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
९. उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजीस्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,

१०. स्थानीय तहको मानव संशाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
११. आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने,
१२. माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुका लागि प्राविधिक र साधारण धारको उच्च शिक्षाको अवसर स्थानीयस्तरमा नै प्रदान गर्ने,
१३. स्थानीयस्तरबाट नै गुणस्तरीय उच्च शिक्षा प्रदान गरी अभिभावकको उच्च शिक्षामा हुने ठूलो लगानीलाई बचत गर्ने,
१४. प्राविधिक र साधारण धारको स्थानीय समुदायको माग अनुसारको उच्च शिक्षा प्राप्त गरेको जनशक्तिको आवश्यकता परिपूर्ति गर्ने,
१५. खोज अनुसन्धान लगायत शिक्षा उच्च शिक्षा क्षेत्रबाट प्राप्त हुने शैक्षिक एवं प्राज्ञिक उपलब्धिहरु सहजरुपमा प्राप्त गर्ने,
१६. रोजगारीका अवसरहरु सिर्जना गर्न र रोजगारीका अवसरहरु वृद्धि गर्ने आधारहरु तयार गर्ने,
१७. स्थानीयस्तरमा सञ्चालित क्यापसहरुको भौतिक, मानवीय जनशक्ति, आर्थिक, क्षमता वृद्धि गरी क्याम्पसहरुलाई दिगो व्यवस्थापन गर्ने,
१८. स्थानीयस्तरमा हुने घर जग्गा तथा स्थायी सम्पत्तिको बेचविखन एवं भूमि करबाट उठ्ने रकमको निश्चित प्रतिशत रकम स्थानीय शिक्षा विकास कोषमा जम्मा गरी स्थानीय शिक्षा विकास कोषको रकमबाट उच्च शिक्षासम्म पुग्नको लागि उच्च शिक्षालाई व्यवस्थित गर्नका लागि उक्तकोष परिचालन गर्ने कार्यनीति अवलम्बन गर्ने ।

### ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

उच्च शिक्षामा पहुँच अभिवृद्धि भइ सान्दर्भिकता र गुणस्तरमा सुधार ।

**प्रमुख नतिजाः**

१. स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थीको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने,
२. स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना हुने ,
३. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
४. उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिने,
५. उच्च शिक्षामा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१. उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको स्थापना,
२. उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको न्यूनतम् भौतिक पूर्वाधार विकास,
३. अनुसन्धान केन्द्रको स्थापना,
४. शिक्षक व्यवस्था,
५. छात्रवृत्ति कार्यक्रम,
६. उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग,

**ग) प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

**तालिका ३.५: उच्च शिक्षाका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | गुणस्तरीय किसिमबाट प्राविधिक विषयहरुको अध्ययन अध्यापन गर्ने माध्यमिक विद्यालयहरुको क्षमता अभिवृद्धि | माध्यमिक विद्यालय | | १ | | | ३ | ३ | ३ | संघ, प्रदेश र नगरपालिकाको सहकार्यमा |
| २ | साधारण एवम् प्राविधिक विषय दुबैतिरका कोर्सहरुमा मानव मूल्य, थारु संस्कृति र पूर्वीय दर्शनमा आधारित शिक्षाको अन्तरघुलन हुने गरी पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको पुनरावलोकनका लागि सुझाव दिने | पटक | १ | | | | १ | २ | ४ | संघ, प्रदेश र नगरपालिकाको सहकार्यमा |
| ३ | प्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन हुने गरी कलेजहरुको स्थापना र सञ्चालन | स्थापना | | १ | | | १ | १ | १ | संघ, प्रदेश र नगरपालिकाको सहकार्यमा |
| | | सञ्चालन | | १ | | | १ | १ | १ | |
| ४ | उच्च शिक्षा अन्तर्गत अनिवार्य स्वयम् सेवकीय सामाजिक सेवाका रुपमा नगरस्तरीय विकास सेवा सञ्चालन गर्न क्याम्पससँग समन्वय गर्ने | सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश र नगरपालिकाको सहकार्यमा |
| | | विद्यार्थी | स्नातक तथा स्नातकोत्तरको अन्तिम बर्ष ३ महिना १०५ विद्यार्थी प्रयोग हुने | | | | | | | |
| ५ | साधारण विषय अध्यापन गरिरहेका नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रुपमा रुपान्तरण | रुपान्तरण | | | १ | | १ | १ | १ | संघ, प्रदेश र नगरपालिकाको सहकार्यमा |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ६ | उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त, सिकारु बनाउने गरी उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आबद्ध गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विश्वविद्यालय, संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा |
| ७ | उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्याधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरुलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरका हुने गरी स्तरीय र आकर्षक बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विश्वविद्यालय, संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा |
| ८ | उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आय आर्जनसँग आबद्ध गरी सञ्चालन गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विश्वविद्यालय, संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा |
| ९ | आफ्नै नगरपालिकाबाट उत्पादित जनशक्ति आफ्नै नगरपालिकाको उन्नतिका लागि गतिलो शक्ति अभियान सञ्चालन गरी नगरपालिकाबाट उत्पादित उच्च शिक्षाका अब्बल जनशक्तिलाई नगरपालिकामै काम गर्नका लागि आकर्षित गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विश्वविद्यालय, संघ, प्रदेशसँगको सहकार्य गर्दै नगरपालिकाको अगुवाइमा |
| १० | उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरुलाई उचित छात्रवृत्तिको व्यवस्था गर्ने, | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ ,प्रदेश र स्थानीय तहको सहकार्यमा |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ११ | नगरपालिकाले उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरुलाई पर्याप्त लगानीका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा |
| १२ | संघ र प्रदेश सरकारबाट पर्याप्त लगानी नहुँदासम्म उच्च शिक्षाको अति आवश्यकीय क्षेत्रमा नगरपालिकाले उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरुलाई अनुदान उपलब्ध गराउने | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

## ३.६ प्राविधिक तथा व्यवसायिक शिक्षा

शिक्षाले गरी खाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले एनेक्स कार्यक्रममार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयका प्राविधिक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पूँजी लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन् । अर्कोतिर कक्षा (६-८) को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेशा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैंन । यस्तो अवस्थामा कक्षा (९-१२) सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम,अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्ता व्यक्तिहरुका लागि पालिकाले रोजगारमूलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताकासाथ यस योजनामा कार्यक्रम राखिएको हो ।

### ३.६.१ परिचय

वि.सं. २०४५ सालमा प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि ऐन जारी भएपछि CTEVT(Council of Technical Education and Vocational Training) गठन भयो । विशेष गरी प्राविधिक शिक्षालाई नियमन एवं कार्यान्वयन गर्ने गरी स्वायत्त संस्थाका रुपमा यो प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् नामक संस्था स्थापना भयो । उक्त संस्थाबाट सम्बन्धन लिइ शैक्षिक संस्थाहरुले विभिन्न विषयका १८ महिने र ३ वर्षे डिप्लोमाका कार्यक्रमहरु सञ्चालन गरे भने केही अलग्गै प्राविधिक शिक्षा मात्र दिने हेतुले बहुप्राविधिक शिक्षालयहरु पनि खुले । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले नेपालको शिक्षालाई दुई तहमा बाँडेपछि माध्यमिक तर्फ साधारण र प्राविधिक तथा व्यवसायिक धारबाट शिक्षा सञ्चालन गर्ने नीतिगत व्यवस्था बन्यो । उक्त व्यवस्थाअनुरुप देशभरी सुरुमा १०० वटा विद्यालयहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि छनौट गरेर विधिवत रुपमा नेपालको विद्यालय तहको शिक्षा प्रणालीमा समावेस गरियो ।

हाम्रो पालिकाको सन्दर्भमा श्री चुरे माध्यमिक विद्यालय बगनाहाले वि.सं. २०७० सालदेखि कृषि र पशु विज्ञान विषयका माथि उल्लिखित दुवै समयावधिका कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ भने अर्कोतर्फ शिक्षा विभाग मार्फत सञ्चालन हुने प्राविधिक कार्यक्रम अन्तर्गत श्री त्रिभुवन नमुना माध्यमिक विद्यालयले वि.सं. २०७० सालदेखि कक्षा (९-१२) को पशु विज्ञान (Veterinary Science) तर्फ ५ वर्षे शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनका लागि धेरै सम्भावनाहरु छन् भने चुनौतीहरु पनि कम छैनन् । आर्थिक अभाव, दक्षजनशक्तिको कमी, शिक्षक तथा शिक्षण सामग्री र अभ्यास स्थलको कमी, विद्यालयका भौतिक संरचना र स्रोत सामग्रीहरु प्राविधिक शिक्षालयका लागि उपयुक्त नहुनु, अभिभावकसँग पर्याप्त आर्थिक हैसियत नहुनु, उत्पादित जनशक्ति सहजरुजमा खपत हुने वातावरण नहुनु, सर्वसाधारणको ध्यान तथा आर्कषण कमहुनु नै यस शिक्षाका चुनैतीहरु हुन् । हाम्रो नगरपालिकाको २० वर्षे गुरुयोजनाले पनि प्राविधिक शिक्षाका लागि आवश्यक नीतिगत व्यवस्था र मार्ग दर्शन प्रदान गरेको छ । तर पनि प्राविधिक शिक्षाका लागि हाम्रो पालिकामा दुईवटा विद्यालयहरुको सञ्चालन सँगसँगै केही ऐन, नियम, कानुन, कार्यविधिहरु बनेका छन् । सिमित वर्गमा भए तापनि यस शिक्षाको महत्व बढ्दो क्रममा छ । प्राविधिक शिक्षाका उत्पादित जनशक्तिले आर्कषक तलब सुविधा र आयआर्जन गरेको देखेर अन्य सिकारुहरुमा पनि यसको सकारात्मक प्रभाव परेको छ, जसलाई अवसरका रुपमा लिन सकिन्छ ।

### ३.६.२ वर्तमान अवस्था

स्थानीय समस्या र चुनौतीहरु

प्राविधिक शिक्षा/प्राविधिक/व्यवसायिक/सीपमुलक तालिम

(१) एक वडा एउटा व्यवसाय/सीप वा प्राविधिक क्षेत्रसँग सम्बन्धित पढाइ वा सीप विकास तालिम, औपचारिक विद्यालय वा अनौपचारिक तालिम केन्द्रको व्यवस्था गरेर भए पनि गर्नुपर्ने ,

(२) परम्परागत स्थानीय/रैथाने सीप, व्यवसाय तथा प्रविधिको खोजी गर्ने, पहिचान गर्ने, संरक्षण गर्ने, प्रयोग गर्ने

जस्ता कार्यलाई प्राथमिकतामा राखेर काम गर्न सीप तथा प्रविधि शाखा स्थापना हुनु पर्ने,

(३) आधुनिक व्यवसाय वा प्रविधि र सीपलाई स्थानीय प्रविधिसँग जोड्नु पर्ने,

(४) प्रविधि विकास, प्रयोग र उपभोगमा प्राथमिकता दिनुपर्ने,

(५) शिक्षा र प्रविधिहरुलाई स्थानीय पाठ्यक्रमसँग जोड्नुपर्ने,

(६) वडा र न.पा. स्तरमा प्रविधिशाला स्थापना गर्नुपर्ने ।

### ३.६.३ लक्ष्य

उत्पादनशील जनशक्तिलाई आवश्यकता अनुसारका व्यवसायिक तथा पेशागत क्षेत्रहरुमा पर्याप्त दक्षता हासिल हुने गरी सीपमूलक शिक्षा र तालिम उपलब्ध गराई स्थानीयसँगै राष्ट्रिय आवश्यता र अन्तर्राष्ट्रिय श्रम बजारयुक्त दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने साथै आर्थिक, सामाजिक र सांस्कृतिमा सवल रुपान्तरणको माध्यम सहकारी संस्था हुने गरी स्थानीय कृषि र पर्यटन विकासमा आवश्यक जनशक्ति स्थानीय स्तरबाट नै उत्पादन गर्ने ।

### ३.६.४ उद्देश्य

१. विद्यालय शिक्षाबाट बाहिर आएका, आउन सक्ने र व्यवसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतीहरुलाई रोजगार तथा स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिका व्यवसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्ने ,

२. प्राविधिक तथा व्यावासायिक शिक्षा र सीपमा स्थानीय विद्यार्थी अर्थात् युवाहरुको पहुँच अभिवृद्धि गर्ने,

३. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् सीप विकासका अवसर सिर्जना गर्ने सक्षम संयन्त्र विकास गर्ने,

४. ठाकुरबाबा नगरपालिकाका ९ वटै वडाहरुमा रहेका माध्यमिक विद्यालयहरुलाई छुट्टा छुट्टै विषयको १/१ वटा प्राविधिक र साधारणको शिक्षा प्रदायक विद्यालयको रुपमा स्थापित गर्ने,

५. प्राविधि तथा व्यवसायिक शिक्षा एवं सीप विकासका अवसरहरुलाई सान्दर्भिक, उपयोगी गुणस्तरीय बनाउने,

६. प्राविधक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्ने,

७. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने,

८. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।

### ३.६.५ रणनीतिहरू

१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सानोठिमी भक्तपुरसँग समन्वय गरेर पालिकामा एउटा बहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ,

२. पालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका श्रोतव्यक्तिबाट रोजगार परामर्श दिने व्यवस्था गर्ने ,

३. स्थानीयस्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पूँजी व्यवस्था तथा अन्य काममा सहयोग गर्ने,

४. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपको अवसर सिर्जना गर्ने ,

५. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,

६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने ,

७. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने ,

८. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने ,

९. आय आर्जन गर्ने खालका क्रियाकलापहरुको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,

१०. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने ,

११. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,

१२. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

१३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**प्रमुख नतिजाः**

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ,

२. स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भइ सञ्चालन हुने ,

३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने,

५ स्थानीयस्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्धन हुने,

६ बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने, वातावरण सिर्जना हुने खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने

७ उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने ,

८. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१ प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन,

२ प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास,

३ बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन,

४ छोटो अवधिका सीपमूलक तालिम सञ्चालन,शिक्षक व्यवस्थापन,

५ छात्रवृत्ति कार्यक्रम,

६ स्थानीयस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका लागि आवश्यक नीति तर्जुमा,

७ खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन,

८. स्थानीयस्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन कार्यक्रम,

९ बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम,

१० उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग,

११ आर्थिकरूपमा पिछडिएका ,प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सुदृढ गर्न आवश्यक स्रोतको व्यवस्था ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

**ग) प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

**तालिका ३.६: प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको योजनाको कार्यान्वयनका लागि आवश्यक कानुन,नियम, निर्देशिका र कार्यविधि बनाई लागु गरिने । | पटक | १ | | | | १ | २ | २ | संघ ,प्रदेश र नगरपालिकाको आपसी सहकार्य र समन्वयमा |
| २ | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति एवम् विशेष सहुलियता दिने नीति अवलम्बन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने | लक्षित समूहको पहिचानको आधारमा सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिकाको अगुवाइमा संघ ,प्रदेश सरकारसँग सहकार्य गर्दै |
| ३ | नगरपालिकास्तरमा प्राविधिक शिक्षा सम्बन्धी काम गर्नका लागि विशेषज्ञ समेत भएको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम व्यवस्थापन एकाइको गठन गरिने । | पटक | १ पटक | | | | | | २ पटक | नगरपालिका |
| ५ | आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका र अपाङ्गता भएका व्यक्तिहरुको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न छात्रवृत्ति एवम् प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिने । | सर्वे पश्चात मागका आधारमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | न . पा . को अगुवाइमा संघ र प्रदेशसँग सहकार्य गर्दै |
| ६ | प्राथमिकताका आधारमा कृषि तथा वन, विज्ञान तथा प्रविधि, इलेक्ट्रिसिटी, इलेक्ट्रोनिक, चिकित्सा विज्ञान आयुर्वेद, प्राकृतिक चिकित्सा ,सँगीत , पर्यटन जस्ता धारहरु सञ्चालन | सर्वे पश्चात मागका आधारमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | न.पाको अगुवाइमा संघ प्रदेश सरकार र नीजि क्षेत्र समेतकोलागानीका आधारमा |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | निजी क्षेत्रका रोजगारदाता संघ संस्थाहरुको साझेदारीमा औद्योगिक सीप विकासका लागि (Apprenticeship) इन्टर्नसीप र अन् द जब ट्रेनिङ्ग कार्यक्रम सञ्चालन गरिने । | सर्वे पश्चात मागका आधारमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, न.पा. र निजी क्षेत्र समेतको लगानीका आधारमा |
| ८ | प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता प्रदान गरिने | पेशामा निरन्तर प्रोत्साहन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेश र नगरपालिका |
| ९ | प्राविधिक धारतर्फको कक्षा (९-१२) र तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठ्यक्रमको कार्यान्वयनका लागि सुझाव दिने । | एउटै ढाँचामा सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ, प्रदेशसँगको समन्वयमा |
| १० | प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन गर्न सुझाव दिने । | परीक्षा सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेशसँगको समन्वयमा |
| ११ | प्राविधिक र व्यवसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानव मूल्य जस्ता विवषयवस्तुहरुको अन्तरघुलन गरी शिक्षणको व्यवस्था मिलाउने । | पाठ्यक्रम कार्यान्वयन | १ | | | | १ | | २ | संघ र प्रदेशसँगको समन्वयमा |
| १२ | नगरपालिकामा सञ्चालनमा रहेका सबै प्राविधिक शिक्षालयहरुमा विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्रदान गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| १३ | विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

## ३.७ पाठ्यक्रम र पाठ्यसामग्री

स्टेम, अतिरिक्त/सहक्रियाकलाप, परम्परागत र मौलिक विषय, पूर्वीयदर्शन र शिक्षा, मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री, राष्ट्रिय तथा प्रदेश ढाँचा अनुकूलका पाठ्यसामग्रीहरुको निर्माण,प्रयोग र भण्डारण सम्बन्धी योजनाका बारेमा यस उपक्षेत्रमा उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

### ३.७.१ परिचय

शैक्षिक क्षेत्रको मुल दस्तावेज भनेको पाठ्यक्रम हो । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक, शिक्षक निर्देशिका लगायतका सिकाइ सामग्रीहरु तयार गरिन्छन् । शिक्षण सिकाइ क्रियाकलापलाई मार्ग प्रसस्त गर्ने महत्वपूर्ण दस्तावेजका रुपमा विद्यालय शिक्षाको आधार स्तम्भ हो । पाठ्यक्रमले विषयवस्तुहरुलाई समावेश गर्दा राष्ट्रिय मूल्य मान्यता र वैयक्तिक विविधतालाई सम्बोधन गर्ने गरी तयार गरिएको हुनुपर्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेका पाठ्यक्रम विकासका आधारभूत सिद्धान्तहरुलाई ख्याल गर्दै पाठ्यक्रम सामुहिक र प्रभावकारी बनाइरहनुका लागि आवश्यक नीतिहरु तर्जुमा गरिरहनु पर्ने हुन्छ । अपेक्षित पाठ्यक्रम, कार्यान्वित पाठ्यक्रम र सिकिएको पाठ्यक्रमलाई तालमेल गर्न आवश्यक सीप र दक्षताको विकास गर्नु पर्ने हुन्छ । साथै पाठ्यक्रमले पुर्ख्यौली ज्ञान, सीप र प्रविधिको उपयोग गरी वर्तमान विश्व परिप्रेक्षमा विकसित सूचना तथा प्रविधिसँग प्रतिस्पर्धा गर्न सक्ने सीपकोसमेत खोजी गर्नुपर्छ । मूल्याङ्कन पद्धतिमा विविधता ल्याई सिकाइस्तर सुनिश्चित गर्नुपर्दछ । मानवीय आवश्यकता, बालबालिकाका रुचि सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञानका क्षेत्रहरुलाई समेट्ने खालको गतिशील र लचिलो पाठ्यक्रम विकास गरिनुपर्छ ।

### ३.७.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअर्न्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं.२०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भइ सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा (१-१२) मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

### ३.७.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास भइ सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

### ३.७.४ उद्देश्य

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउन,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु ,
५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,

### ३.७.५ रणनीतिहरु

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
२. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने,
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने ,
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने ,
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
६. शिक्षकको पेसागत सक्षमता विकास गरिने,
७. सहभागितामूलक, अन्तर्क्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
८. माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरिने,
९. विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने,
१०. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
११. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गरिने ,
१२. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
१३. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने ।

### ३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोंच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

**प्रमुख नतिजाः**

१. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने,
४. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने,
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने,
६. पाठ्यक्रम अभिमुखिकरण र शिक्षक तालिम,
७. शिक्षक पेसागत सहयोग,
८. कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन,
९. आवधिक विद्यार्थी मूल्याङ्कन,
१०. डिजिटल सामग्रीको प्रयोग,
११. सूचना तथा सञ्चार प्रविधिको प्रयोग,
१२. निःशुल्क पाठ्यपुस्तक र बहुपाठ्यपुस्तकको प्रयोग,
१३. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन,
१४. माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग,
१५. सुपरिवेक्षण तथा अनुगमन ,
१६. परीक्षा सञ्चालन र व्यवस्थापनमा सुदृढीकरण ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.३: पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नमूना पाठ्यपुस्तक विकास तथा परीक्षण, पाठ्यक्रम कार्यान्वयन, शिक्षक निर्देशिका विकास, पाठ्यक्रम तथा पाठ्यसमाग्री अभिमुखिकरण आदि गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन | कक्षार विषय | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोय |
| २ | विद्यार्थी मूल्याङ्कन मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक,बाह्य) अन्तर्गत नमूना साधन विकास, कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमूना विकास र प्रबोधीकरण (पृष्ठपोषण र अभिलेखिकरण) | कक्षार विषय | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोय |
| ४ | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकीकरण र अभिमुखिकरण | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेश र स्थानीयय तह सँगको समन्वय र सहकार्य |
| ५ | विभिन्न विषयमा विद्यार्थीका लागि नमुना डिजिटल अन्तर्क्रियात्मक सामग्री विकास गरी सम्पूर्ण सामग्रीलाई डिजिटलाइज गरी केन्द्रको इ(पुस्तकालयमा व्यवस्थित गरी सार्वजनिक पहुँच हुने गरी राख्ने । | पद्धति कक्षा विषय पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | दृष्टिविहिन तथा श्रवण क्षमता विहिनले समेत प्रयोग गर्न सक्ने गरी संघको नेतृत्वमा निर्माण |
| ६ | पाठ्यपुस्तक | | | | | | | | | |
| | ––बहुपाठ्यपुस्तक नीति कार्यान्वयन (गुणस्तर सुनिश्चित गर्ने, मूल्याङ्कन तथा छनोट) एवम् निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने | कक्षा र विषय | तयारी | तयारी | परिक्षण | परिक्षण | कार्यान्वयन | कार्यान्वयन | | संघीय सरकारको नेतृत्व र प्रदेश एवम् स्थानीय सरकारको सहयोय |
| | –– पाठ्यपुस्तकको बहुवर्षे प्रयोगको परीक्षण | | | | | | | | १०० | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | पाठ्यक्रम मूल्याङ्कन | | | | | | | | | |
| | ——अनुसन्धान तथा मूल्याङ्कन | तह कक्षा | | | १ | १ | | २ | २ | संघ र प्रदेश र स्थानीय तह सँगको समन्वय र सहकार्यका |
| | ——सुधार | आधारभूत | | | | | | | | |
| | ——विद्यालयमा आधारित पाठ्यक्रम विकास परिक्षण | माध्यमिक | | | | | | | | |
| ८ | मातृभाषा तथा स्थानीय पाठ्यक्रम | | | | | | | | | |
| | ——मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन | आधारभूत | | | | | १ | | २ | संघ र प्रदेश र स्थानीय तह सँगको समन्वय र सहकार्यका आधारमा नगरपालिकाले सम्पादन |
| | ——मातृभाषाका बाहेक अन्य स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन | माध्यमिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | ——नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणालीमार्फत शिक्षकको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | तीन तहका सरकारीको सहकार्यमा |
| १० | आधारभूत तथा माध्यमिक तहमा सार्वजानिक परीक्षा प्रणाली सुधारका लागि क्षमता विकास गर्ने | स्थानीय तह | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेश र स्थानीय तह |
| ११ | नगरपालिकास्तरमा पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना हुने | स्थापना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेश सँगको सहकार्यका आधारमा नगरपालिकाले सम्पादन |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १२ | स्थानीय तहले निर्माण गर्ने पाठ्यक्रम र पाठ्यपुस्तक स्थानीय आवश्यकता, मूल्यनिष्ट समाज एवम् मानवता र पूर्वीय दर्शनमा आधारित हुने । | लेखन , प्रकाशन र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेशसँगको सहकार्यका आधारमा नगरपालिकाले सम्पादन र प्रकाशन गर्ने |
| १३ | स्थानीय तहबाट स्थानीय आवश्यकता अनुसार मातृभाषा थारुका पाठ्यपुस्तक र सन्दर्भ सामग्री सम्पादन प्रकाशन र वितरण सम्बन्धी कार्य गरिने | लेखन र प्रकाशन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र प्रदेशसँगको सहकार्यका आधारमा नगरपालिकाले सम्पादन र प्रकाशन गर्ने |
| १४ | शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गर्ने । | सबै विद्यालयका शिक्षकलाई | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | नगरपालिका ,वडा कार्यालय र विद्यालय |

## ३.८ शिक्षक व्यवस्थापन र विकास

### ३.८.१ परिचय

आज संसारभरका शैक्षिक संस्था तिनमा आवद्ध जनशक्ति बाहिर रहेको बौद्धिक वर्ग, नीति निर्माणका अगुवा शिक्षाविद सबैको बिचारमा शैक्षिक क्षेत्रमा असल र गुणस्तरीय शिक्षाको बाहक शिक्षक नै हो। शिक्षण पेशाका रुपमा विकास गर्नका लागि नीति निर्माण कार्य महत्वपूर्ण पक्ष हो तर आज हाम्रो देशको सन्दर्भमा एकद्वार प्रवेश प्रणाली नहुँदा विद्यालयमा थुप्रै प्रकृतिका शिक्षकहरु हुनुहुन्छ। आज हाम्रा शैक्षिक संस्थामा सम्बद्ध जनशक्तिमा ज्ञान, सीपको अभिवृद्धि गर्नुपर्ने वर्तमान आवश्यकता हो। आजका दिनमा विद्यालयमा विद्यार्थीहरुको अनुपातमा जनशक्ति व्यवस्थापन नहुनु। विषयगत शिक्षकको अभाव छ। वर्तमान अवस्थामा गाउँ गाउँमा प्राथमिक तहका विद्यालयहरु छन्, कक्षाका आधारमा शिक्षक नहुनु, विषयका आधारमा, सङ्ख्याका आधारमा, ICT ले माग गरे अनुसारका सीपयुक्त जनशक्ति नहुनु, एकीकृत पाठ्यक्रम (१-३) को मर्म अनुसार रुब्रिक्स निर्माण गरी मूल्याङ्कन गर्न सक्ने जनशक्ति नहुनु, Paper Pencil Test मा मात्र सिमित रही Project मा आधारित भइ कार्य सम्पादन गर्न सक्ने जनशक्ति नहुनु चुनौतीहरु हुन भने आजका दिनमा हाम्रा दुइवटा क्याम्पसबाट उत्पादित जनशक्तिहरु गाउँगाउँमा छन्, एउटा निश्चित भौगोलिक दूरी भित्र विद्यालयहरु छन्। आजका दिनमा खोजेर पढ्न जाने भन्दा पनि रोजेर शैक्षिक संस्थामा जाने अवसर प्राप्त भएका छन्। संस्थागत विद्यालयहरु पनि प्रतिस्पर्धामा देखिन थालेका छन। शिक्षकको पेशागत विकासको लागि प्रशस्त वैकल्पिक उपायहरु सिर्जना भएका छन्। शिक्षण पेशाबाट अवकाश प्राप्त र क्याम्पसमा अध्यापन गर्ने बैद्धिक जनशक्ति पनि समाजमा प्रशस्त छ। शिक्षक व्यवस्थापनका सन्दर्भमा हाम्रो पालिकामा यी र यस्ता अवसरहरु सिर्जना भएकाले यो १० वर्षे शिक्षा योजना निर्माण गर्न सहज भएको छ।

### ३.८.२ वर्तमान अवस्था

हाम्रो पालिकामा रहेका २६ वटा सामुदायिक विद्यालयहरुमा कूल ३३७ जना जनशक्ति राज्यवाट सुविधा प्राप्त गर्ने गरी कार्यरत हुनुहुन्छ। १०,००० भन्दा बढी विद्यार्थीहरुका लागि जनशक्ति पर्याप्त छैनन्। शिक्षालाई नजिकबाट पालिकाले हर्ने भएपछि विद्यार्थी बढी भएका विद्यालयमा मा.वि. र आधारभूत विद्यालयहरुमा करारमा नगर शिक्षक व्यवस्थापन भएको छ। पाठ्यक्रमसँग सम्बन्धित विषयवस्तुमा शिक्षकलाई पुनर्ताजगी तालिम प्राप्त गर्ने काम पालिकामार्फत शिक्षा शाखाले गर्ने गरेको छ। शिक्षण पेशाप्रति आकर्षण बढाउन पालिकाले समय सुहाउँदो (न्यूनतम्) ८५% त.भ.बाल विकास शिक्षकलाई मासिका रु ७,०००। थप गरी न्यूनतम रु १५,०००। पुऱ्याउने काम भएको छ। शिक्षकले आफ्नो उत्तरदायित्व वहन गर्नका लागि विद्यालयमा आचारसंहिता निर्माण, कार्य योजना, शैक्षिणिक योजना निर्माण कार्यान्वयन भएको छ।

### ३.८.३ लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने।

### ३.८.४ उद्देश्य

१. सक्षम शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
२. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
३. विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
५. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

### ३.८.५ रणनीतिहरु

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने ,
३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिस्तरसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार हुने ।

**प्रमुख नतिजाः**

१. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने,
३. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
४. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
५. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
७. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने ,
८. शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
९. शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने,
१०. नगरपालिका स्तरीय शिक्षक सक्षमताको मापदण्ड तयार गरी लागु गर्ने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१ शिक्षक नियुक्ति र सरूवा,
२ अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी,
३. अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि,
४. नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने,
५. कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने,
६. उपचारात्मक शिक्षण पद्धति लागु गर्ने,
७. अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था,

८. पुस्तकालय र पुस्तक कुना,
९. सूचना प्रविधि प्रयोगशाला,
१०. विज्ञान प्रयोशाला,
११. प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध,
१२. शिक्षण तथा सिकाइ सामग्री विकास,
१३. ईन्टरनेट सेवाको व्यवस्था,
१४. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग,
१५. निरन्तर विद्यार्थी मूल्याङ्कन,
१६. परीक्षाको नतिजा विश्लेषण,
१७. शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि,
१८. विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास,
१९. शिक्षक पेसागत सहयोग ,
२०. असल अभ्यासहरुको अवलोकन भ्रमण,
२१. सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण,
२२. विज्ञ समूहको गठन,
२३. सहपाठी कक्षा अवलोकन,
२४. छोटो अवधिको शिक्षक तालिम,
२५. विद्यालय तहमा शिक्षकको पेसागत विकास,
२६. कार्यसम्पादन मूल्याङ्कन,
२७. प्रधानाध्यापकको व्यवस्था,
२८. शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.२: शिक्षक व्यवस्थापन तथा विकास सम्बन्धी प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | शिक्षकको पेसागत आकर्षण र नियुक्ति | | | | | | | | | |
| १ | शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गरिने | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २ | नगरपालिकाका सबै शिक्षकको स्वास्थ्य बिमा अनिवार्य गरिने | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | | संघ र प्रदेश सरकारसँग सहकाय |
| ३ | सरुवा तथा पदस्थापनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कार्यविधि निर्माण एवम् अद्यावधिक गरिने | दरबन्दी सिर्जना वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| ४ | स्थानीय तहबाट दरबन्दी सिर्जना /करार सेवा व्यवस्थापन गरी नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| ५ | स्थानीय तहबाट महँगी, यातायात, खाजा खर्च, सञ्चार खर्च आदिको व्यवस्था गरेर शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाउने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| ६ | बाल विकासका शिक्षक र विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदूरले पाउनुपर्ने सुविधामा नघटाई सङ्घले दिएको सुविधामा थप गरी तलबभत्ता उपलब्ध गराउने | बाविकेका शिक्षक र विद्यालयका कर्मचारी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ र प्रदेश सरकारसँग सहकार्य गरेर |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | नयाँ नियुक्ति पाएका शिक्षकलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| ९ | शिक्षण पेसालाई रोजाइको पेसा बनाउन चाहनेहरुका निम्ति पेसामा प्रवेशका लागि पूर्व सेवाकालिन तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ र प्रदेश सरकारसँग सहकार्य गरेर |
| | शिक्षण सिकाइ क्रियाकलाप | | | | | | | | | |
| १० | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गरी कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तहसँग सहकार्य गरेर |
| १२ | प्रत्येक विद्यालयमा एक पुस्तकालयको प्रबन्ध गर्ने र प्रत्येक आधारभूत कक्षामा पुस्तक कुना व्यवस्था गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| १३ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT Lab को प्रबन्ध गरिने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| १४ | प्रत्येक विद्यालयमा उपकरण, विज्ञान सामग्रीयुक्त कम्तिमा एक विज्ञान प्रयोगशालाको प्रबन्ध गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| १५ | प्राविधिक तथा व्यवसायिक शिक्षा धारको पढाइलाई व्यवहारिक र सीपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसका लागि सुविधायुक्त प्रयोगशालाको प्रबन्ध गरिने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १६ | प्रत्येक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धतामार्फत शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| १७ | विद्यालय सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अ.लाई जिम्मेवार बनाउने | सबै प्र.अ. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| १८ | शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरुलाई प्रधानाध्यापकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकबाट शिक्षकलाई विद्यालयको सिकाइ उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्था गरिने | कार्यविधि बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | | प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| १९ | स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी हरेक विद्यालयलाई केही न केही स्थानीय सीप र व्यवसायका लागि पहिचान योग्य हवको रुपमा विकास गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सबै विद्यालय | प्रदेश सरकारसँग सहकार्य |
| २० | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरुको सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने र यस्ता उत्कृष्ट अनुसन्धानलाई नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गरिने | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सबै विद्यालय | प्रदेश सरकारसँग सहकार्य |
| २१ | शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान र अनुगमन गरी प्रतिवेदन दिन विज्ञहरु सम्मिलित भएको तेस्रो पक्षलाई खटाइने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २२ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन कार्यविधिको विकास गरिने | कार्यविधि निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेश सरकारसँग सहकार्य |
| २३ | मार्गदर्शन/कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई-सञ्जाल/समूह बनाइने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेश सरकारसँग सहकार्य |
| २४ | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने (शिक्षण पेसामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा ३ महिनासम्म अनुभवी विज्ञ शिक्षकको साथमा रहेर) | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर |
| २५ | शिक्षकहरुको संस्था शिक्षक महासंघलाई शिक्षकहरुको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाइने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | शिक्षक महासंघसँग सहकार्य |
| २६ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेशसँग सहकार्य |
| २७ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवा निवृत्त दक्ष शिक्षकहरुको विज्ञ टोली गठन गरिने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेशसँग सहकार्य |
| २६ | सहपाठी कक्षा अवलोकन गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालयसँग सहकार्य |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २७ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवा निवृत्त दक्ष शिक्षकहरुको विज्ञ टोली गठन गरिने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेशसँग सहकार्य |
| २९ | स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी पेशागत दक्षता अभिवृद्धि गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३० | स्थानीय पालिकास्तरमा सञ्चालन हुने प्र.अ. बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्र.अ.ले आफ्नो विद्यालयमा गरेको केही अनुकरणीय कार्य अर्थात अभ्यासलाई प्रस्तुतिका साथ अनिवार्य गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३१ | विद्यालयहरुले गरेका असल अभ्यासहरुको अवलोकन एवम् सिकाइका लागि अवलोकन भ्रमणको व्यवस्था गरिने(पालिका र प्रदेशस्तरमा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३२ | सूचना तथा संचार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन, अफलाइन शिक्षक तालिम सञ्चालन गरिने (प्रत्येक शिक्षकले प्रत्येक ५ वर्षमा तालिम पाउने) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३३ | विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्र.अ.लाई जिम्मेवार बनाउनुको साथै शिक्षकहरुको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गरिने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३४ | विद्यालयलाई प्रविधिका हिसाबले स्रोत सम्पन्न बनाइने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| | शिक्षक उत्तरदायित्व | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३५ | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाइने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३६ | विद्यालयमा समयसापेक्ष अतिरिक्त सेवा सुविधासहित छुटुटै प्र.अ. पदको व्यवस्था गरी करारमा नियुक्त गर्ने कानुनी व्यवस्था गरिने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३७ | शिक्षकको पदस्थापन, सरुवा पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाइने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३८ | शिक्षकले शिक्षणमा बिताउने समयका लागि प्र.अ.लाई जिम्मेवार बनाइने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३९ | विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये हरेक हिसाबले उत्कृष्ट शिक्षकलाई प्र.अ. बनाइने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४० | शिक्षक र कर्मचारीले प्र.अ.सँग र प्र.अ.ले विद्यालय व्यवस्थापन समिति र वि.व्य.स.ले नगरपालिकासँग करार सम्झैता गरी कार्य गरिने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | शिक्षक आपूर्ति र वितरण | | | | | | | | | |
| ४१ | राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दीका लागि प्रदेश सरकारसँग सहकार्य र सह लगानीका आधारमा शिक्षक दरबन्दीको सिर्जना गरिने | शिक्षक दरबन्दी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४२ | शिक्षकको पेसागत नैतिकता तथा आचरण सम्बन्धी मापदण्ड तयार गर्ने | | | १ | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४३ | स्थायी शिक्षक नआउँदासम्म वैकल्पिक सूचीका उम्मेदवारहरुलाई करार नियुक्ति गरी काममा लगाइने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४४ | एक दिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकाश, सरुवा र नियुक्ति वा पदस्थापन भइ काम गर्ने शिक्षकको व्यवस्थापन गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४५ | लामो समय सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर नियमित शिक्षण गर्न सट्टा शिक्षकको व्यवस्थापन गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४६ | सेवा निवृत्त हुन ५ वर्षदेखि २ वर्ष अगावै स्वेच्छिक अवकाश लिन चाहने शिक्षकलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## ३.९ विद्यालय व्यवस्थापन

### ३.९.१ परिचय

विद्यालय समाजको एउटा यस्तो स्थायी अङ्ग हो, जसको गठन र सञ्चालनका प्रकृति हेर्दा अविछिन्न उत्तराधिकारीवाला स्वशासित संस्थाको ढाँचाबाट यो अगाडि बढीरहेको हुन्छ तर सरकारी ऐन नियम कानुन निर्माणमा विद्यालयको प्रत्यक्ष भूमिका नहुने हुँदा यो एउटा प्रशासित व्यवस्थापकीय स्थल पनि हो । विद्यालयमा के के गर्ने ? कसले कसले गर्ने, विद्यालयले कहिले के कस्तो प्रकारको सेवामार्फत कस्तो जनशक्ति कसरी उत्पादित गरेर तिनको प्रमाणित गर्ने भन्ने विषय सरकारहरुले निर्धारण गर्ने शिक्षा ऐन, कानुन, नियमावली, निर्देशिका, योजना, नीति, कार्यक्रम, बजेट पाठ्यक्रम, मूल्याङ्कन प्रक्रिया, जनशक्ति व्यवस्थापन र गठन प्रक्रिया आदिमा भर पर्ने गर्दछ । अहिले नेपालको संविधान २०७२ को व्यवस्था अनुसार बाल विकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षा व्यवस्थापन एवं विकासको जिम्मा स्थानीय सरकारमा रहेको हुँदा स्थानीय सधान स्रोत, परिवेश, आवश्यकता र प्रादेशिक एवं राष्ट्रिय नीति, आपेक्षा एवं अन्तर्राष्ट्रिय समुदाय अनुकूलको जनशक्ति उत्पादन गर्न स्थानीयस्तरमा यसरी बनाइने शिक्षा योजना तथा कार्यक्रमको प्रभाव र असर सर्वाधिक महत्वको हुन्छ ।

विद्यालयको व्यवस्थापन भन्नासाथ हालसम्म प्रचलनमा रहेको व्यवस्थापनका मुख्य ४ पक्ष भन्ने बुझ्नु पर्छ जस अन्तर्गत १. योजना (Planning) व्यवस्थापनको मुख्य काम भनेको नै योजना तयार गरी योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि कार्य निर्धारण गरेर कार्य गर्नु हो । त्यसैगरी २.सङ्गठन गर्नु (Organizing) हो । सङ्गठन भन्नाले कार्य संरचना निर्माण गर्ने, कार्य विभाजन गर्ने, जनशक्ति व्यवस्थापन र सु-परिचालनमा जोड दिने कुराहरु पर्दछन् भने कार्य प्राथमिकता एवं कार्यस्तरीकरणको पक्षहरु पनि सङ्गठन अन्तर्गत पर्दछ । ३. निर्देशन (Direction) पर्दछ । निर्देशन भन्नाले कामका क्षेत्रका विभाजन क्षेत्र अनुसारको नेतृत्व गर्न समन्वय गर्ने, संचार गर्ने, उपलब्धिको न्यूनतम सिमा निर्धारण गरी उपलब्धि वृद्धिमा उत्प्रेरणा गर्नका लागि सघाउने कार्य हो । सोझो अर्थमा सही काम गर्न गराउन अह्राउने, खटाउने र सिकाउने कामलाई निर्देशन भनिन्छ । त्यस्तै ४. मा नियन्त्रण (Control ) पर्दछ । नियन्त्रण भनेको व्यवस्थापनमा तोकिएको काम भए नभएको हेर्ने, मूल्याङ्कन गर्ने र गलत हुनबाट रोकेर सही बाटो पहिल्याउन लगाउने प्रक्रिया हो । यसरी व्यवस्थापनको अर्थ योजना गर्नु, सङ्गठन गर्नु, निर्देशन गर्नु र नियन्त्रण गर्नु गरी मुख्य ४ वटा क्षेत्रमा बाँडिएका हुन्छन् भन्ने कुरा सिद्धान्त र व्यवहारले पुष्टि गरेको हुनाले विद्यालयको व्यवस्थापनमा पनि यी कार्यहरु हुन आवश्यक हुन्छ भने, नगरपालिकाको १० वर्षे शिक्षा योजनामा व्यवस्थापन भन्नाले नगरपालिकाको समग्र शिक्षा क्षेत्रको योजना, सङ्गठन, निर्देशन र नियन्त्रण प्रणालीको सुव्यवस्थापन पर्दछ।

प्रचलन, ऐन, कानुन र नीतिगतरुपमा विद्यालय शिक्षाको व्यवस्थापनका २ वटा पाटाहरु रहेका छन् एउटा भौतिक र आर्थिक, सामाजिक र जनशक्ति व्यवस्थापनको पाटो जुन पाटोमा काम गर्ने कानुनी अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएको छ । विद्यालयका भौतिक आवश्यकता पूरा गर्न सामाजिक सम्बन्ध विस्तार गर्ने, साधन स्रोत जुटाउने, आर्थिक स्रोत जुटाउने र खर्च गर्ने र शिक्षक कर्मचारी नियुक्ति एवं क्षमता अभिवृद्धि र अवकाशको निर्णय गर्ने काम विद्यालय व्यवस्थापन समितिको काँधमा राखिएको छ भने विद्यालय शिक्षाको अर्को पाटो शैक्षिक व्यवस्थापन हो । शैक्षिक व्यवस्थापनको मुख्य जिम्मेवार पक्ष भनेको विद्यालयको शैक्षिक प्रशासन हो । विद्यालयको शैक्षिक प्रशासनको केन्द्र अर्थात मुख्य कार्यकारी व्यक्ति वा पद भनेको प्रधानाध्यापक हो । प्रधानाध्यापक कुशल र सक्षम भएमा विद्यालयको शैक्षिक व्यवस्थापन स्वतः राम्रो भएको हुन्छ । तसर्थ भन्ने गरिन्छ एउटा राम्रो विद्यालय बनाउनु छ भने विद्यालयको शैक्षिक व्यवस्थापन बुझेका असल व्यक्तिलाई मात्र विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी दिनु पर्दछ ।

एउटा असल प्रधानाध्यपकले आफ्ना विद्यालयका शिक्षक कर्मचारीको आनीबानी, क्षमता, सक्रियता र सोंचको पहिचान गरेर जसको जस्तो क्षमता छ त्यस्तै काममा लगाउने, विद्यालय भित्रका विभिन्न कार्य क्षेत्र पहिचान गरी कामको जिम्मेवारी र नेतृत्व तोक्ने, तोकिएको समयमा दिनु पर्ने तोकिएको कार्य सम्पादन सिमा निर्धारण गरी कार्य सम्पादनका आधारमा मूल्याङ्कन, प्रोत्साहन, पुरस्कार र दण्ड प्रबन्ध गर्ने, कामका प्राथामिकता क्षेत्र निर्धारण गरी अधिकतम उपलब्धि प्राप्त हुने गरी काम गर्ने गराउने, विद्यालयले हरेक दृष्टिकोणबाट विद्यालयका बालबालिकाको सिकाइलाई केन्द्रमा राखेर उपयुक्त सिकाइ वातावरण बनाउने जस्ता कार्यहरु समग्रमा प्रधानाध्यापकको हुन्छ । त्यस अलावा विद्यालय व्यवस्थापनसँगको सम्बन्ध, सरोकारवालासँगको समन्वय, नियमन निकायप्रतिको पूर्ण जवाफदेहिता बहन, आर्थिक व्यवस्थापन तथा नियन्त्रण र उत्कृष्ट जनशक्ति उत्पादनको भूमिकाको केन्द्रीय प्रशासक प्रधानाध्यापक हुने हुँदा स्थानीय नगरपालिका शिक्षा, युवा तथा

खेलकुद शाखाले हरेक विद्यालयलाई अरु दिन नसके पनि निष्पक्ष, तटस्थ र स्वतन्त्र मूल्याङ्कन गरेर नगरभित्र भएका शिक्षक मध्येकै असल शैक्षिक प्रशासकको रुपमा नियुक्त गरी सबै विद्यालयमा सक्षम प्र.अ. व्यवस्थापन गर्नु यो दश वर्षे शिक्षा विकास योजनाको प्राथमिक पक्ष हुनुपर्दछ ।

समग्रमा शिक्षा व्यवस्थापनमा व्यवस्थापकीय सीपहरु अन्तर्गत, प्राविधिक सीप, मानवीय तथा अन्तरवैयक्तिक सीप, अवधारणगत अर्थात नवीनतम सोंचगत सिर्जनात्मक सीप, समस्या पहिचान तथा समाधानका उपाय उत्खनन सीप एवं विश्लेषणात्मक सीप र शिघ्र निर्णय, शिघ्र मूल्याङ्कन र निर्देशित गर्न सक्ने सीप जस्ता सीपलाई व्यवहारिक रुपमा अवलम्बन नगरेसम्म शैक्षिक उपलब्धि अपेक्षित नहुन सक्ने अवस्था रहन्छ ।

वर्तमान अवस्थामा ठाकुरबाबा नगरपालिकाको व्यवस्थापकीय चुनौती र समस्याका रुपमा संघ, प्रदेश र स्थानीय तहको शिक्षा ऐन नियम कार्यविधिमा एकरुपता नहुनु विद्यालय व्यवस्थापन समिति कतिपय स्थानमा नाम मात्रका रहनु, प्रधानाध्यापकहरुमा व्यवस्थापकीय ज्ञान, सीप, जाँगर र सक्षमता प्रयाप्त नहुनु ।

विद्यालयमा भौतिक र आर्थिक समस्या कमी र अभावहरु रहनु सामुदायिक र संस्थागत विद्यालयलाई समाजले हेर्ने दृष्टिकोणमा फरक हुनु भने तथा असल व्यक्तिका लागि बोर्डिङ अर्थात संस्थागत विद्यालयहरु र गरिबहरुका लागि सरकारी संस्थागत विद्यालयहरु भन्ने धारणा समाजमा व्याप्त रहनु, गरिबी अज्ञानता, वेरोजगारी, राजनीतिक पक्षपोषणको व्यापकता दक्ष जनशक्तिको कमी सूचना तथा प्रविधिको पहुँचमा समस्या, तालिम तथा क्षमता र नेतृत्व विकासको अवसरको न्युनताः शिक्षक कर्मचारीका पेशागत संघ सङ्गठन संस्था पेशागत विकासमा भन्दा अधिकारका क्षेत्रमा मात्र सिमित रहनु । राष्ट्रिय तथा स्थानीय वजेटमा शिक्षा क्षेत्रले प्रमुख प्राथमिकता नपाउनु प्र.अ. लाई दिइने सेवा सुविधामा कमि हुनु अन्य पेशाकर्मीको भन्दा बढी तलब शिक्षकको नहुनुले शिक्षण पेशामा असल जनशक्तिको आकर्षणमा कमी हुनु । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई व्यवस्थापकीय ज्ञान सीप क्षमता र भूमिकाकालाई सक्षम बनाइ जिम्मेवारी नदिइनु । शिक्षक, प्र.अ,. व्यवस्थापन समिति, शिक्षा कार्यालयहरु, राजनीतिक पार्टीहरु र अभिभावकका विचमा बालबालिकाको सिकाइ कमजोरीका सवालमा एक अर्कालाई दोषारोपण गरिनु जस्ता अनेकौ समस्या चुनौती शिक्षा व्यवस्थापनमा देखिएका छन् भने शिक्षा प्राथमिकता र अधिकारका विषयमा संविधानमा लेखिनु शिक्षा व्यवस्थापन र सञ्चालनको लागि नीति, ऐन कानुन, कार्यविधि, कार्यक्रम तथा बजेटहरु बन्नु स्थानीय समुदाय संघ, संस्था, समूह, सहकारी, अन्तर्राष्ट्रिय दातृ संस्थाहरुको शिक्षा क्षेत्रको विकासको लागि चासो र सहयोगहरु रहनु अनुभवी सृजनशील, ज्ञान, सीप युक्त प्रधानाध्यापक र शिक्षकहरु पनि केही मात्रामा रहनु अधिकांश विद्यालयको भौतिक पूर्वाधार ५० प्रतिशत भन्दा बढी पूरा भइ सक्नु र सूचना र प्रविधिमा क्रमश विद्यालयको पहुँच वृद्धि हुँदै जानु । सरकारहरुबाट नमुना विद्यालय प्राविधिक तथा व्यवसायिक विद्यालयहरु स्थापना तथा सहयोगमा कार्यक्रम थालनी गर्नु , प्र.अ. तथा शिक्षकलाई तालिमहरु दिइनु ,शिक्षा योजनाहरु बन्नु ,शिक्षक तथा विद्यालय कर्मचारीका संघ संस्थाको शिक्षा गुणस्तरको चासो बढ्दै जानु , स्थानीय जनप्रतिनिधिको चासो बढ्नु , नगरपालिकाले वडादेखि पालिकासम्मको कार्यक्रममा शिक्षालाई समेट्नु जस्ता अवसर र सकारात्मक पक्षले शिक्षा विकासको तिव्र सम्भावना पनि देखिन्छ ।

### ३.९.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको व्यवस्थापनका दृष्टिकोणले स्थानीय यस ठाकुरबाबा नगरपलिकाले विद्यालय व्यवस्थापन सञ्चालन सम्बन्धी २० वर्षे दीर्घकालीन लक्ष्य आफ्नो गुरुयोजनामा उल्लेख गरेर शिक्षा ऐन कार्यविधिहरु तयार पारेर कार्यविधि अनुसार शिक्षा समितिको निर्णयले तहगत स्थायी शिक्षक हुने गरी प्रधानाध्यापक व्यवस्थापन, शिक्षक दरबन्दी मिलान, जनप्रतिनिधिको नेतृत्वमा विद्यालय व्यवस्थापन समितिको गठन, विद्यालयमा भवन, शौचालय, खानेपानी, पर्खाल, गेटहरुको क्रमशः निर्माण सहयोग विद्यालयलाई पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर, सूचना तथा प्रविधियुक्त बनाउने कार्य, स्थानीय पाठ्यक्रम र शिक्षक सन्दर्भ सामग्रीको निर्माण र त्यसको विद्यालयस्तरमा कार्यान्वयन शिक्षकका लागि तालिम विपत् व्यवस्थापन तथा प्रतिकार्य सम्बन्धी कार्यहरु, परीक्षा र मूल्याङ्कनको व्यवस्थापन, दिवाखाजा व्यवस्थापन क्षमतामा वृद्धि, विद्यालयमा फूलबारी तथा हरियालीका लागि सहयोग, विद्यालयमा इन्टरनेटको पहुँच व्यवस्थापन, प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना र विस्तार र नमुना विद्यालयको स्थापना उच्च शिक्षाका लागि सिकाइ केन्द्रको सञ्चालन, विद्यालय खेलकुद सञ्चालन, खेलकुद प्रतिभा छनोटका लागि रनिङ सिल्ड प्रतियोगिताको निरन्तरता, खेलमैदान सुधार, विद्यालय कर्मचारी र बाल विकास स.का.को

न्यूनतम पारिश्रमिक थप सहयोग, विद्यार्थी अनुपातमा शिक्षकको थप व्यवस्था, विद्यालय तथा शिक्षक प्र.अ., वि.व्य.स.लाई कार्य सम्पादनका आधारमा पुरस्कार सम्मान, अभिनन्दन जस्ता शिक्षा व्यवस्थापनका कार्यहरु स्थानीयस्तरमा सञ्चालन भइरहेको अवस्था छ ।

विद्यालय शिक्षा व्यवस्थापनका लागि ठाकुरबाबा नगरपालिका स्थानीय समुदाय, संघ संस्था, निकाय, प्रदेश सरकार, संघीय सरकारका कार्यक्रम र निरन्तर सुधार प्रयासबाट विद्यालयको भौतिक क्षमता विकास, विपद् तथा संकट, सुरक्षात्मक संरचनाको निर्माण, सुविधाहरुमा वृद्धि । विद्यार्थी र समुदायको विद्यालयमा पहुँच वृद्धि, शिक्षक विद्यार्थी अनुपातमा सन्तुलन परीक्षा तथा मूल्याङ्कन सुधारबाट गुणस्तरमा वृद्धिको यथार्थ मापन सिकाइ उपलब्धि, उत्तीर्ण प्रतिशतमा क्रमशः वृद्धि भएकोले शैक्षिक गुणस्तरमा क्रमिक सुधार, विद्यार्थीको छात्रवृति निःशुल्क पाठ्यपुस्तक, खाजा कार्यक्रम र पोसाक वितरण कार्यक्रमका कारण अभिभावक विद्यार्थीको शैक्षिक लगानीमा कमी भइ आर्थिक बचत, विद्यालयको नियमित लेखा प्रणालीमा सुधार गरि दिनाले विद्यालयको आर्थिक सुशासनमा सुधार, सक्षम प्र.अ.हरुद्वारा विद्यालयहरुको भौतिक शैक्षिक अवस्थामा सकारात्मक परिवर्तनका संकेतहरु देखा परेको, सबै विद्यालयहरुमा न्यूनतम एउटा स्थायी दरबन्दी पुग्ने गरी दरबन्दीको मिलान गर्नाले जनशक्तिको न्यायोचित वितरण हुन गइ सामुदायिक श्रोतमा न्याय प्राप्ति जस्ता कार्यबाट शिक्षा क्षेत्रमा दिगो विकासका लक्ष्यहरु पूरा हुने देखिएका छन् भने सबै प्रयासलाई अभ उपलब्धिमुलक, सार्थक र प्रभावकारी संयन्त्रगत विकास गर्न यो १० वर्षे योजना तयार पारिएको छ ।

स्थानीय सरकारले प्रभावकारी विद्यलाय व्यवस्थापनका लागि प्रथमः योजना निर्माण, योजना अनुसारको कार्यक्रमका लागि श्रोत साधनको खोजी तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन अनुगमनमा तदारुकता, दक्ष तथा अनुभवी शिक्षक प्र.अ. र समूह गठन र त्यस्तो प्राविधिक टिम विद्यालयको नियमित अनुगमन, निरीक्षण, निर्देशन र पृष्ठपोषण प्रक्रियाको थालनी, प्रारम्भिक पढाई कार्यक्रमद्वारा विद्यार्थीको पठन क्षमतामा सुधार, शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता, आधारभूत तहसम्मको विद्यालयलाई अभिभावकको चाहना अनुसार स्थानीय थारु भाषा, अङ्ग्रेजी भाषा र नेपाली भाषाको माध्यमबाट सामुदायिक सरकारी विद्यालयमा नै पढाइ प्रबन्ध, विद्यार्थीको टिकाउ दरमा वृद्धि, साक्षरता प्रतिशत र उच्च शिक्षाका लागि भर्नादरमा वृद्धि शिक्षण पेशामा आकर्षण वृद्धि, पाठ्यक्रम र पठन सामग्री व्यवहारिक र स्थानीय परिवेश अनुकूलता जस्ता अनेक कार्य र उपलब्धि यस शिक्षा योजना कार्यान्वयन देखिनेछन् ।

### ३.९.३ लक्ष्य

सबै विद्यालयहरू बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने ।

### ३.९.४ उद्देश्य

१. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु,
२. विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
३. गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु,
४ विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु,
५. विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,
६. योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति गर्नु,
७. विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,
८. विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु,
९. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु,
१०. विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

### ३.९.५ रणनीतिहरु

१. विद्यालय सुधार योजना बनाइ कार्यान्वयन गरिने,
२. शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
३. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाइ कार्यान्वयन गरिने,
४. विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिने,
५. शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति,

६. विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
७. विद्यालयले वार्षिक कार्य सम्पादनको स्वःमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
८. नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गरिने,
९. विद्यालयको विपद् व्यवस्थापन योजना बनाइ कार्यान्वयन गरिने,
१०. विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,
११ नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने ।

### ३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१. सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने ।

**प्रमुख नतिजाः**

१. विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने,
२. विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने,
३. विद्यालयमा गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार हुने,
४. विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने,
५. विद्यालयहरूको सक्षमतामा सुधार भइ रूपान्तरणको गतिलाई तीव्रता प्रदान गरेको हुने,
६. योग्यतम् प्रधानाध्यापकको छनौट तथा नियुक्ति हुने,
७. विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने,
८. विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुने,
९. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने,
१०. विद्यालयको सेवा प्रवाह प्रभावकारी हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१. विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने,
२ शैक्षिक कार्ययोजनाको निर्माण,
३ विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना,
४ विद्यालय नक्साङ्कन,
५ विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना,
६ शिक्षक दरबन्दी मिलान,
७ प्रधानाध्यापक नियुक्ति,
८ विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी,
९ वार्षिक कार्य सम्पादनको स्वःमूल्याङ्कन,
१० अभिभावक भेला,
११ विद्यालयको लेखा तथा सामाजिक परीक्षण,
१२ विपद् व्यवस्थापन योजना निर्माण,
१३ विद्यालयका गतिविधिहरू सार्वजनिक,
१४ क्षमता विकास र प्रोत्साहनका कार्यक्रम ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ५.६ : विद्यालय व्यवस्थापनका  लागि प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नगरस्तरीय आवधिक शिक्षा योजना निर्माण , कार्यान्वयन तथा योजनाको मध्यवधी समीक्षा र पूर्णावधि मूल्याङ्कन गरी समय सापेक्ष परिवर्तन | नगरस्तरीय पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका/शिक्षा युवा तथा खेलकुद शाखा |
| २ | नगरस्तरीय शैक्षिक तथा शिक्षा युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा र त्यसको कार्यान्वयन एवं मूल्याङ्कन अनुगमन गरी प्रभावकारी वृद्धि | नगरस्तरीय पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका/शिक्षा युवा तथा खेलकुद शाखा |
| ३ | विद्यालयस्तरीय भौतिक, आर्थिक, सामाजिक परीक्षा र मूल्याङ्कन, शैक्षिक पहुँच र गुणस्तर सुनिश्चितता सम्बन्धी योजना निर्माण गर्न लगाई त्यस्ता योजना कार्यान्वयनमा सहयोग, समन्वय तथा अनुदान व्यवस्थापन | सबै विद्यालय स्तरीय पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका/शिक्षा युवा तथा खेलकुद शाखा र सम्बन्धित वि.व्या.स. |
| ४ | विद्यालय सुधार योजना (SIP), वार्षिक विद्यालय सुधार कार्यान्वयन योजना (ASIP), शिक्षण सुधार योजना (TIP), विद्यालय शिक्षा स्तरीय वार्षिक इकाइ शिक्षण योजना (ATP), आन्तरिक क्रियाकलाप वार्षिक योजना (OAP), र प्र.अ. द्वारा विद्यालय विकास प्रस्तावना योजना निर्माण | सबै विद्यालय स्तरीय पटक | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय तथा प्र.अ. र शिक्षकहरु |
| ५ | वि.व्य.स र शि.अ.सं. को गठन तथा काम कर्तव्य अधिकार सम्बन्धी अभिमुखीकरण तालिम | नगरस्तरीय पटक | तयारी | १ | निरन्तर | निरन्तर | निरन्तर | २ | ४ | नगरपालिका/शिक्षा युवा तथा खेलकुद शाखार शिक्षा समिति |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ६ | वि.व्य.स र शि.अ.सं.तथा विद्यालय शिक्षक कर्मचारी, स्टाफ अनि सामाजिक परीक्षण समितिको नियमित बैठक, निर्णय र निर्णय कार्यान्वयन एवं त्यसको अनुगमन सुपरीवेक्षण | विद्यालय स्तरीय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय , शिक्षा युवा तथा खेलकुद शाखा |
| ७ | विद्यालयको वार्षिक अभिभावक भेला, आमा भेला, विद्यालय स्थापना तथा वार्षिकोत्सवको आयोजना र विद्यालयको भौतिक, आर्थिक उपलब्धि एवं प्रगति प्रस्तुति एवं समीक्षा | विद्यालय स्तरीय पटक | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय , शिक्षा युवा तथा खेलकुद शाखा |
| ८ | विद्यालय सुशासनको सुनिश्चितता निर्धारणको लागि विधि, कार्यविधि, नियम र आचारसंहिताहरु निर्माण र कार्यान्वयन, जिम्मेवारी र कर्तव्यप्रति जवाफदेहिता, विद्यालयका हरेक कार्यक्रममा सार्थक सहभागिता, विद्यालय गतिविधिको सरोकारवाला पक्षबिच पारदर्शिता, विद्यालयको योजना, रणनीति निर्माण र दिगो दूरदर्शी कार्यहरुलाई मात्र प्राथमिकता | विद्यालय स्तरीय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | सम्बन्धित विद्यालय , शिक्षा युवा तथा खेलकुद शाखा |
| ९ | सबै विद्यालयमा निश्चित मापदण्ड र विधि प्रकृयाका आधारमा न.पा भित्र भएका शिक्षक मध्ये सक्षम शिक्षकहरुलाई लैङ्गिक समानुपातिकता समेत मिलाइ प्र.अ. मा नियुक्ति | आवश्यकता अनुसार नगरपालिका स्तर र विद्यालय स्तरमा पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | आवश्यकता र औचित्यता अनुसार | आवश्यकता र औचित्यता अनुसार | सम्बन्धित विद्यालय , शिक्षा युवा तथा खेलकुद शाखा |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १० | विद्यालयको नक्साङ्कन गरी विद्यालयहरु गाभ्ने, समायोजन गर्ने, एकीकरण गर्ने वा नयाँ विद्यालय सञ्चालन गर्ने गरी प्रबन्ध गर्ने गराउने | नगरस्तर | तयारी | १ | | | १ | २ | ४ | ठाकुरबाबा न.पा. शिक्षा समिति र शिक्षा युवा तथा खेलकुद शाखा |
| ११ | कक्षागत, विषयगत, तहगत, विद्यार्थी सङ्ख्याको अनुपातगत, विद्यालयमा सञ्चालित सेक्टर तथा शाखा वा सेक्सनगत आवश्यकता र औचित्यका आधारमा शिक्षक कर्मचारीको २, २ वर्ष अन्तरमा दरबन्दी मिलान र सरुवा व्यवस्थापन गर्ने र अपुग दरबन्दी न.पा.बाट सिर्जना गरी नियमित अनुदान प्रदान गर्ने कार्यक्रम अनिवार्य कार्यान्वयन | न.पा. स्तरबाट पटक | १ | नियमित | १ | नियमित | १ | २ | ४ | नगर सभा , नगरकार्यपालिका, न.पा. शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा |
| १२ | विद्यालयको सामाजिक परीक्षण र म.ले.प. प्रविधिद्वारा हुने लेखा परीक्षणलाई सुदृढ र नियमित गर्ने | विद्यालय स्तर पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालयहरु |
| १३ | विद्यालयमा, प्रशासनिक व्यवस्थापन, छात्रवृत्ति प्रदान, निःशुल्क पा.पु., बुक कर्नर तथा EMIS व्यवस्थापन, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर तथा सूचना प्रविधि ल्याब, लेखा परीक्षण, दिवाखाजा, परीक्षा र मूल्याङ्कन जस्ता गतिविधि सञ्चालन, व्यवस्थापन गर्न नियमित अनुदान प्रदान | न.पा स्तरबाट मासिक, चौमासिक पटक | १ | १ | १ | १ | १ | ५ | १० | ठाकुरबाबा न.पा. लेखा शाखा तथा शिक्षा युवा तथा खेलकुद शाखा |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | विद्यालयमा आवश्यकता र औचित्यका आधारमा विद्यालय विकास योजना SIP अनुसार भवन कोठा, फर्निचर, शौचालय, तारबार, पर्खाल, गेट, खानेपानी, वास कार्यक्रम, फूलबारी, करेसाबारी, प्रविधि प्रयोगशाला, सीप विकास जस्ता भौतिक निर्माण पुनः निर्माणमा सहयोग गर्ने | न.पा. स्तरबाट | १ | १ | १ | १ | १ | ५ | १० | संघीय सरकारको कार्यक्रम, प्रदेश सरकारको कार्यक्रम र स्थानीय न.पा.को कार्यक्रम र संघ सस्थासँगको समन्वयमा शिक्षा शाखाले |
| १५ | दिवस, उत्सव, समारोह गर्ने, पुरस्कार, सम्मान, अभिनन्दन गर्ने । कार्य सम्पादनका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट विद्यालय, वि.व्य.स., प्र.अ., शिक्षक, विद्यालय कर्मचारी छनौट गर्ने कार्यलाई निरन्तरता दिने । | न.पा. स्तरबाट | २ | २ | २ | २ | २ | १० | २० | ठाकुरबाबा न.पा. र शिक्षा युवा तथा खेलकुद शाखा |
| १६ | विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, वडास्तरीय खेलकुद प्रतियोगिता, नगरपालिकास्तरीय राष्ट्रपति, नगर कप खेलकुद प्रतियोगिताहरु सञ्चालन र व्यवस्थापन गर्ने | न.पा. स्तरबाट | १ | १ | १ | १ | १ | ५ | १० | ठाकुरबाबा न.पा. र शिक्षा युवा तथा खेलकुद शाखा |
| १७ | युवा स्वरोजगारी सिर्जना, बेरोजगारहरुलाई तालिम तथा सीप विकासको अवसर प्रदान विभिन्न व्यवसायिक तालिम तथा नेतृत्व विकास सीप विकास, एवं पेशागत विकास तालिम, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु युवा युवती र लक्षित वा केन्द्रित गरेर गर्ने | न.पा. स्तरबाट | १ | १ | १ | १ | १ | ५ | १० | ठाकुरबाबा न.पा. र शिक्षा युवा तथा खेलकुद शाखा |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १८ | स्थानीय बगनाहा, भुरीगाउँमा भएका २ वटा क्याम्पसबिचमा समन्वय गराइ एउटा क्याम्पसलाई प्राविधिक उच्च शिक्षालय, क्याम्पस र अर्कोलाई बहुमुखी क्याम्पसको अवधारणा अनुसार सबै विषयको स्नातकोत्तर सम्मको पढाइ र अनुसन्धान संस्थाका रुपमा विकास गर्ने र रजिष्ट्रेशन वापत सङ्कलन हुने १५% करको रकम मध्ये शिक्षा विकास कोष वितरण कार्यविधि अनुसार नियमित अनुदान प्रदान गर्ने | न.पा. स्तरबाट | १ | १ | १ | १ | १ | ५ | १० | ठाकुरबाबा न.पा. र शिक्षा युवा तथा खेलकुद शाखा |
| १९ | विद्यालय प्र.अ.सँग शिक्षा कार्यालयबाट र शिक्षकसँग प्र.अ.ले वार्षिक कार्य प्रगतिमा आधारित कार्यसम्पादन सम्झौता गर्ने | न.पा. स्तरबाट | १ | १ | १ | १ | १ | ५ | १० | ठाकुरबाबा न.पा. र शिक्षा युवा तथा खेलकुद शाखा |
| २० | विद्यालयले नियमित निरन्तर मूल्याङ्कन आवधिक मूल्याङ्कन गर्न परीक्षाहरु सञ्चालन गर्ने प्राप्ताङ्क प्रस्तुतिसहित अभिभावक, शिक्षकसँग अन्तर्क्रिया गर्ने र परिणाम सुधार प्रतिवद्धता र योजना बनाउने कार्यहरु गर्ने, गराउने | न.पा. स्तर र विद्यालयस्तर बाट | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. र विद्यालय |
| २१ | विद्यालयहरुले अतिरिक्त प्रकृतिको सेवा थप अङ्ग्रेजी माध्यम, व्यवसायिक शिक्षा तालिम, सूचना प्रविधि जस्ता सेवा दिँदा अभिभावकको निर्णयबाट सञ्चालन सहयोगमा थप सहयोग उपलब्ध गराउने गरी विद्यालयले अतिरिक्त सेवा वा शिक्षण प्रबन्ध गर्ने | विद्यालय स्तरमा आवश्यकता र औचित्यता अनुसार नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | आवश्यकता अनुसार | सम्बन्धित विद्यालय व्यवस्थापन समिति |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २२ | नमुना विद्यालय र नमुना शिक्षण कार्यक्रम सञ्चालन | नगरस्तर पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र नगरपालिस्तरबाट तोकिएका कार्यक्रम अनुसार वा पक्षहरु |
| २३ | विद्यालयमा गैर शिक्षण जनशक्ति, कार्यालय सहयोगी, परिचर पाले, ड्राइभर, लेखा प्रशासनमा काम गर्ने कर्मचारी, ल्याबहरुमा हुने कर्मचारी, लाइव्रेरियन, स्वास्थ्यकर्मी, प्राथमिक उपचारको व्यवस्थापन गर्ने | नगरस्तर पटक | ५ | ५ | ५ | ५ | ६ | २६ | २६ | नगरपालिका |
| २४ | विद्यालय यातायात साधन(स्कुल बस) सेवा | नगरस्तर पटक | २ | २ | २ | २ | २ | १० | १० | नगरपालिका र वडा कार्यालय हरेक वडामा १ बस कार्यक्रम |
| २५ | हरेक विद्यालयको आधारभूत तहसम्म पूर्ण निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म निःशुल्क बनाउन विद्यालयको आयश्रोत बढाउने | नगरस्तर | ५ | ५ | ५ | ५ | ६ | २६ | २६ | सबै सामुदायिक विद्यालय २६ वटा नगरपालिका |
| २६ | विद्यालयको सम्पत्ति तथा आय श्रोत व्यवस्थापन र सुदृढीकरण कार्यक्रम | नगरस्तर | ५ | ५ | ५ | ५ | ६ | २६ | २६ | सबै सामुदायिक विद्यालय २६ वटा नगरपालिका |

## ३.१० निरन्तर शिक्षा, खुला सिकाइ, औपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रकृयाका रुपमा लिने गरिन्छ । मानिसहरु औपचारिक, अनौपचारिक र अरितिक पद्धतिको माध्यमबाट जीवन, जगत र वातावरणमा अन्तर्क्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् र केही न केही नयाँ कुराहरुको सिकाइ पनि भइनै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बञ्चित भएका मानिसहरु उमेरमा पढ्न पाइएन भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरुमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सकृयतापूर्वक संलग्न रहन सकिन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै ठाकुरबाबा नगरपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताकासाथ व्यवस्था गरिएको छ । विगतमा हाम्रो देशमा जिल्ला शिक्षा कार्यालयहरुमार्फत अनौपचारिक शिक्षा अन्तर्गत धेरै साक्षरता कक्षाहरु सञ्चालन गरिए । साक्षरताका सघन कार्यक्रमहरुमार्फत पालिकाहरुलाई साक्षर घोषणा गर्ने अभियान पनि सञ्चालन गरियो । यस अनुसार धेरै पालिकाहरुलाई साक्षर पालिका घोषणा पनि गरिएको छ । तर यस प्रकारका घोषणाहरु केवल घोषणाका लागि घोषणा मात्रै गरिएको र वास्तवमा साक्षरतामा हासिल हुनु पर्ने उपलब्धि हासिल नभएको भनी आलोचना पनि हुने गरेको छ । साक्षर घोषणा गरिएका कैयौं पालिकामा धेरै मानिसहरु निरक्षर रहेको प्रमाणसहितका समाचारहरु संचार माध्यमहरुमा पनि आएका छन् । यसबाट अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम सञ्चालनको परिपाटीमा केही परिवर्तन गर्नु पर्ने हो कि भन्ने पनि देखिन्छ । यिनै कुराहरुलाई विचार गरेर अब स्थानीय सरकारबाट सञ्चालन हुने साक्षरता अभियानलाई परिणाममुखी बनाउनु परेको छ ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सीपहरुलाई दैनिक जीवनका क्रियाकलापहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने कुराप्रति मानिसहरुलाई विश्वस्त गराउनका लागि स्थानीयस्तरकै उदाहरणसहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने रणनीति अपनाउने हो भने जीवनपर्यन्त सिकाइलाई सफलतापूर्वक सञ्चालन गर्न सकिन्छ ।

### ३.१०.१ परिचय

आजीवन सिकाइ, अनौपचारिक शिक्षा ,खुला तथा दूरशिक्षा गरी चारवटा पद्धतिहरु औपचारिक शिक्षाभन्दा बाहिर भएर व्यक्तिले प्राप्त गर्दछ । सिक्ने र सिक्न सक्ने मानवीय क्षमता भएको प्राणी भएकाले मानिसको सिक्ने कुरा कुनै विन्दुमा पुग्दा रोकिने  नभइ एक निरन्तर चलिरहने प्रक्रिया हो । मानिसले जीवन जगतसँग अन्तर्क्रिया गर्दा प्राप्त हुने  अरितिक ढंगले हासिल गरेका ज्ञान, सीप र धारणाहरु क्रमशःअनौपचारिक ढंगबाट नयाँ पुस्तामा हस्तान्तरण र हस्तान्तरित भएको ज्ञानमा नयाँ पुस्ताहरुको आर्जित अनुभव समेत थपिइ पुरानो ज्ञान, सीप धारणा  विकसित हुँदै जान्छन् । अक्षर र लिपिको विकास गर्नु पूर्व पनि शिक्षाका मौलिक परम्परा कायम थिए । जस्तै श्रुति, स्मृति प्रमुखरूपमा सिकाइका जगको रुपमा विकास भएका थिए । बुढा मरे कुरा सरे भनेझैं सिकाइको हस्तान्तरण एक  पुस्ताबाट अर्को पुस्तामा अनौपचारिकरुपमा हुँदै जान्थ्यो ।आफ्नो वातावरणसँग अनुकूल हुन परम्परागत रुपमा विकसित भएका अनुभव र ज्ञान सीपको धारणाबाट आफ्नो ज्ञानको थप विकास गरी अर्को पुस्तामा हस्तान्तरण भएको पाइन्थ्यो । आजीवन सिकाइको अभ्यास मानव सभ्यताको प्रारम्भबाटै भएको पाइन्छ । आजीवन शिक्षाले सिकाइ मानव जीवनको एक अभिन्न पाटो र यसको जीवनमा सचेत अभ्यास हुनुपर्दछ भन्ने  मर्मलाई आत्मसात् गरेको  छ ।

### ३.१०.२ वर्तमान अवस्था

शिक्षा सबैलाई आवश्यक पर्ने भएकाले व्यक्तिलाई जीवनभर सिक्ने अवसरसहितको वातावरणको जरुरी पर्दछ । दिगो

विकास लक्ष्यहरू मध्ये लक्ष्य ४ मा समेत आजीवन सिकाइलाई महत्वका साथ प्रस्तुत गरिएको छ । सुखी र खुशी जीवन यापनका लागि सिकाइ प्रक्रिया जीवनभर चलाउनुपर्छ । हरेक उमेर समूहका मानिसहरू सिकाइ प्रक्रियामा संलग्न भएर सिक्ने अवसर पाउनुपर्दछ। व्यक्तिले आफ्नो सिकाइलाई थप सुदृढ गर्नको लागि कार्यथलोमा गर्नका लागि सिक्ने (Learning to do) विद्यालय, विश्वविद्यालय, तालिम, सेमिनारमा, आफ्नो विद्यमान ज्ञान सीप धारणा विकास गर्नको लागि (Learning to know) समुदाय र सामाजिक स्थानमा सहभागी भएर सामाजिक सेवा भावको विकास गर्न सँगसँगै सिक्ने (Learning to live together) र आफ्नो अस्तित्व र संवेगात्मक सिकाइसहित प्रतिबिम्बन गर्ने क्षमताको लागि(Learning to be)जस्ता पक्षहरू निरन्तर सिकाइको अवसरहरू हुन । आजभोली जीवनपर्यन्त सिकाइका लागि आजीवन सिकाइ भन्न थालिएको छ । आजीवन सिकाइ एउटा छुट्टै विधि नभइ यो त समग्र शिक्षा प्रणालीलाई निर्दिष्ट गर्ने सिद्धान्त हो । हाम्रो पूर्वीय परम्पराका चार पुरुषार्थ धर्म,अर्थ,काम,मोक्षलाई नै पश्चिमा दार्शनिकहरूले शिक्षाका चार आधार स्तम्भ भनी नामाकरण गरेको पाइन्छ जसमा धर्म भन्नाले सँगै बस्ने सँगै सहकार्य गर्ने, अर्थ भन्नाले गर्नका लागि सिक्ने र आर्थिक उन्नति गर्ने, पेशा व्यवसायको ज्ञान हासिल गर्नु हो,भने काम त्यो शक्ति हो जसले निरन्तर सिक्न, खोज्न र जिज्ञासु हुन भन्ने जनाउँछ र व्यक्तिको अस्तित्वको प्रश्न, जीवन, जगतको प्रश्न माथि चिन्तन गर्न सक्ने र जीवनको बोध गर्ने अन्तिम लक्ष्यलाई बन्नका लागि सिक्ने भनेर परिभाषित गरिएको छ ।

नगरपालिकामा शिक्षा तथा खेलकुद शाखाको अनौपचारिक तथा जीवन पर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी पनि रहेको छ । यसका साथै यस नगरपालिकामा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न बिगतदेखि नै तीन वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् ।

उल्लिखित विशेष आधारमा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ।

१. अनौपचारिक तथा आजीवन शिक्षा सम्बन्धी सहज पहुँच विस्तार सम्बन्धी,
२. औपचारिक र अनौपचारिक शिक्षाको एकीकृत ढाँचा निर्माण गर्न,
३. साक्षरताको व्यवहारिक मापन, गुणस्तर लेखाजोखा तथा उपयोग,
४. परम्परागत आजीवन शिक्षाको तालमेल,
५. सिकारुका सिकाइ आवश्यकता पहिचान गरी सो अनुसार कार्यक्रम कार्यान्वयन ।

### ३.१०.३ लक्ष्य

सबै निरक्षरहरू पूर्ण साक्षर भइ नागरिकको जीवनस्तरमा सुधार हुने ।

### ३.१०.४ उद्देश्य

सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षाकाबिच अन्तरसम्बन्ध स्थापित गर्ने,आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने, स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने ।

### ३.१०.५ रणनीतिहरू

१. पालिका भित्रका शिक्षक र कक्षा ९ भन्दा माथिका विद्यार्थीहरु परिचालन गरी निरक्षर व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गर्ने,
२. निरक्षर व्यक्तिहरुको तथ्याङ्कको आधारमा साक्षरता कक्षाका लागि सहयोगी कार्यकर्ता छनौट गरी कक्षा सञ्चालन गर्ने व्यवस्था गर्ने,

३. हाल पालिका भित्र सञ्चालनमा रहेका ३ वटा सामुदायिक सिकाइ केन्द्रहरुलाई भौतिक रुपमा सुदृढ बनाउने,
४. प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र पर्ने गरी थप ६ वटा सामुदायिक सिकाइ केन्द्रहरु स्थापना गर्ने ,
५. सामुदायिक सिकाइ केन्द्रहरुलाई अन्य कुराहरुका अतिरिक्त सामुदायिक पुस्तकालयको रुपमा विकसित गर्ने ,
६. स्थानीय कला, संस्कृति, लोक गाथा, परम्परा, इतिहास र पुरातात्विक महत्वका स्थान र मठ मन्दिर सम्बन्धमा जानकारी राख्ने स्थानीय व्यक्तिहरुबाट सो सम्बन्धी सामग्री लेख्न लगाई त्यसको प्रकाशन गर्ने र त्यस्ता सामग्रीहरु पालिका भित्रका सामुदायिक सिकाइ केन्द्र र विद्यालयका पुस्तकालयहरुमा राख्ने व्यवस्था गर्ने तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा त्यस्ता सामग्रीको प्रयोग गर्ने ,
७. स्थानीयस्तरमा परम्परागत रुपमा प्रचलित कला कौशल र विभिन्न क्षेत्रका ज्ञान सीप जान्ने मानिसहरुको सहयोगमा त्यस विषयका सामग्रीहरु तयार गर्न लगाउने र प्रयोग गर्ने ,
८. खुला विद्यालय तथा वैकल्पिक विद्यालय स्थापना गरी निरन्तर शिक्षालाई जोड दिने ,
९ सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरिने,
१०. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
११. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
१२. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
१३. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

### ३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**प्रमुख नतिजा:**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भइ सञ्चालन हुने,
३. सिकारूको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
४. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
६. अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी तथ्याङ्क अद्यावधिक हुने,
७. स्थानीय तह पूर्ण साक्षर घोषणा हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

१. निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटावेस तयारी,
२. साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन,

३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन,
४. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन,
५. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण,
६. सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य,
७. मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास,
८. सूचना तथा सञ्चार प्रविधिको प्रयोग,
९. सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण,
१०. संस्थागत प्रबन्ध,
११. अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान,
१२. पूर्ण साक्षर पालिका घोषणा ।

**ग) प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

**तालिका ३.१० : अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नगरपालिकालाई पूर्ण साक्षर सुनिश्चितताको घोषणा गरिने । | पटक | तयारी | १ | - | - | - | | | नगरपालिका |
| २ | साक्षर अभिभावक हाम्रो गौरवलाई साक्षरता अभियानसँग जोडेर विद्यालय सेवा क्षेत्र अन्तर्गतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेका शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी आदिलाई परिचालन गरिने । | विद्यालय ३६ | तयारी | ३६ | निरन्तर | निरन्तर | निरन्तर | | | नगरपालिका र विद्यालय |
| ३ | साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री स्थानीय भाषाका सामग्री तथा विधिसमेतका आधारमा पहुँचको अभिवृद्धि गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ ,प्रदेश र नगरपालिका |
| ४ | नगरपालिकाको कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र एफ.एम.सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong learning hub) को रुपमा विकास गरिने । | नगरपालिका | | १ | - | - | - | - | १ | संघ, प्रदेश र नगरपालिका |
| ५ | सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोतकेन्द्र बनाई समुदायमा रहेका नवसाक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सिकाइ केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तह |
| ६ | स्थानीय मागका आधारमा एउटा वडामा एउटा हुने गरी सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन गरिने । | वडा ९ वटा | | २ | १ | १ | १ | ९ | ९ | नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न वडामा रहेको सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालय स्थापना गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तह |
| ८ | सामुदायिक पुस्तकालहरुको स्थापना र सञ्चालनलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने । | पुस्तकालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र नगरपालिका |
| ९ | विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट आफ्नो परिवारका निरक्षर सदस्यहरुलाई साक्षर बनाउनका लागि परियोजना एवम् प्रयोगात्मक कार्य सञ्चालन | विद्यालयहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | प्रदेश सरकार, स्थानीय सरकार र विद्यालयहरु |
| १० | सामुदायिक सिकाइ केन्द्रमा संयोजकको व्यवस्था तथा सहयोगीको व्यवस्था गरिने । | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | नगरपालिका |
| ११ | तीनै तहका सरकारले लागत सहभागिताको प्रारुप तयार गरी कार्यान्वयन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र नगरपालिका |
| १२ | एफएम रेडियो, सञ्चारकर्मी र मिडियासँग साक्षरता र निरन्तर शिक्षाका लागि सहकार्य | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | नगरपालिका |
| १३ | आजीवन सिकाइका लागि मोड्युल तथा सामग्री विकास (मौलिक तथा परम्परागत ज्ञानसहित) र डिजिटलाइज गर्ने सीप प्रदान गर्ने | मोड्युल | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ ,प्रदेश र नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | सिकाइ प्रक्रियामा सूचना तथा प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सञ्चालन) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ ,प्रदेश र नगरपालिका |
| १६ | साक्षरता र निरन्तर शिक्षाका लागि अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, पेसागत विद्यालय, व्यावसायिक विद्यालय, धार्मिक प्रकृतिका विद्यालय लगायतका संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | विभिन्न प्रकृतिका विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ ,प्रदेश र नगरपालिका |
| १७ | औपचारिक र अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्न सामुदायिक सिकाइ केन्द्रलाई पुलको रुपमा विकास गरी कार्यक्रम सञ्चालन गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र नगरपालिका |

## ३.११ गुणस्तरीय सार्वजनिक शिक्षा तथा सुरक्षित शिक्षा

### ३.११.१ परिचय

गुणस्तर भन्ने शब्द आजभोलि धेरै क्षेत्रमा धेरैका मुखबाट सुन्ने गरेको पाइन्छ। गुणस्तरलाई निरपेक्ष नभइ सापेक्ष रुपमा हेर्नुपर्छ। तर पनि आजका दिनमा गुणस्तरीय शिक्षाका लागि अधिकार, समावेशी, न्यायोचित सुशासन पहुँच सेवाको दक्षता जस्ता आधारहरु बाट मूल्याङ्कन गर्नुपर्छ। अर्कोतर्फ सुशासनमा पारदर्शिता, सहभागिता दूरदर्शिता र जवाफदेहीताको सुनिश्चित गर्न सक्नु पर्छ। आज सामुदायिक र संस्थागत विद्यालयहरुले प्रदान गर्ने शिक्षा सार्वजनिक शिक्षा हो। उक्त शिक्षामा राज्य र गैर राज्यबाट प्रशस्त लगानी भएको छ तर पनि उत्पादित स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ। बालबालिकाहरु स्वस्थ नभएसम्म उनीहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् भन्ने कुरा त सर्वसाधारण अभिभावकहरुलाई पनि जानकारी भएको विषय हो। त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु अभिभावकहरुको कर्तव्य हुन आउँछ। अहिले बालबालिकाहरुमा बजारमा पाइने पाकेटमा राखिएका चाउचाउ, बिस्कुट जस्ता खाद्यपदार्थ र विभिन्न ब्राण्डका पेय पदार्थहरु खाने बानी नै बसिसकेको छ। यस्ता पदार्थहरु स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि भएको समाचार र संदेश विभिन्न संचार माध्यमहरुमा समय समयमा प्रकाशित भएको पाइन्छ। त्यसैले यस विषयलाई गंम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य पोषण र सरसफाइ सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ।

### ३.११.२ वर्तमान अवस्था

गुणस्तरीय शिक्षा भन्नाले शिक्षाको लक्ष्य अनुरुप हुने गरी निर्धारण गरेको सक्षमता हासिल भएको उच्च सिकाइ उपलब्धियुक्त शिक्षा नै गुणस्तरीय शिक्षा हो। हाम्रो स्थानीय तह ठाकुरबाबा नगरपालिकाको वर्तमान शैक्षिक गुणस्तरको अवधारणको विश्लेषण गरेर हेर्दा शिक्षामा पहुँचको अवस्था ९८% भन्दा माथि, समग्र उत्तीर्ण प्रतिशत कक्षा ५ को ८०% भन्दा बढी कक्षा ५ को ७०% भन्दा बढी र SEE को ६०% भन्दा बढी र SLC को ४०% को हाराहारीमा रहेको अवस्था छ भने सिकाइ उपलब्धि तल्लो कक्षाहरुमा बढी र माथिल्लो कक्षाहरुमा क्रमशः कम हुँदै गएको र समग्रमा ५७/५८% रहेको पाइन्छ।

शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यालयको भौतिक निर्माण विकास विद्यालयबाट विद्यार्थीलाई प्रदान गर्ने विद्यालय समयमा विद्यार्थीको विद्यालय बसाई व्यवस्थित गर्न, फर्निचर कार्पेट कक्षा व्यवस्थापन, शौचालय, खानेपानी, पर्खाल, गेट, सुरक्षा प्रबन्ध, पुस्तकालय विज्ञान प्रयोगशाला, कम्प्यूटर इन्टरनेट, सूचना प्रविधिमा अनुपातमा थप शिक्षक व्यवस्था, खेलकुद व्यवस्थापन शिक्षकलाई तालिम, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण लगायतका कार्यहरु जस्ता प्रयासहरु स्थानीय शिक्षा विकासका लागि प्राथमिक कार्यक्रम भित्रबाट भैरहेका छन्।

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय विद्यालयको भौतिक सुविधा गुणस्तरीय शिक्षक, गुणस्तरीय शैक्षिक कार्यक्रम र पाठ्यक्रम तथा पाठ्यपुस्तक र गुणस्तरका लागि परीक्षा र मूल्याङ्कनमा तत्काल आमूल परिवर्तन एवं सुधार गर्नु पहिलो चुनौती हो भने शिक्षकहरुमा कम्प्यूटर तथा सूचना प्रविधि सञ्चालनको आवश्यक ज्ञान सीप नहुनु दोस्रो चुनौती र विद्यालयमा चाहेको कार्य गर्न स्रोत साधनको अभाव, आर्थिक विपन्नता, सवल विद्यालय प्रशासक अर्थात प्र.अ.हरुको व्यवस्थापन र पर्याप्तता अर्को चुनौती हो। विद्यालय व्यवस्थापन समिति, वि.व्य.स.को निर्णय र कार्यसम्पादन क्षमता पनि चुनौतीको रुपमा रहेको छ भने राज्यले अवलम्बन गरेको दुई खालको शिक्षा दिने सरकारी र नीजिस्तरका विद्यालयबाट शिक्षा सेवा प्रदान र विक्री गरिनु पनि शिक्षामा समान गुणस्तरको चुनौती हो।

त्यसैगरी नगरपालिकाको गुरुयोजना बन्नु, गुरुयोजनाले एउटा वडामा एउटा मा.वि., सबै सुविधा सम्पन्न योजना र

कार्यक्रम अगाडि सारिनु धेरै विद्यालय सेवाक्षेत्रका बालबालिका शिक्षाको पहुँचभित्र रहनु क्रमशः सुधारिदै गएको विद्यालयको भौतिक आर्थिक शैक्षिक र जनशक्ति व्यवस्थापन हुनु नगरपालिकाको बजेट तथा कार्यक्रमले शिक्षालाई प्राथमिकता दिनु शिक्षा सेवा आयोगले सक्षम शिक्षकको स्थायी नियुक्ति गरेर पठाउनु जस्ता अनेक सवलता र अवसरहरुपनि गुणस्तरीय सार्वजनिक शिक्षा विकासका अवसरका रुपमा रहेका छन् ।

सार्वजनिक शिक्षाको गुणस्तरीय अभिवृद्धि गर्नका लागि वर्तमान चुनौतीसँग सामना गर्दै समस्याको समाधान गर्दै अवसर र सवलतालाई सदुपयोग हुने गरी यो दश वर्षे आवधिक शिक्षा योजना तयार पार्न प्रयास गरिएको छ ।

### ३.११.३ लक्ष्य

सार्बजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।

### ३.११.४ उद्देश्य

१. सफा, स्वच्छ, सुन्दर र सुरक्षित विद्यालयको लागि आवश्यक पूर्वाधार तयार गर्ने,
२. सफा, स्वच्छ, सुन्दर र सुरक्षित विद्यालयको लागि स्रोत पहिचान कार्यान्वयन गर्ने,
३. सबै बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित हुने,
४. क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रमा पहुँच पुग्ने,
५. क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने,
६. शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यवसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने,
७. शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा सुशासन प्रवर्धन गरी सिकाइप्रति उत्तरदायी प्रणालीको विकास तथा कार्यान्वयन हुने,
८. दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोंच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

### ३.११.५ रणनीतिहरू

१. प्रत्येक वडा तथा विद्यालयस्तरमा बाल समूहहरुको गठन गर्ने र उनीहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने ,
२. प्रत्येक विद्यालयमा बाल सुरक्षा सम्बन्धी प्रहरी तथा विज्ञद्वारा कक्षा लिन लगाउने,
३. कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा मानसिक तथा शारीरिक यातना दिन नहुने विषयमा सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने ,
४. विद्यायलयको गुणस्तर कायम गर्न नगर क्षेत्रभित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गर्ने,
५. गुनासो सुनुवाई संयन्त्र कार्यविधिलाई कडाइका साथ लागू गर्ने,
६ विद्यालयको बालसंरक्षण पद्धतिलाई वडास्तरको संयन्त्रसँग आवद्ध गरी सक्रिय बनाउने ,
७. हरेक विद्यालयमा दण्डरहित शिक्षण सिकाइ क्रियाकलापहरूलाई कडाइका साथ अवलम्वन गर्ने र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागू गर्न प्रोत्साहन गर्ने,
८. गाउँका हरेक विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार

योजनामा समावेश गर्न अनिवार्य गर्ने ,

९. हरेक विद्यालयका बालबालिकाहरूलाई भूकम्पबाट जोगिने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने,

१०. विपद् जोखिम व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी नगरस्तरीय योजना निर्माण गर्ने ,

११. विपद् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुनर्स्थापन गर्न तथा तत्काल अस्थायी पढाइ केन्द्रमार्फत बालबालिकाहरूको पढाइलाई निरन्तरता प्रदान गर्ने ,

१२. शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने गरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने छ ,

१३. सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वःप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने छ,

१४. शिक्षण पेसामा उच्चयोग्यता र सीप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने ,

१५. विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने ,

१६. शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ,

१७. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सीप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,

१८. प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सिर्जना गर्ने

१९. विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,

२०. कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,

२१. सार्वजनिक शिक्षामा सुशासन प्रर्वधन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने ।

### ३.११.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१. सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्बजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने ।

**प्रमुख नतिजाः**

१. शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने,

२. सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने,

३. शिक्षण पेसामा उच्च योग्यता र सीप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने,

४. विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा आएको हुने,

५. आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,

६. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सीप अभिवृद्धि भएको हुने,

७. बालबालिकाहरूले आवश्यकताअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सिर्जना हुने,

८. शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ भएको हुने,

९. सार्वजनिक शिक्षामा सुशासन प्रवर्धन भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१. शैक्षिक वातावरण सुदृढीकरण,
२. क्षमता विकास कार्यक्रम,
३. शिक्षक दरबन्दी व्यवस्थापन,
४. अतिरिक्त क्रियाकलाप सञ्चालन,
५. शिक्षक पेसागत सहयोग,
६. प्रशंसा तथा प्रोत्साहन कार्यक्रम,
७. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम,
८. परीक्षण तथा अनुसन्धान,
९. सरोकारवालबिच निरन्तर अन्तर्क्रिया,
१०. कार्यसम्पादन परीक्षण,
११. आवधिक समीक्षा तथा प्रतिवेदन ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.४: शैक्षिक सुशासन सबलीकरण र जनशक्ति व्यवस्थापनका लागि प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरिने | निरन्तर | १ | ( | ( | ४ | ( | २ | ४ | संघ र प्रदेशसँगको सहकार्य |
| २ | विश्वविद्यालय र नगरपालिकाका क्याम्पसका सर्वोत्कृष्ट उत्पादनलाई शिक्षालयमा आकर्षित गर्नका लागि अध्यापन सेवालाई सुविधा र वृत्ति विकासको हिसाबले सम्पन्न बनाउनका लागि नीति र कानुनसम्मत प्रोत्साहनको व्यवस्था गरिने | निरन्तर सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको सहकाय |
| ३ | शिक्षण पेसामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई पालिकाको शिक्षा सम्बन्धी ऐन कानुनमा समेत व्यवस्था गरी सोको कार्यान्वयन गरिने | निरन्तर सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको सहकाय |
| ४ | एउटा विद्यालयमा बढीमा पाँच बर्ष भन्दा बढी समय प्राधानाध्यापक एवम् शिक्षक भइ काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुमानयोग्य बनाउन कानुनको निर्माण एवम् कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको सहकार्य |
| ५ | गैरराजनितक किसिमबाट शिक्षाविदहरुको टिम बनाइ उक्त टिमले जनशक्तिको कामको मूल्याङ्कन गरी आवश्यक कारबाहीका निम्ति सीफारिस | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको सहकार्य |
| ६ | सरकारको ढुकुटीबाट वेतन खाने कुनै पनि शिक्षक र कर्मचारी राजनीतिक दल विशेषको सदस्य नहुने गरी कानुन बनाई कार्यान्वयन गरिने | पटक निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको सहकार्य |
| ७ | विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निःशुल्क सामग्री लगायत वित्तीय सहयोग र सुविधाहरुको रकम बैङ्कमार्फत उनीहरुकै खातामा भौचर पद्धतिबाट उपलब्ध हुने | लक्षित विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | शिक्षकहरुको पेसागत विकास, अधिकार र कर्तव्यको सवालमा काम गर्नका लागि एउटा मात्र पेसागत संस्था हुने गरी कानुनको निर्माण गरी कार्यान्वयन | पटक निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| ९ | संघ र प्रदेशसँग समन्वय र सहकार्य गरी स्थानीय तहमा सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सङ्गठन तथा जनशक्तिको पुन:संरचना गर्ने | पटक | तयारी गर्ने | १ | | | १ | २ | ४ | संघ, प्रदेश र स्थानीय तह |
| १० | संस्थागत र सामुदायिक विद्यालयका प्रारम्भिक तहका कक्षाहरुको शिक्षण सिकाइमा EGRP मोडेलको साथै बालबालिकाको पढाइको माध्यम स्थानीय वा मातृभाषामा हुने गरी प्रबन्ध गरिने | पद्धति निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| ११ | कानुनमा व्यवस्था गरी प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र आफ्ना विद्यालय कर्मचारी शिक्षक स्टाफका निम्ति अधिकार सम्पन्न बनाउने गरी अधिकार प्रदान गर्ने कानुनी र नीति निर्णय गर्ने | पटक निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश तथा स्थानीय तह |
| १२ | प्रधानाध्यापकलाई आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन गर्न उत्प्रेरित गर्नका लागि प्रोत्साहन स्वरुप खाइपाइ आएको तलवको कम्तिमा पनि १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराइने प्रबन्ध गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश तथा स्थानीय तह |
| १३ | शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन गर्ने | पद्धति र विकास र परिमार्जन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | स्थानीय तह र विद्यालय |
| १४ | स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने | विद्यालय सबैमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| १५ | अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र खुला शिक्षाको क्षेत्रमा काम गर्नका लागि स्थानीय तहको हरेक वडामा कम्तिमा एउटा साधन,स्रोत र प्रविधिसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरिनेछ | पटक सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १६ | पालिकामा शिक्षा,युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना | स्थापना र सञ्चालन | तयारी गर्ने | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | २ | संघ, प्रदेश तथा स्थानीय तह |
| १७ | पाठ्यक्रमको पुनरावलोकन गर्दा पूर्वीय दर्शन,नैतिक मूल्यमा आधारित शिक्षा र आधुनिक विज्ञान प्रविधिलाई सन्तुलित रुपमा समावेश गर्न सीफारिस गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश तथा स्थानीय तह |
| १८ | संघ,प्रदेश र स्थानीय तहबाट सिर्जना गरिएका शिक्षक कर्मचारीको रिक्त दरबन्दीमा नियुक्तिका लागि नगरपालिका स्तरीय शिक्षक छनौट संयन्त्र स्थापना गर्ने | पटक सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | प्रदेश , स्थानीय तह |
| १९ | विभिन्न प्रकारका जोखिम र हिंसामा परेका बालबालिका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका समन्वयमा |
| २० | उत्कृष्ट विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरी त्यस्ता विद्यालयहरुबाट अरु विद्यालयहरुले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| २१ | पालिकाबाट स्थानीय भाषा र आवश्यकतामा आधारित पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु विकास र प्रकाशनका लागि उपयुक्त संयन्त्रको निर्माण गरी तत्सम्बन्धी कार्य गरिने | संयन्त्रको विकास र कार्य सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| २२ | संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुले गरेका राम्रा अभ्यासहरु एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| २३ | अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनका लागि कानुन बनाइ कार्यान्वयन | पटक कार्यान्वयन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २ | नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २४ | अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको बिषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरुमा वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरु सञ्चालन गरिने र वडास्तरमा वडा शिक्षा समिति गठन गरी वडा शिक्षा समितिको वडा शिक्षा विकास प्रस्ताव र निर्णयलाई नगर शिक्षा समितिबाट कार्यान्वयन सहयोग र न.पा. बाट अनुदान प्रदान गर्ने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | २ | ४ | नगरपालिका र विद्यालय |
| २५ | प्रारम्भिक कक्षामा माध्यम सुधार तथा प्रणाली सुधार गर्न सामग्री, पेसागत सहयोग, क्षमता विकास र अनुगमन गर्ने प्रकृया र प्रणाली स्थापित गर्ने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| २६ | प्रारम्भिक कक्षामा अभिभावक शिक्षा, पढाइ मेला, छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २७ | CBEGRAतथा Bench Marking सञ्चालन | बर्ष | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २८ | विद्यार्थीको उपलब्धि अभिभावक र सरोकारवाला बिच प्रस्तुति | वार्षिक पटक सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २९ | शिक्षकले वार्षिक रुपमा शिक्षक सुधार TIP योजना र वार्षिक शैक्षिक योजना अर्थात इकाइ योजना बनाएर सुधार र योजना केन्द्रित शिक्षण कार्यमात्र गर्ने गराउने कार्य | ४० वटै सबै विद्यालयमा अनिवार्य र निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३० | प्र.अ. ले विद्यालय विकास योजना र विद्यालय सुधार योजना SIP तथा SIP का आधारमा हरेक वर्ष बनाइ कार्यान्वयनमा ल्याउने कार्य | ४० वटै सबै विद्यालयमा अनिवार्य र निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३१ | विद्यालयको सबै कार्यक्रम र आयर व्यय प्रगति, सफलता-असफलता को प्रतिवेदन बनाई सामाजिक परिक्षण गराउने कार्य | ४० वटै सबै विद्यालयमा अनिवार्य र निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३२ | हरेक वर्ष आ.व. सुरु भएको ३ महिनाभित्र लेखा परीक्षण सम्पन्न गरी प्रतिवेदन बुझाउने कार्य गर्ने | ४० वटै सबै विद्यालयमा अनिवार्य र निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३३ | हरेक वर्ष अभिभावक भेला अर्थात विद्यालय स्थापना दिवस मनाइ सो कार्यक्रममा विद्यालयको प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुति | ४० वटै सबै विद्यालयमा अनिवार्य र निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |

## ३.१२ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा

### ३.१२.१ परिचय

व्यक्तिका विकासका लागि आधारभूत आवश्यकता अपरिहार्य पक्ष हो । खाना, नाना, छाना,स्वास्थ्य, सुरक्षा र शिक्षा जीवन प्रक्रियाका प्रारम्भिक कुराहरु हुन् । कुनै पनि सभ्य समाजको विकासको मापन त्यस समाजका व्यक्तिको गुणस्तरीय जीवनबाट अभिव्यक्ति हुन्छ। यी उल्लिखित आधारभूत पक्षमा व्यक्तिको पहुँच छ , छैन त्यसबाट समाजमा हुनेखाने र हुँदाखाने (Haves and Haves not) वर्गको निर्माण हुन्छ । सदियौंदेखि विभिन्न कारणले विभेदीकरणमा परेका समुदाय तथा वर्गले अझैसम्म क्षति व्यहोर्नु परेको छ । सामाजिक रुपमा सक्रिय सहभागिता, सशक्तिकरण तथा निर्णय प्रक्रियामा उनीहरुको सक्रियतापूर्ण समावेशिकरण हुन सकेको छैन । कुनै पनि पूर्ण समाजको रुपमा समुदायका सबै व्यक्तिले आत्म सम्मान, स्वतन्त्रता तथा साधन र स्रोतमाथि समतायुक्त पहुँचको सुनिश्चितता हुनुपर्छ । यि पक्षहरुको विकास गर्ने माध्यम शिक्षा हो । शिक्षा व्यक्तिको विकासको लागि समूच्च साधन हो, जसबाट हुने वञ्चितीकरणबाट ऊ एक पूर्ण व्यक्तित्व (Holistic Personality) बन्न सक्दैन र परिवार समाज र राष्ट्रकै लागि अपुरणीय क्षति भैरहेको हुन्छ। तसर्थ राज्यले सर्वप्रथम व्यक्तिको शिक्षा हाँसिल गर्ने नैसर्गिक अधिकारको प्रत्याभूत गर्नुपर्ने हुन्छ । हरेक व्यक्तिका व्यक्तिगत रुचि, खुवी र दक्षता हुन्छन्, सबैको एउटै ढंगबाट विकास गर्न सकिदैन तसर्थ वैयक्तिक भिन्नतालाई सम्बोधन गरी शिक्षालाई समतामूलक, गुणस्तरीय र पहुँचयोग्य बनाउन आवश्यक छ ।

नेपाल एक वहुलबादी समाज हो। यहाँ विविध सामाजिक, साँस्कृतिक तथा भौगोलिक समुदायहरु रहेका छन्। सबैका आ-आफ्नै विशिष्टता र पहिचान छन्। यहि विविधतालाई राज्यले सम्पत्तिको रुपमा लिनु पर्छ नकि दायित्वको रुपमा मात्र ।

यसरी सदियौ देखि पछाडि परेका वर्गलाई शिक्षाको मूल प्रवाहमा ल्याउन राज्यको तर्फबाट भएका प्रयासहरु चाहे ति आरक्षणका नाउँमा हुन वा अनिवार्य तथा नि:शुल्क शिक्षाका नाउँमा अझै पनि ति प्रयासहरु प्रयाप्त छैनन् । त्यसका लागि समुदाय सचेतीकरण, समुदाय जागरण तथा समुदायको आर्थिक समृद्धि गर्नुपर्ने देखिन्छ ।

सामाजिक विविधता (Social Diversity) को व्यवस्थापनका लागि सबैलाई समावेश गर्ने सर्वजन हिताय र कार्यक्रमहरु तय गरी आत्म सम्मान Self Esteem को विकास गर्नु छ। समान अवसर Equal Opportunity ले मात्र नभइ समतायूक्त वातावरण प्रदान गरेर पछाडि परेको वर्ग समुदायलाई शिक्षाको मूल प्रवाहीकरण गर्नु प्रमुख चुनौतीको रुपमा खडा भएको छ ।

### ३.१२.२ वर्तमान अवस्था

नेपालको संविधानले शिक्षा पाउने हक सुनिश्चित गरेसँगै समावेशीको हकको पनि प्रत्याभूत गरेको छ । कानुन सिरानीमा राखेर सुत्दैमा न्याय प्राप्त हुदैन त्यसका लागि व्यक्ति सक्रिय हुनुपर्छ भने झै कानुनी व्यवस्था र प्रावधानहरु प्रयाप्त मात्रामा भए पनि तीनको ठोस र प्रभावकारी कार्यान्वायन नहुँदा पिछडिएका समुदायका लागि गुणस्तरीय शिक्षाको पहुँच आकाशको फल जस्तो बनेकोछ ।

नेपाल संघीय राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि संघीय कानूनका रुपमा राष्ट्रिय शिक्षा नीति २०७६ ले समता र समावेशी शिक्षालाई प्राथमिकतामा राखेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले पनि व्यक्तिको कुनै पनि कारणले शिक्षा प्राप्त हुने अवसरबाट वञ्चित हुनु नपर्ने व्यवस्था उल्लेख छ। दिगो विकास लक्ष्यको लक्ष्य नं ४ ले त समतामूलक र गुणस्तरीय शिक्षलाई दिगो विकासको प्रमुख अङ्गको रुपमा लिएको छ । यी नै सन्दर्भलाई आधारमानी नगरपालिकाले पछाडि परेका वर्ग र समुदायको शिक्षा प्राप्त गर्ने अवसर गुणस्तरीय शौचालय

अपाङ्गमैत्री संरचनाहरु निर्माण, रोजगारीमा आरक्षण विद्यालय पोसाक वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ ।

### ३.१२.३ लक्ष्य

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने ।

### ३.१२.४ उद्देश्य

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने वातावरणको सुनिश्चितता गर्ने ।

### ३.१२.५ रणनीतिहरु

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
२. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
३. आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
४. आधारभूत तहमा बहुभाषा  तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने,
५. शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गरिने,
६. आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने,
७. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
८. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सिर्जना गरिने,
९. विद्यालयमा अभिभावकको सहभागिता बढाइने,
१०. शिक्षण गर्ने सीपयुक्त जनशक्तिको व्यवस्था गरिने,
११. समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

### ३.१२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि:

- ➢ विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**प्रमुख नतिजाः**

१. महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिकरूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भइ गुणस्तर सुधार हुने,
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने,
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने,
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने,
६. सबै विद्यालयहरू बालमैत्री हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्य,**

१. बालबालिकाहरूको अवस्था पहिचान,
२. वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम,
३. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता,
४. छात्रबृत्ति,
५. अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार,
६. प्रोत्साहन कार्यक्रम,
७. सिकाइ सामग्री व्यवस्था,
८. क्षमता विकास,
९. सूचना तथा सञ्चार प्रविधिको प्रयोग,
१०. पाठ्यक्रमको स्थानीयकरण ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.५: शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सेवाका प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नगरपालिकामा व्यक्तिको अवस्था र सिकाइ आवश्यकता पहिचान गर्ने गरी संयन्त्रको विकास गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका |
| २ | कुनै पनि व्यक्ति शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको समन्वयमा नगरपालिका |
| ३ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागितासहितको कार्यक्रम सञ्चालन गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको समन्वयमा नगरपालिका |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरुको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादात्म्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाइने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको समन्वयमा नगरपालिका |
| ५ | सबै आधारभूत विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवम् लौङ्गिक मैत्री बनाइने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको समन्वयमा नगरपालिका |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखि शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्बन गरिने | निन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेशसँगको समन्वयमा नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | विशेष आवश्यकता हुने बालबालिकाहरुका लागि मौजुदा पाठ्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश सरकार र नगरपालिका |
| ८ | बालबालिकाहरुको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकासका लागि पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरुलाई समावेश गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| ९ | विद्यालय शिक्षा तथा आजीवन सिकाइको आवश्यकता अनुसारको सिकाइ सामग्रीको विकास गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| १० | सिकाइ सहजीकरणमा सञ्चार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ र प्रदेश |
| ११ | राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरुप पाठ्यक्रमको स्थानीयकरण गरी स्थानीय पाठ्यक्रम स्थानीय पाठ्यसामग्री तयार गरी जनप्रतिनिधि, राजनीतिक पाटी प्रतिनिधि, शिक्षा अधिकृत, प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितीका पदाधिकारीलाई अभिमुखीकरण गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश सरकार र नगरपालिका |
| १२ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| १३ | शिक्षण पेसामा विशेष लक्षित समूहका व्यक्तिहरुको सहभागिता बढाई समावेशी तुल्याइ उल्लिखित समूहलाई शिक्षक सेवा तयारीका लागि तालिम अध्ययन अवसर तथा छात्रवृत्तिको अवसर दिइने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश सरकार र नगरपालिका |

| क.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १४ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरुको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरुको क्षमता विकास गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश सरकार र नगरपालिका |
| १५ | पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति,भूगोल,इतिहास, ज्ञान तथा सीप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| १६ | आधारभूत तहसम्मको शिक्षा मातृभाषा बहुभाषा पाउने व्यवस्था गर्ने तथा मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| १७ | समता रणनीतिले गरेको व्यवस्थाअनुसार लैङ्गिक समानता र समावेशीकरणलाई एकीकृत मुद्दाको रुपमा सम्बोधन गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| १८ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| १९ | पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरण तथा सिकाइ प्रक्रियालाई समता र समावेशीताका दृष्टिले परीक्षण तथा सुधार गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| २० | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबिच जवाफदेहितासहितको कार्यगत समन्वय गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश सरकार र नगरपालिका |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २१ | लैङ्गिक सञ्जाललाई वडा र विद्यालयसम्म विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, जातिय विभेद, छाउपडी प्रथा आदि विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरिने | संयन्त्रको विकास र कार्य सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका, वडापालिका र विद्यालय |
| २२ | छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास र कार्यान्वयन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| २३ | नगरपालिका स्तरमा छात्रवृत्ति व्यवस्थापन समिति गठन र कार्य सञ्चालन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| २४ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति विरण गरिने | लक्षित विद्यार्थी | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| २५ | अपाङ्मैत्री भौतिक पूर्वाधारको विकास सम्बन्धी भवन आचार संहिताको पूर्ण रुपमा कार्यान्वयन गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | संघ, प्रदेश र नगरपालिका |
| २६ | मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना र कार्यान्वयन गरिने | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | २ | ६ | संघ, प्रदेश र नगरपालिका |
| २७ | अनुगमन तथा मूल्याङ्कन | निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २ | संघ, प्रदेश र नगरपालिका |

## ३.१३ शिक्षामा सूचना प्रविधि

### ३.१३.१ परिचय

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग आज अत्यावश्यक भै सकेको छ । शिक्षाको राष्ट्रिय उद्देश्यको नवौं उद्देश्यमा सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप आवश्यक हुनुपर्ने उल्लेख छ भने शिक्षकका ८ वटा सक्षमता मध्ये एउटा सक्षमता सूचना प्रविधिको हो । अवको विश्व परिवेशमा सुहाँउदो जनशक्ति उत्पादनका लागि अबका दिन हरेक पालिकाले सूचना तथा संचार प्रविधि सम्बन्धी विशेष योजना बनाउनु आवश्यक परेको छ ।

सूचना तथा सञ्चार नीति २०६३ पछि बनेको सूचना प्रविधि सम्बन्धी गुरुयोजना अन्तर्गत आज देशका सबै विद्यालयहरुले आफ्ना सूचनाहरु IEMIS मार्फत अद्यावधिक गर्ने, विद्यालयमा ठूला कम्प्युटर ल्याब स्थापना गर्ने, Web site हरु बनाउने सिकारुका लागि web portal बनाउने, डिजिटल सामग्री निर्माण र उत्पादन गर्ने STEM हुँदै STEM को अवधारणा आउनु, विद्यालयमा ICT ल्याब स्थापना हुनु, CCTV क्यामरा र विद्यालयमा यसको प्रयोग बढ्नु, लेखा क्षेत्रमा सफ्टवेयर निर्माण र प्रयोग हुनु, विद्यालयका कक्षा कोठामा शिक्षण सिकाइ सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप जस्ता सामग्रीको प्रयोग बढ्नु zoom बाट तालिम र गोष्ठी सञ्चालन हुनु पनि आजका दिनमा सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण योगदान छ ।

### ३.१३.२ वर्तमान अवस्था

हाल ठाकुरबाबामा रहेका २६ वटै सामुदायिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भैराखेको छ, हरेक विद्यालयमा प्राथमिकमा समेत एउटा प्रिन्टर, ल्यापटप, डेस्कटप, पेनड्राइभसहित पत्राचारमा प्रिन्ट सामग्री अनिवार्य प्रयोग गर्ने गरिएको छ । LED Interactive monitor board को वितरण ICT ल्याब स्थापना सबै विद्यालयमा इन्टरनेटको सुविधाका लागि वार्षिक रु १२,०००।- बराबरको चार्ज न.पा.द्वारा बेहोर्ने गरिएको, डिजिटल सामग्रीहरुको प्रयोग पनि इन्टरनेटबाट खोजी गरी अध्यापन कार्यमा प्रयोग गर्ने गरेको छ ।

अझै पनि प्रविधिमैत्री सम्पूर्ण जनशक्ति नहुनु, विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विज्ञ जनशक्ति नहुनु, कक्षा कोठामा शिक्षण सिकाइका लागि पर्याप्त सूचना प्रविधिका सामग्री नहुनु, भएका सामग्रीहरुमा हुने स-साना समस्या समाधानको पहुँच नहुनु, सामग्रीहरु महंगो हुनु, वैकल्पिक उर्जाको व्यवस्था नभएकाले बत्ति अभावका विद्यालयका प्रशासनिक लगायत शिक्षणका कार्यहरु लामो समयसम्म अवरुद्र हुनु, सूचना प्रविधि र हाम्रो पाठ्यक्रमका बिचमा खाडल रहनु चुनौतीहरु हुन भने निजी व्यवसायीहरुबाट भए पनि इन्टरनेटको सुविधा हाम्रो पालिकामा हुनु, बेलाबखतमा IEMIS सम्बन्धी Skill upgrade गर्ने पुनर्ताजगी तालिम (छोटो अवधि) शाखाबाट सञ्चालन हुनु, स्थानीय पाठ्यक्रम भित्र पनि कक्षा (६-८) मा कम्प्युटरको अध्ययन समावेश गरिनु स्थानीय बजारहरुमा कम्प्युटरका विभिन्न प्याकेजहरुमा तालिम प्रदान गर्ने इन्स्टिच्युटहरु हुनु, पालिकाले केही विद्यालयहरुमा ICT ल्याब स्थापना र प्रयोग गर्ने अनुदान उपलब्ध गराउनु अवसरहरु हुन् ।

### ३.१३.३ लक्ष्य

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्धन हुने ।

### ३.१३.४ उद्देश्य

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,
२. सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,

३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने ।

### ३.१३.५ रणनीतिहरु

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
२. सबै शिक्षकहरूको क्षमता विकास गरिने,
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
६ शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
७. सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने ।

### ३.१३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने ।

**प्रमुख नतिजाः**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,
२. विभिन्न कक्षा र विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
३. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
४. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
५. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
६. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
७. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
८. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१. विद्यालयमा ICT संरचना विस्तार,
२. प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था,
३. शिक्षकहरूको क्षमता विकास,
४. प्रत्येक विद्यालमा अन्तर्क्रियात्मक डिजिटल सामग्रीको उपलब्धता,
५. EMIS व्यवस्थापन,
६. सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.६: शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै सूचनाहरु प्राप्त हुने गरी क्लाउड प्रविधिबाट डाटा सेन्टर तथा डिजिटल ल्यावको स्थापना र सञ्चालन गरिने | सबै शिक्षण संस्थाहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ , प्रदेश र स्थानीय तह |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार गर्ने | सबै शिक्षण संस्थाहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| ३ | सबै शिक्षण संस्थाहरुलाई इन्टनेट कनेक्टीभिटीमा जडान गर्ने | सबै शिक्षण संस्थाहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| ४ | शिक्षकहरुमा सञ्चार प्रविधि सम्बन्धी क्षमताको विकास गर्ने | सबै शिक्षकहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| ५ | सबै शिक्षण संस्थाहरुमा पुस्तकालाय र ICT संरचनाको विस्तार गर्ने | सबै शिक्षण संस्थाहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| ६ | पाठ्यक्रमलाई परिमार्जन गरी ICT सम्बन्धीको कोर्सलाई स्थानीय पाठ्यक्रममा समावेस गर्ने | पाठ्यक्रम परिमार्जन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ , प्रदेश र शिक्षक सेवा आयोग |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | एक शिक्षक एक ल्यापटप कार्यक्रमको विस्तार गर्ने | सबै शिक्षकहरु | ६० | ६० | ६० | ६० | ६० | १००% | ३०० जना | स्थानीय तह र सम्बन्धित शिक्षकहरु |
| ८ | शिक्षक र शैक्षिक व्यवस्थापनको ICTसम्बन्धीको क्षमता अभिवृद्धि गर्ने | सबै शिक्षकहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| ९ | विभिन्न कक्षाका लागि अन्तर्क्रियात्मक सामग्री विकास गरिने | सामग्रीहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| १० | अन्तर्क्रियात्मक डिजिटल सामग्रीहरु विभिन्न किसिमका क्षमता भएकाहरुका लागि पनि उपयुक्त हुने गरी विकास गरिने | सामग्रीहरु | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| ११ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास गरिने | ३ केन्द्र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| १२ | सूचना र प्रविधिमा अनुकरणीय क्षमता भएको जनशक्तिका निम्ति प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १३ | शिक्षकहरुलाई उनीहरुले जम्मा गरेको म्याचिङ् फण्डको आधारमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराउने गरी कार्यक्रमको विकास गरीसञ्चालन गरिने | म्याचिङ फण्डका आधारमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| १४ | सूचना र प्रविधिको प्रयोगलाई उपयुक्त र सामाजिक बनाउनका लागि आवश्यक कानुन र आचारसहिंताको निर्माण गरिने | कानुनको निर्माण र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| १५ | परिवार समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | | संघ, प्रदेश र स्थानीय तह |
| १६ | नगरपालिका र शिक्षालयहरु बिचको शैक्षिक , व्यवस्थापकीय र प्रशासनिक कारोबारको आदानप्रदानलाई क्रमश: योजना अवधिसम्म पूर्ण रुपले कागजविहिन (Paperless) गरिने | सफ्टवेयर पद्धति | ५ | ४ | ५ | ५ | ७ | २६ | | संघ, प्रदेश र स्थानीय तह |
| १७ | सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण गर्न जनचेतनाका माध्यमबाट साइबर कानुनको प्रभावकारी कार्यान्वयन गर्ने । | कार्यविधि | १ | | | | ५ | | | संघ, प्रदेश र स्थानीय तह |

## ३.१४ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ३.१४.१ परिचय

हामी प्राकृतिक प्रणाली र मानव निर्मित सामाजिक साँस्कृतिक प्रणाली गरी २ वटा आधारभूत प्रणालीमा आवद्ध छौं । कतियप भौतिक तथा अभौतिक मानवीय गतिविधि मौसम समय र परिस्थिति प्रतिकुल भैदिँदा राज्य, समाज र व्यक्तिको काबुभन्दा बाहिर हुन पुग्दछ । यसरी मानिस काबु बाहिरको घटनाले मानिसलाई पार्ने दुख पिडाको अवस्थालाई हामी विपद्, दैवी प्रकोप आदिको नामले चिन्ने गर्दछौं । विश्व महामारीजन्य प्रकोप जस्तै हालको कोभिड १९ बाढी पहिरो भूकम्प आगलागी जङ्गली जीवजन्तुका कारण पुग्ने क्षति लु शितलहर चट्याङ्ग, विद्युतीय दुर्घटना, सडक दुर्घटना असिना खडेरी अतिवृष्टि, अनावृष्टि हावाहुरी बतास र हुण्डरी आदि स्थानीय विपद्का स्वरुप वा कारकहरु हुन् । यिनीहरुको कारणले व्यक्तिको दैनिक जीवन यापन र समाजको सामाजिक, नियमित प्रक्रिया अवरुद्ध हुन गइ समस्या उत्पन्न हुन पुग्दछ । यस्तो अवस्थामा पनि व्यक्तिको चेतना, ज्ञान प्राप्ति र विश्लेषण र प्रतिक्रिया अभिव्यक्ति भने रोकिएको हुँदैन । सिकारु उमेरका विद्यार्थीले सिक्नु पर्ने उमेर, दिन र समयमा सिक्ने पर्ने कुरा सिक्न पाउनु पर्ने हुन्छ । एक कक्षाबाट २ कक्षामा जाने विद्यार्थीले एक वर्षमात्र पढ्न पाएन भने उस्को पढ्ने तहगत उमेर समूहमा नै तात्विक असर पर्ने हुन्छ । त्यसकारण बालकको समयबद्ध सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै शिक्षण संस्थालाई विपद् जोखिममुक्त बनाउन हरेक शिक्षक संस्थाको विपद् जोखिम क्षमताको लेखाजोखा मूल्याङ्कन गरेर विपद सम्भावनामुक्त विद्यालय भौतिक संरचना बनाउने, जोखिम पूर्व तयारी कार्य गर्ने विपत्को समयमा उद्धार राहतका कार्य गर्ने, आपत्कालपछि क्षतिको आपूरण, पुन निर्माण, पुनस्थापनाका कार्य गर्ने गरी विद्यालयको क्षमता सवलीकरण गर्ने र जस्तो सुकै विपद्को समयमा पनि एक हप्ता भन्दा बढी समय नियमित औपचारिक शिक्षाबाट बालबालिका बञ्चित हुनु नपर्ने गरी विद्यालय शिक्षक र विद्यार्थीहरुको सूचना र प्रविधिमा पहुँच सुनिश्चित हुने गरी वैकल्पिक सिकाइ प्रबन्ध गर्ने कार्य आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा व्यवस्थापनको योजना अन्तर्गत पर्दछ ।

हाम्रो स्थानीयस्तरको महा विपत्को रुपमा रहेको २०१८, २०२४, २०२८,२०४०,२०५१,२०६१ देखि २०६४, २०७१ र २०७२ सालको बाढी तथा डुवानको समस्या विभिन्न समयका विकराल आगलागीबाट गाउँघर नै सखाप भएको अवस्था २०७२ साल बैशाख १२ को भूकम्पको क्षति, हावाहुरी र जङ्गी जनावरले बर्दिया राष्ट्रिय निकुञ्जबाट घेरिएको यस ठाकुरबाबा नगरपालिका व्यक्ति घर धन जनको असंख्य क्षति र त्यसबाट विद्यालय तथा नियमित शिक्षामा परेको असर र कोभिड १९ का कारण २०७७ र २०७८ सालमा भएको विश्व महामारीले व्यक्तिको व्यवसायिक लगायत दैनिक जनजीवन ठप्प पार्ने गरी पारेको प्रभावका कारण विद्यालय बालबालिकाको पढाइ तथा सिकाइ परीक्षा र मूल्याङ्कनमा पारेको प्रभावहरुलाई आगामी दिनको सुधारको लागि पाठका रुपमा लिएर विपद् आपत्का समयमा पनि शिक्षा व्यवस्थापन हुने गरी योजना बनाउनु आजको आवश्यकता र दूरदर्शिता हुन जान्छ ।

आपत्कालीन निम्न प्रकारका ३ वटा अवस्थालाई मध्यनजर गरेर ठाकुरबाबा नगरपालिको शिक्षा योजना तथा विपद् प्रतिकार्य योजना निर्माण भै त्यसमा शिक्षाको निरन्तर प्रवाह नरोकिने प्रबन्ध वार्षिक नीति तथा कार्यक्रममा र आवधिक योजनामा सम्बोधन हुनुपर्दछ ।

क) प्रकृतिक प्रकोप जोखिम न्यूनिकरण कार्य

ख) महामारी तथा महामारीजन्य रोग व्यवस्थापन कार्य

ग) युद्ध द्वन्द्व विस्थापन र बसाइसराइको प्रभाव र असर व्यवस्थापन कार्य ।

स्थानीयस्तरको सामान्य जनजीवन र शिक्षा क्षेत्रलाई बृहत रुपमा प्रभाव पार्ने सम्भावित संकटको बृहत्तर क्षेत्रहरु व्यवस्थापनमा विषयबस्तुहरुलाई मुख्य केन्द्र विन्दुमा राखेर शिक्षाको आवधिक योजना र वार्षिक नीति कार्यक्रम तथा बजेट नगरपालिका स्तर र विद्यालय एवम् कलेज तहमा व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

१. विपत्को समयमा बाँच्ने, जोगिने, उपचार पाउने, आश्रय पाउने, शिक्षा पाउने, प्रजनन् स्वास्थ्य, सुरक्षा पाउने अधिकारको

सुनिश्चितता,

२. विपत्को समयमा बालबालिका, महिला, गर्भवती, अपाङ्ग बृद्ध बृद्धा, अति विपन्न, सामाजिक रुपमा पिछडा वर्गको पहुँच र अवसरमा अग्रता हुने गरी समावेशी सुनिश्चितता पाउने ,

३. विपत्को समयमा पिडा, प्रभाव एवम् क्षतिका आधारमा न्यायोचित व्यवस्था र समन्यायिकता कायम गर्न प्राथमिकता पाउने,

४. बोल्न सक्ने, भन्न सक्ने, चिनाजानी भएको, सबैले चिनेको, लागि मात्र नभइ विपत्मा परेका सबैको विपत्यीय क्षतिका आधारमा पाउने अवसर, सुरक्षा र सेवामा पहुँच सुनिश्चित गर्ने,

५. पिडामा परेका व्यक्ति अर्थात सुविधावाट वञ्चित व्यक्तिलाई (खाना नपाएका, लगाउन नपाएका, बस्न नपाएकाहरु) जे जस्तो दिए पनि हुन्छ भन्ने भावनाले काम गर्न नदिइ गुणस्तर र सुशासन कायम हुने गरी निश्चित मापदण्डका आधारमा सहयोग र सेवा प्रदान गर्ने ,

६. विपत् व्यवस्थानमा काम गर्ने निकाय र व्यक्ति, विपत्को क्षेत्रमा काम गरेके अनभवी, विपत् सम्बन्धी ज्ञाता, अध्येता/अनुसन्धानकर्ता वा दक्ष व्यक्तिको सेवा सुनिश्चितता गर्ने ।

माथिका सबै पक्षहरुविच प्रक्रिया अपनाइ पूर्व तयारी कार्य, तत्कालीन रेस्पोन्सको कार्य र क्षतिपछिको आपुरण कार्यलाई योजना बनाइ कार्यान्वयनमा प्राथमिकता दिनु पर्छ ।

### ३.१४.२ वर्तमान अवस्था

विपत् व्यवस्थापनसँग ठाकुरबाबा नगरपालिकाको वर्तमान शिक्षालाई जोडेर हेर्दा नगर पालिकाले २० वर्षे नगर विकास गुरु योजना २०७५, विकास र दिगो वातावरणीय संरक्षणलाई जोडेर वनाएको एउटा महत्वपूर्ण दस्तावेज हो । शिक्षाका सन्दर्भमा नेपालको संविधान २०७२ मा भएको व्यवस्था, संघ प्रदेश र स्थानीय तहका शिक्षा ऐन नियमावली र कार्यविधिहरुमा भएका प्रावधानहरु, भयरहित शिक्षण सिकाइ निर्देशिका २०७६, विद्यालय शान्ती क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७, विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१, बृहत विद्यालय सुरक्षा न्यूनतम् प्याकेज २०७५ मा भएको विपत् जोखिम विद्यालय पूर्वाधार तथा व्यवस्थापन कार्यविधिहरु, बृहत विद्यालय सुरक्षा गुरुयोजना २०७४ र बृहत्त विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७५ मा विद्यालयको न्यूनतम सुरक्षा एवं विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास रणनैतिक कार्यविवरणहरु, दिगो विकास लक्ष्य, १५ औ योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालयको विपत् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन र समुदाय विच उत्तथानशिलता शिक्षा एवं विपत्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको पाइन्छ । विश्व महामारी कोभिड १९ को समयमा जारी गरिएको सिकाइ सहजीकरण निर्देशिका २०७७ आदिमा भएको व्यवस्था र तीनको कार्यान्वयनको प्रभाव र अवस्थाले वर्तमान समयमा स्थानीयस्तरमा आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवस्थालाई छर्लङ्ग पारेको छ र त्यसैमा आधारित भएर योजना निर्माण र कार्यान्वयन रणनीति अवलम्बन गरिएको छ ।

ठाकुरबाबा नगरपालिकाको विपत् व्यवस्थापन समितिका निर्णय र कार्यहरु, विपत् व्यवस्थापन प्रतिकार्य योजना २०७६ मा राखिएका प्रावधानहरु, विपत् राहत कोष र त्यसको वितरण, संघ संस्था र विशेष गरी रेडक्रस लगायत वितप्मा काम गर्ने अनुभवी संस्थाहरुको भूमिकाले पनि वर्तमान अवस्था प्रष्ट पारेको छ ।

### ३.१४.३ लक्ष्य

विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने ।

### ३.१४.४ उद्देश्य

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने,

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने ,
३. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास गर्ने,
४. अल्पकालीन र दीर्घकालीन पुनःस्थापना गर्ने ।

### ३.१४.५ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनःस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
२. सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकास,
३. प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने,
४. कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण,
७. संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना तयार गर्ने,
८. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
९. विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनःस्थापना गर्ने,
१०. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाकतथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
११. विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने,
१२. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ,
१३. विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
१४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने।

### ३.१४.६ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य

**उपलब्धि**

१. आपत्कालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

**नतिजा**

१. विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा पुनःउत्थान योजना तथा क्षमता विकास हुने ,
२. भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने ,
३. विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियकलापहरू निरन्तररुपमा सञ्चालन हुने,
४. प्रमुख क्रियकलाप र लक्ष्य,
५. विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण,
६. स्थानीय तह र विद्यालयको क्षमता विकास,
७. विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम,
८. शिक्षक तथा विव्यस तालिम,
९. संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण,
१०. विपद् प्रतिरोधी विद्यालय भवन निर्माण ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.७: आपतकालिन र सङ्कटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सुरक्षित विद्यालय सम्बन्धी नीति, रणनीति र मापदण्ड निर्माण र कार्यान्वयन गरिने | सबै विद्यालय | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००% | संघ , प्रदेश र स्थानीय तह |
| २ | सुरक्षित विद्यालय सम्बन्धी विषयलाई समावेश गरी पठनपाठन गर्न विद्यालयहरुलाई सहजीकरण गरिने | सबै विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | ५ | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ३ | नगर, वडा र विद्यालयहरुका विपतको समयमा सहयोग पुग्ने गरी विपत् व्यवस्थापन कोषको स्थापना र सञ्चालन गरिने विद्यालयको जु.रे.स यु.रे.स मा उद्धार कोष स्थापना गर्ने | नगर वडा र विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | ५ | १००% | नगरपालिका र विद्यालय |
| ४ | विपत्को जोखिमलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा सुरक्षित स्थलको पहिचान गरी विद्यालय परिवार सबैलाई सोको उपयोग गर्न अभ्यस्त बनाइने | सबै विद्यालय स्तर | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | विद्यालय |
| ५ | वृहत विद्यालय सुरक्षा सम्बन्धी विद्यालयका प्र.अ. र विद्यालय सम्पर्क शिक्षकलाई तालिम प्रदान गरिने | प्र.अ.र शिक्षक | ८० | ८० | ८० | ८० | ८० | ४०० | १००% | |
| ६ | सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैङ्गिक तथा सामाजिक समावेशीकरण विषयको तालिम प्याकेजको निर्माण गरी सम्पूर्ण शिक्षकहरुलाई तालिम प्रदान गर्ने | सबै शिक्षकहरु | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ७ | उत्थानशीताका लागि Whole school approach का आधारमा सचेतना विकास गर्नका लागि कार्मक्रममा सञ्चालन र सहयोग गरिने | सबै शिक्षकहरु | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | संघ, प्रदेश र स्थानीय तह |

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | विपत्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान (विद्यालय परिसरको विपत् जोखिम मूल्याङ्कन गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापनसहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्नका लागि सहयोग गर्ने | सबै विद्यालयहरु | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | नगरपालिका र सबै विद्यालयहरु |
| ९ | सबै विद्यालयहरुको स्तरोन्नति (अपाङ्गमैत्री, बालमैत्री, विपत् उत्थानशील) गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गर्दै लगिने | सबै विद्यालयहरु | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १० | **Education can't wait** लाई आत्मासाथ गर्दै जुन सुकै विपतमा पनि शिक्षालाई निरन्तरता दिनका लागि हरेक विद्यालय र पालिकाको भैपरी शिक्षा योजना तयार गरी कार्यान्वयन गरिने | पालिका र विद्यालय स्तरमा आवश्यकताअनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ११ | विद्यार्थी, शिक्षक , अभिभावक, समुदाय र सम्बन्धित संघसंस्थाहरुको संलग्नतामा विद्यालयको घेराबार, खेलमैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पार्यवरणमैत्री, बालमैत्री, लैङ्गीक मैत्री एवम् अपाङ्गतामैत्री बनाउन सहयोग तथा सहकार्य गरिने | सबै विद्यालय आवश्यकता र औचित्य अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १२ | शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनिकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्नका लागि समन्वय र सहजीकरण गरिने | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १३ | सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाई सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यवहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १४ | विद्यालयलाई विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोसाक, खानेपानी,शौचालय, खेलमैदान, सरसफाई, किट, प्राथमिक उपचार बाकस तथा अन्य राहत सामग्री (Relief Materials) को प्रबन्ध गर्नका लागि सहयोग गर्ने | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| १५ | विद्यालयको वातावरण स्वच्छ, सफा,शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालय र संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिने | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| १६ | विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रुपमा विकास गर्नका लागि सहयोग र सहकार्य गरिने | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १७ | विद्यालयहरुमा स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षक स्वास्थ्य कार्यकर्ताको व्यवस्था | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| १८ | आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधिहरु एकीकृत गर्ने | सबै विद्यालय स्तरमा आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १९ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह Safe learning action निर्माण र परिचालन गरिने | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| २० | हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पीडकलाई सजाय दिने सवालमा शून्य सहनशीलता अपनाउने गरी कानुन निर्माण गरी कार्यान्वयन गरिने | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| २१ | बाढी पहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्नका लागि सङ्कटका समयमा उपयोग गर्ने गरी पालिकाकै सक्रियतामा टोलहरुमा बहुउद्देश्यीय साझा घर निर्माण गरिने | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| २२ | सुरक्षित आश्रय स्थल र पहिचान र सोको समुदायमा जानकारी गराउने | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| २३ | विपत् र प्रकोप जोखिम क्षमता मापन (VCA) गरिने विद्यालय निर्धारण | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| २४ | विपत् जोखिम विद्यालयलाई जोखिम प्रतिरोधात्मक बनाउने कार्य | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |
| २५ | विपदको प्रकार र विपतले लिने समय अवधिका आधारमा दिइने शिक्षाको प्रकृति छनोट, योजना निर्माण र कार्यान्वयन | सबै विद्यालय अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | स्थानीय तह |

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २६ | पालिका स्तरीय विपत् प्रतिकार्य योजना निर्माण र शिक्षा क्षेत्रको भूमिका अद्यावधिक गर्ने कार्य | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| २७ | विपतमा काम गर्ने सरोकारवाला, संघ संस्था र विपत सम्बन्धी विज्ञ व्यक्ति परिचय र सम्पर्क | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| २८ | विद्यालयमा विपद समय निर्धारण सम्बन्धी विपत पात्रो र सचेतना कार्यक्रम | सबै विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

# परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)

## ४.१ परिचय

शिक्षा एक पद्धतिमा आधारित पक्ष हो । पद्धति विकासका लागि सम्बद्ध मानवीय, भौतिक एवंम व्यवस्थापकिय पक्षहरुको तालमेल हुनुपर्दछ । यी पक्षहरुको प्रभावकारी संयोजनबाट लक्ष्य हासिल गर्ने कार्यलाई नै शासकीय प्रबन्ध (governance) भनिन्छ । मानवीय तथा भौतिक पक्षको सेतुको रुपमा व्यवस्थापन रहेकाले प्रभावकारी व्यवस्थापन(Effective Management) का आधारभूत पक्षहरुका रुपमा आवश्यक जनशक्ति र संरचना विकास गर्नु अपरिहार्य भएको छ। योजना, सङ्गठन, निर्देशन तथा नियन्त्रणका लागि उपयुक्त निर्णय लिन सक्ने र निर्णयप्रति जवाफदेहिता विकास गर्नु पर्ने हुन्छ। शैक्षिक क्षेत्रमा आवश्यक पर्ने पारदर्शीता, समावेशीता, उत्तरदायित्व र जवाफदेहिताहरुको खोजी, बालबालिकाको सिकाइस्तर र सम्बद्ध सरोकारवालाहरुको कार्यकुशलतामा हुनुपर्दछ ।

सार्वजनिक हित (Public Interest) लाई संरक्षण गर्न सबै सबैप्रति उत्तरदायी बन्ने (Accountable to all) संस्कृतिको विकास गर्नु पर्दछ । जसका लागि निर्णय निर्माणदेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका बस्तुनिष्ठ आधारहरु तय गर्नुपर्दछ ।

हाम्रो संविधानले विद्यालय शिक्षालाई एकल अधिकारको सूचिमा राखेको छ भने शिक्षा तिनै तहको साझा सूचिमा समेत समेटिएको सन्दर्भमा विद्यालय शिक्षाप्रति स्थानीय तहको दायित्व देखिन्छ। आफ्नो तहका नागरिकको शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गर्न आवश्यक प्रबन्ध गर्ने अवसर पनि स्थानीय तहमा रहेकाले विद्यालय शिक्षाको व्यवस्थापन गर्दै गुणस्तर अभिवृद्धि गर्नुपर्ने हुन्छ। कुनै पनि यातायातको साधनको इन्जिन मजवुत भएर मात्र हुँदैन कुशल चालक भए मात्र निर्दिष्ट गन्तव्य सम्म पुग्न सक्छ। तसर्थ भौतिक पूर्वाधारमात्र नभइ कुशल जनशक्ति विकासका लागि सङ्गठनमा कार्यरत जनशक्तिको क्षमता विकास गर्नुपर्ने हुन्छ ।

## ४.२ वर्तमान अवस्था

शिक्षाको संरचनागत अवस्थालाई हेर्दा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। शिक्षाका राष्ट्रिय नीति निर्धारण, मापदण्ड र स्तर निर्धारण लगायतका कार्य गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। केन्द्रीय संरचनागत शैक्षिक संस्थाहरुको रुपमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परिक्षण केन्द्र रहेका छन् । स्वायत्त निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशिल रहेका छन् ।

वर्तमान अवस्थामा राज्य संघीय संरचनामा विकसित भैसक्दा पनि संघीय संरचना अनुकुलका ऐन नियम पञ्चायतकालीन ऐनलाई नै महादेवले सतिदेवीको मृत शरीर बोके झै राज्यले बोक्न वाध्य छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ज) मा विद्यालय शिक्षा अन्तर्गत स्थानीय सरकारका २३ अधिकारहरु व्यवस्था गरिएको छ। जसबाट विद्यालय सञ्चालन, स्थापना सम्बन्धी कानून वनाइ कार्यान्वयन गर्न अख्तियार प्राप्त छन् । संवैधानिक व्यवस्था अनुसार लुम्बीनी प्रदेशमा शिक्षा विज्ञान तथा सामाजिक विकास मन्त्रालयको नेतृत्वमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय शिक्षा तालिम केन्द्र र २ वटा जिल्ला समेटी ६ वटा सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी कामकाज भैरहेको छ ।

स्थानीय तहमा शिक्षा सम्बन्धी कार्य गर्न शिक्षा, युवा तथा खेलकुद शाखाको स्थापना भइ कार्य सञ्चालन भैरहेको छ । जिल्लास्तरमा स्थापना भै कार्य गरिरहेका तत्कालिन जिल्ला शिक्षा कार्यालयहरु शिक्षा विकास तथा समन्वय, इकाइमा रुपान्तरित भै पालिकाहरुसँग र संघ तथा प्रदेशबिच समन्वयकारी भूमिकामा बदलिएको छ । यसरी तीनै तहका कार्य

जिम्मेवारीसहितका कानुनहरुको तर्जुमा भइ नसकेकाले अधिकारको द्वन्द्व (conflict of interest) देखिने गरेको छ ।

तिनै तहका सरकारका बिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु पर्नेछ । समग्रमा राज्यका तीनै तहका सरकारले सामन्जस्यतापूर्ण रुपमा आ-आफ्ना विशिष्टताको पहिचान गरी भिन्न भिन्न क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार प्रभावकारी कार्यान्वयनका लागि थप कार्य गर्नु पर्ने देखिन्छ ।

## ४.३ लक्ष्य

१. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने ।

## ४.४ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,
२. तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
३. गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने,
४. जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने,
५. कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

## ४.५ रणनीतिहरु

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ ,
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ,
३. कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ,
५. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ ।

## ४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

१. शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने ।

**प्रमुख नतिजाः**

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भइ क्षमता सुधार हुने,
४. सेवा प्रवाह, सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भइ कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

१. आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास,
२. संस्थागत संरचना निर्माण तथा क्षमता विकास,
३. प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण,
४. कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने,
५. शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन,
६. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन,
७. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गर्ने,
८. विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने ।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**तालिका ४.७ : संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरी शिक्षा शाखामा आवश्यकता अनुसारको संरचना विषयगत विशेषज्ञ समूह, प्राविधिक समूह र जनशक्तिको प्रबन्ध गर्ने | नगर स्तरमा | १ | १ | १ | १ | १ | ५ | १० | संघ , प्रदेश र स्थानीय तह |
| २ | साझा चासो र हितका सम्बन्धमा विभिन्न तहहरुबिच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास गर्ने | निरन्तर सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | संघ, प्रदेश र स्थानीय तह |
| ३ | शिक्षण पेसामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई संघीय शिक्षक सेवा आयोग लगायत प्रदेश शिक्षक सेवा आयोग सम्बन्धी ऐन कानुनमा व्यवस्था गर्न सरकारहरु बिच समन्वय र सहकार्य गरिने | निरन्तर सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० % | संघ, प्रदेश र स्थानीय तह |
| ४ | शिक्षा सम्बन्धी छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० % | संघ, प्रदेश र स्थानीय तह |
| ५ | प्र.अ. र शिक्षक दरबन्दीको सिर्जना मिलान र पुनर्वितरण गरी आवश्यकता अनुसारको शिक्षकको पदपूर्ती गर्न प्रत्येक २ वर्षमा अद्यावधिक गर्ने | निरन्तर सबै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० % | |
| ६ | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्न कार्यविधि बनाउने र विद्यालयस्तरमा कार्यान्वयन गर्ने | पटक निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० % | संघ, प्रदेश र स्थानीय तह |
| ७ | सरकारका तीन तह बिचको अन्तरसम्बन्ध प्रभावकारी गराउन समन्वय र सहकार्य गर्ने | पटक निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० % | संघ, प्रदेश तथा स्थानीय तह |
| ८ | क्लाउड प्रविधिमार्फत शिक्षाका प्रतिवेदन र तथ्याङ्क प्रणाली सुधार तथा सुदृढ गर्ने | पटक निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० % | संघ, प्रदेश तथा स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ९ | संघ, प्रदेशको सहयोग लिएर स्थानीय तहमा शिक्षाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन तथा जनशक्तिको पुनर्संरचना गर्ने र आवश्यक जनशक्ति करार र काजमा ल्याउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | संघ, प्रदेश तथा स्थानीय तह |
| १० | कानुनद्धारा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्ने | पटक संचलान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | संघ, प्रदेश तथा स्थानीय तह |
| ११ | स्थानीय तहमा एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा,युवा तथा खेलकुद कार्यालयको स्थापना गरी सञ्चालन गर्ने | स्थापना र सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | संघ, प्रदेश तथा स्थानीय तह |
| १२ | स्थानीय तहबाट लगानी भइ सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि शिक्षक छनौट समितिको गठन र कार्यान्वयन गर्ने | पटक सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | प्रदेश, स्थानीय तह |
| १३ | प्रदेश तथा स्थानीय तहबाट लगानी भइ सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि आयोगमा सीफारिस गरीरिक्त रहदा सम्म अस्थायी नियुक्ति प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकता अनुसार | |
| १४ | अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनका लागि कानुन बनाई कार्यान्वयन गर्ने | पटक कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | प्रदेश, स्थानीय तह |

# परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

